एड्भोकेसी फोरम मानवअधिकार र कानुनी शासनको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्था हो । सन् २००१ मा यसको स्थापना भएको हो । स्थापना कालदेखि विभिन्न हिरासतको भ्रमण गर्दै बन्दीका अधिकारको व्यवहारिक कार्यान्वयनको अवस्था अनुगमन गर्दै आएको छ । फोरमले हाल नेपालका १५ जिल्लाका ३५ भन्दा बढी प्रहरी हिरासतको दैनिक भ्रमण गरी असक्त र यातना पीडितहरूका लागि नि:शुल्क कानुनी सहायता दिँदै यातनाको विरुद्धमा निरन्तर वकालत गर्दै आएको छ। यातनाको रोकथामको लागि प्रभावकारी र स्वतन्त्र राष्ट्रिय संयन्त्रको वकालतसमेत फोरमले गर्दै आएको छ ।

**यातना रोकथामका लागि**
**राष्ट्रिय संयन्त्रको स्थापना**

यातना रोकथामका लागि राष्ट्रिय संयन्त्रको स्थापना

ADVOCACY FORUM
एड्भोकेसी फोरम नेपाल

ADVOCACY FORUM
एड्भोकेसी फोरम नेपाल

apt
association pour la prévention de la torture
association for the prevention of torture
asociación para la prevención de la tortura

# यातना रोकथामका लागि राष्ट्रिय संयन्त्रको स्थापना

apt

association pour la prévention de la torture

association for the prevention of torture

asociación para la prevención de la tortura

# यातना रोकथामका लागि राष्ट्रिय संयन्त्रको स्थापना

ADVOCACY FORUM

एड्भोकेसी फोरम नेपाल

# यातना रोकथामका लागि राष्ट्रिय संयन्त्रको स्थापना

प्रकाशन मितिः सेप्टेम्बर २००७ (वि. सं. २०६४)
प्रकाशन प्रतिः १०००

*प्रकाशक*
एड्भोकेसी फोरम, नेपाल
पवित्रप्यारा मार्ग-१६, बालुवाटार
काठमाडौँ, पो. ब. २१७९८
फोन +९७७-१-४४३०९५१, ४४१७३९७
फ्याक्स +९७७-१-४४३७४४०
ई-मेल : info@advocacyforum.org.np
वेभ : www.advocacyforum.org

© एसोसिएसन फर द प्रिभेन्सन अफ टर्चर (एपीटी, जेनेभा)

*ले-आउट/कभर डिजाइन*
किशोर प्रधान

काठमाडौँ, नेपालमा मुद्रित

# विषयसूची

**प्राक्कथन**

**प्रकाशकीय**

**१. परिचय** १

**२. राष्ट्रिय संयन्त्रसम्वन्धी निर्णयको प्रक्रिया** ७

२.१ परिचय ८

२.२ पारदर्शिता र सहभागिता ८

२.३ सूचना १०

२.४ एपीटीका सुझाव ११

**३. उद्देश्य तथा कार्यादेश** १३

३.१ नियमित भ्रमण प्रणाली १४

३.१.१ रोकथाम भ्रमण १४

३.१.२ नियमित भ्रमण १६

३.१.३ भ्रमण प्रणाली १७

३.१.४ एपीटीका सुझाव १८

३.२ कहाँ भ्रमण गर्ने ? १८

३.२.१ परिचय १९

३.२.२ क्षेत्राधिकार तथा नियन्त्रण २०

३.२.३ थुनाका अनाधिकृत स्थान २२

३.२.४ एपीटीका सुझाव २७

३.३ कार्यादेश २८
३.३.१ भ्रमणमा आधारित रचनात्मक संवाद २८
३.३.२ अन्तर्राष्ट्रिय मापदण्डतर्फको प्रगति ३०
३.३.३ अतिरिक्त कार्यादेश ३०
३.३.४ एपीटीका सुझाव ३३
३.४ भ्रमणको समयक्रम ३४
३.४.१ परिचय ३४
३.४.२ भ्रमणका प्रकार ३५
३.४.३ विभिन्न थुना स्थलको भ्रमणको समयक्रम ३९
३.४.४ एपीटीका सुझाव ४२
**४. स्वायत्तता** ४५
४.१ परिचय ४६
४.२ स्वायत्तताका आधार ४७
४.३ स्वतन्त्र सदस्य र कर्मचारी ४८
४.४ नियुक्ति प्रक्रिया ५०
४.५ विशेषाधिकार र उन्मुक्ति ५२
४.६ आर्थिक स्वायत्तता ५६
४.७ एपीटीका सुझाव ५९
**५. सदस्यता** ६१
५.१ विशेषज्ञता ६२
५.२ लैङ्गिक सन्तुलन तथा जातीय र अल्पसंख्यकको प्रतिनिधित्व ६३
५.३ एपीटीका सुझाव ६५
**६. भ्रमणसम्बन्धी प्रत्याभूति र अधिकारको सम्मान** ६७
६.१ थुनाका सबै क्षेत्रको पहुँच ६८
६.१.१ थुनाका जुनसुकै स्थानको पहुँच ६८
६.१.२ भ्रमणका लागि स्थानको चयन ६९
६.१.३ आकस्मिक भ्रमण ६९
६.२ सूचनामा पहुँच ७३
६.३ व्यक्तिप्रतिको पहुँच ७५
६.४ बन्दी, कर्मचारी तथा अन्यको सुरक्षा ७७
६.५ एपीटीका सुझाव ७९

**७. राष्ट्रिय संयन्त्रका सुझाव र कार्यान्वयन** ८१
७.१ राष्ट्रिय संयन्त्रका सुझाव ८२
७.२ प्रतिवेदन ८६
७.३ एपीटीका सुझाव ८७
**८. राष्ट्रिय संयन्त्र र नागरिक समाज** ८९
**९. अन्तर्राष्ट्रिय स्तरमा राष्ट्रिय संयन्त्र** ९३
**१०. साङ्गठनिक स्वरूपको चयन** ९७
१०.१ परिचय ९८
१०.२ नयाँ कि विद्यमान निकाय ९९
१०.२.१ पुनरावलोकन ९९
१०.२.२ राष्ट्रिय मानवअधिकार आयोग १०३
१०.२.३ अम्ब्युड्सम्यान र सरकारी प्रतिरक्षकको कार्यालय १०५
१०.२.४ गैरसरकारी संस्था १०७
१०.२.५ स्वायत्त बाह्य कारागार निरीक्षकको कार्यालय १०८
१०.२.६ न्यायीक कार्यालय १०९
१०.२.७ समुदायमा आधारित स्वतन्त्र अवलोकनकर्ता १११
१०.२.८ एपीटीका सुझाव ११२
१०.३ बहुपक्षीय संयन्त्र ११३
१०.३.१ भौगोलिक वा विषयगत आधार ११३
१०.३.२ एकरूपता र सहकार्य ११६
१०.३.३ एपीटीका सुझाव ११९
**११. निष्कर्ष** १२१

**अनुसूची १ : ऐच्छिक आलेख** १२५
**अनुसूची २ : पेरिस सिद्धान्त** १४७

# प्राक्कथन

एसोसिएसन फर द प्रिभेन्सन अफ टर्चर (एपीटी) यातना विरोधी अन्तर्राष्ट्रिय गैरसरकारी संस्था हो । यातनाको रोकथामका लागि यो संस्था संसारभर कार्यरत छ । विशेषतः यसले थुनामा दिइने यातना रोकथामका लागि स्वतन्त्र व्यक्तिद्वारा थुना स्थल नियमित निरीक्षण भ्रमण गर्ने प्रक्रियासँग सम्बन्धित नियन्त्रणका संयन्त्रहरूको स्थापना र विकास तथा प्रवर्द्धनको काम गरिरहेको छ । यो उद्देश्य पूरा गर्नका लागि एपीटीले संयुक्त राष्ट्रसंघीय यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजाय विरुद्धको महासन्धिको ऐच्छिक आलेख आत्मसात र कार्यान्वयन गर्ने विषयमा केन्द्रीय भूमिका निर्वाह गरिरहेको छ ।

यो सहयोगी निर्देशिकाको मुख्य उद्देश्य ऐच्छिक आलेखमा भएको यातना रोकथामका लागि राष्ट्रिय संयन्त्रको प्रभावकारी स्थापना र कार्यान्वयनका लागि आवश्यक पर्ने विषयहरूमाथि सुझाव दिनुको साथै ऐच्छिक आलेखमा भएको उक्त व्यवस्थाको विषयमा टिप्पणीसहित एपीटीको धारणा प्रेषित गर्नु हो । यो सुझाव यातना रोकथामका लागि राष्ट्रिय संयन्त्र कस्तो बनाउने भन्ने सम्बन्धमा विशेषगरी सरकारी अथवा नागरिक समाजका सरोकारवालाहरूको भूमिकासँग सम्बन्धित छ । तसर्थ यो निर्देशिका ऐच्छिक आलेखको बारेमा केही पूर्व जानकारी भैसकेको अनुमानमा आधारित छ र यसको उद्देश्य यी दस्तावेजहरूको प्रारम्भिक जानकारी दिनु होइन ।[१]

---

१ ऐच्छिक प्रलेखसम्बन्धी थप जानकारीका लागि हेर्नुहोस् एसोसिएसन फर द प्रिभेन्सन अफ टर्चर र इन्टर अमेरिकन इन्स्टिच्यूट अफ ह्यूमन राइट्स, यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजाय विरुद्धको महासन्धिको ऐच्छिक प्रलेख, ए म्यानुयल फर प्रिभेन्सन (जेनेभा/कोस्टारिका, २००५), www.apt.ch

यो भन्दा पहिले राष्ट्रिय संयन्त्रसम्बन्धी एपीटीले तयार पारेको प्रारम्भिक पुस्तिका (डेब्रा लङ र सावरिना ओभरसनले नोभेम्बर २००३ मा लेखेको लेख २००४ को ओपीक्याटः ए म्यानुअल फर प्रिभेन्सनमा समावेश छ) संयुक्त राष्ट्रसंघको महासभाले २००२ मा ऐच्छिक आलेख पारित गरे लगत्तै तयार पारिएको थियो । त्यसपछिका वर्षहरूमा धेरै कुरा भएका छन् । यो पुस्तिका तयार गर्दै गर्दा ऐच्छिक आलेख लागू भएको छ र सुरुमा हस्ताक्षर गर्ने देशहरू यातना रोकथामका लागि राष्ट्रिय संयन्त्र स्थापना गर्न लागिरहेका छन् । थप हस्ताक्षरका लागि वातावरण बनाउने काम निरन्तर भइरहेको छ। संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय, पक्ष राष्ट्र र गैरसरकारी संस्था यस प्रलेख अन्तर्गत अन्तर्राष्ट्रिय उपसमितिको चुनाव, बैठक र भ्रमणको तयारीमा जुटेका छन् ।

यस परिप्रेक्षमा विशेषगरी ऐच्छिक आलेख अन्तर्गतको राष्ट्रिय संयन्त्रको अर्थ र यसको व्यावहारिक कार्यान्वयनको सम्बन्धमा प्राविधिक सहयोग माग गरेर एपीटीमा थुप्रै अनुरोधहरू प्राप्त भएका छन् । तसर्थ राष्ट्रिय संयन्त्र बनाउने क्रममा सरोकारवालाहरूले सामना गर्नुपर्ने चुनौतीहरूको समाधानका उपायहरू सहितको यो नयाँ र विस्तृत निर्देशिका तयार पारिएको हो । यी शीर्षक अन्तर्राष्ट्रिय उपसमितिले आगामी वर्षमा दक्षता विकास गर्न खोजेका विषय पनि हुन् ।

राष्ट्रिय संयन्त्रको कार्यान्वयनमा अन्य राष्ट्रहरूले के गरेका छन् भन्ने कुरा जान्न राष्ट्रिय सरोकारवालाहरू बढी उत्सुक रहन्छन्। त्यसैले यो निर्देशिकामा नियमित रूपमा अध्यावधिक गरिएका विभिन्न देशका राष्ट्रिय संयन्त्रको स्थितिसम्बन्धी प्रतिवेदनहरू समावेश गरिएका छन् (हेर्नुहोस्, www.apt.ch/nmp) । राष्ट्रिय संयन्त्र स्थापना गर्ने सम्बन्धमा विभिन्न देशले प्रयोग गरेका तरिकाहरू, पहिले नै भएका राष्ट्रिय निकाय वा संयन्त्रलाई समावेश गर्ने सम्बन्धमा तुलनात्मक अध्ययन अत्यन्त महत्त्वपूर्ण हुन्छ । तर यहाँ उल्लेखित कुराहरूलाई एपीटीले स्वीकार गरेको वा राष्ट्रिय संयन्त्रका लागि चाहिने सबै शर्तहरू पूरा गरेको अर्थमा लिनु हुँदैन ।

यो निर्देशिका यातना रोकथामका लागि राष्ट्रिय संयन्त्र निर्माण गर्ने कुरामा केन्द्रित छ भन्ने बुझ्नु जरुरी छ । त्यसैले यहाँ यस संयन्त्रको कार्यादेश कार्यान्वयनका लागि पालना

गर्नु पर्ने कार्यविधिका बारेमा अप्रत्यक्ष रूपमा मात्र छलफल गरिएको छ । कार्यविधिका सम्बन्धमा विस्तृत जानकारी एपीटीको छुट्टै प्रकाशन (मोनिटरिङ प्लेसेस अफ द डिटेन्सनः अ प्राक्टिकल गाइड, २००४) मा पाउन सकिन्छ । यो र अरू स्रोतहरूका लागि www.apt.ch हेर्नुहोस् ।

अन्त्यमा एपीटीका मेरा सहकर्मीका साथै मस्यौदा पुनरावलोकन र टिप्पणी गर्ने डेब्रा लङ, माल्कोल्म इभान्स, एन्टेनर हाल डे उल्फ र इना इस्टिनेरेट लगायत सबैलाई धन्यवाद दिन चाहन्छु ।

मात पोलार्ड
एपीटी कानुनी सल्लाहकार
जेनेभा, अक्टोबर २००६

# प्रकाशकीय

नेपालले यातना विरुद्धको महासन्धिलगायत दर्जनभन्दा बढी मानवअधिकार सन्धिमा हस्ताक्षर गरी यातना विरुद्ध प्रतिबद्धता जानाइसकेको छ । नेपालको संविधान २०४७ हुँदै अन्तरिम संविधान २०६३ मा समेत यातना विरुद्धको नागरिकको हकलाई संरक्षण र सम्मान गर्ने प्रतिबद्धता जनाइएको छ । तर यी प्रतिबद्धतालाई व्यवहारमा कार्यान्वयन गर्ने सम्बन्धमा हामी निकै पछाडि नै छौं । नेपालका हिरासतहरूमा यातनाको प्रयोग व्यापक र सुनियोजित रूपमा छ भन्ने निष्कर्ष राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूको छ । २००५ मा संयुक्त राष्ट्रसंघीय यातनासम्बन्धी विशेष प्रतिवेदकले नेपाल भ्रमण गरेपछि यही निष्कर्ष निकालेका थिए । वास्तवमा नेपालमा यातना मानवअधिकारको एउटा प्रमुख समस्याको रूपमा रहेको छ । यसको रोकथामका लागि नेपालमा प्रभावकारी राष्ट्रिय संयन्त्रको आवश्यकता छ भन्ने सुझाव याताना विरुद्धको समितिले पनि दिइसकेको छ । त्यसैले नेपालमा यातना रोकथामका लागि प्रभावकारी राष्ट्रिय संयन्त्र निर्माण गर्ने प्रक्रियामा यातना विरुद्धको महासन्धिको ऐच्छिक आलेखको अनुमोदन पहिलो महत्वपूर्ण खुट्किलो हुनेछ भन्ने हाम्रो विश्वास छ ।

२००१ देखि एड्भोकेसी फोरमले यातनाबाट मुक्ति पाउने र निष्पक्ष सुनुवाईसम्बन्धी बन्दीहरूको संवैधानिक अधिकारको व्यवहारिक कार्यान्वयनको लागि देशका विभिन्न प्रहरी हिरासतहरूको नियमित भ्रमण गर्दै आएको छ । यस्तो भ्रमणले यातनामा उल्लेख्य कमी आएको हामीले प्रत्यक्ष अनुभव नै गरेका छौं ।

स्वःस्फूर्त रूपमा, कुनै वैधानिक संयन्त्र र पहिचान विना, धेरै संकुचनका बावजुद् गरिएका यस्ता भ्रमण त प्रभावकारी हुन्छन् भने राष्ट्रिय कानुनद्वारा नै प्रस्ट कार्यादेश, अधिकार र स्वायत्ततासहित निर्माण गरिने बहुपक्षीय र बहुविद्यागत स्वतन्त्र राष्ट्रिय संयन्त्रले नियमित भ्रमण गर्ने प्रणालीको स्थापनाले यातना विरुद्धको हाम्रो सैद्धान्तिक प्रतिबद्धतालाई व्यवहारमा उतार्न निकै मद्दत गर्न सक्दछ । त्यसैले यससम्बन्धी बहसको शुरुआत गर्न 'यातना रोकथामका लागि राष्ट्रिय संयन्त्र' सम्बन्धी यो निर्देशिका  नेपालीमा अनुवाद गरी प्रकाशित गरिएको हो ।

यो निर्देशिका नेपालीमा अनुवाद गरी प्रकाशनका लागि स्विकृती दिने संस्था Association for The Prevention of Torture (APT) तथा अनुवाद र प्रकाशनका लागि सहयोग गर्ने सबैलाई धन्यवाद दिन चाहन्छु ।

**मन्दिरा शर्मा**
कार्यकारी निर्देशक
एड्भोकेसी फोरम, नेपाल

# परिचय

१

**प्रस्तावना**

यस आलेखका पक्ष राष्ट्रहरू, (...)

यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धिले निर्दिष्ट गरेका उद्देश्यहरू हासिल गर्ने तथा स्वतन्त्रताबाट वञ्चित गरिएका व्यक्तिहरूलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहारबाट सुरक्षित राख्न अझै अन्य उपायहरू आवश्यक छन् भन्ने कुरामा विश्वस्त हुँदै,

महासन्धिको धारा २ तथा १६ ले प्रत्येक पक्ष राष्ट्रलाई आफ्नो क्षेत्राधिकारमा रहेको भू-भागमा यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजायको रोकथाम गर्न प्रभावकारी उपायहरू अवलम्बन गर्न बाध्य तुल्याएको छ भन्ने स्मरण गर्दै,

ती धाराहरू कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी पक्ष राष्ट्रहरूमा नै रहेको साथै स्वतन्त्रताबाट वञ्चित भएका व्यक्तिहरूको सुरक्षा सुदृढ पार्ने एवम् तिनीहरूको मानवअधिकारको पूर्ण आदर गर्नु सबैको साझा दायित्व भएको तथा अन्तर्राष्ट्रिय कार्यान्वयन निकायका कार्यहरू राष्ट्रिय उपायहरूका परिपूरक हुन्छन्, साथै तिनलाई सशक्त बनाउँछन् भन्ने निश्चित गर्दै,

थुनुवा/कैदी राखिएका स्थानहरूको नियमित भ्रमण गर्ने निरोधात्मक प्रकृतिको गैरन्यायिक संयन्त्रमार्फत् पनि स्वतन्त्रताबाट वञ्चित गरिएका व्यक्तिलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्ध सुरक्षा सुदृढ बनाउन सकिन्छ भन्नेमा विश्वस्त हुँदै,

निम्नानुसार सहमत भएका छन्: (...)

यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजाय विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेख (ओपीक्याट)[२] ले यातना तथा अन्य अमानवीय व्यवहार रोक्ने उद्देश्यले स्वतन्त्र विशेषज्ञहरूको निकायद्वारा बन्दी गृहको नियमित भ्रमण तथा अवलोकन प्रणालीको स्थापना गरेको छ। ऐच्छिक आलेखको रचनात्मक दुई-स्तम्भीय पद्धतिले राज्यपक्षलाई पूरक राष्ट्रिय रोकथामको संयन्त्र निर्माण गर्ने दायित्व प्रदान गर्दछ।

प्रथागत (कस्टमरी) अन्तर्राष्ट्रिय कानुनमा राज्यले यातनाको रोकथाम गर्नुपर्ने प्रावधान छ।[३] यातना विरुद्धको महासन्धिले स्पष्ट रूपमा पक्षराष्ट्रले यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहारलाई रोक्न प्रभावकारी उपाय अवलम्बन गर्नुपर्ने दायित्व तोकेको छ।[४] यसका अतिरिक्त, यातनासम्बन्धी महासन्धिले यातनालाई अपराध परिभाषित गरी कारवाही गर्ने तथा यातनाको माध्यमबाट सूचना प्राप्त गर्न निषेध गर्ने जस्ता यातना रोकथाम तथा दण्डित गर्नका लागि राज्य पक्षले लागू गर्नै पर्ने उपाय पनि स्पष्ट पारेको छ।

यस महासन्धि अन्तर्गत गठन गरिएको यातना विरुद्धको समितिले राज्य पक्षको प्रगतिलाई आवधिक रूपमा समीक्षा गर्दछ। यो समिति विशेषत सरकार तथा गैरसरकारी संस्थाद्वारा समितिको कार्यालय जेनेभामा लिखित रूपमा पेश गरिने औपचारिक प्रतिवेदनमा निर्भर रहन्छ। त्यसपछि समितिले जेनेभामा राज्यका अधिकारीसँग आम्नेसाम्ने छलफल तथा गैरसरकारी संस्थासँग छुट्टै छलफल गर्दछ। कुनै कुनै राज्य पक्षले समितिलाई व्यक्तिगत उजुरीलाई समेत विचार गर्नसक्ने अधिकार दिएका छन्। यस्ता उजुरीको जवाफ समितिले जेनेभाबाट लिखित रूपमा सम्प्रेषण गर्दछ।

---

२ संयुक्त राष्ट्रसंघीय यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजाय विरुद्धको महासन्धिको ऐच्छिक आलेख संयुक्त राष्ट्रसंघको महासभाबाट १८ डिसेम्बर २००२ मा अनुमोदित। UN Doc A/RES 57/199 लागू भएको मिति २२ जुन २००६।

३ International Criminal Tribunal for the Former Yugoslavia, *Prosecutor v. Furundzija*,(10 December 1998), Case No. IT-95-17/I-T, Paragraph 148.

४ यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजाय विरुद्धको महासन्धि, संयुक्त राष्ट्रसंघको महासभाबाट १० डिसेम्बर १९८४ मा प्रस्ताव नम्बर ३९/४७ को रूपमा अनुमोदित, कार्यान्वयनको लागि सुरु भएको २६ जुन १९८७। हेर्नुहोस् विशेषतः धारा २(१) र १६। त्यस्तैगरी हेर्नुहोस् ऐच्छिक आलेखको प्रस्तावनाको तेस्रो अनुच्छेद।

सम्बन्धित मुलुकको स्वीकृति लिई उक्त मुलुकको अधिनस्थ भू-भागमा समितिद्वारा भ्रमण गरिएको विरलै पाइन्छ । महासन्धि लागू भएको २० वर्ष यता समितिले महासन्धिको धारा २० बमोजिम १४१ पक्ष राष्ट्रमध्ये जम्मा ५ राष्ट्रको मात्रै जाँचबुझ भ्रमण गरेको छ ।[५]

यातना विरुद्धको महासन्धिद्वारा सिफारिस गरिएका थुप्रै उपाय तथा यातना विरुद्धको समितिका कामका बाबजुद् यातना तथा अन्य अमानवीय व्यवहारको असर यद्यपि कायम छ । तसर्थ, राष्ट्रहरूले प्रथागत (कस्टमरी) अन्तर्राष्ट्रिय कानुन तथा महासन्धिमा जनाएको प्रतिबद्धताअनुरूप आफ्नो दायित्व पूरा गर्न सहयोगी हुने व्यवहारिक विधि उपलब्ध गराउने उद्देश्यले ऐच्छिक आलेख तयार गरिएको हो । यस परिप्रेक्षमा, ऐच्छिक आलेखले विज्ञ तथा संस्थागत र राष्ट्रिय स्तरका अधिकारीबीच व्यावहारिक आधार र रचनात्मक संवादका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्वतन्त्र विज्ञहरूद्वारा थुनास्थलको नियमित भ्रमण प्रणालीको व्यवस्था गरेको छ ।

यातनासम्बन्धी संयुक्त राष्ट्रसंघका विशेष प्रतिवेदकले ऐच्छिक आलेखको औचित्य निम्नानुसार व्यख्या गरेका छन्:

> प्रभावकारी अनुगमन तथा जवाफदेहीताको अभावमा पिडकहरू ढुक्क हुने र त्यस्ता एकान्त थुना स्थलमा यातना र अमानवीय व्यवहार निरन्तर हुन्छन् भन्ने अनुभवका आधारमा यस आलेखको औचित्य सावित हुन्छ । यातना विश्वव्यापी रूपमा सम्पूर्ण कानुनी व्यवस्था तथा नैतिक आचारसंहिता अन्तर्गत पूर्ण रूपमा निषेध गरिएको भए तापनि यो त्यहाँ विद्यमान हुन्छ जहाँ यातनाको आदेश दिने सहकर्मी तथा उच्च अधिकारीले यस्ता अभ्यासलाई स्वीकार गर्दछन् वा कम्तिमा पनि लुकाउँदछन् र जहाँ यातना गृहहरू बाहिरी संसारबाट अलग्याइका हुन्छन् । यातना पीडितहरूको या त हत्या गरिन्छ वा यतिसम्म धम्क्याइएको हुन्छ कि उनीहरू आफ्नो अनुभव व्यक्त गर्न समेत हिम्मत गर्दैनन् । पीडितले यातनाबारे सिकायत गरिहाले पनि उनीहरूलाई शंकास्पद अपराधी, कानुनविरोधी वा आतंककारीको नाममा एकान्तमा

[५] अन्य सोधखोज पनि गरिएको हुनसक्छ तर ती गोप्य छन् ।

के के गरियो भन्ने प्रमाणित गर्न ज्यादै कठिन पर्दछ । उनीहरूको विश्वसनीयतालाई अधिकारीहरूले सहजै नजरअन्दाज गर्दछन् । तसर्थ, आपराधिक चक्र तोड्ने एउटै उपाय भनेको सार्वजनिक अवलोकनका लागि थुना स्थलहरू देखाउनु र प्रहरी, सुरक्षा तथा जासूसी कर्मचारीको काम गर्ने सम्पूर्ण प्रणालीलाई बाह्य अनुगमनका लागि अझ बढी पारदर्शी तथा जवाफदेही बनाउनु हो ।[६]



ऐच्छिक आलेख पद्दतीको पहिलो स्तम्भको रूपमा संयुक्त राष्ट्रसंघीय रोकथाम उपसमितिको भ्रमणको कार्यक्रम रहनेछ (जसलाई यसपछि "अन्तर्राष्ट्रिय उपसमिति" वा "उपसमिति" भनिनेछ) ।[७] यस सन्दर्भमा ऐच्छिक आलेखले लामो समयसम्म यस्तै कार्यमा अभ्यस्त यातना विरुद्धको यूरोपेली समिति र अन्तर्राष्ट्रिय रेडक्रस समितिको नमूनालाई अवलम्बन गरेको छ ।[८]

कुनै पनि राष्ट्रको भू-भागको विशेष भ्रमणका लागि यो उपसमितिले पक्ष राष्ट्रको स्वीकृति लिन आश्यक छैन किनभने पक्ष राष्ट्रले ऐच्छिक आलेख अनुमोदन गर्दाकै बखत स्वतः यस्तो अधिकार दिएको हुन्छ । राष्ट्रको भू-भागमा प्रवेश गरिसकेपछि अन्तर्राष्ट्रिय उपसमितिलाई कुनै पनि बन्दीगृहको पहुँच लगायत स्वतन्त्र घुमफिर गर्ने तथा बन्दीहरूसँग गोप्य अन्तर्वार्ता लिने अधिकार हुन्छ ।

ऐच्छिक आलेख पद्दतीको दोस्रो स्तम्भ अन्तर्गतको हरेक पक्ष राष्ट्रको राष्ट्रिय रोकथाम संयन्त्रले स्थानीय तहमा तुलनायोग्य प्रत्याभूतिका साथ समान कार्य गर्नेछ । ऐच्छिक आलेखले आधारभूत आवश्यकता पहिचान गरेको भए तापनि यसले सबै देशलाई आफ्नो परिस्थिति अनुसारको राष्ट्रिय रोकथाम संयन्त्र तयार गर्न लचकता प्रदान गरेको छ । तसर्थ, ऐच्छिक आलेखले विश्वका विज्ञहरूद्वारा आवधिक रूपमा गरिने परीक्षणलाई

---

६ संयुक्त राष्ट्रसंघीय यातना विशेष प्रतिवेदकको प्रतिवेदन, UN DOC. A/61/259 (१४ अगष्ट २००६), अनुच्छेद ६७ ।

७ हेर्नुहोस् धारा २ तथा ऐच्छिक आलेखको भाग २ र ३ ।

८ यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजायसम्बन्धी युरोपियन कमिटिको थप जानकारीका लागि हेर्नुहोस् http://www.cpt.coe.int र रेडक्रसको अन्तर्राष्ट्रिय समितिको लागि हेर्नूहोस् http://www.icrc.org

राष्ट्रिय रोकथाम संयन्त्रद्वारा धेरै ठाउँहरूमा निरन्तर गरिने भ्रमणसँग संयोजन गर्दछ। राष्ट्रिय रोकथाम संयन्त्रलाई नयाँ कानुन प्रस्ताव गर्न तथा विद्यमान कानुन वा मस्यौदामा आफ्नो विचार प्रस्तुत गर्ने अधिकार छ।

यो निर्देशिकाका पछिल्ला अध्यायहरूले राष्ट्रिय रोकथाम संयन्त्रको स्थापना वा मनोनयन गर्ने क्रममा राष्ट्रिय स्तरमा उत्पन्न हुनसक्ने विभिन्न सवालबारे कानुनी तथा व्यवहारिक सुझाव प्रदान गर्नेछन्। यस निर्देशिकाले निम्न सवालहरूको अवलोकन गर्दछः

- प्रकृयाको पारदर्शिता तथा समावेशी
- उद्देश्य र कार्यादेश
- स्वायत्तता
- सदस्यताका आधार
- भ्रमणको प्रत्याभूति र अधिकार
- सुझाव तथा कार्यान्वयन
- रोकथाम संरचना र राष्ट्रिय नागरिक समाज
- अन्तर्राष्ट्रिय स्तरमा राष्ट्रिय रोकथाम संयन्त्र
- संस्थागत स्वरूपको चयन

# राष्ट्रिय संयन्त्रसम्बन्धी निर्णयको प्रक्रिया

२


| | | |
|---|---|---|
| २.१ | परिचय | ८ |
| २.२ | पारदर्शिता र सहभागिता | ८ |
| २.३ | सूचना | १० |
| २.४ | एपीटीका सुझाव | ११ |

**धारा ३**

प्रत्येक पक्ष राष्ट्रले यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको रोकथामका लागि राष्ट्रिय स्तरमा एक वा धेरै भ्रमणकारी निकायहरू (यसपछि राष्ट्रिय रोकथाम संयन्त्र) को स्थापना, नियुक्ति वा व्यवस्था गर्नेछन् ।

**धारा १७**

प्रत्येक पक्ष राष्ट्रले यो आलेख कार्यान्वयनमा आएपछि वा अनुमोदन वा सम्मिलन गरेपछि राष्ट्रिय स्तरमा यातनाको रोकथाम गर्न ढिलोमा पनि एक वर्ष भित्र एक वा धेरै स्वतन्त्र राष्ट्रिय रोकथाम संयन्त्रहरूको व्यवस्था, नियुक्ति वा स्थापना गर्नेछन् ।[९] विकेन्द्रित इकाइहरूले यस आलेखका प्रावधानहरूसँग तादम्यता रहने किसिमले स्थापना गरेका संयन्त्रहरूलाई समेत यस दस्तावेजको प्रयोजनको लागि राष्ट्रिय रोकथाम संयन्त्रहरू मानिने छ ।

## २.१ परिचय

राष्ट्रिय रोकथाम संयन्त्रको निर्धारण गर्नका लागि हरेक देशको प्रक्रिया फरक हुनसक्ने भए तापनि त्यस्तो संयन्त्रमा केही तत्वहरू भने सधैँ समाविष्ट गरिनु पर्दछ । पहिलो, प्रक्रिया पारदर्शी हुनुपर्छ र त्यसमा नागरिक समाज (विशेषत गैससहरू) तथा अन्य सम्बन्धित राष्ट्रिय सरोकारवालाहरूलाई समावेश गरिनु पर्दछ । दोस्रो, प्रक्रियामा संलग्न सबै सहभागीलाई विद्यमान राष्ट्रिय भ्रमणकारी निकायहरू, र देशका थुना स्थलबारे आधारभूत लगायतका सम्बन्धित सूचना उपलब्ध गराइनु पर्दछ । तलका खण्डहरूमा यी साझा तत्वबारे सविस्तार बयान गरिनेछ ।

## २.२ पारदर्शिता र सहभागिता

राष्ट्रिय रोकथाम संयन्त्रको कार्यलाई प्रभावकारी बनाउन सरकारी अधिकारी तथा नागरिक समाजले यस संयन्त्रलाई विश्वसनीय र स्वायत्त निकायको रूपमा हेर्नु पर्दछ ।

[९] धारा २४ का अनुसार, कुनै पनि राज्यहरूले आफ्नो राष्ट्रिय रोकथाम संयन्त्र वा अन्तर्राष्ट्रिय उपसमिति सम्बन्धमा आफूले पूरा गर्नु पर्ने दायित्वहरूलाई अनुमोदन गर्ने घोषणामार्फत् ३ वर्षका लागि र यातना विरुद्धको समितिका हकमा थप २ वर्ष हुन सक्नेगरी स्थगन गर्न सक्नेछन् । राष्ट्रिय र अन्तर्राष्ट्रिय रोकथाम संयन्त्रसम्बन्धी दायित्वहरूलाई राज्यहरूले स्थगन गर्ने सक्ने छैनन् ।

यस उद्देश्यलाई साकार पार्न राष्ट्रिय संयन्त्रको निर्धारण प्रक्रिया स्वयं नै समावेशी र पारदर्शी हुनुपर्छ ।



यससम्बन्धी छलफलमा सम्बन्धित सरोकारवालालाई यथासम्भव व्यापक रूपमा समावेश गरिनु पर्दछ । प्रस्तान बिन्दुको रूपमा यसको अर्थ के हो भने:

- सरकारको राजनीतिक नेतृत्वका प्रतिनिधि तथा प्राविधिक विशेषज्ञता भएका स्थायी प्रशासनका सम्बन्धित सदस्यहरू (लागू हुने सबै तहहरूमा: स्थानीय, प्रान्तीय र/वा राष्ट्रिय),
- राष्ट्रिय गैसस तथा नागरिक समाजका अन्य समूह,
- राष्ट्रिय मानवअधिकार प्रतिष्ठान (उदाहरणका लागि मानवअधिकार आयोग वा ओम्बुड्सम्यान),
- थुना स्थलको भ्रमणमा संलग्न हुँदै आएका संस्था (निरीक्षकको कार्यालय, सजाय तोक्ने न्यायाधीश, समुदायमा आधारित तल्लो तहका भ्रमण कार्यक्रम लगायत),
- सरकार तथा प्रतिपक्षी दुवै दलको प्रतिनिधित्व गर्ने विधायिका सदस्य,
- कतिपय सन्दर्भमा क्षेत्रीय तथा अन्तर्राष्ट्रिय अन्तर-सरकारी र गैरसरकारी संस्था,

नागरिक समाजको प्रतिनिधित्व गर्ने संस्था वा व्यक्तिको छनोट सरकारको एकतर्फी निर्णयबाट नभइ नागरिक समाज स्वयंद्वारा वा नागरिक समाजसँगको परामर्शमा गरिनु पर्दछ । अग्रपंक्तिमा रहेका मानवअधिकार गैससहरूको छलफल र सहभागिता महत्त्वपूर्ण हुन्छ भने यातनाबाट बाँचेकाहरूका लागि काम गर्ने पुन:स्र्थापन केन्द्र, बन्दीका नातेदारका संघ र थुना स्थलमा कार्यरत लोकोपकारी वा आस्थामा आधारित समूहलाई पनि समावेश गरिनु पर्दछ । मननीय कुरा के छ भने ऐच्छिक आलेखले कारागार र प्रहरी चौकीलाई मात्र समेट्ने नभई मनोचिकित्सासम्बन्धी संस्था र आप्रवासी बन्दी केन्द्रजस्ता अन्य स्थललाई पनि समेट्दछ ।[१०] तसर्थ, विशेषगरी आप्रवासी, आश्रयको खोजीमा रहेका व्यक्ति, शरणार्थी, नाबालक, महिला, जनजाति तथा सांस्कृतिक अल्पसंख्यक र अपाङ्गता

[१०] निरीक्षण भ्रमणका लागि खुला रहने स्थलबारे तल तेस्रो अध्याय, खण्ड ३.२ मा चर्चा गरिएको छ ।

भएका व्यक्तिजस्ता जोखिममा रहेका जनसंख्याका लागि कार्यरत संस्थाहरूलाई पनि प्रक्रियामा सामेल गराइनु पर्दछ ।

राष्ट्रिय रोकथाम संयन्त्रको खाका तयार पार्ने वा चयन गर्ने क्रममा कुनै क्षेत्रका अनेकौँ राज्यमा साझा सवाल वा चुनौती उत्पन्न हुन सक्छन् । यस्तो अवस्थामा विचार तथा रणनीतिको साझेदारीका लागि क्षेत्रीय गोलमेच संवाद गर्नाले आ-आफ्नै राष्ट्रिय रोकथाम संयन्त्रको निर्धारण गर्ने तर्फ अघि बढ्न सहयोग पुग्न सक्दछ । यस प्रक्रियामा क्षेत्रीय तथा अन्तर्राष्ट्रिय गैसस र क्षेत्रीय तथा अन्तर्राष्ट्रिय अन्तर-सरकारी निकायको सहभागिता पनि महत्त्वपूर्ण हुन सक्दछ ।

राष्ट्रिय रोकथाम संयन्त्रको विश्वसनीयता अभिवृद्धि गर्नका लागि यसको स्वरूप र पहिचानको निर्धारण प्रक्रिया पारदर्शी हुनुपर्छ । सरकारले यसको प्रक्रिया, सहभागिका लागि अवसर र अन्तिम निर्णयसम्बन्धी आधार, विधि र कारणबारे स्वतःस्फूर्त ढङ्गले प्रचार गर्नुपर्छ ।

## २.३ सूचना

राष्ट्रिय रोकथाम संयन्त्रको निर्धारण प्रक्रिया देशमा पहिलेदेखि नै थुना स्थलहरूको भ्रमण गर्दै आएका निकायहरूको तथ्यपूर्ण “विवरण सूची” बाट शुरु हुनुपर्छ । यो “विवरण सूची” मा कम्तिमा पनि प्रत्येक निकायका निम्न पक्षहरूको संक्षिप्त जानकारी समावेश हुनुपर्दछः[११]

- कार्याधिकारको क्षेत्र (त्यस निकायलाई कुन कुन स्थलको भ्रमण गर्ने अधिकार छ);
- संरचना (सदस्य र कर्मचारी संख्या, कामकाजी स्वतन्त्रता, कार्यालय स्थल);
- अधिकार तथा उन्मुक्ति (पूर्व सूचनाविना निरीक्षण भ्रमण गर्ने, गोप्य अन्तर्वार्ता लिने र सूचनाको अधिकार, आदि);
- बजेट तथा कार्यविधि (भ्रमण संख्या, भ्रमण अवधि र समयक्रम, रिपोर्टिङको प्रकार, सिफारिसको स्वीकृति र कार्यान्वयनको मात्रा, कार्यान्वयन भए-नभएको थाहा पाउने तरिका, आदि) ।

---

[११] विद्यमान निकायका मूल विशेषताको लेखाजोखा गर्न विस्तारपूर्वक सघाउ पुऱ्याउने सामग्री www.apt.ch/npm मा फेला पार्न सकिन्छ ।

सबै सहभागीलाई देशका थुना स्थलको अनुमानित संख्या, आकार र अवस्थितिको आँकलन तथा ऐच्छिक आलेखको ऐच्छिक आलेखको पाठ तथा यसका शर्तहरूको व्याख्या (यो निर्देशिकाको एक प्रति) उपलब्ध गराइनु पर्छ ।

देशमा विद्यमान राष्ट्रिय संयन्त्र र थुना स्थलसम्बन्धी तथ्यपूर्ण सूचनाले सहभागीलाई विद्यमान थुना स्थल र यसले समेटेका क्षेत्र, समस्या र ऐच्छिक आलेखमा परिभाषित राष्ट्रिय संयन्त्रको बीचमा भएको खाडल थाहा पाउन र राष्ट्रिय संयन्त्रका लागि आवश्यक पर्ने स्रोतको आँकलन गर्न सघाउ पुऱ्याउँछ ।[१२] सहभागीलाई यस जानकारीबाट नयाँ संयन्त्रको निर्माण गर्ने कि विद्यमान संयन्त्रलाई नै मनोनयन गर्ने भन्ने निर्णय गर्न सघाउ पुग्नेछ ।

## २.४ एपीटीका सुझाव

- **छलफलमा सरकारी अधिकारी, नागरिक समाज, राष्ट्रिय मानवअधिकार संस्थाहरू, निरीक्षण भ्रमणमा संलग्न निकाय, सांसद र कतिपय अवस्थामा क्षेत्रीय तथा अन्तर्राष्ट्रिय अन्तर-सरकारी र गैरसरकारी संस्था लगायत यथासम्भव सम्बन्धित पक्षलाई व्यापक रूपमा समावेश गरिनु पर्दछ ।**
- **सरकारले प्रक्रिया, सहभागिका लागि अवसर तथा अन्तिम निर्णय गर्ने आधार, विधि र कारण स्वतःस्फूर्त ढंगले प्रचार गर्नुपर्दछ ।**
- **प्रक्रियाका सहभागीलाई निरीक्षण भ्रमणमा संलग्न राष्ट्रिय निकाय, देशका थुना स्थलको अनुमानित संख्या, आकार र अवस्थितिसम्बन्धी "विवरण सूची" (अर्थात् सर्वेक्षण र मूल्याङ्कन) तथा ऐच्छिक आलेखको पाठ र सोको व्याख्या उपलब्ध गराइनु पर्दछ ।**

[१२] तेस्रो अध्याय, खण्ड ३.२ मा निरीक्षण भ्रमणका लागि खुला रहने स्थलहरूबारे छलफल गरिएको छ ।

# उद्देश्य तथा कार्यादेश

# ३


३.१ नियमित भ्रमण प्रणाली १४

३.२ कहाँ भ्रमण गर्ने ? १८

३.३ कार्यादेश २८

३.४ भ्रमणको समयक्रम ३४

## ३.१ नियमित भ्रमण प्रणाली



---

**धारा १**

यस आलेखको उद्देश्य स्वतन्त्रताबाट वञ्चित गरिएका व्यक्तिहरू राखिएका स्थानहरूमा यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार एवम् सजायको रोकथाम गर्न स्वतन्त्र अन्तर्राष्ट्रिय तथा राष्ट्रिय निकायहरूको जिम्मेवारीमा हुने नियमित भ्रमणको प्रणाली स्थापना गर्नु रहेको छ ।

---

धारा १ ले यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिका ऐच्छिक आलेखका उद्देश्यहरू तथा प्रमुख तत्वहरूको निर्धारण गरेको छ । पछिल्ला धाराहरूमा निरीक्षण भ्रमण गर्ने निकायहरूको स्वतन्त्रता, बनोट र अधिकारहरूको सविस्तार व्याख्या गरी यस निर्देशिकाका ४, ५ र ६ अध्यायमा ती कुराहरूलाई सम्बोधन गरिएको छ । तर धारा १ मा थुप्रै अवधारणाहरू छन् जुन यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको पाठमा अन्त कतै प्रत्यक्ष रूपले व्याख्या गरिएको छैनः

- **रोकथाम** भ्रमणहरू,
- जुन **नियमित** रूपले गरिन्छन्,
- जुन निरीक्षण भ्रमणको **समग्र प्रणाली**को अङ्ग बन्दछन् ।

यसपछि लगत्तैका खण्डहरूमा हामी यी तीनवटा धारणाहरूको सूक्ष्म अध्ययन प्रारम्भ गर्छौं । यस अध्यायका पछिल्ला खण्डहरूमा निरीक्षण भ्रमण स्थलहरूको क्षेत्र, राष्ट्रिय निरीक्षण भ्रमण निकायलाई दिइने कार्यादेश र त्यसका निरीक्षण भ्रमणहरूको समयक्रमको विश्लेषण गरिने छ ।

### *३.१.१ रोकथाम भ्रमण*

यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेख अन्तर्गत गरिने निरीक्षण भ्रमणहरूको प्रकृति रोकथाममूलक हुनुपर्ने छ । यसको अर्थ के हो भने यी भ्रमणहरू तलका दुईवटा एकअर्कालाई सबल तुल्याउने माध्यमहरूद्वारा यातना वा दुर्व्यवहारका घटना घट्नुभन्दा पहिले नै तिनलाई रोकथाम गर्न खोज्नु होः

- ताजा सूचना प्रयोग गरेर थुना प्रणालीको स्वतन्त्र तथा विज्ञतापूर्ण विश्लेषणबाट तयार पारिने विस्तृत सुझावहरूको आधारमा अधिकारीहरूसँग गरिने रचनात्मक संवाद, र
- भविष्यमा थुनाको संख्या बढ्ने सम्भावनालाई दृष्टिगत गरी ताजा पर्यवेक्षणको आधारमा यातना वा दुर्व्यवहारलाई निषेध गर्ने यस्तो व्यवस्था मिलाउनु जसले गर्दा अपराधीले बन्दीलाई डरधाक देखाएर औपचारिक उजुरी दायर गर्ने कार्यलाई सजिलै रोक्न नसकून् ।

यातनासम्बन्धी राष्ट्रसंघीय विशेष प्रतिवेदकको व्याख्या यस प्रकार छः

> राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञहरूलाई विना पूर्वघोषणा कुनै पनि बेला कुनै पनि थुना स्थलको निरीक्षण गर्ने र कारागारका रजिष्टर तथा अन्य दस्तावेजमा पहुँचको अधिकार हुनाले उनीहरूलाई प्रत्येक बन्दीसँग छुट्टाछुट्टै कुरा गर्ने र यातना पीडितहरूको चिकित्सकीय जाँचबुझ गर्ने अधिकार पनि हुन्छ जुन अधिकारबाट यातनालाई निषेध गर्ने दरिलो असर पैदा हुन्छ । त्यसको साथसाथै यस प्रकारका भ्रमणहरूबाट स्वतन्त्र विज्ञहरूलाई कैदी र बन्दीमाथि गरिएको व्यवहार प्रत्यक्ष देख्ने र थुना स्थलका आम अवस्थाको निरीक्षण गर्ने अवसर प्राप्त हुन्छ । थुप्रै समस्या अनुपयुक्त प्रणालीको कारणबाट पैदा हुन्छन् जसलाई नियमित पर्यवेक्षणद्वारा सजिलै सुधार्न सकिन्छ । भ्रमण गर्ने विज्ञहरूले नियमित रूपले थुना स्थलहरूको भ्रमण गर्दा प्रायः सम्बन्धित अधिकारीहरूसँग रचनात्मक संवाद प्रारम्भ गर्न सक्छन् जसबाट पर्यवेक्षण गरिएका समस्याको समाधानमा सघाउ पुग्दछ ।[१३]

रोकथाममूलक यी भ्रमणहरू स्वतन्त्र निकायद्वारा थुना स्थलमा गरिने अन्य प्रकारका भ्रमणहरूको प्रयोजन तथा विधिभन्दा बेग्लै हुन् । उदाहरणको लागि, थुना स्थलबाहिर रहेको कार्यालयमा अधिकार हनन्सम्बन्धी विशेषउजुरी प्राप्त भएपछि मात्र 'प्रतिक्रियात्मक' भ्रमण शुरु हुन्छ । प्रतिक्रियात्मक भ्रमणबाट सामान्यतः उजुरीकर्ताका विशेष समस्या

[१३] यातनासम्बन्धी राष्ट्रसंघीय प्रतिवेदकद्वारा २००६ मा महासभासमक्ष प्रस्तुत प्रतिवेदन, UN.Doc.A/61/259 (१४ अगष्ट २००६) अनुच्छेद ७२ ।

सुल्झाउने अथवा अपराधीलाई सजाय दिनका लागि उक्त घटनाको छानबिन गरी त्यसलाई अभिलेखबद्ध गर्ने गरिन्छ।[१४] बन्दीखानाका अवस्थाहरूमा सुधार ल्याउन वा यातनाबाट बाँचेकाहरूको पुनःस्थापन गर्नका लागि प्रत्यक्ष रूपले सेवासुविधाहरू उपलब्ध गराउन गरिने 'मानवीय' भ्रमणहरू अर्को उदाहरण हुन् ।

अर्कोतिर, रोकथाम भ्रमणहरू अग्रक्रियाशील (प्रोएक्टिभ) भ्रमण हुन्, र यी थुना प्रणालीका सबै पक्षहरूको विश्लेषण गर्ने अग्रगामी र निरन्तर प्रक्रियाका अङ्ग हुन् । रोकथाम भ्रमणहरू गर्ने स्वतन्त्र विज्ञहरूको बहुविद्यागत टोलीले प्रत्यक्ष रूपले पर्यवेक्षण गरी थुनामा रहेका व्यक्ति र कर्मचारीहरूसँग गोप्य रूपले कुरा गर्छन् । तिनले भौतिक सुविधा, नियम र कार्यविधिहरू तथा सुरक्षासम्बन्धी कुनै पनि पक्ष उपयुक्त छ छैन भन्ने कुराको निरीक्षण गर्छन् जसबाट भविष्यमा यातना दिने वा दुर्व्यवहार गर्ने सम्भावना पैदा गर्नसक्ने तत्वहरूको पहिचान गर्न सकियोस् । त्यसपछि यो सूचनालाई राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मापदण्ड तथा उत्तम अभ्यासका दृष्टिबाट मूल्याङ्कन गरिन्छ र त्यो मूल्याङ्कनको आधारमा सम्बन्धित अधिकारीले (संस्थागत, क्षेत्रीय र/वा राष्ट्रिय तहमा) कार्यान्वयन गर्नुपर्ने विशिष्ट र व्यावहारिक सुझावहरू अघि सारिन्छ । यी सुझावरूबाट अधिकारीहरूसँग रचनात्मक संवाद गर्ने आधार तयार हुन्छ । अनुगमन छलफल र भ्रमणहरूबाट कार्यान्वयन पक्ष हेर्ने र सुझावहरूलाई थप परिमार्जन वा विस्तार गर्ने अवसर प्राप्त हुन्छ । रोकथाम भ्रमण र संवादको प्रक्रियाबाट समग्र थुना स्थल, थुनिएका व्यक्ति तथा राज्यको थुना स्थलसम्बन्धी समग्र प्रणालीमा सुधार गर्ने प्रयास गरिन्छ ।

### ३.१.२ *नियमित भ्रमण*

'नियमित' भ्रमणको अवधारणाले थुना स्थलमा समय-समयमा दोहोऱ्याएर गरिने भ्रमण भन्ने बुझिन्छ । यातना तथा अन्य दुर्व्यवहार रोकथामका निम्ति थुना स्थलहरूको अनुगमन गर्ने कार्यक्रमलाई प्रभावकारी बनाउन दोहोऱ्याइने क्रम एउटा प्रभावकारी तत्व हो । खास थुना स्थलमा घरिघरि गरिने भ्रमणलेः

---

[१४] प्रतिक्रियात्मक निरीक्षण भ्रमणले पनि थुना स्थलहरूको पारदर्शिता र जवाफदेहीपन वृद्धि गरी यातना रोकथाममा अप्रत्यक्ष रूपले सहयोग पुऱ्याउन सक्छ । तर रोकथामलाई प्राथमिक उद्देश्य बनाएर गरिने भ्रमण कार्यक्रमभन्दा यो फरक हुन्छ ।

- भ्रमण टोलीलाई बन्दी र अधिकारीबीच रचनात्मक संवाद स्थापना गरी त्यसलाई कायम राख्न समर्थ बनाउँछ,
- समयको क्रममा बन्दीखानाको अवस्था र बन्दीसँग गरिने व्यवहारमा प्रगति वा दुर्गतिको अभिलेख राख्न सघाउ पुऱ्याउँछ,
- बाहिरबाट निरन्तर भ्रमण हुने डरले बन्दीमाथि हुने ज्यादती कम गर्न मद्दत पुऱ्याउँछ,
- अघिल्ला भ्रमणमा भ्रमणसम्बन्धी निकायलाई सहयोग गर्ने व्यक्तिसँग बदला लिइने कार्यबाट बन्दी र कर्मचारीलाई संरक्षण गर्न सघाउ पुऱ्याउँछ ।

भ्रमण केवल एक पटकमै नटुङ्गिने भएकाले भ्रमणलाई प्रभावकारी बनाएर यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखका शर्तहरू पूरा गर्नका निम्ति कति-कति समयमा भ्रमण गर्ने भन्ने प्रश्न उठिहाल्छ । तल खण्ड ३.४ अन्तर्गत न्यूनतम समयक्रमसम्बन्धी यो प्रश्नको जवाफ दिइएको छ ।

### ***३.१.३ भ्रमण प्रणाली***

यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको धारा १ ले अन्तर्राष्ट्रिय तथा राष्ट्रिय संयन्त्रहरूद्वारा गरिने भ्रमणहरूको अभिप्राय एउटा 'प्रणाली' निर्माण गर्नु हो भन्ने कुरा स्पष्ट गरेको छ । यसले विभिन्न संयन्त्रहरूले तालमेल गरेर र सङ्गठित वा समन्वित तरिकाले कार्य गर्नुपर्छ भन्ने जनाउँछ ।

विश्वव्यापी रूपमा यसले अन्तर्राष्ट्रिय उपसमिति र राष्ट्रिय संयन्त्रबीच प्रत्यक्ष संवाद गर्ने अधिकार छ भन्ने देखाउँछ । साथै राज्यभित्र राष्ट्रिय स्तरमा विभिन्न राष्ट्रिय संयन्त्रहरू निर्माण गर्ने कार्यसित पनि यसको सम्बन्ध छ भन्ने जनाउँछ । राज्यभित्र यस प्रकारका राष्ट्रिय संयन्त्रहरूलाई सँगालेर एउटा प्रणाली बनाउनका निम्ति यी संयन्त्रहरूका बीचमा सञ्चार र समन्वय गराउने केही माध्यमहरू हुनैपर्छ जसबाट सबै थुना स्थलहरूको भ्रमण गरी राष्ट्रव्यापी विश्लेषण र सुझावहरू तयार पार्ने कुरालाई सुनिश्चित गर्न सकियोस् ।[१५]

---

[१५] प्रत्येक राष्ट्रिय संयन्त्र र अन्तर्राष्ट्रिय उपसमितिबीचको सम्बन्धबारे नवौं अध्यायमा छलफल गरिएको छ । दसौं अध्यायको खण्ड १०.३.२ मा एउटै राज्य अन्तर्गतका बहुल संयन्त्रहरूबीच सङ्गति र समन्वय कायम गर्ने रणनीतिहरूको खोजतलास गरिएको छ ।

### ३.१.४ एपीटीका सुझाव

- **कार्यान्वयनसम्बन्धी कानुनमा एउटा त्यस्तो प्रावधान समावेश हुनुपर्छ जसले उक्त कानुनको प्रयोजनको व्याख्या गरी यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको धारा १ को भाषालाई समाहित गरोस् ।**
- **रोकथाम भ्रमणहरू तिनको प्रयोजन र विधिमा अन्य प्रकारका थुना स्थलका भ्रमणहरूभन्दा फरक हुन् भन्ने कुरा स्वीकार गरिनु पर्छ ।**
- **राष्ट्रिय संयन्त्रद्वारा गरिने भ्रमण प्रणालीअन्तर्गत पहिले भ्रमण गरिएका थुना स्थलहरूमा घरिघरि फर्केर गइरहने कुरा सामेल हुनुपर्छ ।**
- **राज्य तथा अन्तर्राष्ट्रिय उपसमिति अन्तर्गतका राष्ट्रिय संयन्त्रहरू र एकै राज्यमा रहेका अनेकौं राष्ट्रिय संयन्त्रहरूबाट सच्चा 'प्रणाली' बन्न सकोस् भन्ने ध्येयले राष्ट्रिय संयन्त्रहरूको ढाँचा तालमेलयुक्त, सङ्गठित वा समन्वित तरिकाले कार्य गर्ने गरी बनाइनु पर्दछ ।**

## ३.२ कहाँ भ्रमण गर्ने ?

---

**धारा ४**

१. प्रत्येक पक्षराष्ट्रले यस आलेख बमोजिम धारा २ तथा ३ मा उल्लेखित संयन्त्रलाई आफ्नो क्षेत्राधिकार वा नियन्त्रणमा रहेर सार्वजनिक अख्तियारी भएका निकाय वा व्यक्तिको आदेश वा उक्साहट वा सहमति वा मौजुदीमा स्वतन्त्रताबाट वञ्चित गरिएका वा त्यसो गरिन सकिने व्यक्तिहरू राखिने कुनै पनि स्थान (यसपछि हिरासत/कारागार) को भ्रमण गर्न अनुमति दिनेछन् । यस्ता भ्रमणहरू ती व्यक्तिलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार एवम् सजाय विरुद्ध गरिने सुरक्षा, आवश्यक परेमा, सुदृढ पार्ने उद्देश्यले गरिनेछ ।

२. यस आलेखको प्रयोजनको लागि स्वतन्त्रताबाट विमुख भन्नाले कुनै पनि न्यायिक वा प्रशासनिक वा अन्य निकायको आदेशबाट कसैले आफ्नो इच्छा बमोजिम आफू थुनिएको वा बन्दी बनाइएको वा निजी वा सार्वजनिक प्रकृतिको स्थानमा हिरासतमा राखिएको स्थान छोड्न अनुमति नपाएको अवस्थालाई बुझिन्छ ।

---

### ३.२.१ परिचय

धारा ४(१) को 'थुना स्थल' को परिभाषा व्यापक अर्थमा गरिएको छ जसको उद्देश्य स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूलाई यथासम्भव व्यापक संरक्षण प्रदान गर्नु हो । यस परिभाषाका प्रमुख तत्वहरू के हुन् भने व्यक्तिहरू आफ्नो इच्छाअनुसार उक्त स्थलबाट अन्यत्र जान पाउँदैनन् र उक्त थुना कुनै न कुनै सार्वजनिक अख्तियारसँग गाँसिएको हुन्छ ।

धारा ४ को 'थुना स्थल' को परिभाषाको व्यापक महत्व रहेको हुँदा राष्ट्रिय संयन्त्रको कार्यादेशको व्याख्या गर्ने कानुनमा धारा ४(१) मा समेटिएको कुनै पनि 'थुना स्थल' समावेश हुनुपर्छ र राष्ट्रिय रोकथाम संयन्त्रलाई ती स्थलहरूको भ्रमण गर्ने अधिकार हुनुपर्छ ।

यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखमा 'थुना स्थल' को परिभाषा गर्दा संकुचित र निश्चित संस्थाहरूमा सिमित हुन उपयुक्त ठानिएन । यसो गर्दा भ्रमण प्रणालीको क्षेत्र एकदमै साँघुरो र सीमित हुने निश्चित थियो । तर पनि यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखले गरेको 'थुना स्थल' को परिभाषाको दायराभित्र केही निश्चित स्थलहरू त स्वतः परिनै हाल्छन् । जस्तो किः

- प्रहरी चौकीहरू,
- पूर्व-पुर्पक्ष केन्द्रहरू/तहकीकातको लागि राखिने कारागारहरू,
- कैद तोकिएका व्यक्तिहरूलाई राखिने कारागारहरू,
- नाबालक थुना केन्द्रहरू,
- सीमा क्षेत्रका प्रहरी स्थलहरू तथा सिमाना, अन्तर्राष्ट्रिय अस्थायी आश्रय क्षेत्रहरू तथा विमानस्थलका पारवहन क्षेत्रहरू,
- आप्रवासन तथा शरण खोज्नेहरूका थुना केन्द्रहरू,[१८]

[१८] कहिलेकाहीँ के दाबी गर्ने गरिन्छ भने थुना केन्द्रमा राखिएका विदेशीहरूले स्वेच्छाले कुनै अर्को देशमा जान चाहेमा उनीहरू "त्यहाँ जान स्वतन्त्र" हुन्छन् । तथापि यस्तो स्थितिमा थुनामा राखिएका व्यक्तिहरू धारा ४ को अर्थ अन्तर्गत "स्वतन्त्रताबाट वञ्चित" हुन्छन् भन्ने कुरामा कुनै प्रश्नै उठ्दैन । UK House of Lords, A and others v. Secretary of State for the Home Department (16 December 2004), 2004 UKHL, 56.

- मनोचिकित्सासम्बन्धी संस्थाहरू,
- सुरक्षा वा गुप्तचर सेवा केन्द्रहरू (यदि तिनलाई थुनामा राख्ने अधिकार भएमा),
- सैनिक क्षेत्राधिकार अन्तर्गतका थुना स्थलहरू,
- प्रशासनिक थुना स्थलहरू,
- कैदीहरूलाई स्थानान्तरण गर्ने यातायातका साधनहरू (प्रहरी भ्यान आदि)।

तुलनात्मक रूपले स्पष्ट यी स्थलहरूको अतिरिक्त धारा ४ को शर्तअनुसार राष्ट्रिय संयन्त्रलाई अन्य कुनै पनि ठाउँको भ्रमण गर्ने अधिकार छ जहाँ कसैलाई उसको इच्छा विरुद्ध सार्वजनिक अधिकारीद्वारा अप्रत्यक्ष रूपले नै राखिएको किन नहोस्। धारा ४ का दुईवटा मूल वाक्यांशहरूमा यस प्रकारको 'थुना स्थल' को प्रकृतिको वर्णन निम्नानुसार गरिएको छ:

- "सार्वजनिक अधिकारीको क्षेत्राधिकार र नियन्त्रणअन्तर्गत"[१७] (जसले त्यो भू-भागलाई इङ्गित गर्छ जहाँ त्यो स्थल अवस्थित छ),
- "सार्वजनिक अधिकारीको आदेश वा उक्साहट वा सम्मति वा मन्जुरीअनुसार" (जसले त्यो माध्यमलाई इङ्गित गर्छ, जसद्वारा कुनै व्यक्तिलाई त्यहाँ राखिएको हुनसक्छ)।

तलको खण्डमा 'क्षेत्राधिकार तथा नियन्त्रण' सम्बन्धी अवधारणाबारे सविस्तार केलाइएको छ। त्यसपछिको खण्डमा 'उक्साहट,' 'सम्मति' र 'मन्जुरी' तथा 'वा हुनसक्छ' भन्ने शब्दहरूसम्बन्धी अवधारणालाई समावेश गर्नुको कारण व्याख्या गरिएको छ। यसो गर्नुको तात्पर्य राष्ट्रिय संयन्त्रद्वारा गैरकानुनी थुना तथा अनधिकृत थुना स्थलहरूलाई निश्चित रूपले समेट्नु हो।

### *३.२.२ क्षेत्राधिकार तथा नियन्त्रण*

धारा ४(१) मा उल्लेख भएको 'क्षेत्राधिकार' सम्बन्धी अवधारणा यातना विरुद्धको महासन्धि र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धमा राज्यको

---

[१७] फ्रान्सेली संस्करणमा अलि फरक शब्द प्रयोग गरेर समेटिने स्थलहरूको व्यापक शृङ्खलामाथि अझ बढी जोड दिइएको छ।

दायित्वको दायराको बयान गर्न पनि प्रयोग गरिएको छ ।[१८] यी सन्धिहरूअन्तर्गत स्थापित मानवअधिकार तथा यातना विरुद्धको समितिले दिएका अभिमतले ऐच्छिक आलेखको प्रयोजनका लागि "क्षेत्राधिकार तथा नियन्त्रण" के हो भन्ने प्रष्ट पार्दछन् ।

सामान्यतः राज्यको भू-भाग नै त्यसको क्षेत्राधिकार तथा नियन्त्रणअन्तर्गत पर्ने कुरा स्वतः स्पष्ट छ । राज्यमा दर्ता गरिएको पानीजहाज वा विमान र सायद सम्बन्धित राज्य पक्षको महादेशअन्तर्गतको पाटोमा अवस्थित संरचनालाई यातना विरुद्ध प्रमुख महासन्धिको प्रयोजनका निम्ति समान्यतः राज्यको क्षेत्राधिकारअन्तर्गत मानिन सक्छ ।[१९] मानवअधिकार तथा यातना विरुद्धको समितिले विकसित गरेको विधिशास्त्र अनुसार "क्षेत्राधिकार तथा नियन्त्रण" अन्तर्गत राज्य पक्षको सामान्य भू-भाग बाहिरका ती सबै क्षेत्रहरू समेटिन्छन् जुन क्षेत्रहरू "वास्तवमा राज्य पक्षको प्रभावकारी नियन्त्रणअन्तर्गत पर्दछन्, चाहे त्यस प्रकारको नियन्त्रण जुनसुकै सैनिक वा नागरिक अख्तियारद्वारा कायम गरिएको किन नहोस् ।"[२०] उदाहरणको लागि राज्य पक्षका विदेशमा रहेका सैनिक अखाडाहरू पर्दछन् । अर्कोतिर, राज्य पक्षको भू-भागमा रहेका विदेशी राजदूतावासहरू यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको धारा ४ को "क्षेत्राधिकार तथा नियन्त्रण" सम्बन्धी अवधारणाद्वारा सम्भवतः समेटिएका छैनन् ।[२१]

---

[१८] यातना विरुद्ध राष्ट्रसंघीय महासन्धि, धारा २ र १६ । १६ डिसेम्बर १९६६ को महासभाको २२००ए (२१) प्रस्तावबाट अनुमोदित भई २३ मार्च १९७६ देखि लागू भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा २(१) ।

[१९] जे. बर्गर्स र एच. डानेलिउसको यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिः यातना तथा अन्य क्रूर, अमानवीय व्यवहार वा सजाय विरुद्धको महासन्धिसम्बन्धी हाते पुस्तिका (डोरड्रेच्टः मार्टिनस निजहोफ पब्लिसर्स, १९८८), पृ. १२३-१२४ हेर्नुहोस् ।

[२०] यातना विरुद्धको समिति "संयुक्त राज्य अमेरिकासम्बन्धी निष्कर्ष तथा सुझावहरू" (१८ मे २००६), राष्ट्रसंघीय दस्तावेज CAT/C/USA/CO/2, अनुच्छेद १५ र "संयुक्त अधिराज्यसम्बन्धी निष्कर्ष तथा सुझावहरू" (१० डिसेम्बर २००४), राष्ट्रसंघीय दस्तावेज CAT/C/CR/33/3, अनुच्छेद ४(ख) । मानवअधिकार समितिको "अनुबन्धका राज्य पक्षहरूमाथि आरोपित गरिएका आम कानुनी दायित्वको प्रकृतिबारे सामान्य टिप्पणी ३१" (२६ मे २००४), राष्ट्रसंघीय दस्तावेज CCPR/C/21/Rev.1/Add.13 । हेक्का राख्नुपर्ने महत्वपूर्ण कुरा के हो भने यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको धारा ३२ द्वारा यसका प्रावधानहरूले जेनेभा महासन्धिहरू तथा आलेखहरूमा अन्तर्निहित थुनामा रहेका व्यक्तिहरूसम्म पहुँच दिइनुपर्ने दायित्वमाथि असर नगर्ने विशिष्ट व्यवस्था गरिएको छ । अन्तर्राष्ट्रिय उपसमिति वा राष्ट्रिय संयन्त्रले पहुँच प्राप्त गर्ने सम्भावनालाई अन्तर्राष्ट्रिय रेडक्रस समितिलाई भ्रमण गर्न नदिने बहानाका रूपमा प्रयोग गर्न सकिँदैन ।

[२१] प्रथागत अन्तर्राष्ट्रिय कानुन तथा व्यापक रूपले अनुमोदन गरिएको सन्धिले यस प्रकारका स्थलहरूलाई आयोजक राज्यद्वारा "अनुल्लंघनीय" मानेर यस्ता स्थलहरूमा नियोक प्रमुखको सम्मतिविना "कुनै पनि राष्ट्रका प्रतिनिधिहरूले

फौजी सहमतिसम्बन्धी सन्धिको विद्यमान हैसियतअन्तर्गत राज्य पक्षको भू-भागमा अवस्थित विदेशी सैनिक अखाडाहरूमा पहुँच दिइनु जरुरी छ कि छैन भन्ने प्रश्न झनै असजिलो छ। यसको उत्तर फौजी सहमतिसम्बन्धी सन्धिको हैसियतका विशिष्ट प्रावधानहरूमाथि निर्भर हुने देखिन्छ जुन सन्धि सम्बन्धित अखाडाको हकमा लागू हुन्छ। फौजी सहमतिसम्बन्धी सन्धिको हैसियतले उक्त अखाडामाथिको क्षेत्राधिकार तथा नियन्त्रण यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको पक्ष नरहेको विदेशी शक्तिलाई स्पष्ट रूपले सुम्पिएको भए राज्य पक्षले राष्ट्रिय संयन्त्रलाई अल्पकालीन दृष्टिले उक्त अखाडामा पहुँच दिन नसक्ने सम्भावना रहन्छ। तर राष्ट्रले यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखमा हस्ताक्षर गरेपछि वा त्यसलाई अनुमोदन गरेपछि आफ्नो आम भू-भागमा जहाँ व्यक्तिहरू निजी स्वतन्त्रताबाट वञ्चित छन् ती ठाउँहरूमाथिको क्षेत्राधिकार तथा नियन्त्रण अन्य राष्ट्रहरूलाई “ठेक्कामा दिएर” दायित्वहरूबाट जानाजान उम्किन अन्तर्राष्ट्रिय कानुनले छूट दिँदैन।[२२] यसर्थ यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखका पक्ष राष्ट्रहरूमाथि राष्ट्रको आम भू-भागमा रहेका थुना स्थलहरूमा राष्ट्रिय रोकथाम संयन्त्रको पहुँचमा बाधा पुऱ्याउने फौजी सहमतिहरूको हैसियतको म्याद गुज्रिने वा नवीकरण गर्ने बेलामा नयाँ सम्झौता गर्न हरसम्भव प्रयास गरेर त्यसमा राष्ट्रिय संयन्त्रलाई पहुँच दिने दफाहरू समावेश गर्ने दायित्व रहन्छ। नयाँ राष्ट्रहरूसित भविष्यमा गरिने फौजी अखाडासम्बन्धी सम्झौतामा पनि प्रारम्भदेखि नै पहुँचको अधिकार दिइनु पर्दछ।

### *३.२.३ अनधिकृत थुना स्थलहरू*

सरकारले राष्ट्रिय संयन्त्रलाई आफूले आधिकारिक रूपले कारागार, प्रहरी चौकी वा अन्य सार्वजनिक रूपले चिनिने संस्थाहरू जहाँ साधारणतः वैध आदेश अन्तर्गत व्यक्तिहरू स्वतन्त्रताबाट वञ्चित हुन्छन्, ती स्थलहरूको भ्रमण गर्न दिनुमात्र पर्याप्त हुँदैन। राष्ट्रिय संयन्त्रलाई अनधिकृत थुना स्थलहरू अर्थात् थुनाको लागि कुनै पनि सार्वजनिक अधिकारीले औपचारिक

प्रवेश गर्न नपाउने” कुरा किटान गरिएको छ। १८ अप्रिल १९६१ मा भिएनामा पारित भई २४ अप्रिल १९६४ मा लागू भएको कूटनीतिक सम्बन्धहरूसम्बन्धी भिएना महासन्धिको धारा २२ हेर्नुहोस्। हेर्नुहोस् Browlie, *Principle of Public International Law*, 5th Edition, Oxford University Press 1998, P. 356.

[२२] भिएनामा २३ मे १९६९ मा हस्ताक्षर गरी २७ जनवरी १९८० मा प्रथाजन्य अन्तर्राष्ट्रिय कानुनका रूपमा लागू गरिएको सन्धिहरूको कानुनसम्बन्धी भिएना महासन्धिको प्राक्कथन तथा धारा २६ हेर्नुहोस्।

रूपले आदेश नदिएको भए तापनि सार्वजनिक अख्तियारसित गाँसिएका कारणहरूबाट व्यक्तिरूलाई थुनामा राखिएको कुनै पनि स्थलमा अनिवार्य रूपले पहुँच दिइनु पर्छ।

यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखमा राष्ट्रिय संयन्त्रलाई पहुँचको आधार प्रदान गर्नका निम्ति यस्ता स्थलहरूलाई समेट्ने अभिप्रायले धारा ४(१) मा स्पष्ट रूपले प्रकट भएका "उक्साहट", "सम्मति", वा "मन्जुरी" जस्ता औपचारिक "आदेश" का विकल्पहरूबारे सोचविचार गरिएको कुरा एकदमै स्पष्ट छ। मस्यौदा प्रक्रियाको प्रारम्भदेखि नै, वास्तवमा कोस्टारिकाले १९९१ मा यस ऐच्छिक आलेखको मूल पाठ प्रस्तावित गरेदेखि नै यी धारणाहरू यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको अङ्ग बनेका हुन्,[२३] र यी धारणाहरू यातना विरुद्धको महासन्धिको धारा १ मा रहेको यातनाको परिभाषाबाट लिइएका हुन् जस्तो लाग्छ।

यातना विरुद्धको महासन्धिलाई पारित गर्ने राष्ट्रहरूले यातना प्रायः अनधिकृत तथा अर्ध-गोप्य कार्य हो जसबाट सम्बन्धित सरकार आफूलाई औपचारिक रूपले अलग राख्न चेष्टा गर्छ भन्ने कुरा स्विकार गर्छन। त्यसकारण जानाजान "निजी" वा "गैरराज्य" तहका कर्ताहरूलाई कुनै अनधिकृत थुना स्थलमा यातना दिन लगाएर सरकार यातनाको जिम्मेवारीबाट पन्छिन नपाओस् भन्ने उद्देश्यले यातना विरुद्धको महासन्धिमा "उक्साहट", "सम्मति" र "मन्जुरी" शब्दहरू थपिएका हुन्।[२४]

त्यसकारण यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखले के कुरा इङ्गित गर्छ भने "थुना स्थल" को परिभाषा "आधिकारिक" थुना स्थलको वैध थुनासम्बन्धी "आधिकारिक आदेश" अन्तर्गतका कार्यहरूमा मात्र सीमित नभई यसले अरू प्रकारका "अनियमित"

---

[२३] राष्ट्रसंघीय ऐच्छिक सन्धिपत्रको मस्यौदा गर्ने राष्ट्रसंघीय कार्यसमूहको प्रतिवेदन, २२ जनवरी १९९१, राष्ट्रसंघीय दस्तावेज E/CN.4/1991/66 हेर्नुहोस्: "यसको क्षेत्राधिकारभित्रको कुनै पनि स्थल जहाँ सार्वजनिक अधिकारीद्वारा वा निजको उक्साहट वा सम्मति वा मन्जुरीद्वारा थुनामा राखिएका वा राखिन सक्ने स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरू हुन सक्छन्।"

[२४] जे. बर्गर र एच. डानेलिउस, यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिः यातना र अन्य क्रूर, अमावनीय व्यवहार वा सजाय विरुद्धको महासन्धिबारे हाते पुस्तिका (डोरड्रेच्टः मार्टिनुस निजहोफ पब्लिसर्स, १९८८), पृ. ४५-४५ र १२०। सी. इनगेल्सको यातना विरुद्धको राष्ट्रसंघीय समितिः एक मूल्याङ्कन -हेगः क्लुवर ल इन्टरनेसनल, २००१), पृ. २१० र २२२-२२५ पनि हेर्नुहोस्।

थुनालाई पनि समेट्छ ।[२५] व्यक्तिहरूलाई "निजी स्वतन्त्रताबाट वञ्चित गरिएको **हुनसक्ने**" स्थलहरूलाई खुलस्त रूपले समेट्ने धारा ४ को परिभाषाले यस निष्कर्षलाई थप दरिलो तुल्याएको छ ।[२६]

यस प्रकार यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको शर्तअनुसार प्रहरी चौकी, कारागार वा अन्य "आधिकारिक" थुना स्थलबाहेक राष्ट्रिय संयन्त्रलाई कसैलाई निजको इच्छाविरुद्ध सार्वजनिक अख्तियारद्वारा थुना गरिएको आशङ्का भएमा त्यस्ता स्थलहरूमा पुग्न पाउने अधिकार पनि हुनुपर्छ ।

युगान्डाको मानवअधिकर आयोग यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखअन्तर्गत राष्ट्रिय संयन्त्रका रूपमा मनोनयन गरिएको नभए तापनि त्यसले राष्ट्रिय कानुनमा रहेको एउटा प्रावधानको उदाहरण उपलब्ध गराउँछ जसले यस प्रकारका भ्रमणहरूलाई खुलस्त रूपले ठाउँ दिएको छ । युगान्डा मानवअधिकार आयोग ऐन, १९९७ को धारा ८(२)(१) को एक अंशमा निम्नलिखित बुँदाहरू रहेका छन्ः

> २.(१) आयोगले निम्नलिखित कार्यहरू गर्नेछ –
> ख. बन्दीहरूका अवस्थाको मूल्याङ्कन तथा निरीक्षण गर्ने उद्देश्यले कारागारहरू तथा थुना स्थलहरू वा सम्बन्धित स्थलहरूको भ्रमण गरी सुझावहरू दिनु,
> ग. **कुनै व्यक्तिलाई गैरकानुनी रूपले थुनामा राखिएको आशङ्का भएमा कुनै पनि स्थल वा भवनको भ्रमण गर्नु,**

---

[२५] यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक सन्धिपत्रको मस्यौदा गर्ने राष्ट्रसंघीय कार्यसमूहको प्रतिवेदन, २ डिसेम्बर १९९२, राष्ट्रसंघीय दस्तावेज CN.4/1993/28, अनुच्छेद ३८-४० पनि हेर्नुहोस् ।

[२६] यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको मस्यौदा गर्ने राष्ट्रसंघीय कार्यसमूहको प्रतिवेदन, २ डिसेम्बर १९९२, राष्ट्रसंघीय दस्तावेज E/CN.4/1993/28, अनुच्छेद ४०, राष्ट्रसंघीय दस्तावेज E/CN.4/2000/58, अनुच्छेद ३० र राष्ट्रसंघीय दस्तावेज E/CN.4/2001/67, अनुच्छेद ४३ र ४५ र निरीक्षण भ्रमण गर्ने संयन्त्रको कार्यादेशद्वारा थुनाका अनधिकृत वा गोप्य स्थलहरूलाई समेटेको तथ्यले तिनको अस्तित्वलाई वैधता प्रदान गर्दैन, बरु भ्रमण गर्ने संयन्त्रद्वारा त्यस्ता थुना स्थलहरू पत्ता लगाउन सक्ने सम्भावनालाई मुख्यतः त्यस्ता थुना स्थलहरूलाई निषेध वा रोकथाम गर्ने दृष्टिबाट हेरिनु पर्छ । हेर्नुहोस्, एपीटी अन्तर्राष्ट्रिय कानुनअन्तर्गत "एकान्त थुना, स्वीकृतिविहीन र गुप्त थुना" (२ मार्च २००६) http://www.apt.ch/secret detention/Secret Detention APT.pdf.

यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको धारा ४ को दायराभित्रका अनधिकृत थुना स्थलहरूमा निजी स्वामित्वमा रहेका निवासहरू वा अन्य निजी स्वामित्वमा रहेका भवनहरू समाविष्ट हुन सक्छन् ।[२७] के कुरा सत्य हो भने जब निजी निवासमा व्यक्तिलाई थुनामा राखिन्छ र स्वतन्त्रताबाट वञ्चित गर्ने कार्यमा सार्वजनिक अधिकारी जोडिएको आशङ्का हुन्छ, त्यहाँ घर मालिकको अधिकार र ऐच्छिक आलेखअन्तर्गतको राष्ट्रिय संयन्त्रलाई दिइएका अधिकारबीच खिचातानी पैदा हुन्छ । तर अन्य सन्दर्भमा राष्ट्रिय कानुनमा यस प्रकारका समस्यालाई जसरी सामन्जस्य गरिन्छ त्यस्तो सम्भावना राष्ट्रिय संयन्त्रका लागि पनि उपलब्ध हुन सक्दछ ।

राष्ट्रिय संयन्त्रले भविष्यमा व्यक्तिहरूलाई थुनामा राख्न सकिने गरी बन्दै गरेका भवनको निरीक्षण गर्न सक्छ ।[२८] यस प्रकारका ठाउँको भ्रमणबाट रोकथामका लागि महत्वपूर्ण हुने गरी भवनको ढाँचा वा बनोटमा सुधार गर्नु परेमा सुझव समेत दिन सकिन्छ ।

धारा ४(१) ले समेट्ने स्थलहरूको दायरा पहिले नै अत्यन्तै व्यापक भएकाले धारा ४(२) को प्रयोजन के हो त्यो स्पष्ट छैन । वास्तवमा यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको अन्तिम पाठमा समावेश गरिएको धारा ४(२) कोस्टारिकाद्वारा मूल रूपमा प्रस्तावित भाषाको विकल्पका रूपमा (जुन धारा ४(१) अझै सुरक्षित छ) अन्तिम घडीमा ल्याइएको प्रस्ताव (हालको धारा ४(२) कोस्टारिकाद्वारा मूल रूपमा प्रस्तावित भाषा (जुन धारा४(२) मा अझै सुरक्षित छ) लाई आफूलाई सुविधाप्रद हुने गरी कूटनीतिक तरिकाले “रफ्फु” भरेजस्तो देखिन्छ ।[२९] कस्तो लाग्छ भने यी दुई धाराका

---

[२७] कतिपय राष्ट्रहरूले उठाएका चासोहरूबाट यो कुरा अप्रत्यक्ष रूपले पुष्टि हुन आएको हो । उदाहरणको लागि (१२ नोभेम्बर २००२ मा) E/2002SR.38, अनुच्छेद ८७ मा यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेख खोजतलास र पक्राउसम्बन्धी स्वदेशी संवैधानिक बन्देजहरूसँग बाझ्यो भन्ने दाबीसम्बन्धी प्रतिवेदनमा जनाइए अनुसार इकोसोकमा संयुक्त राज्य अमेरिकाका प्रतिनिधिले गरेको टिप्पणी ।

[२८] यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको मस्यौदा गर्ने राष्ट्रसंघीय कार्यसमूहका प्रतिवेदनहरू: राष्ट्रसंघीय दस्तावेज, E/CN.4/1993/28 अनुच्छेद ४०: राष्ट्रसंघीय दस्तावेज, E/CN.4/200/58, अनुच्छेद ३० र राष्ट्रसंघीय दस्तावेज, E/CN.4/2001/67, अनुच्छेद ४३ र ४५ ।

[२९] माथि चर्चा गरिएझैँ “उक्साहट”, “सम्मति” र “मन्जुरी” का प्रसङ्गहरू छलफलका लागि तयार पारिएको, मस्यौदामा १९९१ को प्रारम्भदेखि नै रहेका थिए । २००१ को सेसनमा ल्याटिन अमेरिकी देशहरूको समूह “(GRULAC)” ले नयाँ मस्यौदा प्रस्तावित गऱ्यो जसले उक्त भाषालाई जोगाएर पहिलो पटक राष्ट्रिय रोकथाम

प्रवर्तकमध्ये दुवैमा यी दुई धारा सहअस्तित्वमा रहून् भन्ने अभिप्राय कदापि थिएन । "व्यक्तिलाई सार्वजनिक वा निजी थुना स्थलमा राखिने" कुराको सङ्केत गरेर धारा ४(२) ले राष्ट्रिय संयन्त्रलाई कम्तीमा पनि ठेक्काअन्तर्गत रहेका निजी निगमहरूद्वारा वा सरकारको तर्फबाट सञ्चालित संस्थाहरूमा पहुँच हुनैपर्छ भन्ने कुरालाई सुनिश्चित गरेको छ । धारा ४(२) ले व्यक्तिलाई स्वेच्छाले उक्त स्थल छाड्न अनुमति नुहने कुरा गरेर स्वतन्त्रताको वञ्चनासम्बन्धी धारणाको सारको रेखाङ्कन पनि गरेको छ ।

धारा ४(२) को अन्तिम अंशले "उक्साहट", "सम्मति" वा "मन्जुरी" को उल्लेख नगरिकन "कुनै पनि न्यायिक, प्रशासनिक वा अन्य अख्तियार" तर्फ सङ्केत गरेको छ । के यसको अर्थ धारा ४(१) रहे तापनि व्यक्तिलाई औपचारिक आदेशविना थुना गरिएका स्थलहरू यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखद्वारा समेटिँदैनन् भन्ने हो ? यसको उत्तर "होइन" भन्ने हुनुपर्छ । धारा ४ लाई यसरी अर्थ्याइँदा धारा ४(१) को "उसको उक्साहट वा सम्मति वा मन्जुरीबाट" भन्ने शब्दहरू अर्थहीन र लागू नहुने हुन गई यसको नतिजा निस्सार हुन पुग्छ । ऐच्छिक आलेखमा भएको व्यवस्थाले सार्वजनिक अधिकारीको औपचारिक आदेश नभए पनि नीजको सहमतीमा स्वतन्त्रताबाट वञ्चित गरिएका व्यक्ति समेतलाई समेट्छ भन्ने मस्यौदा समितिको बलियो धारणा रहेको पाइन्छ ।[३०] यो धारा

---

संयन्त्रहरूसम्बन्धी धारणा अघि सार्‍यो । त्यही सत्रमा युरोपेली युनियनले पनि नयाँ मस्यौदा प्रस्तावित गर्‍यो जुन मस्यौदा धारा ४(१) को मस्यौदा भाषालाई विस्थापित गर्ने खालको थियो । धारा ४(१) को मस्यौदा १० वर्षदेखि कायम रहको थियो जुन अहिले अन्तिम संस्करणको धारा ४(२) को स्वरूपमा देखा परेको छ । कार्यसमूहद्वारा युरोपेली युनियनको प्रस्तावमाथि औपचारिक रूपले कहिल्यै पनि छलफल नगरिएको महसुस हुन्छः, हेर्नुहोस् कार्यसमूहको प्रतिवेदन E/CN.4/2001/67, अनुच्छेद १५ । कार्यसमूहको पछिल्लो र अन्तिम सेसनतिर अध्यक्ष-प्रतिवेदकले आफ्नै प्रस्ताव प्रस्तुत गरिन् जसमा GRULAC र युरोपेली युनियनका मस्यौदाका तत्वहरूको मिलान गरिएको थियो, हेर्नुहोस् प्रतिवेदन E/CN.4/2002/78 । पहिलो पटक धारा ४ को अन्तिम स्वरूप देखा परेको यसै बखत हो । अध्यक्षद्वारा प्रस्तावित नयाँ मिश्रित धारा ४ माथि मिहीन रूपले छलफल नभएको महसुस हुन्छ । त्यो सत्रको लगत्तै धारा ४(१) र (२) को कसरी समायोजन गर्न सकिएला भन्नेबारे थप छलफल नगरिकन त्यो प्रस्ताव मानवअधिकार आयोग र महासभामा प्रस्तुत गरियो (र अन्ततः त्यो पारित पनि भयो) ।

[३०] यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको राष्ट्रसंघीय मस्यौदा कार्यसमूहका प्रतिवेदनहरू हेर्नुहोस्: राष्ट्रसंघीय दस्तावेज, E/CN.4/1993/28, अनुच्छेद ३८-४०, E/CN.4/2000/58, अनुच्छेद ३० र ७८, E/CN.4/2001/67, अनुच्छेद ४५ । भिएना महासन्धिको सन्धिसम्बन्धी कानुन विषयक धारा ३२ मा के उल्लेख गरिएको छ भने "सन्धिको तयारी कार्य तथा सन्धिको अर्थ "दोहोरो वा अस्पष्ट हुने" र त्यसबाट "निस्सार वा अनुचित" नतिजा निस्कने कुरालाई ध्यानमा राखेर पूरक व्याख्या समावेश गर्नका लागि मस्यौदामा यस्तो उपाय गरिएको हुनसक्छ ।"

४ को समग्र अर्थको सार पनि हो जसले त्यसको अर्थ, प्रयोजन कार्यान्वयनको दायरालाई राम्ररी समन्वय गरेको छ। यातना विरुद्धको महासन्धिमा यसै प्रकारका धारणाहरू अन्तर्निहित छन् । धारा ४(२) का भाषासम्बन्धी संस्करणहरूमा रहेका मतभिन्नताहरू उपर सोचविचार गरी तिनलाई संयोजित रूपमा राष्ट्रिय कानुनमा समावेश गर्न सिफारिस गरिएको छ ।



### *३.२.४ एपीटीका सुझाव*

- **राष्ट्रिय संयन्त्रको थुना स्थलमा पुग्न पाउने अधिकारबारे राष्ट्रको कानुनमा व्यवस्था गरिनु पर्छ र त्यसमा ती स्थलहरूको परिभाषा गरिनु पर्छ जहाँ पुग्न पाउने अधिकार राष्ट्रिय संयन्त्रलाई छ। यो पहुँचभित्र यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको धारा ४(१) मा परिभाषा गरिएका सबै सम्भाव्य "थुना स्थल" पर्दछन् ।**
- **राष्ट्रिय कर्ताहरूको सुनिश्चिततालाई वृद्धि गर्ने हेतुले यस प्रकारका कानुनमा संस्थाहरू वा संस्थाका प्रकारहरूको मोटामोटी सूची समावेश गर्न सकिन्छ। तर यस प्रकारको सूची समावेश गरिँदा यो सूची पूर्ण होइन भन्ने कुरा स्पष्ट पार्नुको साथै धारा ४(१) को व्यापक परिभाषा पनि उपलब्ध गराउनु पर्छ।**
- **राष्ट्रिय संयन्त्रलाई अनधिकृत थुना स्थलहरूको भ्रमण गर्ने कार्यादेश हुनुपर्छ र उसमा यसो गर्ने सामर्थ्य पनि हुनुपर्छ। यो उद्देश्य पूरा गर्नको निम्ति राष्ट्रिय संयन्त्रलाई फराकिलो दायरामा भ्रमण गर्ने अधिकार प्राप्त गर्न "उक्साहट", "सम्मति" र "मन्जुरी" सम्बन्धी अवधारणाहरू महत्वपूर्ण हुन्छन्, त्यसकारण यी धारणाहरूलाई राष्ट्रिय कार्यान्वयनकारी कानुनमा समावेश गरिनु पर्छ।**
- **कार्यान्वयनकारी कानुनमा यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको धारा ४(२) को पाठ शब्दशः अपनाइनु हुँदैन किनभने त्यसबाट अनावश्यक अस्पष्टता उत्पन्न हुनसक्छ। धारा ४(२) बाट ग्रहण गर्न सकिने महत्वपूर्ण धारणाहरू के हुन् भने यसको सहाराले राष्ट्रिय संयन्त्रलाई निजी तहबाट सञ्चालित स्थलहरूको भ्रमण गर्न र स्वतन्त्रताबाट वञ्चित हुनुको अर्थ सार रूपमा व्यक्तिले स्वेच्छाले बाहिर निस्कने छूट नपाउनु हो भन्ने बुझ्न सघाउ पुग्छ ।**

## ३.३ कार्यादेश

**धारा ४**

(१) ... आवश्यकता हेरी भ्रमणहरू यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्ध यी व्यक्तिहरूको संरक्षण गर्ने कार्यलाई सुदृढ तुल्याउने उद्देश्यले गरिनु पर्छ ।

**धारा १९**

राष्ट्रिय रोकथाम संयन्त्रहरूलाई न्यूनतम पनि देहायका अधिकार प्रदान गरिनेछः

क) धारा ४ ले परिभाषित गरे अनुसार स्वतन्त्रताबाट वञ्चित गरिएका व्यक्तिहरू राखिने स्थानहरूमा उनीहरूलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको सुरक्षालाई आवश्यकताअनुसार सुदृढ तुल्याउने उद्देश्यले ती स्थानहरूको नियमित परीक्षण/अध्ययन भ्रमण गर्ने,

ख) संयुक्त राष्ट्रसंघका सान्दर्भिक मान्यताहरूलाई समेत ध्यान दिँदै स्वतन्त्रताबाट वञ्चित गरिएका व्यक्तिहरू प्रति गरिने व्यवहार एवम् यिनीहरूको अवस्थामा सुधार ल्याउने र यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको रोकथाम गर्ने उद्देश्यले सम्बन्धित निकाय समक्ष सुझावहरू प्रस्तुत गर्ने,

ग) अस्तित्वमा रहेका तथा प्रस्तावित विधानको बारेमा प्रस्ताव तथा अवलोकन प्रस्तुत गर्ने ।

### *३.३.१ भ्रमणमा आधारित रचनात्मक संवाद*

राष्ट्रिय संयन्त्रका भ्रमणहरूको उद्देश्य अन्य श्रोतहरूका सूचनासमेतको सहयोगबाट सुधार गर्नका निम्ति राष्ट्रिय संयन्त्र र बहालवाला अधिकारीहरूबीच रचनात्मक संवाद गर्नु हो ।[३१]

[३१] यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको धारा २२ । यातनासम्बन्धी राष्ट्रसंघीय विशेष प्रतिवेदकद्वारा २००६ मा महासभामा प्रस्तुत प्रविदेन, राष्ट्रसंघीय प्रतिवेदन A/61/259 (१४ अगष्ट २००६, अनुच्छेद ७२) हेर्नुहोस् ।

यस मुद्दासित सम्बन्धित अधिकारीहरू खास निकायको प्रशासनको सामान्य तहदेखि लिएर राष्ट्रिय नेतृत्वका वरिष्ठतम व्यक्तिहरूसमेत गरी सरकारको कुनै पनि तहका हुन सक्छन् ।[३२]

यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखले के कुरा निर्दिष्ट गरेको छ भने राष्ट्रिय संयन्त्रले भ्रमणहरू गर्दा खास दृष्टिकोण र उद्देश्य अँगाल्नु पर्छ। जस्तो कि अन्तर्राष्ट्रिय (तथा राष्ट्रिय) कानुनद्वारा निषेध गरिने खालका व्यवहार र सजाय विरुद्ध व्यक्तिको स्वतन्त्रताको संरक्षण गर्ने कार्यलाई *सुदृढ* तुल्याउनु र थुनामा तिनमाथि गरिने व्यवहार तथा त्यहाँको अवस्थामा *सुधार गर्ने* उद्देश्य राख्नु । यस निर्देशिकाको प्रयोजनका लागि हामी यो कार्यलाई विशिष्ट रूपले "मानवअधिकार" को अवधारणा भन्न सक्छौं ।

भ्रमणहरू त्यस्ता माध्यमहरू हुन् जसद्वारा राष्ट्रिय संयन्त्रले स्वतन्त्रताबाट वञ्चित गरिएका व्यक्तिहरूसँग गरिने व्यवहारको जाँचबूझ गर्छ यद्यपि यी एकमात्र माध्यम भने होइनन् । राष्ट्रिय संयन्त्रले भ्रमणको क्रममा आफूले भ्रमण गरेको खास स्थलबारे सूचना बटुल्छ । राष्ट्रिय संयन्त्रले अक्सर बन्दीहरूसँग लिइएका अन्तर्वार्ताहरूबाट पनि थुना स्थलमा आइपुग्नुभन्दा पहिले अर्थात् गिरफ्तारीको क्रममा, यातायातको क्रममा वा प्रहरी चौकी[३३] मा उनीहरूले भोग्नु परेका अवस्था र व्यवहारबारे पनि सूचना प्राप्त गर्छ ।[३४]

अर्को कुरा, राष्ट्रिय संयन्त्रले थुना स्थलहरू र स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूसँग सम्बन्धित विद्यमान तथा प्रस्तावित कानुनहरूको समीक्षा गर्नेछ । उदाहरणको लागि, ती कानुनहरू अन्तर्राष्ट्रिय मान्यताअनुरूप छन्-छैनन् सोको लेखाजोखा गर्नसक्छ र ती कानुनहरू थुना स्थलका अवस्थाहरूमा सुधार गर्न उपयुक्त छन्-छैनन् भन्ने बारे विचार गर्छ । यस सम्बन्धमा राष्ट्रिय संयन्त्रका कामको सहजीकरण गर्नका निम्ति सरकारले राष्ट्रिय संयन्त्रलाई अग्रसक्रियता (प्रोएक्टिभ) साथ मस्यौदा कानुन पठाउने अभ्यास गर्नुपर्छ जसले गर्दा राष्ट्रिय संयन्त्रलाई तिनको विश्लेषण गरी आफ्नो विचार पेश गर्न

[३२] यो निर्देशिकाको सातौं अध्यायमा सिफारिस, संवाद र कार्यान्वयनको प्रक्रियाबारे सविस्तार छलफल गरिएको छ ।

[३३] धारा २०(घ), गोप्य अन्तर्वार्ता गर्ने अधिकारको व्यावस्था, तल दफा ६.३ मा चर्चा गरिएको ।

[३४] धारा २० बारे तल खण्ड ६.२ मा छलफल गरिएको छ ।

पर्याप्त समय प्राप्त हुन सकोस् । धारा १९(ग) अनुरूप राष्ट्रिय संयन्त्रद्वारा नयाँ कानुन निर्माण गर्न वा विद्यमान कानुन संशोधन गर्नका निम्ति प्रस्ताव अघि सार्ने माध्यम पनि हुनुपर्छ ।

यी सबै सूचनाको प्रयोजन थुना स्थलका अवस्थामा सुधार गर्ने र बढी आम रूपले यातना वा अन्य दुर्व्यवहार रोकथामबारे राष्ट्रिय संयन्त्र र राज्यको बीचमा निरन्तर रूपले संवाद गर्नु हो । उक्त छलफललाई राष्ट्रिय संयन्त्रद्वारा निरन्तर रूपले सुझावहरू गर्ने कार्यमा परिणत गर्ने र सोको प्रक्रिया स्वरूप अधिकारीहरूबाट कदम चालिने कुरालाई सुनिश्चित गर्नुपर्छ । धारा १९(ख) ले मान्यता दिएअनुसार राष्ट्रिय संयन्त्रले अवस्थिति वा सिफारिस गर्ने विषयवस्तुको अधारमा वा त्यो एक वा अनेक स्थलसित सम्बन्धित स्थानीय मुद्दा हो कि प्रणालीव्यापी वा राष्ट्रव्यापी मुद्दा हो सोको आधारमा राज्यभित्रका भिन्नभिन्न अधिकारीहरूसित घरिघरि संवाद गर्नेछ ।

### *३.३.२ अन्तर्राष्ट्रिय मापदण्डतर्फको प्रगति*

यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको प्रयोजन पक्ष राष्ट्रहरूलाई स्वतन्त्रताबाट वञ्चित गरिने विषयहरूसँग सम्बन्धित अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी मान्यता तथा मापदण्डहरूको पालना गर्ने अवस्था प्राप्त गर्न सघाउ पुऱ्याउनु भएकाले राष्ट्रिय कानुनले राष्ट्रिय संयन्त्रलाई यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको धारा १९(ख) अनुरूप राष्ट्रिय मान्यता तथा मापदण्डहरूबारे विचार गरी तिनलाई कार्न्यान्वयन गर्ने छूट दिनुपर्छ । कानुन कार्यान्वयन गर्दा राष्ट्रिय संयन्त्रले सधैँ स्वतन्त्रताबाट वञ्चित व्यक्तिलाई सबैभन्दा बढी संरक्षण प्राप्त हुने खालको मापदण्ड प्रयोग गर्नुपर्छ ।

### *३.३.३ अतिरिक्त कार्यादेश*

भ्रमण, सिफारिस र अनुगमन हुँदै पुनः सिफारिसमा पुग्ने चक्र यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखअन्तर्गत कुनै पनि राष्ट्रिय संयन्त्रको कार्यादेशको प्रमुख अङ्ग बन्नुपर्छ । तर सरकारले अझ व्यापक कार्यादेश भएको नयाँ संयन्त्र निर्माण गर्नसक्छ वा व्यापक कार्यादेश प्राप्त गरेको कुनै पनि विद्यमान निकायलाई मनोनयन गर्नसक्छ । यसको अर्थ के हो भने राष्ट्रिय मानवअधिकार आयोग जस्तै राष्ट्रिय संयन्त्रले पनि

अधिकारको व्यापक शृङ्खलालाई प्रबर्द्धन गर्छ अर्थात व्यक्तिका बढी आम खालका अधिकारलाई प्रबर्द्धन गर्छ, । राष्ट्रिय संयन्त्रका कार्यहरूलाई अझ व्यापक कार्यादेशसँग मिलान गर्दा त्यसबाट सकारात्मक ऊर्जा प्राप्त हुनसक्छ । तर कुनै कुनै मिलानहरूबाट थप चुनौती र जोखिमहरू पैदा हुन्छन् भने कुनै कुनै मिलानहरूचाहिँ सधैँ अनुपयुक्त हुन्छन् ।

उदाहरणको लागि, कुनै संस्थालाई यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखअन्तर्गत गरिने भ्रमणहरूको अतिरिक्त व्यक्तिका उजुरीहरू औपचारिक रूपले दायर गर्ने र तिनबारे पुर्पक्ष गर्ने (आफ्नो भ्रमणको क्रममा आइलाग्ने उजुरीहरू लगायत) कार्यादेश दिँदा यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखका उद्देश्यहरू व्यवहारमा पूरा गर्ने कार्यमा ज्यादै ठूला व्यवधानहरू आइलाग्न सक्छन् । राष्ट्रिय संयन्त्रले उजुरी दायर गर्ने वा फैसला गर्ने मुद्दाका प्रतिवादी सरकारी अधिकारीहरू भएमा त्यसबाट राष्ट्रिय संयन्त्र र ती सरकारी अधिकारीहरूबीचको आपसी सहयोगमा आधारित सम्बन्धलाई कायम राख्न गाह्रो हुनसक्छ, जसमाथि यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको रचनात्मक संवाद निर्भर गर्छ । बन्दी, सरकारी कर्मचारी वा अन्य व्यक्तिलाई आफ्नो चिनारी खुल्ने वा आफूले दिएको सूचना पछि कुनै बेला उदाङ्गो हुने डर भएमा (जस्तो कि अभियोजन वा सुनुवाइको क्रममा) राष्ट्रिय संयन्त्रसँग कुराकानी गर्ने तिनको इच्छा स्वतः कम हुनसक्छ । व्यक्तिगत उजुरीहरू केलाउने र तिनको फर्स्यौट गर्ने जिम्मेवारी बहन गर्दा कार्यभारको चाप बढ्छ जसले गर्दा राष्ट्रिय संयन्त्रको रोकथाम भ्रमण तथा पर्यवेक्षण कार्यमा सही तरिकाले जोडतोडका साथ लाग्ने क्षमतामा ह्रास आउन सक्छ ।

अर्कोतिर, “रोकथाम” भ्रमणको क्रममा प्राप्त हुने व्यक्तिगत उजुरीहरूको नतिजा स्वरूप मुद्दाको औपचारिक प्रक्रिया शुरु गर्ने क्षमताले अधिकारीहरूमा राष्ट्रिय संयन्त्रका सिफारिसहरूलाई गम्भीर रूपले लिनुपर्ने हुँदा यसबाट थप व्यावहारिक हौसला प्राप्त हुनसक्छ । यसले भ्रमण टोलीका सदस्यहरूसँग कुरा गर्दा आफ्नो लागि केही न केही सकारात्मक नतिजा निस्कन सक्ने रहेछ भन्ने कुराबाट बन्दीहरूको आत्मविश्वास बढ्न सक्छ ।

मध्यमार्ग पनि सम्भव हुनसक्छः जस्तो कि राष्ट्रिय विशेषज्ञताप्राप्त रोकथाम संयन्त्रलाई यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको कुनै प्रावधानले पनि "सम्बन्धित अधिकारीसमक्ष" प्रस्तुत गरिने सुझावहरूमा उजुरी हेर्ने कुनै पनि वैध संस्थालाई वा अभियोजकलाई खास व्यक्तिको मुद्दाको छानबिन गर्नका निम्ति सिफारिस गर्नमा रोक लगाउँदैन ।[३५]

राज्यलाई संयुक्त कार्यादेशबाट आइलाग्ने समस्याहरू तथा प्राप्त हुने फाइदाहरूबारे होसियारीसाथ सोचविचार गरेर कुनै एक संस्थाले राष्ट्रिय संयन्त्र र व्यक्तिगत उजुरी हेर्ने मञ्च दुवैको काम गर्नसक्छ भन्ने लागेमा ती कार्यहरूबीच आन्तरिक भिन्नताको स्पष्ट रेखा कोर्नु (औपचारिक रूपले विभाजित प्रशासनिक संरचना, भौतिक रूपले अलग कार्यालय, अलग-अलग कर्मचारी र अभिलेख राख्ने प्रणाली आदि) जरुरी हुनेछ । यसो गर्नुको उद्देश्य यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखअन्तर्गत गरिने भ्रमणकालीन संवादहरूको अन्य कार्यादेशसँग सम्झौता नगरिने कुरालाई सुनिश्चित तुल्याउनु हो । अर्को कुरा, भ्रमणहरूको जिम्मेवारी बहन गर्ने कार्यालयले व्यक्तिगत उजुरीहरू हेर्ने जिम्मेवारी बहन गर्ने कार्यालयलाई संवादका दुईपक्षबीच भएको सम्मतिअनुसार खास व्यक्तिगत मुद्दाको अलग्गै छानबिन गर्ने कार्यको अनुगमन गरियोस् भनी सिफारिस गर्न सक्तछ ।

जहाँ सरकारले रोकथाम भ्रमणसम्बन्धी कार्यादेशलाई स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूका मानवअधिकारहरूको प्रबर्द्धन गर्ने कार्यमा केन्द्रित नहुने कार्यादेशसँग छ्यासमिस गर्छ त्यहाँ अझ गम्भीर कठिनाइहरू पैदा हुन सक्छन् । उदाहरणको लागि, कहिलेकाहीँ प्रशासनिक निरीक्षण गर्ने निकायहरूलाई सरकारी निर्देशन विपरीत कार्य गर्ने संस्थाविशेषको आर्थिक कार्यसम्पादनको मूल्याङ्कन गर्ने वा बन्दीहरू भाग्ने जोखिमलाई घटाउन सुरक्षासम्बन्धी कठोर उपायहरूलाई प्रबर्द्धन गर्ने लगायतका जिम्मेवारी सुम्पिइन्छ । सरकारले यी आपसमा बाझ्नसक्ने खालका भिन्नभिन्न हितहरूका बीचमा सन्तुलन कायम गर्ने उपायहरू पत्ता लगाउनु पर्छ भने राष्ट्रिय संयन्त्रले चाहिँ धारा ४ र १९ ले कार्यादेश

[३५] छैटौं अध्यायमा हामी के देख्नेछौं भने यस प्रकारका मामिलाहरूमा राष्ट्रिय संयन्त्रले छानबिन गर्ने अधिकारीहरूसँग के कति सूचना बाँडचुँड गर्ने हो सो कुरा अन्तर्वार्ता लिइने व्यक्तिहरूको सम्मतिको तहमा भर पर्ने छ ।

निर्धारण गरेबमोजिम सधैं नै स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूको मानवअधिकारलाई प्रबर्द्धन गर्ने दृष्टिबाट काम गर्नुपर्छ ।



यसर्थ राष्ट्रिय संयन्त्रलाई यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको कार्यादेशसँग बाझिन सक्ने खालका थप कार्यादेशहरू दिइनु हुँदैन । उदाहरणको लागि, राष्ट्रिय संयन्त्रलाई त्यसको कार्यादेशको एक अङ्गका रूपमा बजेटमा उल्लेख गरिएका लक्ष्यहरू पूरा गर्नका लागि खर्च घटाउने जिम्मेवारी सुम्पिनु अनुचित हुनेछ, कारण यसबाट स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूका अवस्थामा प्रतिकूल असल पर्नसक्छ । त्यसैगरी, संस्थाहरूले तिनका आर्थिक लक्ष्यहरू पूरा गरेका छन्-छैनन् सोको मूल्याङ्कन गर्ने जिम्मेवारीसमेत एकसाथ बहन गर्नुको कारण राष्ट्रिय संयन्त्रलाई खर्चिलो तर सुधारका लागि आवश्यक प्रस्ताव प्रस्तुत गर्न नसकिने कुरा गलत महसुस हुनु हुनेछ ।[३६]

### *३.३.४ एपीटीका सुझाव*

- **राष्ट्रिय संयन्त्रलाई “मानवअधिकार अवधारणा” मा आधारित दृष्टिकोण अँगाल्ने कार्यादेश दिइनु पर्छ । यसको उद्देश्य यातना वा अन्य दुर्व्यवहार तथा स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूको संरक्षण गरिने कार्यलाई सुदृढ तुल्याउनु र तिनका अवस्थाहरूमा सुधार गर्नु रहन्छ ।**
- **सरकारले मस्यौदा कानुनहरू टिप्पणीका लागि राष्ट्रिय संयन्त्रलाई पठाउने अग्रक्रियाशील अभ्यास गर्नुपर्छ । राष्ट्रिय संयन्त्र नयाँ कानुन बनाउने वा विद्यमान कानुन संशोधन गर्ने प्रस्तावहरू प्रस्तुत गर्न समर्थ हुनुपर्छ ।**
- **कार्यान्वयनकारी कानुनले राष्ट्रिय संयन्त्रलाई बन्दीहरूको अधिकतम संरक्षण हुने मापदण्ड प्रयोग गरी राष्ट्रिय मान्यताहरूको अतिरिक्त अन्तर्राष्ट्रिय कानुन तथा मापदण्डहरूबारे सोचविचार गर्ने अधिकार दिनुपर्छ, र यसको लागि उसलाई स्पष्ट शब्दमा अधिकारसम्पन्न बनाउनु पर्छ ।**

---

[३६] निरीक्षणसम्बन्धी अन्य कार्यादेशहरूसँग स्वतन्त्र निरीक्षण भ्रमण कार्यको सम्झौता गर्ने कार्यबाट उत्पन्न हुने कठिनाइसम्बन्धी चिन्ताहरूको परिणामस्वरूप संयुक्त अधिराज्यले अक्टोबर २००६ को निर्णयबाट महारानीको कारागारसम्बन्धी विद्यमान प्रमुख निरीक्षकको कार्यालयलाई (जसलाई राष्ट्रिय संयन्त्रमा मनोनय गरिने छ) अनेकौं फौजदारी न्यायसम्बन्धी निरीक्षणालयसँग गाभ्ने योजनालाई बदर गरिदियो ।

- **राष्ट्रिय संयन्त्रका रूपमा मनोनयन गरिएको संस्थाले पाउने कार्यादेश यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखमा बयान गरिएको भन्दा व्यापक हुनसक्छ ।**
- **एउटै संस्थाले राष्ट्रिय संयन्त्र र व्यक्तिगत उजुरीहरू हेर्ने मञ्च दुवैका रूपमा काम गर्नुपर्ने भएमा यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखअन्तर्गतका रोकथामकारी कार्यहरूको अन्य कार्यादेशहरूसँग सम्झौता हुन नपाओस् भन्ने कुरालाई सुनिश्चित गर्न दुईथरी कार्यलाई आन्तरिक रूपले अलग गर्ने कडा व्यवस्था गर्नु जरुरी छ। उदाहरणको लागि, यसमा सामान्यतः औपचारिक रूपले विभाजित प्रशासनिक संरचना, भौतिक रूपले अलग कार्यालयहरू, अलग कर्मचारीहरू, अभिलेख राख्ने अलग प्रणाली आदि पर्दछन् ।**
- **राष्ट्रिय संयन्त्रले रोकथाम भ्रमणसम्बन्धी कार्यादेशलाई खर्च घटाउने वा बन्दी भाग्ने जोखिम घटाउने जस्ता मूलतः स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूको मानवअधिकार संरक्षण गर्ने कार्यसँग असम्बन्धित कार्यादेशलाई छ्यासमिस पार्नु हुँदैन ।**

## ३.४ भ्रमणको समयक्रम

### *३.४.१ परिचय*

यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको शर्तअनुसार राष्ट्रिय संयन्त्रलाई विभिन्न श्रोतहरूबाट प्राप्त हुने जानकारीका आधारमा खास थुना स्थलहरूको के कति समयमा भ्रमण गर्ने भन्ने कुरा निधो गर्ने अधिकार छ । सामान्यतः आवश्यक अधिकारले सुसज्जित स्वतन्त्र विज्ञहरूको मनग्गे संख्याद्वारा उपयुक्त तरिकाले भ्रमणको सञ्चालन गरिने छ भन्ने अनुमान गर्दा जति छिटोछिटो भ्रमण गऱ्यो, भ्रमण कार्यक्रम त्यति नै प्रभावकारी हुन्छ ।

वास्तवमा, अधिकांश घटनाको हकमा राष्ट्रिय संयन्त्रले सञ्चालन गर्नसक्ने भ्रमणको संख्या राज्यद्वारा यसलाई छुट्ट्याइने आर्थिक तथा मानवीय श्रोत-साधनमाथि निर्भर गर्दछ ।[३७]

[३७] तल चौथो अध्याय खण्ड ४.६ मा राष्ट्रिय संयन्त्रहरूको आर्थिक स्वतन्त्रताको संरक्षण गर्दै तिनलाई अर्थ छुट्ट्याइने उपयुक्त प्रक्रियाहरूबारे छलफल गरिएको छ ।

यो कुरा सामान्यतः यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखका शर्तहरू पूरा गर्नका निम्ति राष्ट्रिय संयन्त्रले गर्नुपर्ने भ्रमणहरूको समयक्रम तथा लम्बाइसम्बन्धी केही परिकल्पनामा आधारित छ ।



यस खण्डमा यी सीमित प्रयोजनहरूका लागि अनुमानहरू तय गर्ने र प्रस्तावित आर्थिक/मानवीय श्रोत-साधनहरूको विनियोजनको मूल्याङ्कनमा सघाउ पुऱ्याउने मार्गदर्शनहरू प्रस्तुत गरिएका छन् ।[३८] हामी पहिले भिन्नभिन्न प्रकारका भ्रमणहरूमाथि दृष्टि दिनेछौँ, त्यसपछि खासखास थुना स्थलको भ्रमणक्रमलाई छिटो वा ढिलो गराउने कारणहरूमाथि समेत दृष्टि दिँदै भिन्नभिन्न प्रकारका थुना स्थलहरूको चर्चा गर्नेछौँ ।

### ३.४.२ भ्रमणका प्रकार

#### *३.४.२.१ मिश्रित कार्यक्रम*

रोकथाम भ्रमणहरूको प्रभावकारी कार्यक्रममा सघन प्रकृतिका आवधिक भ्रमणहरू र अलि छोटा तदर्थ भ्रमणहरू छ्यासमिस भएका हुन्छन् । कुनै खास थुना स्थलको भ्रमणहरूको न्यूनतम समयक्रम भ्रमणको प्रकार, भ्रमण गरिने स्थलहरूको प्रकार, उक्त स्थलको अघिल्लो भ्रमणबाट निस्केका खोजहरू तथा उक्त स्थलसम्बन्धी सूचनाका अन्य भरपर्दा गैरसरकारी श्रोतहरूमाथि निर्भर गर्ने छ । सामान्यतः, बढी गम्भीर समस्या भएका भनेर चिनिएका स्थलहरूमा बढी छिटो समयक्रममा भ्रमण गर्ने लक्ष्य राखिनु जरुरी हुन्छ ।

बेलायत र वेल्सका कारागारका प्रमुख निरीक्षकका भ्रमणहरू सघन तथा तदर्थ प्रकारका छ्यासमिसे भ्रमण कार्यक्रमहरू सञ्चालन गर्नका निम्ति बनाइएको राष्ट्रिय भ्रमण निकायको एउटा उदाहरण हो (जसलाई राष्ट्रिय संयन्त्रमा मनोनयन गरिने छ) ।[३९] प्रमुख

---

[३८] यस खण्डमा उपलब्ध गराइएको मार्गदर्शन एपीटीका बारबरा बर्नाथ र इस्थर स्काउफेलबर्गरको विज्ञतामा आधारित छ ।

[३९] यससम्बन्धी थप जानकारीका लागि हेर्नुहोस्, १८ अगस्त २००६ मा प्रस्तुत http://inspectorates, homeoffice. gov.uk/ hmiprisons/ के कुराको हेक्का रहोस् भने यस कार्यालयको कार्यादेश यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक सन्धिपत्रमा परिभाषा गरिएभैँ सबै थुना स्थलहरूमा लागू हुँदैन । संयुक्त अधिराज्यका अन्य स्थलहरू राष्ट्रिय संयन्त्रका रूपमा मनोनयन गरिने विभिन्न संस्थाहरूले समेट्ने छन् ।

निरीक्षक र पाँचवटा टोली भएको उनको कर्मचारीगणले प्रत्येक कारागारमा कम्तीमा पनि पाँच वर्षमा एक पटक पूर्वघोषित सघन निरीक्षण कार्य सञ्चालन गर्छ। यस प्रकारको घोषित भ्रमण पूरा गर्न पुरै पाँच दिन लाग्छ। निरीक्षणालयले बीच-बीचमा पहिचान गरिएका समस्याको गम्भीरताको आधारमा विभिन्न लम्बाइ र संख्या भएका अघोषित अनुगमन भ्रमणहरू सञ्चालन गर्छ। उच्च जोखिम भएका स्थलमा 'घोषित भ्रमणहरू' गरिन्छ जुन भ्रमण पाँच दिनका हुन्छन्। अन्य स्थलहरूमा 'छोटा अघोषित भ्रमण' गरिन्छ जुन भ्रमण दुईदेखि चार दिनका हुन्छन्।

कतिपय विद्यमान राष्ट्रिय निकायहरूले खास गरेर समुदायमा आधारित ज्यादै छिटो समयक्रममा थुना स्थलहरूको भ्रमण गर्ने स्वयंसेवी कार्यक्रममार्फत् निरन्तर अनुगमन गर्ने गर्छन्। यस प्रकारका भ्रमणहरू सबैभन्दा छिटो समयक्रममा हुने हुनाले साधारणतया ती निकायहरूले यस्ता भ्रमण गर्छन् जसलाई राष्ट्रिय संयन्त्रले पूरा गर्नुपर्ने यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखका अन्य शर्तहरू पूरा गर्न गाह्रो भएको हुन्छ। त्यसकारण यस्ता निकायहरूले सामान्यतः राष्ट्रिय संयन्त्रको औपचारिक अङ्गका रूपमा नभई त्यसको सूचनाको श्रोतका रूपमा कार्य गर्छन्।

तलको खण्डमा प्रत्येक प्रकारको भ्रमणबारे पालैपालो चर्चा गरिएको छ।

*३.४.२.२ सघन भ्रमण*

सघन भ्रमणको लक्ष्य थुना प्रणालीको विस्तृत विश्लेषण प्रस्तुत गर्नु हो, र उक्त विश्लेषणको उद्देश्यचाहिँ भविष्यमा यातना वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार (थुनाका न्यूनस्तरीय अवस्थाद्वारा समेत) पैदा गर्ने गाँठी कारणहरूको पहिचान गरी ती कारणहरूलाई व्यावहारिक तथा आदर्शात्मक तहमा सम्बोधन गर्ने सुझावहरू तयार पार्नु हो।

एपीटीको *थुना स्थलहरूको अनुगमनः एक व्यावहारिक निर्देशिका* नामक प्रकाशनमा प्रभावकारी भ्रमणको क्रममा के गरिनु पर्छ भन्ने कुराको वर्णन गरिएको छ।[४०] प्रत्येक

[४०] निर्देशिकाको लागि हेर्नुहोस् www.apt.ch

सघन भ्रमणमा धेरै बन्दीहरूसँग अन्तर्वार्ता गरिनु पर्छ। यसर्थ यस प्रकारको भ्रमण थुनामा रहेका व्यक्तिहरूको संख्या हेरी कम्तीमा पनि एकदेखि तीन दिनसम्म चल्नसक्छ। उदाहरणको लागि, कारागारहरूको सघन भ्रमणको तर्कसङ्गत आँकलन गर्नका निम्ति निम्नलिखित मार्गदर्शनहरूको पालना गरिनु जरुरी छः

- बन्दीहरू ५० भन्दा कम भएमा भ्रमण कम्तीमा पनि एक दिनको हुनुपर्छ।
- बन्दीहरू ५० देखि ९९ सम्म भएमा भ्रमण कम्तीमा पनि दुई दिनको हुनुपर्छ।
- बन्दीहरू १०० देखि २९९ सम्म भएमा भ्रमण कम्तीमा पनि तीन दिनको हुनुपर्छ।
- बन्दीहरू ३०० भन्दा धेरै भएमा भ्रमण कम्तीमा पनि चार दिनको हुनुपर्छ।

प्रहरी चौकीहरूको सघन भ्रमणअतर्गत सामान्यतः खास क्षेत्रका अनेक प्रहरी चौकीहरूलाई समेट्ने गरिन्छ। त्यसकारण यस कार्यको लागि न्यूनतम अनेक दिनको समय आवश्यक हुन आउँछ।

सघन भ्रमणहरूको लागि सम्बन्धित थुना स्थलको परिवेश बुझ्न आवश्यक पर्ने क्षमता र ज्ञान भएका विज्ञहरूको बहुविद्यागत टोली जरुरी हुन्छ [हेर्नुहोस् यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको धारा १८(२)][४१] एपीटीको सिफारिसअनुसार सघन भ्रमण टोलीमा कम्तीमा पनि तीनजना विज्ञहरू हुनुपर्छ।

### *३.४.२.३ तदर्थ भ्रमण*

तदर्थ भ्रमणहरू सघन भ्रमणहरूको बीच बीचमा हुने गर्छन्। यी भ्रमणको उद्देश्य सघन भ्रमण टोलीद्वारा गरिएका सिफारिसहरूको अनुगमन गर्नु र बन्दीहरू बदलाको शिकार नहोउन् भन्ने कुरालाई सुनिश्चित गर्नु हो। भ्रमणको निरुत्साहनकारी असर पर्ने सम्भावनालाई छल्नका निम्ति यस्ता भ्रमणहरू पूर्व सूचनाविना नै गरिनु पर्छ। त्यसकारण यस्ता भ्रमणहरू समयक्रममा अपर्झट गरिनु पर्छ। राष्ट्रिय संयन्त्रलाई कुनै पनि बेला कुनै पनि थुना स्थलको भ्रमण (पूर्व सूचनाविना – तल खण्ड ६.१.३ मा यससम्बन्धी चर्चा

[४१] तल पाँचौं अध्यायमा राष्ट्रिय संयन्त्रको बनोटबारे सविस्तार चर्चा गरिएको छ।

गरिएको छ) गर्ने अधिकार त यसै छँदैछ । तदर्थ भ्रमण पनि पूर्वानुमान नगरिएका कुनै घटनाप्रति प्रतिक्रिया जनाउने ढङ्गले (जस्तो कि थुना स्थलमा हुने मृत्यु, दङ्गा आदि) अथवा कुनै खास विषयको छानबिन गर्ने अभिप्रायले गर्न सकिन्छ ।

अक्सर तदर्थ भ्रमणहरू सघन भ्रमणहरूभन्दा छोटा हुने हुँदा ससना भ्रमण टोलीहरूले यस्ता भ्रमण गर्न सक्छन् । एपीटीको सिफारिसअनुसार राष्ट्रिय संयन्त्रले भ्रमणमा बिताउने कुल समयको करिब एक तिहाई समय तदर्थ भ्रमणमा लगाउनु पर्छ ।

*३.४.२.४ निरन्तर अनुगमन*

निरन्तर गरिने भ्रमणहरूको उद्देश्य थुना स्थलमा दिनदिनै (वा झण्डैजसो दिनदिनै) बाहिरियाहरूको उपस्थिति खडा गरी अधिकारी र कर्मचारीहरूलाई दुर्व्यवहार गर्न मनाही गर्नु, थुना स्थललाई बढी मानवीय बनाउन सघाउ पुऱ्याउनु र रिहाइपछि बन्दीहरू समाजमा पुनः घुलमिल हुने सम्भावना बढाउनु हो । कहिलेकाहीँ यी भ्रमणकर्ताहरूले मध्यस्थकर्ताको भूमिका खेलेर खासखास बन्दीहरूका समस्या हल गर्न सघाउ पुऱ्याउँछन् । निरन्तर भ्रमण गर्ने निकायहरू निरन्तर रूपले उपलब्ध होउन् भन्नाखातिर त्यस्ता निकायहरूमा अक्सर गैरविज्ञ स्वयंसेवकहरू रहेका हुन्छन् जो पहिलेदेखि नै थुना स्थल नजिक बसोबास गर्दै आएका छन् ।

विश्लेषणात्मक प्रतिवेदनहरूको मस्यौदा नगरिकन र औपचारिक सिफारिसहरू नगरिकन केवल निरन्तर रूपले भ्रमणमात्र गरेर राष्ट्रिय संयन्त्रको कार्यादेश पूरा हुँदैन [हेर्नुहोस् यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको धारा १९(ख) र (ग)] । निरन्तर भ्रमण कार्यक्रमको मात्राले गर्दा यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखका विज्ञता, स्वतन्त्रता, सुविधा र उन्मुक्तिहरू जस्ता शर्तहरू पूरा गर्नका निम्ति चाहिने श्रोत-साधन तथा कानुनी खाका उपलब्ध गराउन राज्यलाई अक्सर अप्ठ्यारो हुन्छ ।

त्यसकारण निरन्तर भ्रमणसम्बन्धी योजनालाई सामान्यतः राष्ट्रिय संयन्त्रको औपचारिक अङ्गका रूपमा स्वीकार गर्नु उपयुक्त नभए पनि यस्ता योजनाहरू राष्ट्रिय संयन्त्रको सघन र तदर्थ कार्यक्रमको पूरकका रूपमा भने ज्यादै उपयोगी हुन सक्छन् । यी कार्यक्रमले बढी छिटोछिटो कुनकुन स्थलको भ्रमण गर्ने, भ्रमणको क्रममा के कस्ता प्रश्न सोध्ने र

कुनकुन कुराको निरीक्षण गर्ने भन्ने निधो गर्न सघाउ पुऱ्याउने हुनाले राष्ट्रिय संयन्त्रका लागि बाहिरी सूचनाको श्रोतका रूपमा यी विशेष महत्वपूर्ण हुन सक्छन् ।



राष्ट्रिय संयन्त्रले सघन भ्रमणपछि गरेका सिफारिसहरूको कार्यान्वयन नहुन्जेलको लागि आन्तरिक उपायका रूपमा निरन्तर भ्रमणलाई सिफारिस गर्न पनि सक्छ । निरन्तर भ्रमणले समुदाय र बन्दीबीच सम्बन्ध-सूत्र कायम गरी थुना स्थलहरूको तनाव घटाएर राष्ट्रिय संयन्त्रको कामको आधारमा रचनात्मक संवादको दरिलो जग बसाल्न पनि सघाउ पुऱ्याउन सक्छ ।

### ***३.४.३ विभिन्न थुना स्थलको भ्रमणको समयक्रम***

कुनै कुनै थुना स्थलहरूमा स्वभावतः दुर्व्यवहारको जोखिम बढी हुने हुँदा त्यस्ता स्थलहरूमा औसत कम्तीमा पनि वर्षको एक पटक सघन भ्रमण (बीचबीचमा तदर्थ भ्रमणहरूको निरन्तरता हुने सम्भावना त छँदैछ) गर्नु जरुरी हुन्छ । उदाहरणको लागि,

- समस्याहरूको पहिचान भएका प्रहरी चौकीहरूमा,
- तहकीकातको लागि फेरि थुनामा पठाइने र पुर्व-पुर्पक्ष थुना स्थलहरूमा,
- विशेष जोखिममा परेका समूहहरूको घुइँचो भएका स्थलहरूमा,

यातना तथा अन्य दुर्व्यवहार रोकथाम गर्ने दृष्टिबाट **प्रहरी चौकीहरू** विशेष महत्वपूर्ण स्थल हुन् । कानुन कार्यान्वयन गर्ने अधिकारीहरूलाई प्रहरी चौकीहरूका बन्दीहरूसम्बन्धी सूचना प्राप्त गर्ने कार्यले सायद सबैभन्दा बढी टाउको दुखाउँछ । त्यहाँ बन्दीहरू आउने क्रम अक्सर ज्यादै उच्च हुन्छ । त्यहाँ राखिने बन्दीहरू अत्यन्तै अस्थायी प्रकृतिका हुने हुँदा त्यहाँका अवस्थाहरूमा सुधार गर्नका लागि दिगो वा सङ्गठित दबाब पर्ने सम्भावना कमैमात्र हुन्छ । धेरैजसो देशमा प्रहरी चौकीहरूको कुल संख्या ज्यादै धेरै हुने हुँदा राष्ट्रिय संयन्त्रलाई सबै प्रहरी चौकीमा वर्षमा एक पटक भ्रमण गर्न गाह्रो हुनसक्छ । त्यसकारण एपीटीको सिफारिसअनुसार राष्ट्रिय संयन्त्रलले **समस्याको पहिचान भएको प्रत्येक प्रहरी चौकी**मा कम्तीमा पनि वर्षको एक पटक सघन भ्रमण र बीचबीचमा तदर्थ भ्रमणहरू गर्नुपर्छ । साथै वर्षको बीचबीचमा अपर्झट तरिकाले छानिएका अन्य प्रहरी चौकीहरूमा सघन तथा तदर्थ भमणहरू पनि गरिरहनु पर्छ ।

पूर्व-पुर्पक्ष थुना स्थलहरू तथा हकीकातका लागि बन्दीलाई फिर्ता पठाइने स्थलहरूमा छिटोछिटो गरिने भ्रमणहरू उक्त स्थलहरूमा हुनसक्ने यातनालाई रोकथाम गर्ने दृष्टिबाट त महत्वपूर्ण हुन्छन् नै, तहकीकातका लागि फिर्ता पठाइने बन्दीहरू बसेर आएका प्रहरी चौकीहरू हुनाले त्यहाँको अवस्था र व्यवहारबारे जानकारी प्राप्त गर्नका निम्ति पनि अति महत्वपूर्ण स्थल हुन सक्छन् । राष्ट्रिय संयन्त्रलाई देशका सयौं वा हजारौं प्रहरी चौकीमध्ये कुनकुन चौकीको भ्रमण गर्ने भन्ने निधो गर्न त्यो सूचना अति जरुरी हुन्छ । यसर्थ व्यक्तिहरूलाई तहकीकातका लागि फिर्ता पठाइने स्थलहरू र पूर्व-पुर्पक्ष थुना केन्द्रहरूमा कम्तीमा पनि वर्षको एक पटक भ्रमण गर्नैपर्छ । बीचबीचमा तदर्थ भ्रमणहरू गर्ने सम्भावना त यसै छँदैछ ।

विशेष जोखिममा रहेका बन्दीहरूको घुइँचो भएका स्थलहरूमा पनि वर्षको कम्तीमा एक पटक सघन भ्रमण गर्नुपर्छ (बीचबीचमा तदर्थ भ्रमणहरू गर्ने सम्भावना त यसै छँदैछ) । साधारणतया यस्ता स्थलहरूमा बसाइँ सरेकाहरू, महिला, नाबालक, मनोरोगी, राष्ट्रिय, जनजातीय, धार्मिक वा भाषिक अल्पसंख्यकहरू, आदिवासीहरू वा अपाङ्गहरूको साँच्ची नै घुइँचो हुने विशेष प्रकारका केन्द्र वा स्थलहरू पर्दछन् । यस प्रकारका मानिसहरूले सामना गर्नुपर्ने जोखिम प्रत्यक्ष भेदभाव हुनसक्छ, अथवा यी समूहहरूका सदस्यलाई आफ्ना आधारभूत आवश्यकता पूरा गर्न जे जस्ता विशेष उपायहरूको खाँचो पर्छ ती कुराहरू उपलब्ध नभएको हुनसक्छ ।[४२]

आदर्शका कुरा गर्ने हो भने **अन्य प्रकारका थुना स्थलहरू** (उदाहरणको लागि कारागारसमेत) को कम्तीमा पनि वर्षको एक पटक भ्रमण गर्नुपर्छ । तर प्रस्थान विन्दुका रूपमा देशमा भएका यी अन्य थुना स्थलहरूको औसत कम्तीमा प्रत्येक तीन वर्षमा एक पटक सघन भ्रमण गर्नुपर्छ । बीचबीचमा तदर्थ भ्रमणहरू गर्ने सम्भावना त यसै छँदैछ ।

यी अन्य प्रकारका थुना स्थलहरूको भ्रमणको वास्तविक समयक्रमको निर्धारण गर्ने क्रममा राष्ट्रिय संयन्त्रले खासखास थुना स्थलमा असर पार्ने विभिन्न तत्वहरूबारे विचार

[४२] उदाहरणको लागि मानवअधिकार समिति, हेर्नुहोस्, Hamilton v. Jamaica, Communication No. 616/1995,UN. Doc. CCPR/C/66/D/616/1995 (२८ जुलाई १९९९), अनुच्छेद ८.२ ।

गर्नु जरुरी छ । यी स्थलहरूमा गरिने भ्रमणको समयक्रम निर्धारण गर्नको निम्ति राष्ट्रिय संयन्त्रले विभिन्न श्रोतबाट सङ्कलन गरेको सूचनाको विश्लेषण गर्नुपर्छ (जस्तो कि अघिल्ला भ्रमणहरू, पहिले उक्त स्थलमा भएका बन्दीहरूसँग लिइएका अन्तर्वार्ताहरू, अनुसन्धान, समाचार रिपोर्टहरू आदि) ।

यस प्रकारको सूचनाको आधारमा यातना वा अन्य दुर्व्यवहारजस्ता गम्भीर समस्याहरू भएको जानकारी वा आशङ्का भएका अथवा देशका अन्य थुना स्थलहरूको दाँजोमा थुना स्थलको अवस्था नराम्रो भएको जानकारी प्राप्त भएका ठाउँहरूको पनि कम्तीमा वर्षको एक पटक सघन भ्रमण गर्नुपर्छ, ती थुना स्थलहरूको प्रकार चाहे जस्तोसुकै होस् । बीचबीचमा तदर्थ भ्रमणहरू गर्ने सम्भावना त छँदैछ । यातनासम्बन्धी राष्ट्रसंघीय विशेष प्रतिवेदकको भनाइ के छ भने राष्ट्रिय संयन्त्रले “केही महिनाको समयक्रममा र कतिपय सन्दर्भमा त अझ छोटो समयक्रममा ठूला वा बढी विवादास्पद थुना स्थलहरूको भ्रमण गर्नुपर्छ ।”[४३]

अन्य थुना स्थलहरूको हकमा भ्रमणको समयक्रममा ढिलाइ गर्न सकिने केही तर्कसङ्गत पहलुहरू हुन सक्छन्, जस्तो कि:

- अन्य स्थानीय भ्रमण निकायहरूद्वारा गरिने निरन्तर पर्यवेक्षण (राष्ट्रिय संयन्त्र स्वयंले होइन) जुन अर्थपूर्ण सावित भएको छ, र जसमा राष्ट्रिय संयन्त्रलाई खास थुना स्थलहरूबारे सूचना उपलब्ध गराउने क्षमता र दायित्व छ, अथवा
- राष्ट्रिय संयन्त्रको अघिल्लो सघन भ्रमणबाट कुनै थुना स्थलमा गम्भीर समस्या वा यातना वा दुर्व्यवहारको जोखिम नभएको, थुना स्थलको अवस्था राम्रो भएको र त्यसले सरकारी अधिकारीहरूबाट उदाहरणीय सहयोग पाइरहेको जानकारी भएमा ।

यस प्रकारका सीमित परिस्थितिहरूमा, खास गरेर समस्याहरू भएको जानकारी भएका प्रहरी चौकीहरू, तहकीकातको लागि फिर्ता पठाइने स्थल वा पूर्व-पुर्पक्ष थुना केन्द्रहरू,

[४३] यातनासम्बन्धी राष्ट्रसंघीय विशेष प्रतिवेदकद्वारा २००६ मा महासभालाई दिएको प्रतिवेदन, राष्ट्रसंघीय दस्तावेज, A /61/259 (१४ अगष्ट २००६), अनुच्छेद ७१ ।

विशेष गरेर निम्छरा समूहहरूको घुइँचो भएका स्थलहरू अथवा गम्भीर समस्या भएको जानकारी प्राप्त जानकारी भएका वा आशङ्का गरिएका स्थलहरूबाहेक अन्य खास स्थलहरूमा गरिने सघन भ्रमणबीचको समयक्रमलाई राष्ट्रिय संयन्त्रले लम्ब्याउने निधो गर्न सक्छ । कस्तै परिस्थितिमा पनि आधिकारिक थुना स्थलमा गरिने सघन भ्रमणको समयक्रमलाई बढीमा पाँच वर्षभन्दा पर सार्नु हुँदैन ।

अर्को कुरा, खासखास थुना स्थलहरू भौगोलिक दृष्टिले एकलासे ठाउँमा छन् वा राष्ट्रिय संयन्त्रका आर्थिक, बन्दोबस्तीसम्बन्धी श्रोत-साधनहरू र मानवीय श्रोत-साधनहरू सीमित छन् भन्ने कुरालाई भ्रमण गर्नैपर्ने थुना स्थलहरूमा कम भ्रमण गर्ने कुराको औचित्य सिद्ध गर्नका निम्ति राज्यले उपयोग गर्ने कुरा यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखले सोचेकै छैन । सिद्धान्ततः राष्ट्रिय संयन्त्रले आफ्ना भ्रमणहरूमार्फत् निजी स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूलाई प्रदान गर्ने संरक्षण थुना स्थल रहेको क्षेत्रका आधारमा फरक-फरक हुनु हुँदैन । दसौँ अध्यायमा हामी राज्यका भौगोलिक दृष्टिले छरिएका थुना स्थलहरूको चुनौतीलाई सम्बोधन गर्ने माध्यमका रूपमा राष्ट्रिय संयन्त्रका कार्यक्रमहरूको विकेन्द्रीकरण गर्ने सम्भावनाबारे विचार गर्नेछौँ ।

### *३.४.४ एपीटीका सुझाव*

**राष्ट्रिय संयन्त्रले गर्ने भ्रमणको समयक्रमको आँकलन एउटा कार्यक्रममा अधारित हुनुपर्छ जसमाः**

- **लामा सघन भ्रमणहरूलाई (कम्तीमा पनि तीनजना विज्ञहरूको बहुविद्यागत भ्रमण टोलीले एकदेखि चार दिनसम्म गर्ने भ्रमण) छोटा तदर्थ भ्रमणहरूसँग (अलि साना टोलीहरूले बीचमा गर्नसक्ने भ्रमण) तालमेल गराइन्छ,**
- **राष्ट्रिय संयन्त्रको भ्रमणको कुल समयको करिब एक तिहाई समय तदर्थ भ्रमणहरूका लागि छुट्ट्याइन्छ,**
- **तल उल्लेख गरिएको महलभित्रको प्रत्येक स्थलमा औसत कम्तीमा पनि वर्षको एक पटक सघन भ्रमण गरिन्छ, र बीचबीचमा तदर्थ भ्रमणहरू भइरहने सम्भावना रहन्छः**

⇒ समस्याहरूको जानकारी भएका प्रहरी चौकीहरू र हचुवा तरिकाले छानिने अन्य प्रहरी चौकीहरू,

⇒ बन्दीलाई तहकीकातका लागि फिर्ता पठाइने स्थल वा पूर्व-पुर्पक्ष केन्द्रहरू,

⇒ विशेष गरेर निम्छरा समूहहरूको घुइँचो लागेका स्थलहरू,

⇒ यातना वा अन्य दुर्व्यवहारसम्बन्धी गम्भीर समस्याहरू भएको जानकारी पाइएका वा आशङ्का गरिएका अन्य स्थलअरू वा देशका अन्य थुना स्थलहरूको तुलनामा खराब अवस्थाहरू भएको जानकारी पाइएका अन्य स्थलहरू,

- अन्य प्रत्येक स्थलमा औसत कम्तीमा तीन वर्षमा एक पटक सघन भ्रमण गरिन्छ (बीचबीचमा तदर्थ भ्रमणहरू गरिन्छ), तर त्योभन्दा छोटो समयक्रममा गरिनु राम्रो हो,
- कुनै पनि आधिकारिक थुना स्थलमा कम्तीमा पनि पाँच वर्षमा एक पटक सघन भ्रमण गरिन्छ, अनि यो लामो समयक्रममा प्रासङ्गिक सूचनाको आधारमा तदर्थ भ्रमणहरू गरिन्छ,
- थुना स्थल एकलासे ठाउँमा हुनाको कारणबाट वा राज्यद्वारा राष्ट्रिय संयन्त्रमाथि थोपरिने आर्थिक, बन्दोबस्तीसम्बन्धी श्रोत-साधन वा मानवीय साधन-श्रोतको सीमितताको आधारमा भ्रमणको आवश्यकता पर्ने कुनै पनि थुना स्थलको भ्रमण नगरिने कुरालाई यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखले स्वीकार गर्दैन ।

# ४

# स्वायत्तता


| | | |
|---|---|---|
| ४.१ | परिचय | ४६ |
| ४.२ | स्वायत्तताका आधार | ४७ |
| ४.३ | स्वतन्त्र सदस्य र कर्मचारी | ४८ |
| ४.४ | नियुक्ति प्रक्रिया | ५० |
| ४.५ | विशेषाधिकार र उन्मुक्ति | ५२ |
| ४.६ | आर्थिक स्वायत्तता | ५६ |
| ४.७ | एपीटीका सुझाव | ५९ |

> **धारा १८**
>
> १. पक्ष राष्ट्रहरूले राष्ट्रिय रोकथाम संयन्त्रहरूको कार्यगत स्वतन्त्रता तथा यिनका पदाधिकारीहरूको स्वतन्त्रताको प्रत्याभूति प्रदान गर्नेछन् । (...)
>
> ४. राज्यहरूले राष्ट्रिय संयन्त्रहरूको स्थापना गर्ने क्रममा मानवअधिकारको प्रवर्द्धन र संरक्षण गर्ने राष्ट्रिय संस्थाहरूको हैसियतसम्बन्धी मान्यताबारे उचित रूपले विचार पुऱ्याउनु पर्नेछ ("पेरिस सिद्धान्तहरू") ।

## ४.१ परिचय

राष्ट्रिय संयन्त्रहरू साँच्ची नै स्वतन्त्र नभएको खण्डमा तिनले गर्ने भ्रमण यातना वा अन्य दुर्व्यवहारलाई प्रभावकारी ढङ्गले रोकथाम गर्न सक्दैनन् । ऐच्छिक आलेखको धारा १८(१) राष्ट्रिय संयन्त्रहरूको कामकाजी स्वतन्त्रतालाई सुनिश्चित गर्न राज्यले कदमहरू चाल्नुपर्ने शर्तसम्बन्धी मुख्य प्रावधान हो ।

धारा १८(४) ले संयुक्त राष्ट्रसंघका "मानवअधिकारको प्रवर्द्धन र संरक्षण गर्ने राष्ट्रिय संस्थाहरूको हैसियतसम्बन्धी मान्यताहरू" लाई इङ्गित गर्छ (यी मान्यताहरूलाई पेरिस सिद्धान्त पनि भनिन्छ), जुन मान्यतामा यस प्रकारका संस्थाहरूको स्वतन्त्रताको रक्षा गर्ने कदमहरू थप विस्तारपूर्वक समावेश गरिएका छन् ।[४४] तर पेरिस सिद्धान्तहरू पहिले व्यापक कार्यादेश प्राप्त मानवअधिकार संस्थाहरूको (अर्थात् मानवअधिकार आयोगहरूको) प्रयोजनका निम्ति तयार पारिएको थियो । त्यसकारण उक्त मान्यताका कतिपय पक्षहरू यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको अभिप्रायसँग मेल खाँदैनन् । राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको पाठमा अरू यसका कतिपय मान्यताहरूको सट्टा बढी विस्तृत प्रावधानहरू राखिएका छन् ।

यसपछिको खण्डमा यसको कामकाजी स्वतन्त्रताका विभिन्न पक्षहरूको जाँचबूझ गरिने छ ।[४५]

[४४] "मानवअधिकारको संरक्षण तथा प्रवर्द्धन गर्ने राष्ट्रिय संस्थाहरूको हैसियत तथा कार्यसम्बन्धी मान्यताहरू", २० डिसेम्बर १९९३ को राष्ट्रसंघीय महासभाको प्रस्ताव A/Res/48/134(Annex) ("पेरिस सिद्धान्तहरू") ।

[४५] मानवअधिकार प्रकाशनका लागि मानवअधिकार नीति तथा उच्चायुक्तको कार्यालयसम्बन्धी अन्तर्राष्ट्रिय परिषद्को राष्ट्रिय मानवअधिकार संस्थाहरूको प्रभावकारिताको मूल्याङ्कन (जेनेभा, २००५) तथा मानवअधिकार पेशागत प्रशिक्षण शृङ्खलाहरूको राष्ट्रसंघीय केन्द्र नम्बर ४, राष्ट्रिय मानवअधिकार संस्थाहरू: मानवअधिकारको प्रवर्द्धन तथा संरक्षणका लागि राष्ट्रिय संस्थाहरूको स्थापना तथा सुदृढीकरणसम्बन्धी हाते पुस्तिका (जेनेभा,१९९५) पनि हेर्नुहोस् ।

## ४.२ स्वायत्तताका आधार



---

**पेरिस सिद्धान्त**

क २ – राष्ट्रिय संस्थाहरूलाई यथासम्भव व्यापक कार्यादेश दिनुपर्ने छ, जुन कार्यादेशको निर्धारण त्यसको संरचना र कार्यक्षेत्र किटान गरी स्पष्ट रूपले संवैधानिक वा कानुनी दृष्टिबाटै गर्नुपर्ने छ।

---

कार्यकारी सरकारलाई स्वेच्छाले राष्ट्रिय संयन्त्रलाई विघटन वा विस्थापन गर्ने वा त्यसको कार्यादेश, संरचना र अधिकार परिवर्तन गर्ने कानुनी अख्तियार भएमा त्यसको स्वतन्त्रतामा क्षति पुग्ने छ। कार्यकारीमा यस्तो अख्तियारको अभ्यास गर्ने अभिप्राय नभएको खण्डमा पनि यो कुरा सत्य हुन आउँछ किनभने उक्त संयन्त्रको निम्छरोपनाले नै त्यसको स्वतन्त्रतालाई निषेध गर्छ। यसर्थ त्यस्तो संवैधानिक वा कानुनी प्रावधानका आधारमा राष्ट्रिय संयन्त्रको निर्माण गरिनुपर्छ जसमा नियुक्तिको प्रक्रिया, कार्यावधि, कार्यादेश, अधिकार, आर्थिक बन्दोबस्त तथा दायित्वको प्रकृतिजस्ता खासखास महत्वपूर्ण कुराहरूको बयान गरिएको होस्।[४६] सामान्य कानुनको सट्टा संवैधानिक आधारमा नै स्वतन्त्रता दिइनुको अर्थ के हो भने सामान्यतः सामान्य कानुनी आधारभन्दा संवैधानिक आधार बढी उपयुक्त हुन्छ।[४७]

यसको अर्थ के हो भने राष्ट्रिय संयन्त्रको निर्माण गर्ने कानुनले यो संस्था वा यसका सदस्यहरूलाई कुनै मन्त्रालय वा सरकारको मन्त्री, मन्त्रीमण्डल वा कार्यकारी परिषद्, राष्ट्रपति वा प्रधानमन्त्रीको नियन्त्रण अन्तर्गत राख्नु हुँदैन। राष्ट्रिय संयन्त्रको अस्तित्व, कार्यादेश वा अधिकारहरू परिवर्तन गर्ने सामर्थ्य भएको एकमात्र प्राधिकार विधायिका स्वयं नै हुनुपर्छ।[४८] मन्त्रीहरू तथा अन्य सार्वजनिक अधिकारीहरूले राष्ट्रिय संयन्त्रका

---

[४६] राष्ट्रिय मानवअधिकार संस्थाहरूको मूल्याङ्कन, पृ. १२-१४ र राष्ट्रिय मानवअधिकार संस्थाहरूको हाते पुस्तिका, ऐजन, पृ. १०-११ हेर्नुहोस्।

[४७] राष्ट्रिय मानवअधिकार संस्थाहरूको मूल्याङ्कन, पृ. १३ हेर्नुहोस्।

[४८] राष्ट्रिय मानवअधिकार संस्थाहरूको मूल्याङ्कन, ऐजन, पृ. १२-१४ तथा राष्ट्रिय मानवअधिकार संस्थाहरूको हाते पुस्तिका, ऐजन, पृ. १०-११ हेर्नुहोस्।

नाउँमा प्रत्यक्ष वा परोक्ष रूपले निर्देशन जारी गर्न नपाउने कुरा कानुनद्वारा किटान गरिनुपर्छ ।[४९]

## ४.३ स्वतन्त्र सदस्य र कर्मचारी

राष्ट्रिय संयन्त्रका सदस्यहरू व्यक्तिगत तथा संस्थागत रूपले राज्यका अधिकारीहरूबाट स्वतन्त्र रहेका विज्ञहरू हुनुपर्छ ।

सामान्यतः राष्ट्रिय संयन्त्रहरूमा त्यस्ता व्यक्तिहरू समावेश हुनु हुँदैन जो हाल फौजदारी न्याय प्रणालीका सक्रिय पदहरू ओगटेर बसेका छन् (वा त्यस्ता पदबाट छोटो बिदामा बसेका छन्) । यो कुरा क्रियाशील अभियोक्ता वा अभियोजनकारी सार्वजनिक प्रतिरक्षा अधिकारीको हकमा त लागू हुन्छ नै, सजायको फैसलासम्बन्धी सुपरिवेक्षण गर्ने न्यायाधीशहरू तथा अन्य न्यायाधीशहरूका हकमा पनि लागू हुन्छ ।[५०] जहाँ राष्ट्रिय संयन्त्रको सदस्य कैदी/बन्दी, कैदी/बन्दीहरूको वर्ग, संस्था वा अधिकारीका सम्बन्धमा एकसाथ अनेकौं भूमिका निर्वाह गरिरहेको हुन्छ त्यहाँ हितहरूको प्रश्नमा वास्तविक वा कल्पित द्वन्द्वहरू हुने प्रबल सम्भावना रहन्छ ।[५१]

निश्चय नै राष्ट्रिय संयन्त्रका सदस्यहरू व्यक्तिगत रूपले कार्यकारी सरकारबाट कुन अर्थमा स्वतन्त्र हुनुपर्छ भने कार्यकारी सरकारका नेतृत्वदायी राजनीतिक व्यक्तित्वहरूसँग वा कानुन लागू गर्ने कर्मचारीसँग उनीहरूको व्यक्तिगत सम्बन्ध अर्थात् राजनीतिक बफादारी, घनिष्ट मित्रता वा पुरानो पेशागत सम्बन्ध हुनु हुँदैन । त्यस्तो सम्बन्ध भएमा प्रस्तावित सदस्यले वास्तवमा निष्पक्ष ढङ्गले काम गरे तापनि उसलाई पूर्वाग्रही दृष्टिले हेरियो भने त्यसबाट राष्ट्रिय संयन्त्रको काममा नराम्रो असर पर्नसक्छ ।

राष्ट्रिय संयन्त्रलाई आवश्यकताअनुसार आफैँले निर्धारण गरेका मापदण्डहरूको आधारमा आफ्ना कर्मचारीहरू नियुक्त गर्ने अधिकार हुनुपर्छ ।[५२] मानवअधिकार नीतिसम्बन्धी

---

[४९] राष्ट्रिय मानवअधिकार संस्थाहरूको मूल्याङ्कन, ऐजन, पृ. १२ हेर्नुहोस् ।

[५०] न्यायिक निरीक्षणालयको स्थितिसम्बन्धी विस्तृत जानकारीका लागि तल दसौं अध्यायको खण्ड १०.२.६ हेर्नुहोस् ।

[५१] राष्ट्रिय मानवअधिकार संस्थाहरूको मूल्याङ्कन, ऐजन, पृ. १२-१४ हेर्नुहोस् ।

[५२] ऐजन, पृ. १३ ।

अन्तर्राष्ट्रिय परिषद् तथा मानवअधिकार उच्चायुक्तको राष्ट्रसंघीय कार्यालयको कथनअनुसार राष्ट्रिय मानवअधिकार संस्थाहरूका कर्मचारीहरू “लोकसेवाका शाखाहरूबाट स्वतः सरुवा गर्नु वा खटाउनु हुँदैन ।”[५३] राष्ट्रिय संयन्त्रको कार्य सञ्चालन गर्ने स्वतन्त्रतालाई सुनिश्चित गर्नका निम्ति त्यसलाई बाहिरी फेरबदल विना आफ्ना प्रक्रियागत नियमहरू बनाउने पूर्ण अधिकार हुनुपर्छ ।[५४]

पेरिस सिद्धान्तले इङ्गित गरेअनुसार सामान्यतः राष्ट्रिय मानवअधिकार संस्थाहरूमा “संसद” र “सरकारी विभाग” का प्रतिनिधिहरूलाई सामेल गराउन सकिन्छ । तर यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको सन्दर्भमा भने राष्ट्रिय संयन्त्रमा सत्तासिन दलका सदस्य रहेका सांसदहरूलाई वा अन्य सरकारी प्रतिनिधिहरूलाई (राजनीतिक तहबाट होस् वा विभागीय तहबाट) सामेल गराउनु अनुचित हुनेछ, चाहे त्यस्तो सामेली परामर्शकारी हैसियतको मात्र किन नहोस् । पहिलो कुरा, यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखमा राष्ट्रिय संयन्त्र र राज्यका अधिकारीहरूले राष्ट्रिय संयन्त्रका सुझावहरू कार्यान्वयन गर्ने सम्भाव्य उपायहरूको खोजी गर्न आपसमा संवाद शुरु गर्नुपर्ने कुरा उल्लेख छ ।[५५] त्यसबखत सरकारी अधिकारीहरू स्वयं नै सुझावहरू तयार पार्ने छलफल र मन्थनमा सहभागी बन्ने कुरा निश्चय नै सोचिएको थिएन । दोस्रो कुरा, राष्ट्रिय संयन्त्रको कामसँग बन्दीहरूका संवेदनशील बयानहरू समेतका “गोप्य सूचना” गाँसिएर आउँछन् जसलाई यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको धारा २१(२) ले सरकारबाट गोप्य राख्न पाइने अधिकार किटान गरेको छ । यी मान्यताहरू र राष्ट्रिय संयन्त्रका विशिष्ट कार्यहरू अन्य प्रकारका बढी सामान्य मानवअधिकार संस्थाका कार्यभन्दा एकदमै फरक हुने कुराले राष्ट्रिय संयन्त्रमा कुनै पनि हैसियतमा सरकारी प्रतिनिधिहरूको उपस्थितिलाई निषेध गरेका छन् ।

---

[५३] ऐजन, पृ. १३ ।

[५४] राष्ट्रिय मानवअधिकार संस्थाहरूको हाते पुस्तिका, ऐजन, पृ. ११, अनुच्छेद ७१ हेर्नुहोस् ।

[५५] यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको धारा २२ ।

## ४.४ नियुक्ति प्रक्रिया



**पेरिस सिद्धान्त**

ख ३ – संस्थाका सदस्यहरूको लागि स्थिर प्रकृतिको कार्यादेशलाई सुनिश्चित गर्न, उनीहरूको नियुक्ति एउटा आधिकारिक ऐनद्वारा गर्नुपर्ने छ, जुन ऐनले कार्यादेशको स्पष्ट अवधि किटान गर्नेछ, यसको अभावमा वास्तविक स्वतन्त्रता हुन सक्दैन। संस्थाको सदस्य बहुल प्रकृतिको हुने कुरालाई सुनिश्चित गरिएमा यो कार्यादेश नवीकरण गर्न मिल्ने खालको हुनेछ।

सदस्यहरू नियुक्त गर्ने उपयुक्त कानुनी कार्यविधिले स्वतन्त्रतालाई सुनिश्चित गर्ने कार्यमा विशेष महत्वपूर्ण भूमिका खेल्न सक्छ। राष्ट्रिय संयन्त्रको स्थापना गर्ने कानुनद्वारा निम्नलिखित बुँदाहरू परिभाषित हुनुपर्छः

- नियुक्तिको विधि,
- नियुक्तिको मापदण्ड,
- नियुक्तिको अवधि,
- उन्मुक्ति र अधिकारहरू,
- खारेजी र पुनरावेदनसम्बन्धी कार्यविधि।

कसलाई नियुक्ति गर्ने भन्ने निर्णय सरकारको कार्यकारी अङ्गद्वारा प्रत्यक्ष रूपले गरिनु हुँदैन यद्यपि एउटा अलग निकायद्वारा सारभूत निर्णय गरिसकेपछि राष्ट्र प्रमुखले औपचारिक रूपले नियुक्ति गर्ने कुरालाई यसले निषेध गर्दैन।[५६] नियुक्तिसम्बन्धी प्रक्रिया गैरसरकारी, सामाजिक तथा पेशागत सङ्गठन, विश्वविद्यालय र अन्य विज्ञहरू जस्ता व्यापक नागरिक समाजका विविध समूहको परामर्श वा प्रत्यक्ष संलग्नतासम्बन्धी कार्यादेशको व्यवस्था हुनुपर्छ। एउटा सम्भावना यी समुदायका प्रतिनिधिहरू सामेल हुने गरी एउटा विशेष नियुक्ति टोली गठन गर्नु हो। संसदीय समितिको नेतृत्वमा परामर्शकारी प्रक्रिया

[५६] राष्ट्रिय मानवअधिकार संस्थाहरूको मूल्याङ्कन, ऐजन, पृ. १४।

अपनाउनु अर्को सम्भावना हो (यद्यपि यो प्रक्रिया संसद र कार्यकारी सरकारको बीचमा प्रभावकारी संस्थागत तथा राजनीतिक पृथक्ता भएको खण्डमा मात्र सन्तोषजनक हुनेछ) ।[५७] कतिपय परिस्थितिमा स्वतन्त्र न्यायिक नियुक्तिसम्बन्धी आयोगको नेतृत्वमा परामर्शकारी प्रक्रिया अपनाउनु पनि एउटा विकल्प हुनसक्छ ।

मानवअधिकार नीतिसम्बन्धी अन्तर्राष्ट्रिय परिषद् तथा राष्ट्रसंघीय उच्चायुक्तको कार्यालयले के कुरा सुझाएका छन् भने मानवअधिकारसम्बन्धी अधिकांश संस्थाहरूका लागि "पाँच वर्षको कार्यावधि उपयुक्त हुन्छ जुन अवधिमा सदस्यहरू प्रभावकारी हुन सक्छन् तर भविष्यको रोजगारीको सम्भावनासम्बन्धी चिन्ताबाट उतिसाह्रो पिरोलिएका हुँदैनन् ।"[५८] अर्को उदाहरण के हो भने अर्जेन्टिनाको यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको मस्यौदा कार्यान्वयन गर्ने कानुनले राष्ट्रिय संयन्त्रका प्रत्येक दस सदस्यका लागि थप चार वर्ष नवीकरण गर्ने व्यवस्था गरेको छ ।

सबैको कार्यावधि समाप्त हुने मिति एकै पटक नपर्ने व्यवस्था मिलाउँदा सदस्यहरूको निरन्तरता सुनिश्चित हुन्छ । यस्तो व्यवस्थाबाट सबै सदस्यको कार्यावधि एकै पटक समाप्त हुन गई सबै सदस्य नयाँ हुने अवस्थाबाट जोगिन सक्छन् । अन्तर्राष्ट्रिय उपसमितिमा सदस्यहरूको कार्यावधि समाप्त हुने मिति फरक फरक पारिनुको कारण यही नै हो ।

निश्चित कार्यकालको बीचमा कुनै पनि व्यक्तिमा आफ्नो कार्यकाल सुरक्षित छ भन्ने भावना दरिलो हुन्छ । अर्को शब्दमा भन्ने हो भने राष्ट्रिय संयन्त्रका सदस्यहरूले राष्ट्रिय संयन्त्रको सदस्यको ठूलो बहुमतको मतदानका आधारमा (सायद तीन चौथाई) अथवा संसदको त्यस्तो मतदानका आधारमा (जहाँ राष्ट्रिय संयन्त्रका एकाध सदस्यमात्र हुन्छन्) अथवा जघन्य दुराचार गरेको पुष्टि हुन गएमा मात्र पदच्यूत हुनु पर्नेछ ।

---

[५७] ऐजन ।
[५८] ऐजन, पृ. १२ ।

## ४.५ विशेषाधिकार र उन्मुक्ति



**धारा ३५**

रोकथाम उपसमिति तथा राष्ट्रिय रोकथाम संयन्त्रका सदस्यहरूलाई उनीहरूले गर्ने कामको स्वतन्त्र अभ्यास गर्न आवश्यक विशेषाधिकार तथा उन्मुक्ति प्रदान गरिनेछ । (...)

**धारा २१**

२. राष्ट्रिय संयन्त्रलाई गोप्य सूचना सङ्कलन गर्ने अधिकार प्रदान गरिने छ । (...)

यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको धारा ३५ ले राष्ट्रिय संयन्त्रहरूलाई "आफ्ना काम कारवाहीहरू स्वतन्त्र रूपले गर्नको निम्ति आवश्यक पर्ने अधिकार र उन्मुक्ति प्रदान गर्नुपर्ने" व्यवस्था गरेको छ । यस सम्बन्धमा अन्तर्राष्ट्रिय उपसमिति[५९] को हकमा लागू हुने *अधिकार तथा उन्मुक्तिसम्बन्धी राष्ट्रसंघीय महासन्धि*[६०] को खण्ड २२ र २३ ले प्रत्येक राष्ट्रिय संयन्त्रका सदस्यको यस प्रकारका अधिकार तथा उन्मुक्तिको हकमा नमूनाको रूपमा कार्य गर्नुपर्छ । यसमा निम्नलिखित बुँदाहरू पर्दछन्:

- राष्ट्रिय संयन्त्रका सदस्यहरूको कार्यकाल तथा राष्ट्रिय संयन्त्रका कार्यविधि सम्बन्धमा:
  - ⇒ निजी गिरफ्तारी वा थुना तथा निजी सरसामान जफत गरिनबाट छूट,
  - ⇒ कागजपत्र तथा दस्तावेजहरूको जफ्ती वा निगरानीबाट छूट,
  - ⇒ सञ्चारमा हस्तक्षेप गरिनबाट छूट,

[५९] महासभाले १३ फेब्रुअरी १९४६ मा पारित गरी १० फेब्रुअरी १९४९ देखि लागू भएको संयुक्त राष्ट्रसंघको सुविधा र उन्मुक्तिसम्बन्धी महासन्धि ।

[६०] यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको दोस्रो वाक्य यस प्रकर छः, "संयुक्त राष्ट्रसंघको १३ फेब्रुअरी १९४६ को अधिकार तथा छूटहरूसम्बन्धी महासन्धिको खण्ड २२ मा निर्दिष्ट गरिएअनुसार रोकथामसम्बन्धी उपसमितिका सदस्यहरूलाई अधिकार र छूटहरू दिनुपर्ने छ । उक्त अधिकार र छूटहरू उक्त महासन्धिको खण्ड २३ को अधिनमा रहनेछन् ।"

- सदस्यता अवधि र त्यसपछिः

  ⟹ राष्ट्रिय संयन्त्रका काम कर्तव्यहरू पूरा गर्ने सिलसिलामा बोलिएका वा लेखिएका कुरा वा गरिएका कामहरूमाथि कानुनी कारकाही गरिनबाट छूट ।



यी अधिकार र उन्मुक्ति राष्ट्रिय संयन्त्रको प्रत्येक सदस्यको हकमा अनिवार्य रूपले लागू हुनुपर्ने छ । तर यी अधिकार र उन्मुक्तिको अभिप्राय राष्ट्रिय संयन्त्रका सदस्यको निजी फाइदा नभई उक्त संस्थाको स्वतन्त्रताको संरक्षण भएको हुनाले विशेष परिस्थितिमा स्पष्ट बहुमतको अभिमत (दुई तिहाई वा तीन चौथाई) द्वारा व्यक्ति विशेषले पाएको छूट रद्द गर्न सकिने छ ।

चेक पब्लिक डिफेण्डर्स अफ राईट्सले मनोननय गरेको चेक राष्ट्रिय संयन्त्रले राष्ट्रिय कानुनको एक प्रासङ्गिक उदाहरण उपलब्ध गराएको छः

> डेपुटीहरूको सभा अर्थात् संसदको स्वीकृतिविना अधिकार प्रतिरक्षक विरुद्ध फौजदारी कारवाही शुरु गर्न पाइने छैन । डेपुटीहरूको सभाले स्वीकृति दिन इन्कार गरेको खण्डमा अधिकार प्रतिरक्षक विरुद्ध निजको कार्यकालभित्र यस प्रकारको कारवाही गर्न असम्भव हुनेछ ।[६१]

कार्यकाल समाप्त भएपछि पनि उन्मुक्ति जारी रहने उदाहरणहरू पनि छन् । उदाहरणको लागि, आफ्नो दायित्व निर्वाह गर्ने (कैदीहरूलाई भेट्ने कार्यसमेत) क्रममा गरिएका

---

[६१] अधिकारसम्बन्धी सार्वजनिक प्रतिरक्षकसम्बन्धी चेक कानुन (३४९/१९९९) ३८१/२००५ बमोजिम संशोधन भई १ जनवरी २००६ मा लागू भयो, ७(१) । http://www.ochrance.cz गणतन्त्रिक इस्तोनियाको संविधानको धारा १४५: “गणतन्त्रका राष्ट्रपतिको प्रस्ताव र त्यसमाथि रिगिकोगु अर्थात् संसदका सदस्यहरूको बहुमतको आधारमा मात्र कानुनी चान्सलर (राष्ट्रिय संयन्त्रको रूपमा मनोनयन गरिने व्यक्ति) विरुद्ध फौजदारी अभियोग लगाइने छ ।” पोल्याण्डको संविधानको धारा २११ ले नागरिक अधिकार आयुक्तलाई पोल्याण्डको राष्ट्रिय संयन्त्रको प्रमुख बन्ने व्यक्तिलाई) “संसदको पूर्व सम्मतिविना न त फौजदारी अभियोग लगाइने छ न त स्वतन्त्रताबाट वञ्चित नै गरिने छ” भन्ने व्यवस्था गरेको छ । यसले आयुक्तलाई “कुनै दोषबापत पक्राउ गरी उपयुक्त कानुनी कारवाही चलाउन थुनामा राख्नु जरुरी भएको अवस्थामा बाहेक न त पक्राउ गरिने छ न त थुनामा राखिनै छ” भनी थप व्यवस्था गरेको छ । साथै यस्तो मामिला आइपरेमा “संसदका मार्शललाई तत्काल जानकारी गराउनुपर्ने छ र मार्शलले तत्काल रिहाइको आदेश दिन सक्नेछन् ।”

कामकाज र भूलचुकहरूलाई लिएर अन्तर्राष्ट्रिय रेडक्रस समितिको प्रतिनिधि मण्डलका सदस्यहरू जो स्थानीय राष्ट्रका नागरिक हुन्छन्, तिनीहरूले प्रतिनिधि मण्डलको काम छाडेपछि पनि निजी गिरफ्तारी वा थुना लगायत कुनै पनि प्रकारको कानुनी वा प्रशासनिक प्रक्रियाबाट र साक्षीको रूपमा डाकिने वा प्रमाण पेश गर्नुपर्ने कुराबाट छूट पाउँछन् ।[६२]

जहाँसम्म राष्ट्रिय संयन्त्र वा त्यसका व्यक्ति सदस्यसँग रहेको सूचना संरक्षणको प्रश्न छ, यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको धारा २१ ले धारा ३५ मा उल्लेख गरिएका आम अधिकार र उन्मुक्तिलाई सुनिश्चित गरेको छ । राष्ट्रिय कानुनअन्तर्गत “अधिकारसम्पन्न” बनाइएको सूचनाको भेद खोल्न कार्यकारी तथा न्यायिक अधिकारीहरू लगायत कसैले पनि बाध्य गराउन सक्दैनन् । अर्को शब्दमा भन्ने हो भने राज्यले धारा २१ अनुसार राष्ट्रिय संयन्त्रको मातहत रहेको गोप्य सूचना कानुनले तलास वा जफत गर्न वा खोल्न बाध्य नगराउने कुरालाई सुनिश्चित गर्नु जरुरी छ । त्यसकारण यस प्रकारको कानुन विद्यमान नभए फौजदारी, निजामति वा प्रशासनिक कानुनमा राष्ट्रिय संयन्त्रको सूचनाको तलासी, जफती नगरिने अपवादजन्य व्यवस्था गर्नु जरुरी हुन्छ ।

यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको धारा २१ मा बयान गरिएको अधिकारले प्रकट रूपले यस्तो अपवादको चर्चा गरेको छैन । “राज्यका गोप्यताहरू” सम्बन्धमा राष्ट्रिय कानुनअन्तर्गत सामान्यतः कार्यकारी सरकारलाई दिइने अधिकार सबैभन्दा दरिलो अधिकार हो, जुन गोप्यता हरेक दृष्टिले सुरक्षित हुन्छ । राष्ट्रिय कानुनअन्तर्गत अर्को सबैभन्दा दरिलो र सबैभन्दा आम अधिकार वकिल-ग्राहकसम्बन्धी अधिकार हो । यस सन्दर्भमा ज्यादै सीमित अपवादहरूलाई मात्र छूट दिने गरिन्छ । उदाहरणको लागि, कुनै न्यायाधीशलाई वकिलद्वारा केवल आफ्नो ग्राहकलाई अपराध गर्न सहयोग गर्ने उद्देश्यले तयार पारिएको दस्तावेज हेर्ने अधिकार हुनसक्छ, अथवा विरल परिस्थितिमा अभियुक्तले फौजदारी अभियोजन विरुद्ध सफलतासाथ आफ्नो प्रतिरक्षा गर्ने

[६२] अन्तर्राष्ट्रिय रेडक्रस समितिको सहमतिका निम्ति प्रस्तावित मापदण्डको धारा १०(११) । गाबोर रोना, “अन्तर्राष्ट्रिय रेडक्रस समितिको साक्षी बक्नु नपर्ने अधिकारः कार्यमा गोप्यता” (२०२०), रेडक्रसको अन्तर्राष्ट्रिय समीक्षा अङ्क ८४५, पृ. २०७-२१९ । न्यूजिल्याण्डको अख्तियार दुरुपयोग ऐन १९७५ पनि हेर्नुहोस् ।

सम्भावना भएको सूचनाको एकमात्र श्रोत त्यही हो भन्ने कुरा प्रमाणित गरेमा न्यायाधीशलाई त्यस्तो अधिकार हुनसक्छ ।[६३]



सिद्धान्ततः यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखका आधारमा राष्ट्रिय संयन्त्रद्वारा भ्रमणको क्रममा गरिएका पर्यवेक्षणहरू तथा लिइएका अन्तर्वार्ताहरूबाट सङ्कलन गरिएको गोप्य सूचनासँग सम्बन्धित अधिकारमाथि कुनै पनि प्रकारको अङ्कुश लगाउनु हुँदैन । राष्ट्रिय संयन्त्रले प्रभावकारी ढङ्गले काम गर्न पाओस् भन्ने हेतुले यसले अन्तर्वार्ता लिने व्यक्तिहरूलाई राष्ट्रिय संयन्त्रलाई दिइने सूचना पछि गएर खुल्ने छैनन् भन्ने विश्वास दिलाउनु पर्छ । राष्ट्रिय संयन्त्रले सङ्कलन गरेको सूचनामा अपराधसम्बन्धी जानकारी होला कि भनेर सरकारी अधिकारीहरूलाई टुक्र्याउने हेतुले वकिलहरूलाई त्यस्तो सूचनाको शिकार गर्न दिइँदा धारा २१ को संरक्षणसम्बन्धी मान्यतामा छिटो र गम्भीर रूपले ह्रास आउन सक्छ । राष्ट्रिय संयन्त्रको मूल प्रयोजन आरोपित दुर्व्यवहारबारे सूचना सङ्कलन गरी त्यसको प्रयोग गर्नु भएकोले सरकारी अधिकारीहरूले “कानुन लागू गर्ने” निहुँमा एकदमै सजिलोसँग राष्ट्रिय संयन्त्रका अधिकार तथा गोपनीयता भङ्ग गर्न सक्छन् ।

अधिकारका सन्दर्भमा ध्यान दिनुपर्ने अर्को मुद्दा सूचना उपलब्ध गराउने व्यक्तिको भूमिका हो । वकिल-ग्राहक अधिकारका सम्बन्धमा अक्सर के भनिन्छ भने यो अधिकार वकिलको होइन, ग्रहकको हो, त्यसकारण ग्राहकले खुला दिलले सूचना खोल्ने सहमति जनाएमा वकिल त्यस कुराको विपक्षमा भए पनि ग्राहकले त्यो अधिकार परित्याग गर्न सक्छ । तर राष्ट्रिय संयन्त्रको कार्य तथा स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूको स्वभावतः निम्छरो अवस्थाबारे विचार गर्दा के कुरा स्पष्ट हुन आउँछ भने यो वकिल-ग्राहक अधिकारलाई यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको सन्दर्भसित छ्यासमिस गरेर हेर्न मिल्दैन । धारा २१(२) अनुसार राष्ट्रिय संयन्त्रले सम्बन्धित व्यक्तिको मन्जुरीविना निजी सूचना खोल्न नपाउने व्यवस्था हुँदाहुँदै पनि यसको अर्थ कुनै व्यक्तिले आफूबारेको सूचना कुनै तेस्रो पक्षसँग खोल्न राष्ट्रिय संयन्त्रको मुख ताक्नुपर्छ भन्ने

[६३] उदाहरणको लागि, आर. भर्सेस म्याकक्लर, (२००१) आइएससीआर ४४५ (क्यानाडाको सर्वोच्च अदालत) हेर्नुहोस् ।

होइन । यस्तो मामिलामा सूचना खोल्नको लागि राष्ट्रिय संयन्त्र तथा व्यक्ति दुवै मन्जुर हुनुपर्छ ।

अधिकारसम्बन्धी सार्वजनिक प्रतिरक्षकबारे चेक कानुनको धारा ७ ले राष्ट्रिय कार्यान्वयनको एउटा उदाहरण प्रस्तुत गरेको छः

> (४) फौजदारी कार्यविधिहरूप्रति जिम्मेवार निकायहरू लगायत राज्यअन्तर्गतका प्रशासनिक निकायहरूलाई प्रतिरक्षकका फायलहरू हेर्ने वा कानुनी आधारमा प्रतिरक्षकको स्वीकृतिबाट मात्र यस्ता फायल लिने अधिकार दिइएको छ । प्रतिरक्षकले स्वीकृति नदिएमा चेम्बरका डेपुटीहरूका अध्यक्षको स्वीकृति आवश्यक हुनेछ ।

अन्तमा, राष्ट्रिय संयन्त्रको रूपमा मनोनयन गरिएको निकायले एकै समयमा कुनै खास पीडितको पक्षमा वा खास उल्लंघनकारीको विरुद्ध अभियोजन वा पुर्पक्ष गर्ने भएमा त्यसबाट उत्पन्न हुने समस्याहरूले गोप्यता र अधिकारसम्बन्धी मुद्दामा थप ह्रास आउँछ ।[६४] यस प्रकारका सुनुवाइहरूलाई वादी र आरोपित उल्लंघनकारीका लागि निष्पक्ष बनाउन सामान्यतः आवश्यक पर्ने गोप्य कुराहरू खोलिँदा राष्ट्रिय संयन्त्रका भ्रमण र अन्तर्वार्ताहरूको लागि चाहिने सहयोग/गोप्यतामा ठूलो ह्रास आउँछ ।

तल छैटौँ अध्यायको खण्ड ६.२ मा धारा २१ र गोप्य सूचनाको संरक्षण तथा निजी तथ्याङ्कलाई अर्को कोणबाट केलाइने छ ।

## ४.६ आर्थिक स्वायत्तता

---

**धारा १८**

(...)

३. राज्य पक्षले राष्ट्रिय संयन्त्रहरूको सञ्चालनका लागि आवश्यक पर्ने श्रोत-साधनहरू उपलब्ध गराउनु पर्नेछ । (...)

---



[६४] यस विषयमाथि तेस्रो अध्यायमा सविस्तार चर्चा गरिएको छ ।

**पेरिस सिद्धान्त**

ख २ – राष्ट्रिय संस्थालाई आफ्नो क्रियाकलापहरू सहज रूपले सञ्चालन गर्न उपयुक्त पूर्वाधार खासगरी पर्याप्त कोष प्राप्त हुनेछ। यसरी कोष प्राप्त गर्नुको उद्देश्य आफनै कर्मचारी र भवनको व्यवस्था गर्न समर्थ होस् भन्ने हो, जसले गर्दा सरकारबाट स्वतन्त्र रहन र यसको स्वतन्त्रता प्रभावित गर्न सक्ने आर्थिक नियन्त्रणमा नरहनु हुनेछ।



धारा १८(३) ले पक्ष राष्ट्रहरूलाई राष्ट्रिय संयन्त्रहरूको कार्य सञ्चालनका लागि आवश्यक श्रोत-साधनहरू उपलब्ध गराउन कर्तव्यबद्ध तुल्याउँछ। पेरिस सिद्धान्तअनुसार आर्थिक स्वतन्त्रता एक आधारभूत आवश्यकता हो। यस्तो स्वतन्त्रताविना राष्ट्रिय संयन्त्र न त कामकाजी स्वायत्तताको अभ्यास गर्न समर्थ हुन्छ न त स्वतन्त्र रूपले निर्णय गर्न नै स्वतन्त्र हुन्छ। त्यसकारण राष्ट्रिय संयन्त्रहरूको स्वतन्त्रताको थप संरक्षण गर्नका निम्ति कार्यान्वयनकारी कानुनमा आर्थिक व्यवस्थाको श्रोत र प्रकृतिको किटान गरिनुपर्छ।[६५]

कानुनले राष्ट्रिय संयन्त्रको वार्षिक आर्थिक विनियोजन प्रक्रियाको साथै उक्त प्रक्रिया कार्यकारी सरकारको प्रत्यक्ष नियन्त्रणमा हुनु नहुने कुराको पनि किटानी गर्नुपर्छ। मानवअधिकार नीतिसम्बन्धी अन्तर्राष्ट्रिय परिषद् तथा राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयले राष्ट्रिय मानवअधिकार संस्थाहरूका लागि एउटा प्रक्रिया सुझाएको छ जुन प्रक्रिया राष्ट्रिय संयन्त्रहरूको लागि पनि कामलाग्दो हुनसक्छ।[६६]

- राष्ट्रिय संयन्त्रले आफैँ आफ्नो बजेटको मस्यौदा गर्नेछ;
- त्यसपछि उक्त बजेटअन्तर्गत माग गरिने कुल रकमको ब्यहोरा मतदानका निम्ति संसदमा पेश गरिने छ;
- राष्ट्रिय संयन्त्रलाई संसदले विनियोजन गरेको रकमभित्र रहेर कुनकुन बुँदामा कति खर्च गर्ने भनी निधो गर्ने अधिकार हुनेछ।

---

[६५] राष्ट्रिय मानवअधिकार संस्थाहरूको हाते पुस्तिका, ऐजन, अनुच्छेद ७४।

[६६] राष्ट्रिय मानवअधिकार संस्थाहरूको मूल्याङ्कन, ऐजन, पृ. १३ र राष्ट्रिय मानवअधिकार संस्थाहरूको हाते पुस्तिका, ऐजन, पृ. ११।

मानवअधिकार नीतिसम्बन्धी अन्तर्राष्ट्रिय परिषद् तथा राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयले राष्ट्रिय संयन्त्रको बजेट कुनै मन्त्रालयको ठूलो बजेटको एउटा सानो हिस्सामात्र हुनु नहुने कुरा औँल्याएको छ। नियमित रूपले गरिने सार्वजनिक रिपोर्टिङ तथा वर्ष दिनमा गराइने स्वतन्त्र लेखा परीक्षणद्वारा आर्थिक जबाफदेहीताको निर्वाह गरिने छ।

राष्ट्रिय संयन्त्रले कति रकमको निम्ति अनुरोध गर्ने भन्ने कुराको निर्धारण कसरी गर्न सक्ला ? राष्ट्रिय संयन्त्रले पहिलो बजेटसम्बन्धी अनुरोध प्रस्तुत गर्नुअघि प्रारम्भिक अवधिका लागि यो संस्थालाई कति रकम आवश्यक पर्ला भनेर सरकारले कसरी आँकलन गर्न सक्ला ? यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको शर्तअनुसार प्रत्येक राज्य पक्षले राष्ट्रिय संयन्त्रलाई प्रभावकारी ढङ्गले आफ्ना कार्यहरू सञ्चालन गर्न सक्ने गरी श्रोत-साधन उपलब्ध गराउनु पर्छ। यसको अर्थ के हो भने राष्ट्रिय संयन्त्रलाई प्राप्त हुन आउने आर्थिक तथा मानवीय श्रोत-साधनबाट उक्त संयन्त्रलाई माथि तेस्रो अध्यायको खण्ड ३.४ मा बयान गरिएको मापदण्ड सुहाउँदो हुने गरी विभिन्न समय क्रममा सबै थुना स्थलको भ्रमण गर्न सम्भव हुनुपर्छ।

यसर्थ राष्ट्रिय संयन्त्रको बजेट निर्धारण गर्ने कार्य विभिन्न देशको विशिष्टताअनुसार निम्नलिखित बुँदाहरूमा निर्भर गर्ने छः

- थुना स्थलहरूको संख्या,
- थुना स्थलहरूको प्रकार,
- बन्दीहरूको जनघनत्व (प्रत्येक स्थलमा बन्दीको संख्या),
- भ्रमणमा जाँदा तय गर्नु पर्ने दूरी।

कति-कति समयमा भ्रमण गर्ने हो त्यसको पूर्वानुमानको आधारमा बजेट बनाउँदा सामान्यतः राष्ट्रिय संयन्त्रलाई कर्मचारीको र कतिपय अवस्थामा बाहिरका विज्ञहरूको आवश्यकता हुन्छ, र भ्रमण गर्नुअघि (तयारीको लागि) र भ्रमणपछि (रिपोर्टहरूको विश्लेषण र मस्यौदाको लागि) थप समय आवश्यक हुन्छ भन्नेबारे विचार गर्नु जरुरी छ।

विशाल भौगोलिक क्षेत्र भएका थुना स्थलहरू टाढा-टाढासम्म छरिएर रहेका देशहरूले राष्ट्रिय संयन्त्रको केन्द्रीय कार्यालयको पूरकका रूपमा ठाउँ-ठाउँमा शाखा कार्यालयहरू वा अनेक राष्ट्रिय संयन्त्रहरू स्थापना गरेर, र/वा भिन्नभिन्न क्षेत्रमा "उप-टोली" राख्न पुग्ने गरी राष्ट्रिय संयन्त्रका सदस्यहरू धेरै र विविध खालका हुने कुरालाई सुनिश्चित गरेर राष्ट्रिय संयन्त्रको बजेटमा भ्रमण खर्च घटाउन सक्छन् ।[६७] तथापि देशभरिका सबै राष्ट्रिय संयन्त्रका प्रतिनिधिहरूको आवधिक बैठकका लागि बजेट त आवश्यक पर्ने नै छ यद्यपि दूरसञ्चार वा अन्य साधनहरूको सहाराले यी खर्चहरू घटाउन सकिन्छ ।

## ४.७ एपीटीका सुझाव

- **राष्ट्रिय संयन्त्रमा नियुक्तिको प्रक्रिया र मापदण्ड, कार्यावधि, कार्यादेश, सामर्थ्य, आर्थिक व्यवस्था, उन्मुक्ति र अधिकारहरू तथा खारेजी र पुनरावेदनसम्बन्धी कार्यविधिहरू लगायत प्रमुख तत्वहरूको बयान समावेश गरिने संवैधानिक वा कानुनी निर्देशिकामा आधारित हुनुपर्ने छ ।**
- **कार्यकारी सरकारको कुनै सदस्य वा सदस्यहरूलाई राष्ट्रिय संयन्त्रलाई स्वेच्छाले विघटन गर्ने वा यसको कार्यादेश, बनोट वा यसका अधिकारहरू हेरफेर गर्ने अख्तियार हुनु हुदैन ।**
- **कानुनद्वारा मन्त्री तथा अन्य सार्वजनिक अधिकारीहरूले राष्ट्रिय संयन्त्रका नाममा प्रत्यक्ष र अप्रत्यक्ष रूपले निर्देशन जारी गर्न नपाउने स्पष्ट व्यवस्था गर्नु पर्दछ ।**
- **कानुनद्वारा राष्ट्रिय संयन्त्रका प्रत्येक सदस्य व्यक्तिगत वा संस्थागत रूपले राज्यका निकायदेखि स्वतन्त्र रहेको विज्ञ हुनुपर्ने व्यवस्था गर्नु पर्दछ ।**
- **सत्ताशीन दल, सरकारको राजनीतिक नेतृत्वका प्रतिनिधि तथा सरकारी विभागका प्रतिनिधिका रूपमा रहेका सांसदहरू मताधिकार विनाको हैसियतमा पनि राष्ट्रिय संयन्त्रका सदस्य बन्न योग्य हुनु हुँदैन ।**
- **राष्ट्रिय संयन्त्रलाई ऊ आफैंले मात्र निर्धारण गर्ने योग्यता तथा मापदण्डका आधारमा आफ्ना कर्मचारीहरू छान्ने वा नियुक्ति गर्ने अख्तियारी हुनु पर्दछ ।**

---

[६७] तल दसौं अध्यायमा राष्ट्रिय संयन्त्रको सङ्गठनात्मक संरचनाका विकल्पहरूबारे सविस्तार चर्चा गरिएको छ ।

- राष्ट्रिय संयन्त्रलाई कार्यविधिसम्बन्धी नियमहरूको तर्जुमा गर्ने पूर्ण अधिकार हुनेछ ।
- नियुक्तिसम्बन्धी कार्यविधिमा नागरिक समाजसँग परामर्श लिने कार्यादेश रहनु पर्नेछ ।
- कानुनले पाँच वर्षको निश्चित कार्यावधि तोक्नुपर्दछ । कार्यावधिको बीचमा कुनै पनि सदस्यलाई हटाउनु पर्ने भए राष्ट्रिय संयन्त्रका सदस्यहरूको व्यापक बहुमत वा संसदको व्यापक बहुमतले मात्र हटाउन सक्ने व्यवस्था गर्नुपर्ने छ।
- निरन्तरतालाई सुनिश्चित गर्नका निम्ति भिन्नभिन्न कार्यावधि हुने प्रणाली कायम गर्नु पर्दछ ।
- राष्ट्रिय संयन्त्रलाई कानुनद्वारा गिरफ्तार गरिने वा थुनामा राखिने वा मालसामान, दस्तावेज, सूचना आदि जफत गरिने वा तिनमाथि निगरानी राखिने कार्यबाट उन्मुक्ति पाउने अधिकारको साथै राष्ट्रिय संयन्त्रका दायित्वहरू पूरा गर्ने क्रममा गरिएका कामलाई लिएर कानुनी कारवाही नगरिने गरी स्थायी उन्मुक्ति पाउने अधिकारको व्यवस्था गर्नु पर्दछ।
- कानुनद्वारा राष्ट्रिय संयन्त्रको मातहतमा रहेको सूचना (सरकार, न्यायपालिका, नागरिक वा सङ्गठन) कसैलाई पनि दिनु नपर्ने कठोर व्यवस्था गर्नु पर्दछ।
- कार्यान्वयनसम्बन्धी कानुनमा राष्ट्रिय संयन्त्रको वार्षिक बजेट विनियोजन प्रक्रियालगायत यसको आर्थिक व्यवस्थाको श्रोत र प्रकृतिको किटान गरिनु पर्छ। संसदले कार्यान्वयन गर्ने निकायको प्रत्यक्ष अनुरोधका आधारमा राष्ट्रिय संयन्त्रको वार्षिक बजेट स्वीकृत गर्नुपर्छ। त्यसपछि राष्ट्रिय संयन्त्रले कार्यकारी सरकारका अधिकारीहरूको पूर्व-स्वीकृतिविना नै बजेटको रकम खर्च गर्न सक्ने व्यवस्था गरिनु पर्छ।

# सदस्यता

५

५.१ विज्ञता ६२
५.२ लैङ्गिक सन्तुलन तथा जातिय र अल्पसंख्यकको प्रतिनिधित्व ६३
५.३ एपीटीका सुझाव ६५

## ५.१ विज्ञता



**धारा १८**

(...)

२. राज्य पक्षले राष्ट्रिय संयन्त्रका विज्ञहरूमा आवश्यक क्षमता वा पेशागत ज्ञान हुनुपर्ने कुरालाई सुनिश्चित गर्नका निम्ति आवश्यक कदम चाल्नुपर्ने छ । (...)

राष्ट्रिय संयन्त्र प्रभावकारी हुनका निम्ति यसका सदस्यहरू सरकार, न्यायपालिका तथा थुना स्थलको जिम्मेवारी बहन गर्ने अधिकारीहरूबाट स्वतन्त्र हुनु मात्र पर्याप्त हुँदैन । धारा १८ मा राष्ट्रिय संयन्त्रको प्रत्येक सदस्यसँग सान्दर्भिक विज्ञता हुनुपर्ने र समग्र राष्ट्रिय संयन्त्रमा पेशागत ज्ञानका विभिन्न क्षेत्रहरूको विविधता तथा सन्तुलन हुनुपर्ने कुरा किटान गरिएको छ । यातनासम्बन्धी राष्ट्रसंघीय विशेष प्रतिवेदकको भनाइअनुसार यो राष्ट्रिय संयन्त्रमा "भिन्नभिन्न पेशाका सदस्यहरूको सङ्गम हुने कुरालाई राज्य पक्षहरूले सुनिश्चित गर्नु अति महत्वपूर्ण कुरा हो ।[६८] त्यसकारण राज्यहरूले कार्यान्वयनसम्बन्धी कानुनमा विज्ञहरूको उपयुक्त शृङ्खलाको पहिचान गर्ने तथा सन्तुलनको प्रश्नलाई मान्यता दिनेबारे विचार गर्नुपर्छ ।

राष्ट्रिय संयन्त्रमा निम्नलिखित क्षमताहरू तथा पृष्ठभूमिहरूको सम्मिश्रण हुनुपर्छः

- वकिलहरू (विशेष गरेर राष्ट्रिय वा अन्तर्राष्ट्रिय मानवअधिकार, फौजदारी कानुन, शरणार्थी तथा शरणसम्बन्धी कानुन र कतिपय सन्दर्भमा मानवीय कानुनको विज्ञता भएका),
- चिकित्सकहरू (विधिविज्ञान 'फरेन्सिक' विशेषज्ञहरूसमेत),
- मनोवैज्ञानिक तथा मनोचिकित्सकहरू,
- प्रहरी, कारागार प्रशासन तथा मनोचिकित्सासम्बन्धी संस्थाहरूमा पेशागत अनुभव हासिल गरेका व्यक्तिहरू,
- गैससका प्रतिनिधिहरू,

[६८] यातनासम्बन्धी राष्ट्रसंघीय विशेष प्रतिवेदकद्वारा २००६ मा महासभासमक्ष प्रस्तुत प्रतिवेदन, राष्ट्रसंघीय दस्तावेज । A/61/259 (१४ अगस्त २००६), अनुच्छेद ७० ।

- थुना स्थल भ्रमण गर्ने कार्यमा अनुभवप्राप्त व्यक्तिहरू,
- विशेष जोखिममा रहेका समूहहरू - जस्तो कि बसाइँ सरेकाहरू, महिला, आदिवासी र राष्ट्रिय, जनजातीय, धार्मिक वा भाषिक अल्पसंख्यकहरू),
- मानवशास्त्रीहरू,
- सामाजिक कार्यकर्ताहरू ।



बेलाबखत बाहिरका विज्ञहरूलाई संलग्न गराएर राष्ट्रिय संयन्त्रको अनुभवलाई समृद्ध बनाउन सकिन्छ । त्यस्ता विज्ञहरू संलग्न गराउन र ती विज्ञहरूलाई (र राष्ट्रिय संयन्त्रका नियमित कर्मचारी) राष्ट्रिय संयन्त्रका सदस्यहरूका भ्रमणमा सरिक गराउन कानुनद्वारा खुलस्त रूपले राष्ट्रिय संयन्त्रलाई अनुमति दिइनु पर्छ । तर राष्ट्रिय संयन्त्रका सदस्यहरू नै अन्तिम निर्णयकर्ता हुनाले बाहिरका विज्ञहरूको संलग्नताले यस संयन्त्रमा यथेष्ट मात्रामा विज्ञ मताधिकारी सदस्य हुनुपर्ने कुरालाई न्यूनीकरण भने गर्नु हुँदैन ।

यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको सोचाइ के छ भने स्थितिमा सुधार ल्याउनको निम्ति राष्ट्रिय संयन्त्रले ठाडो अह्रन-खटन गर्ने शैली अँलाग्नुको सट्टा सिफारिस तथा अनुनयपूर्ण संवादको प्रक्रियाद्वारा काम गर्नुपर्छ । त्यसकारण, नैतिक शक्ति र समाजभित्रको आदरभाव राष्ट्रिय संयन्त्रका प्रभावकारी सदस्यका लागि आवश्यक पर्ने अन्य क्षमताहरू हुन् । सदस्यहरूले यातना तथा दुर्व्यवहार रोकथाम गर्न र थुना स्थलहरूको अवस्थामा सुधार ल्याउन निजी प्रतिबद्धता पनि प्रदर्शन गर्नुपर्छ ।

## ५.२ लैङ्गिक सन्तुलन तथा जातिय र अल्पसंख्यकको प्रतिनिधित्व

---

**धारा १८**

२ (...) उनीहरूले लैङ्गिक सन्तुलन तथा देशका जनजाति र अल्पसंख्यक समूहहरूको उचित प्रतिनिधित्वको लागि प्रयास गर्नुपर्ने छ । (...)

---

धारा १८ मा प्रकट गरिएको मान्यता किन महत्वपूर्ण छ भने यो (सार्वजनिक संस्थाहरूमा समानतालाई बढावा दिने कार्य) आफैँमा एउटा साध्य हो । तर राष्ट्रिय संयन्त्रसँग

प्रभावकारी सिफारिसहरू गर्नको लागि चाहिने सूचना सङ्कलन गर्ने ज्ञान र क्षमता हुनुपर्ने कुरालाई सुनिश्चित गर्नु पनि अत्यन्तै महत्वपूर्ण छ।

समाजभित्रका विभिन्न समूहका सांस्कृतिक, धार्मिक तथा भौतिक आवश्यकताहरूप्रतिको संवेदनशीलता र ती समूहसम्बन्धी ताजा ज्ञानले राष्ट्रिय संयन्त्रका सदस्यहरूलाई उक्त समूहका बन्दीहरूका आवश्यकता पूरा गर्न आफू सफल वा असफल भइरहेको कुरा बुझ्न समर्थ तुल्याउँछ। यसर्थ राष्ट्रिय संयन्त्रमा हुने लैङ्गिक सन्तुलन र जनजाति, अल्पसंख्यक समूह तथा अपाङ्गहरूको प्रतिनिधित्वले यसको कार्यादेश बढी प्रभावकारी ढङ्गले पूरा गर्न सघाउ पुऱ्याउँछ। राष्ट्रिय संयन्त्रका सदस्यहरूले अन्तर्वार्ता लिइने मानिसहरूसँग सोझै कुरा गर्न सकेको खण्डमा साधारणतया तिनले राम्रो सूचना प्राप्त गर्नसक्ने हुनाले यस संयन्त्रका सदस्यहरूमा भाषिक क्षमताको विविधता हुनु पनि महत्वपूर्ण कुरा हो (राष्ट्रिय संयन्त्रका सदस्यहरूमा हुने भाषिक विविधताले दोभासेहरूमाथि भर पर्दा व्यहोर्नु पर्ने खर्च र असुविधालाई घटाउन पनि सघाउ पुऱ्याउँछ)।

बन्दी र कैदीहरूलाई अत्यन्तै अन्तरङ्ग विषयहरूमा फरक लिङ्गका व्यक्तिहरूसित कुरा गर्दा हुने सहज वा असहज अनुभूतिको तह फरक फरक हुनसक्छ। उदाहरणको लागि, महिला बन्दीसँग महिलाले अन्तर्वार्ता लिँदा उसले यौनजन्य हिंसा वा दुर्व्यवहारबारे निकै नै खुलेर कुरा गर्नसक्ने सम्भावना हुन्छ। त्यसैगरी खास जनजाति वा अल्पसंख्यक समूहका सदस्यहरूलाई आफ्नै समूहको मानिससँग थुना स्थलमा आफूप्रति गरिने व्यवहारबारे कुरा गर्न बढी सहज हुन्छ। तर आफूभन्दा अर्को समूहको मानिससँग कुरा गर्दा त्यस्तो कुरा गर्नुमा उसको मनसाय के होला भनेर स्वभावतः आशङ्का उत्पन्न हुन्छ।

यी कारणहरूले गर्दा धारा १८ मा प्रकट गरिएको उद्देश्यलाई घरेलु कार्यान्वयनकारी कानुनमा र राष्ट्रिय संयन्त्रका सदस्यहरू नियुक्त गर्ने प्रक्रियामा समाहित गर्नुपर्छ।

## ५.३ एपीटीका सुझाव

- कार्यान्वयन गर्ने कानुनद्वारा राष्ट्रिय संयन्त्रको सदस्यमा वकिल, चिकित्सक, मनोवैज्ञानिक र मनोचिकित्सक, प्रहरी, कारागार प्रशासन तथा मनोचिकित्सा सम्बन्धी संस्थाहरूमा अनुभव आर्जन गरेका व्यक्ति, गैससका प्रतिनिधि, थुना स्थलको भ्रमणसम्बन्धी अनुभवप्राप्त व्यक्ति, खास गरेर जोखिममा रहेका समूहहरूसँग काम गरेको अनुभव भएका व्यक्ति, मानवशास्त्री तथा सामाजिक कार्यकर्ताहरू लगायत सान्दर्भिक विज्ञताको सम्मिश्रण गराइने कार्यादेशको व्यवस्था गरिनु पर्छ।
- त्यस्ता विज्ञहरू संलग्न गराउन र ती विज्ञहरूलाई (र राष्ट्रिय संयन्त्रका नियमित कर्मचारी) राष्ट्रिय संयन्त्रका भ्रमणमा सरिक गराउन कानुनद्वारा खुलस्त रूपले राष्ट्रिय संयन्त्रलाई अनुमति दिइनु पर्छ।
- कानुनद्वारा राष्ट्रिय संयन्त्रको सदस्यमा अपाङ्ग व्यक्तिलगायत जनजाति र अल्पसंख्यक समूहहरूको लैङ्गिक सन्तुलन तथा उचित प्रतिनिधित्व कायम हुने उद्देश्य निर्धारित गरिनु पर्छ।

# भ्रमणसम्बन्धी प्रत्याभूति र अधिकार

# ६


| | | |
|---|---|---|
| ६.१ | थुनाका सबै क्षेत्रमा पहुँच | ६८ |
| ६.२ | सूचनामा पहुँच | ७३ |
| ६.३ | व्यक्तिप्रतिको पहुँच | ७५ |
| ६.४ | बन्दी, कर्मचारी तथा अन्यको सुरक्षा | ७७ |
| ६.५ | एपीटीका सुझाव | ७९ |

## ६.१ थुनाका सबै क्षेत्रमा पहुँच



**धारा २०**

राष्ट्रिय संयन्त्रहरूलाई तोकिएको कार्यदेश निर्वाह गर्न सबल बनाउने उद्देश्यले पक्ष राष्ट्रहरूले देहाय बमोजिमको गर्नेछन्:

क) हिरासत/कारागारमा स्वतन्तत्राबाट वञ्चित गरी राखिएका व्यक्तिहरूको संख्यासाथै त्यस्ता ठाउँहरूको संख्या तथा अवस्थितिसँग सम्बन्धित सम्पूर्ण सूचनासम्म पहुँच प्रदान गर्ने,

(...)

ग) बन्दी/थुनुवा राखिने सम्पूर्ण स्थानहरू तथा सोसँग सम्बन्धित संरचना एवम् सुविधासम्मको पहुँच प्रदान गर्ने,

(...)

ङ) आफूले भ्रमण गर्न तथा अन्तर्वार्ता लिन चाहेको स्थान तथा व्यक्ति छनोटको स्वतन्त्रता दिने, (...)

यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखअन्तर्गत "थुना स्थलहरू" को परिभाषाको व्यापक दायरा तथा यस प्रकारका स्थलहरू राष्ट्रिय संयन्त्रको भ्रमणका निम्ति खुला रहनु पर्ने आधारभूत आवश्यकताबारे माथि तेस्रो अध्यायमा व्याख्या गरिएको छ । यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको धारा २० मा राष्ट्रिय संयन्त्रले यी स्थलको भ्रमण गर्ने आधारभूत अधिकारलाई थप सुनिश्चितता र अधिकार प्रदान गरिएको छ ।

### *६.१.१ थुनाका जुनसुकै स्थानको पहुँच*

धारा २०(ग) अनुसार राज्यका अधिकारीहरूले राष्ट्रिय संयन्त्रलाई कुनै पनि थुना स्थलका सबै भागमा पहुँच दिनु जरुरी छ । उदाहरणको लागि, आवास, एकान्त कोठा, आँगन, व्यायाम गर्ने ठाउँ, भान्साकोठा, कार्यशाला, शैक्षिक स्थल, चिकित्सासम्बन्धी स्थल, सरसफाइसम्बन्धी स्थल तथा कर्मचारीका आवास कक्ष पर्दछन् । राष्ट्रिय संयन्त्रले थुना स्थलभित्रका सबै क्षेत्रको भ्रमण गरेर थुना स्थलको अवस्था तथा स्वतन्त्रता वञ्चित व्यक्तिहरूसँग गरिने व्यवहारको समग्र तस्वीर प्राप्त गर्नसक्छ ।

राष्ट्रिय संयन्त्रले थुना स्थलको सम्पूर्ण भागमा हिँडेर थुनागृह, भौतिक सुरक्षाको प्रबन्ध, थुनागृहको बनोट तथा स्वतन्त्रता वञ्चित व्यक्तिहरूको दैनिक जीवनमा महत्वपूर्ण भूमिका खेल्ने अन्य संरचनागत तत्वहरूको अवलोकन गर्नेछ । पहुँचको पूर्ण सुनिश्चितताले अधिकारीहरूलाई खास बन्दीहरूलाई थुनाको साबिक थलोबाट अन्यत्र लुकाएर राष्ट्रिय संयन्त्रका आँखा छल्न नदिने कुरामा पनि सघाउ पुऱ्याउँछ ।

जहाँसम्म पहुँचको अधिकारमा अपवाद चाहने कुरा छ, यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखले यसबारे स्पष्ट व्याख्या गरेको छ (उदाहरणको लागि, धारा १४(२) लाई अन्तर्राष्ट्रिय उपसमितिको हाराहारी राखेर हेर्नुहोस्) । यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखले राष्ट्रिय संयन्त्रको थुना स्थलका कुनै पनि भागको भ्रमण गर्न पाउने अधिकारको अपवाद उपलब्ध गराएको छैन । त्यस्तो अपवाद सुरक्षाको आधारमा समेत उपलब्ध हुँदैन । राष्ट्रिय कानुनमा थुना स्थलको कुनै पनि भाग कुनै पनि कारणले राष्ट्रिय संयन्त्रको निरीक्षणबाट कहिल्यै पनि लुकाउन नपाइने कुरा स्पष्ट पारिनु पर्छ ।

### ***६.१.२ भ्रमणका लागि स्थानको चयन***

धारा २०(ङ) मा राष्ट्रिय संयन्त्रलाई आफूले भ्रमण गर्ने स्थलहरूको छनोट गर्ने अधिकार हुनुपर्ने कुरामा जोड दिइएको छ । धारा २०(क) अनुरूप राष्ट्रिय संयन्त्रलाई प्रत्येक थुना स्थलमा राखिएका स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूको संख्याको साथै यस्ता स्थलहरूको संख्या तथा अवस्थितिबारे ठीक र अध्यावधिक सूचना उपलब्ध गराउनुपर्ने कुरा यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको एउटा शर्त हुनाको कारण यही नै हो । त्यसकारण कार्यान्वयन गर्न तय गरिने कानुनद्वारा यो सूचनामा पहुँच पाउने अधिकारको स्पष्ट व्यवस्था गरिनु पर्छ । व्यवहारमा यो सूचनाको साथै गैसस तथा मिडियासम्बन्धी श्रोतहरूबाट पाउने सूचनाको आधारमा मात्र राष्ट्रिय संयन्त्र यो सूचनाको विश्लेषण गरी भ्रमणका प्रभावकारी कार्यक्रमहरू बनाउन समर्थ हुनेछ ।

### ***६.१.३ आकस्मिक भ्रमण***

आकस्मिक भ्रमणहरू यातना तथा अन्य दुर्व्यवहारलाई प्रभावकारी रूपले रोकथाम गर्न उपयोगी हुने देखिएमा राष्ट्रिय संयन्त्रलाई विना पूर्व सूचना त्यस्ता भ्रमण गर्ने अधिकार

हुनुपर्ने कुरा त यसै स्पष्ट छ । जहाँसम्म अलि लामा सघन भ्रमणको कुरा छ, अधिकारीहरूलाई पूर्व सूचना दिँदा त्यस्ता भ्रमणहरू बढी फलदायी हुन सक्छन् । तर राष्ट्रिय संयन्त्रले छोटा आकस्मिक भ्रमणहरू गरेर मात्र थुना स्थलको दैनिक यथार्थको वास्तविक र विश्वसनीय अवस्था थाहा पाउन सक्छ । यातना तथा दुर्व्यवहार रोकथाम गर्ने सचेतनकारी उपायका रूपमा पनि राष्ट्रिय संयन्त्रले आकस्मिक भ्रमणहरू गर्नु आवश्यक हुन आउँछ ।

विभिन्न देशको दौडाहाको क्रममा थुना स्थलहरूको भ्रमण पनि गर्ने राष्ट्रसंघीय विशेष प्रतिवेदकले यस कुरालाई यसरी प्रस्तुत गरेका छन्:

> आकस्मिक भ्रमणको उद्देश्य विशेष प्रतिवेदकले थुना स्थलभित्रका विभिन्न भागको अवस्थाको सकेसम्म वास्तविक तस्वीर प्राप्त गर्ने उद्देश्यलाई सुनिश्चित तुल्याउनु हो । कुन स्थलको भ्रमण गर्न र कसलाई भेट्न चाहने भन्ने कुराको पहिले नै घोषणा गर्दा विद्यमान परिस्थितिलाई ढाकछोप वा हेरफेर गर्ने वा थुनामा रहेका व्यक्तिहरूलाई कतै सार्ने, धम्काउने वा प्रतिवेदकसँग भेट्न नदिने जोखिम रहन्छ । यो विशेष प्रतिवेदकले सामना गर्नुपर्ने दुर्भाग्यपूर्ण यथार्थ हो । वास्तवमा कुनै स्थलमा प्रवेश गर्न आधा घण्टामात्र ढिलो हुँदा पनि यस प्रकारका घटनाहरू घटेको पाइएको छ ।[६९]

धारा २० ले यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखमा अन्तर्निहित राष्ट्रिय रोकथाम संयन्त्रद्वारा आकस्मिक भ्रमण गर्न पाइने अधिकारसम्बन्धी निष्कर्षलाई जोड दिएको छ । राष्ट्रिय रोकथाम सयन्त्रको भ्रमण गर्ने अख्तियारसम्बन्धी धारा २० अन्तर्राष्ट्रिय समितिको भ्रमण गर्ने अख्तियारसँग निकै नै मिल्दोजुल्दो छ । यसमा महत्वपूर्ण भिन्नता एउटै मात्र छ । धारा १४(२) मा राज्यद्वारा उपसमितिको खास थुना स्थलको भ्रमणप्रति राज्यले आपत्ति जनाउन पाउने अपवादजन्य तथा सीमित आधारहरूको चर्चा गरिएको छ (जस्तो कि "राष्ट्रिय प्रतिरक्षा, सार्वजनिक सुरक्षा, प्राकृतिक प्रकोप वा भ्रमण गरिने स्थलमा विद्यमान गम्भीर अस्तव्यस्ततासम्बन्धी आधारहरू") । तर धारा १४ अनुसार यस्ता परिस्थितिमा जनाइने आपत्ति पनि अस्थायीमात्र हुनसक्छ । यसबाट निस्कने

[६९] यातनासम्बन्धी राष्ट्रसंघीय विशेष प्रतिवेदकद्वारा २००६ मा मानवअधिकार आयोगसमक्ष प्रस्तुत प्रतिवेदन, राष्ट्रसंघीय दस्तावेज E/CN.4/2006/6 (२३ डिसेम्बर २००५), अनुच्छेद २४ ।

तर्कसङ्गत निष्कर्ष के हो भने कुनै पनि सरकारलाई कस्तै परिस्थितिमा पनि राष्ट्रिय संयन्त्रद्वारा गरिने कुनै पनि भ्रमणप्रति अस्थायी रूपले आपत्ती जनाउने अधिकार छैन। राष्ट्रिय संयन्त्रलाई रात वा दिन कुनै पनि बेला पहुँचको अधिकार छ।

सम्बन्धित सरकार तथा विज्ञ समूहको निष्कर्ष के छ भने प्रभावकारी राष्ट्रिय संयन्त्रलाई आकस्मिक भ्रमण गर्ने अधिकार हुनैपर्छः

- २००६ मा यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेख लागू गर्ने कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रसंघीय विशेष प्रतिवेदकले भनेका छन्, "पक्ष राष्ट्रहरू राष्ट्रिय तहमा यातना रोकथाम गर्नका निम्ति एक वा अनेक स्वतन्त्र राष्ट्रिय संयन्त्रहरूलाई सबै थुना स्थलको आकस्मिक भ्रमण गर्न दिन सहमत भएका छन्।"[७०]
- २००६ मा संयुक्त अधिराज्यको संसदको मानवअधिकार समितिले सरकारद्वारा प्रकट गरिएको सहमतिको उल्लेख गर्दै यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखअन्तर्गत राष्ट्रिय संयन्त्रको कामका लागि "आकस्मिक भ्रमणको अधिकार महत्वपूर्ण रक्षाकवच हो" भन्ने स्पष्टोक्ति प्रकट गऱ्यो।[७१]
- २००५ मा यातना विरुद्ध राष्ट्रसंघीय समितिद्वारा यातना विरुद्धको महासन्धिअन्तर्गत अल्बानियाको पहिलो आवधिक प्रतिवेदनको जाँच गर्ने क्रममा यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको खाकाअन्तर्गत रहेर प्रहरी चौकीहरूको भ्रमण गर्ने मुद्दा उठ्यो। अल्बानियाले २००३ मा यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखलाई अनुमोदन गरेको थियो। समितिका सदस्य डा. रासमुसेनले यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखलाई सन्दर्भित गर्दै स्वतन्त्र विज्ञहरूको कामलाई साँच्ची नै प्रभावकारी बनाउनका निम्ति यस प्रकारका भ्रमणहरू नियमित रूपबाट हुनुपर्छ, र ती आकस्मिक हुनुपर्छ भन्ने कुरामा स्पष्टसँग

[७०] यातनासम्बन्धी राष्ट्रसंघीय विशेष प्रतिवेदकद्वारा २००६ मा मानवअधिकार आयोगसमक्ष प्रस्तुत प्रतिवेदन, राष्ट्रसंघीय दस्तावेज A/6/259 (१४ अगस्ट २००६), अनुच्छेद ६८ र ७५ पनि हेर्नुहोस्।

[७१] संयुक्त अधिराज्यको संसदको संयुक्त मानवअधिकार समितिद्वारा २००५-२००६ को सेसनमा प्रस्तुत २० औं प्रतिवेदन, २२ मे २००६, पृ. १७-२०।

जोड दिए ।[७२] यस बुँदालाई लिएर पूर्ण समितिले आफ्ना निष्कर्ष र सिफारिसहरूमा "अभियोजनकारी सार्वजनिक प्रतिरक्षा अधिकारीको कार्यालयले नियमित र आकस्मिक रूपले प्रहरी चौकीहरूको भ्रमण नगरेको" विषयमा चिन्ता प्रकट गर्दै अल्बानियाले "अभियोजनकारी सार्वजनिक प्रतिरक्षा अधिकारी तथा अन्य स्वतन्त्र निकायहरूलाई नियमित र आकस्मिक रूपले प्रहरी चौकीहरूको भ्रमण गर्न दिनुपर्छ" भन्ने सुझाव दियो ।[७३]

- यातनासम्बन्धी राष्ट्रसंघीय विशेष प्रतिवेदकले डिसेम्बर २००५ को आफ्नो प्रतिवेदनमा थुना स्थलका आफ्ना भ्रमणहरूमा लागू हुने मापदण्डहरू र ऐच्छिक आलेखका मापदण्डहरूका बीचमा समानता भएको कुरा औंल्याउँदै भनेका छन्, "थुना स्थलहरूको जाँचबूझ गर्ने स्वतन्त्रतामा पूर्व सूचना दिएर वा पूर्व सूचनाविना स्वतन्त्रता वञ्चित व्यक्तिहरू राखिएका कुनै पनि ठाउँमा कुनै रोकटोकविना जान पाइने कुरा स्वतःसिद्ध छ ।"[७४] उनले जोड दिँदै भनेकाछन्, "कतिपय अवस्थामा उसले अधिकारीहरूलाई आफूले भ्रमण गर्न चाहेका ठाउँहरूबारे जनाउ दिन सक्ने भए तापनि सबै स्थलको पहुँच भन्ने पदावलीमा अन्तर्निहित आशय के हो भने उसले पूर्व सूचना दिएर वा नदिएरै पनि भ्रमण गर्नसक्छ ।"[७५]
- २००६ मा चेक गणतन्त्रले रोकथाम भ्रमण गर्ने अधिकारीलाई "विना सूचना" थुना वा हिरासत स्थलहरूका सबै क्षेत्रहरूमा प्रवेश गर्न पाउने अधिकार दिने व्यवस्था गर्दै अभियोजनकारी सार्वजनिक प्रतिरक्षा अधिकारीसम्बन्धी कानुन संशोधन गरेपछि यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखलाई अनुमोदन गऱ्यो ।[७६]

---

[७२] यातना विरुद्ध राष्ट्रसंघीय समितिको १० मे २००५ मा आयोजित ६४९ औं बैठकको अभिलेख, राष्ट्रसंघीय दस्तावेज, CAT/C/SR.649 (१९ मे २००५), अनुच्छेद २६ ।

[७३] यातना विरुद्ध राष्ट्रसंघीय समितिको अल्बानियासम्बन्धी प्रारम्भिक प्रतिवेदनका निष्कर्ष तथा सुझावहरू, राष्ट्रसंघीय दस्तावेज, CAT/CO/34/ALB (मे २००५), अनुच्छेद ७(१) र ८(१) । बहराइनसम्बन्धी प्रारम्भिक प्रतिवेदनका निष्कर्ष र सुझावहरू पनि हेर्नुहोस्, राष्ट्रसंघीय दस्तावेज, CAT/C/CR/34/BHR (२१ जून २००५), अनुच्छेद ६(ञ), ७(छ) र ९ पनि हेर्नुहोस् । श्रीलङ्कासम्बन्धी दोस्रो आवधिक प्रतिवेदनका निष्कर्ष र सुझावहरू, राष्ट्रसंघीय दस्तावेज, CAT/C/LKA/CO/2 (१५ डिसेम्बर २००५), अनुच्छेद ११ र १८(ख) पनि हेर्नुहोस् ।

[७४] यातनासम्बन्धी राष्ट्रसंघीय विशेष प्रतिवेदकद्वारा २००६ मा मानवअधिकार आयोगसमक्ष प्रस्तुत प्रतिवेदन, राष्ट्रसंघीय दस्तावेज E/CN.4/2006/6 (२३ डिसेम्बर २००५), अनुच्छेद २२ र २३ ।

[७५] ऐजन, अनुच्छेद २४ ।

[७६] ३८१/२००५ मा संशोधन भई १ जनवरी २००६ मा लागू भएको अभियोजनकारी सार्वजनिक प्रतिरक्षा अधिकारीसम्बन्धी चेक कानुन । http//www.ocrance.cz

गणतन्त्र कोरियाको राष्ट्रिय मानवअधिकार आयोग राष्ट्रिय संयन्त्रका रूपमा मनोनयन गर्नका लागि विचाराधीन रहेको एउटा संस्था हो । यसको बन्दै गरेको कानुनमा आयुक्त र/वा विज्ञ भ्रमण टोलीलाई त्यसले भ्रमण गर्न पाउने अधिकारसम्बन्धी परिचयपत्र देखाएपछि "तत्काल" थुना वा हिरासत स्थलमा पहुँच दिइनु पर्ने व्यवस्था गरिएको छ ।[७७]

## ६.२ सूचनामा पहुँच

---

**धारा २०**

राष्ट्रिय रोकथाम संयन्त्रहरूलाई तोकिएको कार्यादेश निर्वाह गर्न सबल बनाउने उद्देश्यले पक्ष राष्ट्रहरूले देहाय बमोजिम गर्नेछन्:

क) धारा ४ ले निर्दिष्ट गरेअनुसार हिरासत/कारागारमा स्वतन्तत्राबाट वञ्चित गरी राखिएका व्यक्तिहरूको संख्यासाथै त्यस्ता ठाउँहरूको संख्या तथा अवस्थितिसँग सम्बन्धित सम्पूर्ण सूचनासम्म पहुँच प्रदान गर्ने,

ख) ती व्यक्तिहरूप्रति गरिने व्यवहार एवम् उनीहरूको बन्दी अवस्थासँग सम्बन्धित सम्पूर्ण सूचनामा पहुँच दिने, (...)

---

राष्ट्रिय संयन्त्रलाई धारा २०(क) अन्तर्गत प्राप्त हुने बन्दीहरूको संख्या र अवस्थिति तथा थुना स्थलहरूसम्बन्धी सूचना उक्त संयन्त्रद्वारा भ्रमण कार्यक्रम बनाउनको लागि अति आवश्यक छ । धारा २०(ख) ले समेट्ने सूचनाको शृङ्खला ज्यादै व्यापक छ जसमा व्यक्तिको स्वास्थ्यसम्बन्धी अभिलेख, भोजनको अवस्था, सरसफाइको व्यवस्था, कार्यतालिकाहरू (सेल, व्यायाम, भित्र/बाहिरको काममा बिताएको समयसमेतका अभिलेखहरू), आत्महत्या हुन नदिने व्यवस्था, अनुशासनसम्बन्धी अभिलेख आदि पर्दछन् ।

---

[७७] गणतन्त्र कोरियाको राष्ट्रिय मानवअधिकार ऐन, धारा २४(३) । हेक्का रहोस् कि यस धाराका अन्य भागहरू यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको भावनासँग बाझेका छन् जसमा बन्दीहरूसँग अन्तर्वार्ता लिने बेला उक्त स्थलका कर्मचारीहरू उपस्थित हुन सक्नेछन् भनिएको छ ।

**धारा २१**

(...)

२. राष्ट्रिय रोकथाम संयन्त्रबाट सङ्कलित गोप्य सूचनालाई विशेषाधिकार प्राप्त हुनेछ। सम्बन्धित व्यक्तिको प्रष्ट सहमति बेगर कसैको पनि व्यक्तिगत विवरण सार्वजनिक गरिने छैन।

---

राष्ट्रिय संयन्त्र आफ्ना कामकाजहरू गर्न समर्थ हुनका लागि त्यसले खासखास बन्दीहरूबारे विशिष्ट तथा ज्यादै संवेदनशील सूचनामा समेत पहुँच पाउनु पर्ने कुरा स्वतःस्पष्ट छ। सायद यसको सबैभन्दा स्पष्ट उदाहरण स्वास्थ्यसम्बन्धी सूचना हुनसक्छ। सम्भावना के पनि छ भने राष्ट्रिय संयन्त्रले थुना स्थलमा अन्य व्यक्तिहरूबारे अर्थात् कर्मचारीहरू वा गैससका सदस्यहरूबारे प्राप्त गर्ने सूचना पनि पेशागत प्रकृतिको नभएर व्यक्तिगत प्रकृतिको हुनसछ। कयौँ देशमा समान्यतया यस प्रकारको सबै सूचना गोप्यताको संरक्षण गर्ने कानुनअन्तर्गत गोप्य राख्ने व्यवस्था छ वा त्यस्तो व्यवस्था हुनुपर्छ।

यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखले यो सूचनामा राष्ट्रिय संयन्त्रले पहुँच पाउनु पर्ने व्यवस्था गरेको हुनाले निजी सूचना संरक्षणको निमित राज्यहरूले कुनै पनि विद्यमान कानुनको समीक्षा गर्नु र आवश्यक भएमा राष्ट्रिय संयन्त्रलाई उक्त सूचना प्राप्त गर्न र प्रयोग गर्न दिनको निम्ति कानुन पनि बनाउनु पर्छ। कतिपय अवस्थामा सार्वजनिक निकायहरूमा विद्यमान अपवादहरूले राष्ट्रिय संयन्त्रले गर्ने कामलाई समेटिसकेका हुन सक्छन्। अन्य अवस्थामा चाहिँ राष्ट्रिय संयन्त्रलाई यस प्रकारका निजी सूचनाको सङ्कलन, प्रयोग र संरक्षण गर्न समर्थवान तुल्याउन नयाँ विशेष कानुन बनाइनु पर्छ।

राष्ट्रिय संयन्त्रको कामबाट व्यक्तिहरूका गोप्यतासम्बन्धी अधिकारहरूको उल्लंघन नहोस् भन्ने कुरालाई र राष्ट्रिय संयन्त्रसमक्ष सबै व्यक्तिहरू खुलेर प्रस्तुत हुन सकून् भन्ने कुरालाई सुनिश्चित गर्न यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको धारा २१ अनुसार राष्ट्रिय संयन्त्रले निजी सूचनाको संरक्षण गर्नु जरुरी छ (माथि खण्ड ४.५ र तल खण्ड ६.३ हेर्नुहोस्)।

तर व्यक्तिविशेषले प्रकट रूपमै सम्मति दिएको अवस्थामा राष्ट्रिय संयन्त्रले सूचना खोल्न पाउने कानुन बनाउनु पनि एकदमै जरुरी छ । राष्ट्रिय संयन्त्र र सम्बन्धित व्यक्ति दुवैथरी सूचना खोल्न सहमत भएको अवस्थामा सरकारलाई "निजी गोप्यताको अधिकार" जस्तो आलङ्कारिक पदावली प्रयोग गरेर सूचनालाई छेक्ने छूट हुनु हुँदैन । राष्ट्रिय संयन्त्रद्वारा अन्तर्वार्ता लिइएको व्यक्तिले उसलाई अभियोजनकर्ताकहाँ वा मानवअधिकारसम्बन्धी न्यायालयमा आफ्नो उजुरी पेश गर्न अनुरोध गरेको अवस्थामा पनि सरकारलाई त्यसमा अङ्कुश लगाउने छूट हुनु हुँदैन ।[७८] राष्ट्रिय संयन्त्रमा निजी सूचनाबाट प्राप्त हुन आउने समग्र सूचना तथा निजी सूचनालाई साँच्ची नै अज्ञात राखिने गरी अन्य कुनै पनि प्रासङ्गिक सूचना प्रकाशित गर्नसक्ने अटल क्षमता हुनुपर्छ ।

## ६.३ व्यक्तिप्रतिको पहुँच

---

**धारा २०**

प्रस्तुत यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखका पक्ष राष्ट्रले राष्ट्रिय संयन्त्रहरूलाई तिनको कार्यादेश पूरा गर्न समर्थवान् बनाउनको निम्ति निम्नलिखित अधिकारहरू दिनुपर्ने छ:

(...)

घ) स्वतन्त्रताबाट वञ्चित गरिएका व्यक्तिहरू तथा राष्ट्रिय रोकथाम संयन्त्रले आफूले खोजेको सूचना दिनसक्छ भनी विश्वास गरिएका व्यक्तिहरूसँग दोभाषेको आवश्यकता परेमा बाहेक अन्य व्यक्तिको अनुपस्थितिमा गोप्य अन्तर्वार्ता लिने अवसर प्रदान गर्ने,

ङ) आफूले भ्रमण गर्न तथा अन्तर्वार्ता लिन चाहेको स्थान तथा व्यक्ति छनोटको स्वतन्त्रता दिने,

(...)

---

धारा २०(घ) ले राष्ट्रिय संयन्त्रहरूलाई आफूले छानेका व्यक्तिहरूसँग गोप्य रूपले अन्तर्वार्ता लिने अधिकार दिएको छ । राष्ट्रिय संयन्त्रले पीडितहरूकै मुखबाट तिनका कुरा

[७८] राष्ट्रिय संयन्त्रसम्बन्धी सुझावहरूबारे खण्ड ७ हेर्नुहोस् ।

सुनेर थुना स्थलहरूको स्थितिको बढी परिपूर्ण तस्वीर प्राप्त गरोस् भन्ने कुरालाई सुनिश्चित गर्नका निम्ति यस प्रावधानको ज्यादै ठूलो महत्व छ ।

स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूलाई बदला लिइएला कि भन्ने उति साह्रो डर नमानीकन दिल खोलेर आफ्ना कुरा भन्न छूट दिनका निम्ति अन्तर्वार्ताहरू गोप्य रूपले गरिनु अति जरुरी छ । यातनासम्बन्धी राष्ट्रसंघीय विशेष प्रतिवेदकको भनाइ के छ भने "कारागारको कुनै पनि अधिकारीले नदेख्ने वा नसुन्ने गरी बन्दीहरूको अन्तर्वार्ता लिने अधिकार" रोकथाम भ्रमणहरूको एउटा महत्वपूर्ण पक्ष हो ।[७९] उनी भन्छन्, "अन्यथा सत्यतथ्य सूचना प्राप्त गर्नको निम्ति निरीक्षण टोलीमाथि हुनुपर्ने बन्दीहरूको अति जरुरी विश्वासको सृजना हुनै सक्दैन ।"[८०]

यसर्थ कार्यान्वयनकारी कानुनले राष्ट्रिय संयन्त्रका अधिकारीहरू, बन्दीहरू वा अन्य कुनै व्यक्तिले गर्ने चियो वा निगरानीविना बन्दी तथा अरू व्यक्तिहरूको अन्तर्वार्ता लिन पाउने अधिकारलाई मान्यता दिनुपर्छ । यस प्रकारको चियो वा निगरानी कडिकडाउ रूपले निषेध गरिनु पर्छ । भ्रमण टोलीले सुरक्षाको कारणले पहरेदारहरूले सुन्ने तर उनीहरूले नदेख्ने गरी अन्तर्वार्ता लिन विशेष अनुरोध गरेको अवस्था यसको एकमात्र अपवाद हुनुपर्छ ।[८१]

भ्रमण टोलीलाई अन्तर्वार्ताको निम्ति अधिकारीहरूले छनोट गरेका ठाउँहरू स्वीकार गर्न लगाउनु हुँदैन । यसलाई आफूले उपयुक्त लाग्ने कुनै पनि पर्याप्त सुरक्षित ठाउँ छनोट गर्ने स्वतन्त्रता हुनुपर्छ ।[८२] कुनै थुना स्थलका कर्मचारीहरूले राष्ट्रिय नियन्त्रण संयन्त्रका

---

[७९] यातनासम्बन्धी राष्ट्रसंघीय विशेष प्रतिवेदकको प्रतिवेदन, राष्ट्रसंघीय दस्तावेज A/61/259 (१४ अगस्ट २००६), अनुच्छेद ७३ ।

[८०] यातनासम्बन्धी राष्ट्रसंघीय विशेष प्रतिवेदकको प्रतिवेदन, राष्ट्रसंघीय दस्तावेज A/61/259 (१४ अगस्ट २००६), अनुच्छेद ७३ ।

[८१] एपीटीको थुना स्थलहरूको अनुगमन: एक व्यावहारिक निर्देशिका (जेनेभा, २००४), पृ. ८० हेर्नुहोस् ।

[८२] एपीटीको थुना स्थलहरूको अनुगमन: एक व्यावहारिक निर्देशिका, ऐजन, पृ. ८० हेर्नुहोस् । ठाउँको छनोटले स्वतन्त्रताबाट वञ्चित व्यक्तिको मनोभावनामाथि प्रभाव पार्दछ । बन्दीका दृष्टिमा भ्रमण कर्ताहरू जुन ठाउँमा (उदाहरणको लागि प्रशासनिक कार्यालयहरू) थुना स्लथका कर्मचारी जस्ता देखिन्छन् त्यस्ता ठाउँमा अन्तर्वार्ता लिनु हुँदैन । भ्रमणकर्ताहरूले कसैले लुकेर कुरा सुन्न नपाउने ठाउँको छनोट गर्न सक्नुपर्छ । त्यस्ता सम्भावित ठाउँहरूमा बन्दी बसोबास गर्ने आवास, आगन्तुकहरू बस्ने कोठाहरू, आँगनहरू र पुस्तकालयहरू पर्दछन् ।

सदस्यहरूको निजी सुरक्षाको कुरा उठाएर अन्तर्वार्ता नलिनोस् भनेको खण्डमा त्यस्तो सल्लाहबारे होसियारीसाथ विचार गर्नुपर्छ। तथापि, राष्ट्रिय संयन्त्रका सदस्यहरूलाई आफ्नो निजी सुरक्षामाथि आइलाग्न सक्ने कुनै पनि जोखिम स्वीकार्य लागेमा उनीहरूलाई अन्तर्वार्ता लिने अधिकार हुनेछ।[८३]

यातनासम्बन्धी राष्ट्रसंघीय विशेष प्रतिवेदकले राष्ट्रिय नियन्त्रण संयन्त्रहरूद्वारा बन्दीहरूको सम्मति लिएर स्वतन्त्र रूपले उनीहरूको पूर्ण स्वास्थ्य परीक्षा गर्न सकिने सम्भावनाको महत्वमाथि पनि जोड दिएका छन्।[८४]

## ६.४ बन्दी, कर्मचारी तथा अन्यको सुरक्षा

---

**धारा २१**

१. कुनै पनि निकाय वा पदाधिकारीले कुनै व्यक्ति विशेष वा संघसंस्थाले राष्ट्रिय रोकथाम संयन्त्रसँग सम्पर्क गरेको वा उसका प्रतिनिधिलाई सत्य वा असत्य कुनै सूचना उपलब्ध गराएको आधारमा मात्र कारवाही गर्न कुनै आदेश दिने छैनन्, त्यसो गर्न अनुमति दिने छैनन् तथा त्यसो गरेमा सहन गर्ने छैनन् साथै यी व्यक्ति वा संस्थाप्रति कुनै पूर्वाग्रह राख्ने छैनन्। (...)

---

प्रत्येक थुनुवा, थुना केन्द्रमा कार्यरत पदाधिकारी, नागरिक समाजका सदस्य, तथा अन्य जो कोहीले राष्ट्रिय संयन्त्रसँग मौखिक वा लिखित रूपमा कुराकानी गरी सहज एवम् खुला अनुभूति गर्न सक्नु पर्दछ।

प्रथमत, (माथि खण्ड ४.५ र ६.२ मा चर्चा भए झैं) प्रत्येक व्यक्तिले आफूले बताएको कुरा राष्ट्रिय संयन्त्रबाहेक अरू कसैलाई पनि थाहा हुँदैन भन्ने सुनिश्चितताको लागि

---

[८३] एपीटीको थुना स्थलहरूको अनुगमनः एक व्यावहारिक निर्देशिका, ऐजन, पृ. ८१ हेर्नुहोस्। यस प्रकारको नियमको अनुसरण गर्नुको कारण के हो भने भ्रमणकर्ताहरूको निजी सुरक्षासम्बन्धी चिन्ताहरूलाई उनीहरूलाई बन्दीकहाँ पुग्न नदिने बाहानाको रूपमा सजिलै प्रयोग गर्न सकिन्छ।

[८४] यातनासम्बन्धी राष्ट्रसंघीय विशेष प्रतिवेदकको प्रतिवेदन, राष्ट्रसंघीय दस्तावेज A/61/259 (१४ अगस्ट २००६), अनुच्छेद ७३ र ७५।

हरसम्भव उपाय अवलम्बन गरिन्छ भन्नेमा विश्वस्त हुनुपर्दछ। यसको अर्थ निज व्यक्तिको प्रस्ट सहमति नरहेसम्म संयन्त्रले सूचनाको स्रोतको रूपमा त्यस्ता व्यक्तिको नाम उल्लेख हुँदैन साथै त्यसरी आएको सूचना सार्वजनिक गर्नु हुँदैन भन्ने पनि हो।

दोस्रो मुख्य कुरा भनेको राष्ट्रिय संयन्त्रलाई सहयोग गर्ने व्यक्ति सहयोग गरेकै आधारमा लिइने प्रतिसोध विरुद्ध सुरक्षित छ भनेर जानकार रहनु पर्दछ। यसरी, सो संयन्त्रसँग कुराकानी गरेकै कारणले वा संयन्त्रलाई दिएको सूचनाकै आधारमाा उनीहरू नकारात्मक परिणाम हुने कुनै पनि कार्यबाट पीडित बनाइनु हुँदैन। धारा २१ ले व्यवस्था गरेको सुरक्षा प्रावधानलाई यातना विरुद्धको महासन्धिको ऐच्छिक आलेखको कार्यान्वयनलाई सुनिश्चित तुल्याउन सो आलेख कार्यान्वयन गर्ने कानुनमा समावेश गरिनु पर्छ।

राष्ट्रिय संयन्त्रले सम्पर्क गर्ने व्यक्तिहरू मध्ये थुनुवाहरू नै हर किसिमको प्रतिसोधको जोखिममा हुन्छन्। यद्यपि त्यस्तो संयन्त्रलाई सहयोग गर्ने वा सुचना प्रदान गर्ने पदाधिकारीमा पनि अनुशासनको कारवाहीमा पर्ने वा अन्य पेशागत नकारात्मक असरको सिकार हुनुपर्ने डर रहन्छ। आफ्ना सहकर्मीहरू वा आफूभन्दा माथिल्लो दर्जामा रहेका पदाधिकारी पनि मुछिने भएमा यस्तो डर सृजना हुन जान्छ। राष्ट्रिय संयन्त्रलाई सहयोग गरेको परिणाम स्वरूप थुनुवाहरूलाई सेवा पुऱ्याउने वा लगातार रूपमा हिरासत अनुगमन गर्ने गैरसरकारी संस्था एवम् नागरिक समाजका सदस्यहरूको पहुँच वा हैसियतलाई अस्वीकार गरिन सक्ने हुँदा उनीहरूको कामको पनि सुरक्षा गरिनु पर्दछ।

राज्यका निकाय वा कसैले दिएको झूठो सूचनालाई पनि सुरक्षाको दायराभित्र पारिनु पर्छ, अन्यथा धारा २१ बमोजिम प्रदान गर्न खोजिएको सुरक्षा अनावश्यक भनेर हटाउने सम्भावना रहन्छ। यद्यपि के तथ्य प्रस्ट छ भने धारा २१ को आसय भने राज्यका निकायहरूको राष्ट्रिय संयन्त्रलाई दिग्भ्रमित बनाउन साथै सो संयन्त्रको काम कारवाहीमा हस्तक्षेप गर्ने गरेको कामको दायित्वबाट राज्यलाई जोगाउनु होइन। उदाहरणको लागि कारागारका व्यवस्थापकले कारागारमा कुनै थुनुवाको मृत्यु वा उसप्रतिको दुर्व्यवहार बारेको सूचना जानीजानी लुकाएको अवस्थामा धारा २१ ले निज व्यवस्थापकलाई सुरक्षा प्रदान गरेको सम्भावना रहेको भए पनि ऐच्छिक आलेखबाट निसृत हुने अन्तर्राष्ट्रिय दायित्वको त्यस किसिमको गम्भीर उल्लंघनको लागि राज्य नै जवाफदेही हुनु पर्दछ।

वास्तवमा संयुक्त राष्ट्रसंघीय यातना विरुद्धको महासन्धिले यातना वा अन्य दुर्व्यवहारलाई ढाकछोप गर्ने सम्मको सार्वजनिक पदाधिकारीको कामलाई कसुर करार गरेको अवस्थामा यो ऐच्छिक आलेखको धारा २१ ले यस्ता स्वतन्त्र फौजदारी दायित्वका विषयलाई नसमेट्ने भन्ने हुँदैन ।

## ६.५ एपीटीका सुझाव

- **ऐच्छिक आलेखको धारा २० मा व्यवस्था गरिएको अख्तियारी तथा धारा २१ ले तय गरेको सुरक्षा व्यवस्थालाई कार्यान्वयन गर्ने कानुनमा प्रत्यक्ष रूपमा समावेश गरिनु पर्दछ, राष्ट्रिय कानुन अन्तर्गत संरक्षित व्यक्तिहरू र राष्ट्रिय संयन्त्रले लागू गराउन सक्ने हुनुपर्छ ।**
- **त्यस्तो कानुनले राष्ट्रिय संयन्त्रलाई पूर्व सूचनाविना नै हिरासत भ्रमण गर्न सक्ने अधिकारको प्रस्ट व्यवस्था गर्नु पर्दछ ।**
- **राष्ट्रले व्यक्तिगत सूचनाको सुरक्षा गर्ने विद्यमान कानुनलाई पुनरावलोकन गरी ऐच्छिक आलेखको धारा २० अन्तर्गत राष्ट्रिय संयन्त्रलाई ती सबै सूचनासम्मको पहुँचलाई सुनिश्चित गर्नु पर्दछ ।**
- **राष्ट्रिय संयन्त्रले प्राप्त गरेको व्यक्तिगत सूचना नीजको सहमतीविना सार्वजनिक गरिनु हुँदैन । तथापि राष्ट्रिय संयन्त्रले प्राप्त गरेको सूचना तथा अन्य व्यक्तिगत विवरणलाई समग्र रूपमा प्रयोग गर्न पाउने अधिकार भने कानुनले सुनिश्चित गर्नु पर्दछ ।**
- **कानुनले राष्ट्रिय रोकथाम संयन्त्रलाई थुनुवा वा अन्य पदाधिकारीको निगरानी वा चियोचर्चोविना नै बन्दीको अन्तर्वार्ता लिन पाउने अधिकारलाई मान्यता दिनु पर्दछ । भ्रमण गर्ने टोलीको विशष अनुरोधमा अन्तर्वार्ता नसुनिने तर सुरक्षाको कारण सुरक्षाकर्मीले देख्न सक्ने स्थलमा अन्तर्वार्ता लिइने व्यवस्था गर्न सकिने अपवादबाहेक अन्य कुनै पनि प्रकारको चियोचर्चो वा निगरानीमा कडा प्रतिबन्ध लगाउनु पर्दछ ।**
- **भ्रमण गर्ने टोलीलाई सम्बन्धित निकायहरूले छनोट गरिदिएको स्थानमा नै अन्तर्वार्ता लिन बाध्य पारिनु हुँदैन र टोलीले पर्याप्त सुरक्षा भएको जुनसुकै स्थान छनोट गर्न पाउनु पर्दछ ।**

- राष्ट्रिय संयन्त्रको टोलीको व्यक्तिगत सुरक्षाको कारण देखाई हिरासतका पदाधिकारीले अन्तर्वार्ता लिन अवरोध सृजना गरेको खण्डमा पनि टोलीको सदस्यले आफूप्रति आइपर्ने कुनै जोखिम उठाउन तयार भए उनीहरूलाई अन्तर्वार्ताको क्रम अघि बढाउने अधिकार प्राप्त हुनुपर्दछ।

# ७

# राष्ट्रिय संयन्त्रका सुझाव र कार्यान्वयन


७.१ राष्ट्रिय संयन्त्रका सुझाव ८२
७.२ प्रतिवेदन ८६
७.३ एपीटीका सुझाव ८७

## ७.१ राष्ट्रिय संयन्त्रका सुझाव



**धारा १९**

राष्ट्रिय **रोकथाम** संयन्त्रहरूलाई न्यूनतम पनि देहायका अधिकार प्रदान गरिनेछः

(...)

(ख) संयुक्त राष्ट्रसंघका सान्दर्भिक मान्यताहरूलाई समेत ध्यान दिँदै स्वतन्त्रताबाट वञ्चित गरिएका व्यक्तिहरू प्रति गरिने व्यवहार एवम् यिनीहरूको अवस्थामा सुधार ल्याउने र यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको रोकथाम गर्ने उद्देश्यले सम्बन्धित निकाय समक्ष सुझावहरू प्रस्तुत गर्ने,

**धारा २२**

सम्बन्धित पक्ष राष्ट्रका सक्षम निकायहरूले राष्ट्रिय रोकथाम संयन्त्रबाट प्राप्त सुझावहरूको अध्ययन गर्नेछन् र तिनको कार्यान्वयनका लागि अवलम्बन गर्न सकिने सम्भावित उपायहरू बारेमा संयन्त्रसँग परामर्श गर्नेछन् ।

राष्ट्रिय संयन्त्रहरूको कार्यादेश हिरासत भ्रमण मात्र नभई यस क्षेत्रमा आवश्यक सुधारको लागि उपर्युक्त निकायहरू समक्ष सिफारिस प्रस्तुत गर्नु पनि हो । व्यवहारिक एवम् विशेषज्ञ सल्लाह तथा अवलोकनबाट तयार पारिएका त्यस्ता सिफारिसहरूलाई राष्ट्रले संयुक्त राष्ट्रसंघीय यातना विरुद्धको महासन्धि तथा अन्य अन्तर्राष्ट्रिय सन्धि वा प्रथागत कानुनमार्फत् उत्पन्न हुने दायित्वलाई राम्रोसँग पूरा गर्ने मौकाको रूपमा लिन सक्छ । व्यवहारतः ती सिफारिसहरू उपर रचनात्मक संवादमा प्रवेश गर्न तथा तिनको सिफारिसलाई कार्यान्वयन गर्न राज्यका निकायहरूलाई दरिलो उत्साह मिल्न सक्दछ ।

यो उत्साहलाई व्यवहारमा लागू गर्न धारा २२ ले स्थानीय तथा राष्ट्रिय स्तरका विभिन्न थुना केन्द्र वा राज्यका निकायहरूले सिफारिस कार्यान्वयनको सम्बन्धमा राष्ट्रिय संयन्त्रसँग सक्रियतासाथ छलफल गर्नु पर्ने अन्तर्राष्ट्रिय दायित्व सृजना गर्दछ । सरकारले यस दायित्वको सद्विश्वास सहित गर्ने परिपालनामा नै यो ऐच्छिक आलेखको उद्देश्य हासिल हुन्छ । यो मतभेदमा नभई सहकार्यमा आधारित छ । यसै कारणले स्थानीय

पदाधिकारीहरूले राष्ट्रिय संयन्त्रको कामलाई गम्भिरतापूर्वक लिनुपर्ने आवश्यकतालाई अझ प्रस्ट पार्न ऐच्छिक आलेख कार्यान्वयन गर्ने कानुनमा सम्बन्धित स्थानीय वा राष्ट्रिय पदाधिकारीहरूले संयन्त्रको सुझाव उपर मनन् गर्ने एवम् तिनको कार्यान्वयनका लागि सो संयन्त्रसँग संवाद गर्नु पर्ने दायित्वलाई प्रस्ट व्यवस्था गर्नु पर्दछ ।

यस प्रक्रियालाई सघाउ पुऱ्याउन राष्ट्रिय संयन्त्रको भ्रमण टोलीले आफ्नो भ्रमणबाट प्राप्त प्रारम्भिक परिणामहरूको बारेमा सम्बन्धित निकायहरूलाई यथाशिघ्र जानकारी गराउन पनि एपीटीले सल्लाह दिन्छ । यसले अविलम्ब सुझाव दिन र सरकारी निकायसँग रचनात्मक कार्यसंवाद स्थापना गर्न ती संयन्त्रहरू सक्षम हुनेछन् । प्रत्येक भ्रमणपश्चात् भ्रमण गरिएको हिरासतमा प्रत्यक्ष रूपमा जिम्मेवार व्यक्तिहरूसँग कुराकानी गर्नुपर्दछ । भ्रमणपछि लिखित पत्र वा प्रतिवेदनमार्फत् पृष्ठपोषण गराउनु पर्दछ । यस्तो प्रतिवेदनले सुझाव कार्यान्वयन गर्ने सम्बन्धमा संयन्त्र र सरकारका स्थानीय, क्षेत्रीय तथा राष्ट्रिय तहका पदाधिकारीहरूसँग गरिने रचनात्मक परामर्शको आधार तयार पार्दछ । त्यसपछि ती स्थानहरूमा गरिने भ्रमणको क्रममा अघिल्लोपटक गरिएका सुझावहरू पूर्ण कार्यान्वयन भए नभएको लेखाजोखा गर्नुको साथै अरू नयाँ विषय उठेको भए सो को समेत पहिचान गर्नु पर्दछ ।

ऐच्छिक आलेखले विशेष सिफारिसका लागि “सान्दर्भिक/सम्बन्धित” निकाय कुनकुन हुन सक्छन भनेर निर्धारण गर्ने अख्तियारी राष्ट्रिय संयन्त्रलाई नै दिइएको छ । अघि नै चर्चा गरिए झैं व्यवहारिक समाधान खोजिएका वा स्थानीय तहमा निर्धारण गरिनु पर्ने खालका विषयलाई कुनै खास संस्थासमक्ष प्रस्तुत गर्न सकिन्छ । समग्र प्रणाली उपर राष्ट्रिय तहमा नै निर्णय लिनु पर्ने भएमा वा कानुनमा संशोधन गर्नु पर्ने विषयहरू सरकारी संरचनाको माथिल्ला निकायहरू तर्फ निर्देशित हुनु आवश्यक हुन्छ जसबाट कार्यान्वयनको युक्तिसङ्गत अपेक्षा गर्न सकियोस् । यसरी सिफारिस प्राप्त गर्ने निकाय सिफारिस उपर प्रतिक्रिया दिन नसक्ने वा आफू त्यस्ता सिफारिसहरू कार्यान्वयन गर्न सक्षम निकाय नभएमा त्यस्तो गर्ने दायित्व भएको अन्य सक्षम निकायको पहिचान गरी प्राप्त सिफारिसमा कारवाहीका लागि अनुरोध गर्न सक्ने राष्ट्रिय कानुनले निर्दिष्ट गरे बमोजिमको परस्पर सम्बन्धित कर्तव्य भएको हुनुपर्दछ ।

भ्रमणको क्रममा राष्ट्रिय संयन्त्रले व्यक्तिगत मुद्दा हेर्नु पर्ने वा व्यक्तिगत उजुरी पनि सुन्नु पर्ने हुन्छ (भ्रमण गरिएको स्थानमा वा अन्य स्थानमा भएका व्यवहारका बारेमा) जसमा अनुसन्धान, जाहेरी, अभियोजन वा संयन्त्रको सामान्य "रोकथाम" कार्यादेशभन्दा बाहिरका काम हुनसक्छन् । यस्तो अवस्थामा अभियोजनकर्ताको कार्यालय वा व्यक्तिगत उजुरी उपर आवश्यक कारवाही गर्नसक्ने क्षेत्राधिकार भएको कुनै राष्ट्रिय मानवअधिकार संस्था "सान्दर्भिक/सम्बन्धित" निकाय हुन सक्छ र त्यस्तो व्यक्तिगत उजुरीमा त्यस निकायले अनुसन्धान गरोस् भन्ने सिफारिस गर्न सकिन्छ । यी अवस्थाहरूमा पनि निजी सूचना सार्वजनिक गर्न गरिएको निषेध प्रयुक्त नै हुन्छ, उजुरीकर्ताको सहमति पाएपछि मात्र निजको उजुरी एवम् सम्बन्धित सूचना अरु कसैलाई दिन सकिन्छ ।

राष्ट्रिय संयन्त्रलाई मजबुत बनाउन व्यवस्था गरिएको कानुनले सो संयन्त्रलाई सक्षम पदाधिकारीबाट प्रतिक्रिया प्राप्त गर्ने तथा संवाद थालनी गर्ने समयावधि तय गर्न पाउने अख्तियारी दिनु पर्दछ । उदाहरणको लागि मानवअधिकार रक्षकसम्बन्धी चेक गणतन्त्रको कानुनले कुनै मानवअधिकार रक्षकले हिरासत भ्रमण गरी सम्बन्धित पदाधिकारीहरू समक्ष आफ्ना सुझावहरू राखिसकेको अवस्थामा ती पदाधिकारीहरूको प्रतिक्रिया आइसक्नु पर्ने समय-सीमा तोक्न सक्छ ।[८५] यसरी तय गरिएको समयभित्र कुनै प्रतिक्रिया प्राप्त नभए वा अवलम्बन गरिएका उपायहरू पर्याप्त नभए अधिकार रक्षकले जिम्मेवार पदाधिकारीको यस बारेमा सम्बन्धित माथिल्लो दर्जाका अधिकारी, सरकार वा नामसमेत उल्लेख गरी सार्वजनिक गर्न सक्ने व्यवस्था पनि सो कानुले गरेको छ ।[८६] यहाँ के उल्लेख गर्नु उपयुक्त हुन्छ भने राष्ट्रिय संयन्त्रले दिने सुझाव वा प्रतिवेदन यसको अन्तिम लक्ष्य होइन न त यसले सङ्कलन गरेका सूचनाको प्रयोग यसले मात्रै गर्न सक्छ भन्ने हो ।[८७]

पहिलो, भ्रमणको अन्तरालमा राष्ट्रिय संयन्त्रले अन्य विधिबाट सुझावहरूको कार्यान्वयन सम्बन्धमा अनुगमन गर्नु पर्दछ । (यस्ता विधिहरूमा अधिकारीहरूसँग पत्राचार वा थुना

---

[८५] मानवअधिकार रक्षकसम्बन्धी चेक कानुन, दफा २१(क) ।

[८६] मानवअधिकार रक्षकसम्बन्धी चेक कानुन, दफा २१(क) र २०(२) ।

[८७] प्रभावकारी सुझाव तथा अनुगमनबारे विस्तृत जानकारीका लागि हेर्नुहोस् *मनिटरिङ प्रोसेस अफ डिटेन्सनः अ प्राक्टिकल गाइड* (जेनेभा २००४) ।

स्थलहरूमा बारम्बार भ्रमण गर्ने गैरसरकारी संस्थाहरूसँगको संचारमा भर पर्दछ ।) राष्ट्रिय संयन्त्रले थुना स्थलमा काम गर्ने व्यक्तिहरूका लागि तालिम गोष्ठी सञ्चालन गर्ने बारे विचार गर्न सक्दछ ।

दोश्रो, थुना स्थलमा भ्रमण गर्ने शिलशिलामा राष्ट्रिय संयन्त्रले उक्त थुना स्थल ल्याउनु पहिले बन्दीहरूले भोग्नु परेका व्यावहार तथा पूर्व थुना स्थलको अवस्थाको बारेमा जानकारी प्राप्त गर्न सक्दछन् । उदाहरणका लागि प्रहरी चौकीको अवस्था र त्यहाँ थुनिएका बन्दीहरू प्रति गरिने व्यवहार न्यायीक हिरासत (जहाँ व्यक्ति एकै स्थानमा अलि लामो समयसम्म रहन्छ र उ आफूलाई प्रहरी हिरासतमा भन्दा कम जोखिममा रहेको महसुस गर्दछ) को भ्रमणका बखत जानकारीमा आउँछन् । भविष्यमा कुन थुना स्थलको भ्रमण गर्ने र भ्रमणका बखत कस्ता सवालहरूमा केन्द्रित रहने भन्ने निश्चित गर्न राष्ट्रिय सयन्त्रले यस्ता जानकारीको प्रयोग गर्नुपर्छ ।

तेश्रो, कुनै एक थुना स्थलको भ्रमणबाट सङ्कलित जानकारीलाई प्रणालीगत तथा विषयगत प्रतिवेदन वा सुझावहरू विकसित गर्न प्रयोग गर्न सकिन्छ । यस प्रक्रियाले राष्ट्रिय सयन्त्रलाई ऐच्छिक आलेखको धारा १९(ग) मा व्यावस्था भए बमोजिम विद्यमान वा नयाँ कानुन सम्बन्धमा पुनरावलोकन गर्न वा सुधारको लागि प्रस्ताव प्रेषित गर्न मद्दत गर्न सक्छ ।

चौथो, कमै मात्रामा हुने अन्तर्राष्ट्रिय उपसमितिको भ्रमण पूर्व समितिलाई भ्रमण गर्न लागिएको देशको थुना स्थल बारेमा राम्रो जानकारी हुन आवश्यक छ । यस्तो जानकारी मध्ये केही सरकारले पनि उपलब्ध गराउन सक्छ । तथापी, अन्तर्राष्ट्रिय उपसमितिलाई उसले भ्रमण गर्ने खास स्थान बारेमा उदेश्यमूलक ढङ्गले योजना बनाउन सम्बन्धित देशको राष्ट्रिय संयन्त्रले नियमित रूपमा सूचना उपलब्ध गराएर सहयोग पुऱ्याउनु पर्दछ ।

## ७.२ प्रतिवेदन

**धारा २३**

यस आलेखका पक्ष राष्ट्रहरूले राष्ट्रिय संयन्त्रको वार्षिक प्रतिवेदन प्रकाशित र वितरण गर्नेछन् ।

स्वतन्त्रताबाट विमुख व्यक्तिहरूप्रति गरिने व्यवहार तथा थुना स्थलको दिगो सुधारलाई सुनिश्चित गर्नका लागि राष्ट्रिय संयन्त्रहरूले आफ्ना निष्कर्षबारे प्रतिवेदन तयार गर्न र तिनको प्रसार गर्न सक्षम हुनै पर्दछ ।[८८] रााष्ट्रिय संयन्त्रसँग आफ्ना वार्षिक प्रतिवेदनहरूमा वा कुनै भ्रमण प्रतिवेदनमा वा छुट्टै विशेष दाखिला वा प्रतिवेदनमा विद्यमान कानुन वा मस्यौदा कानुन सम्बन्धमा प्रस्ताव तथा अवलोकन प्रस्तुत गर्ने क्षमता हुनु पर्दछ ।[८९] धारा २३ ले राष्ट्रिय संयन्त्रहरूको वार्षिक प्रतिवेदन पक्ष राष्ट्र आफैले प्रकाशन गरी प्रसार गर्नेछ भन्ने कुरा सुनिश्चित गरिएको छ । तर यस व्यावस्थाले राष्ट्रिय संयन्त्रले आफै स्वतन्त्र रूपमा आफ्ना वार्षिक प्रतिवेदनहरू प्रकाशन तथा प्रसार गर्न चाहेमा बन्देज लगाएको छैन ।

ऐच्छिक आलेखमा भएका कुनै पनि कुराले राष्ट्रिय संयन्त्रलाई अन्य प्रतिवेदनहरू, खासगरी कुनै एक स्थानको भ्रमणबारेको प्रतिवेदन सार्वजनिक गर्ने निर्णय गर्न रोक लगाएको छैन । उदाहरणका लागि विभिन्न संस्थाहरू सम्बन्धमा उठेका सवालहरूले राष्ट्रिय संयन्त्रलाई विषयगत प्रतिवेदन प्रकाशित गर्न उत्साहित गर्न सक्छ । यस्ता प्रतिवेदनहरूले सम्बन्धित व्यक्तिको प्रस्ट स्विकृतिविना विवरण संलग्न नगर्ने भए तापनि व्याक्तिगत विवरणबाट प्राप्त समग्र तथा बेनामे विवरणहरू समावेश गर्न सक्दछन् ।[९०]

[८८] थुना स्थलको भ्रमणमा आधारित प्रतिवेदन तयारी सम्बन्धी उत्कृष्ट अभ्यास बारेमा विस्तृत जानकारीका लागि *मनिटरिङ प्रोसेस अफ डिटेन्सनः अ प्राक्टिकल गाइड* (जेनेभा, २००४) पृ. ८५-८९) ।

[८९] धारा १९( ग) पनि हेर्नुहोस् ।

[९०] माथि ४.५, ६.२, तथा ६.४ पनि हुर्नहोस् ।

## ७.३ एपीटीका सुझाव

- खास स्थानीय तथा राष्ट्रिय पदाधिकारीले प्राप्त सिफारिसहरू उपर विचार गर्ने एवम् ती सिफारिसहरू कार्यान्वयन गर्ने राष्ट्रिय संयन्त्रसँग छलफल गर्नु पर्ने दायित्वलाई कानुनमा प्रस्टसँग उल्लेख गरिनु पर्दछ।
- आफ्ना सिफारिसहरू सबैभन्दा बढी सम्बन्धित निकायसमक्ष प्रस्तुत गर्न पाउने अधिकारलाई सुनिश्चित गर्न राष्ट्रिय संयन्त्रलाई सरकारी तहका निकायको छनोट गर्न पाउने स्वतन्त्रता दिइनु पर्दछ। त्यस्तो निकाय व्यक्तिगत तवरले शासित भएको पनि हुन सक्छ वा राष्ट्रिय नेतृत्वको वरिष्ठ तह पनि हुन सक्छ जसले सिफारिस एवम् अन्य पत्राचार गर्न सक्दछ।
- सिफारिस एवम् अन्य पत्राचार प्राप्त गर्ने निकायले सिफारिस उपर प्रतिक्रिया दिन सक्ने वा आफू त्यस्ता सिफारिसहरू कार्यान्वयन गर्न सक्षम निकाय नभएमा राष्ट्रिय कानुनले निर्दिष्ट गरेको परस्पर सम्बन्धित कर्तव्य र दायित्व समेत भएको सक्षम निकायको पहिचान गरी प्राप्त सिफारिसमा कारवाही गर्न लेखी पठाउन सक्छ।
- राष्ट्रिय संयन्त्रलाई मजबूत बनाउने कानुनले सो संयन्त्रलाई सक्षम पदाधिकारीबाट प्रतिक्रिया प्राप्त हुनु पर्ने तथा संवाद थालनीको समयावधि तय गर्न पाउने अख्तियारी दिनु पर्दछ।

# राष्ट्रिय संयन्त्र र नागरिक समाज

# ८

प्रारम्भमा चर्चा गरिएझैँ, राष्ट्रिय संयन्त्र विश्वसनीय, भरोसायोग्य र प्रभावकारी होस् भन्नाका लागि राष्ट्रिय संयन्त्र निर्धारण प्रक्रियामा गैरसरकारी संस्थाहरू र नागरिक समाजका सदस्यहरूलाई सामेल गराइनु पर्दछ। भाग १० मा चर्चा भएझैँ केही गैरसरकारी संस्थाहरू आफैं पनि राष्ट्रिय संयन्त्रको अङ्ग बन्दछन्। तर धेरै अवस्थामा बाह्य छानविन तथा राष्ट्रिय संयन्त्रका लागि महत्वपूर्ण जवाफदेही श्रोत हुनु नै गैरसरकारी संस्थाहरूले राष्ट्रिय संयन्त्रका सम्बन्धमा निर्वाह गर्ने पहिलो भूमिका हो।

मानवअधिकारको क्षेत्रमा कार्यरत संस्थाहरूले खासगरी स्वतन्त्रताबाट विमुख भएका व्यक्तिहरूको हित रक्षा गर्ने कार्यमा नेतृत्व गरेका हुन्छन्। गैरसरकारी संस्थाहरू तथा नागरिक समाजका अन्य सङ्गठनहरू बन्दीहरूलाई विभिन्न किसिमका सेवा प्रदान गर्ने कार्यमा दैनिक रूपमा पहिलेबाटै थुना स्थलमा संलग्न भएका हुनसक्छन्। कतिपय अवस्थामा त सेवा प्रदान गर्ने कार्यमा रहेको उनीहरूको निरन्तरको संलग्नताले समग्र विश्लेषण वा त्यस स्थानको आलोचनात्मक प्रभावकारी बाह्य श्रोत बन्नमा कठिनाई उत्पन्न गर्छ। तथापि, उनीहरूको दैनिक उपस्थिती राष्ट्रिय संयन्त्रलाई आफ्नो भ्रमणको कार्यक्रमलाई उद्देश्यमूलक ढङ्गले योजना गर्न तथा आफ्नो तदर्थ भ्रमणमा देखापर्ने नसोचिएको परिस्थितिलाई चाँडो सामना गर्न सघाउनका लागि चाहिने सूचनाको उत्कृष्ट श्रोत हुनसक्छन्। यस्तो सूचनाले राष्ट्रिय संयन्त्रलाई आफूले कुनै स्थलमा गर्ने भ्रमणको क्रममा सबैभन्दा बढी चासोको विषयमा केन्द्रित हुन वा भ्रमणलाई उपलब्धिमूलक बनाउन सहयोग गर्नसक्छ।

भ्रमणको अन्तरालमा आफ्ना सुझावहरू कुन हदसम्म लागू भइरहेका छन् भन्ने कुरा निर्धारण गर्न पनि राष्ट्रिय संयन्त्रका लागि यस्ता संस्थाहरु सूचनाका महत्वपूर्ण श्रोत हुन सक्छन्। माथि भाग ६ मा चर्चा गरिएझैँ, राष्ट्रिय संयन्त्रलाई आफूले रोजेको, गैरसरकारी संस्थाहरू लगायत जो कसैसँग पनि गोप्य कुराकानी गर्ने अधिकार छ र कुनै पनि व्यक्ति वा संस्थालाई प्रत्याक्रमणको डरविना राष्ट्रिय संयन्त्रसँग गोप्य कुराकानी सञ्चार गर्ने अधिकार छ।

आफ्नो वकालत तथा सहायता कार्यमार्फत् गैरसरकारी संस्थाहरूले बन्दीहरूको उच्चतहको विश्वास आर्जन गरेका हुन सक्छन्। त्यस्ता गैरसरकारी संस्थाहरूले उपयुक्त ठानेमा

राष्ट्रिय संयन्त्रको अस्तित्व, हुन लागेका भ्रमण र राष्ट्रिय संयन्त्रको कार्यादेश तथा कार्यशैली बारे बन्दीहरू माझ सचेतना अभिवृद्धि गर्न र राष्ट्रिय संयन्त्रलाई सूचना प्रदान गर्न बन्दीहरूलाई प्रोत्सहित गरेर राष्ट्रिय संयन्त्रको प्रभावकारिता वृद्धि गर्न सक्दछन् ।

केही गैरसरकारी संस्थाहरू राष्ट्रिय संयन्त्रकै कार्यको अवलोकन, विश्लेषण तथा पृष्ठपोषणका महत्वपूर्ण श्रोत हुन्छन् । राष्ट्रिय संयन्त्रलाई सरकार तथा न्यायालयबाट पूर्ण स्वतन्त्रता प्रदान गर्नु पर्ने आवश्यकताको अर्थ यी संस्थाहरू राष्ट्रिय संयन्त्रको जवाफदेहिताका लागि अनुपयुक्त श्रोत हुन् । केही देशहरूमा व्यवस्थापिका र कार्यपालिका व्यावहारिक र राजनीतिक रूपमा आधारभूत रूपले एक अर्काबाट भिन्न हुँदैनन् । तसर्थ, राष्ट्रिय संयन्त्रको जवाफदेहिता सुनिश्चित गर्न  नागरिक समाज तथा गैरसरकारी संस्थाहरूको भूमिका महत्वपूर्ण हुन्छ । नागरिक समाजले संयन्त्रले गरेका काम तथा यसको प्रभावको अनुगमन र सार्वजनिक वा व्यक्तिगत रूपमा विश्लेषण गरेर सो भूमिका निर्वाह गर्न सक्छन् ।

गैरसरकारी संस्थाहरू एवम् नागरिक समाजले जनचेतना जगाएर सरकारमाथि पार्ने राजनीतिक दबाब पनि राष्ट्रिय संयन्त्रसँग रचनात्मक संवाद गर्न र यसले प्रस्तुत गरेका सिफारिस कार्यान्वयन गर्न सरकारलाई उत्साहित गर्ने एउटा महत्वपूर्ण आधार हो । गैरसरकारी संस्थाहरूले थुना स्थलहरूको निरन्तर भ्रमण गरेर राष्ट्रिय संयन्त्रले प्रस्तुत गरेका सुझावहरूको कार्यान्वयन भए नभएको अनुगमन गर्न सक्छन् । ती संस्थाहरूले निरन्तर भ्रमणको क्रममा प्राप्त गर्ने सूचना राष्ट्रिय संयन्त्रलाई उपलब्ध गराइरहेमा संयन्त्रको प्रभावकारितामा अभिवृद्धि हुन्छ ।

कतिपय मुलुकहरूमा गैरसरकारी संस्थाहरूले हिरासत भ्रमणको आफ्नै कार्यक्रम सञ्चालन गरिरहेका छन् । यातना विरुद्धको महासन्धिको ऐच्छिक आलेख एवम् यसबाट शासित हुने राष्ट्रिय संयन्त्रलाई दिइने भूमिकाले गैरसरकारी संस्थाले समानान्तर रूपमा गर्ने गरेको हिरासत भ्रमणको कामलाई विस्थापित गर्नु हुँदैन । ऐच्छिक आलेख यातना विरुद्धको महासन्धि अन्तर्गत यातना रोकथाम गर्न पर्ने पक्ष राष्ट्रको दायित्व मध्ये एक हो भन्ने कुरा माथि पनि छलफल गरिसकिएको छ । गैरसरकारी तवरबाट हुने हिरासत भ्रमण यातना रोकथामको एक उपयुक्त विधि हो जुन राष्ट्रिय संयन्त्र स्थापना भएपश्चात्

पनि जारिरहनु पर्दछ ।[९१] ऐच्छिक आलेखको प्रस्तावनाले नै रोकथाममूलक भ्रमणको महत्वलाई आत्मसाथ गरेको हुँदा कुनै पक्ष राष्ट्रमा स्वतन्त्र रूपले गरिरहेको हिरासत अनुगमनको कामलाई यस आलेखको प्रयोग गरी निरुत्साहित गर्ने प्रयासको यातना विरुद्धको समितिले आलोचना गर्न सक्ने देखिन्छ ।

अन्त्यमा, भ्रमणको क्रममा व्यक्तिगत सहायता माग गर्ने व्यक्तिहरूलाई उचित सहयोग प्रदान गर्ने कुरामा सक्षम हुनका लागि स्वतन्त्रताबाट विमुख व्यक्तिहरूलाई सहायता, समर्थन वा सेवा प्रदान गरिरहेका गैरसरकारी संस्थाहरूबारे पूर्ण र पछिल्लो जानकारी राष्ट्रिय संयन्त्रले निश्चित रूपमा राखेको हुनुपर्दछ । स्वतन्त्रताबाट विमुख व्यक्तिसँगको अन्तर्वार्ताको शुरुमै राष्ट्रिय संयन्त्रको भ्रमण टोलीले आफ्नो भूमिका के हुने, अन्तर्वार्ता लिइएको व्यक्तिलाई कसरी सहयोग गर्ने वा नगर्ने कुरा खुलस्त रूपमा बताउन आवश्यक छ । राष्ट्रिय संयन्त्रका व्यक्तिहरू आवश्यतालाई सम्बोधन गर्न वास्तवमै प्रत्यक्ष सेवा प्रदान गर्ने संस्थासमक्ष उपयोगी सिफारिस गर्न सक्षम भएमात्र उनीहरूले संयन्त्रलाई सूचना दिन सक्ने सम्भावना रहन्छ ।

[९१] उदाहरणको लागि २००४ मा अर्जेन्टिनाको आवधिक पुनरावलोकन गर्दा यातना विरुद्धको समितिले हिरासतमा गैरसरकारी संस्थाको पहुँच सम्बन्धमा सूचना माग गरेको थियो जबकी अर्जेन्टिनाले यो आलेख अनुमोदन गरी राष्ट्रिय संयन्त्र स्थापना गर्ने प्रक्रिया समेत शुरु गरिसकेको थियो । ग्ल म्इत्रृ। ऋब्त्रऋरक्चटद्दद्द (२२ नोभेम्बर २००४), अनुच्छेद ४९ ।

# अन्तर्राष्ट्रिय स्तरमा राष्ट्रिय संयन्त्र

१

**धारा २०**

राष्ट्रिय रोकथाम संयन्त्रहरूलाई तोकिएको कार्यादेश निर्वाह गर्न सबल बनाउने उद्देश्यले पक्ष राष्ट्रहरूले देहाय बमोजिम गर्नेछन्:

(...)

(च) रोकथाम उपसमितिसँग सम्पर्क राख्ने, यसलाई सूचना पठाउने र उपसमितिसँग भेटघाट गर्ने अधिकार प्रदान गर्ने ।

यदि ऐच्छिक आलेखको भ्रमणहरूको विश्वप्यापी प्रणालीको अवधारणलाई पूर्ण कार्यान्वयन गर्ने हो भने राष्ट्रिय संयन्त्रले अन्तर्राष्ट्रिय स्तरमा नै अन्तर्क्रिया गर्नुपर्ने हुन्छ । राज्यले राष्ट्रिय संयन्त्रहरू तथा अन्तर्राष्ट्रिय उपसमितिबीच प्रत्यक्ष एवम् गोप्य सम्पर्क गर्न पाउने अनुमति दिनुपर्छ भन्ने प्रावधान राखेर ऐच्छिक आलेखले यो अवधारणालाई प्रस्ट रूपमा मान्यता दिएको छ । प्रत्यक्ष एवम् गोप्य सम्पर्क दुवै तर्फबाट हुनसक्छ र अन्तर्राष्ट्रिय उपसमितीले यस कार्यमा सक्रिय भूमिका खेल्नेछ भन्ने सोच राखिएको छ ।

**धारा ११**

यस उपसमितिले:

(...)

ख) राष्ट्रिय रोकथाम संयन्त्रहरूको सम्बन्धमा:

अ) यी संयन्त्रहरूको स्थापनार्थ पक्ष राष्ट्रहरूलाई सल्लाह प्रदान गर्ने एवम् सहयोग गर्नेछ,

अ) क्षमता अभिवृद्धि एवम् सुदृढीकरण गर्न राष्ट्रिय रोकथाम संयन्त्रहरूलाई प्रत्यक्ष एवम् आवश्यक परेमा गोप्य तवरले समेत सम्पर्क गर्ने तथा तालिम एवम् अन्य प्राविधिक सहयोग प्रदान गर्नेछ,

आ) स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायबाट सुरक्षा दिने उद्देश्यले ती संयन्त्रहरूलाई सुदृढ पार्ने आवश्यकता तथा श्रोत साधनको मूल्याङ्कनमा सल्लाह तथा सहयोग प्रदान गर्नेछ,

इ) स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायबाट जोगाउन राष्ट्रिय रोकथाम संयन्त्रहरूको क्षमता र कार्याधिकारलाई सशक्त बनाउन पक्ष राष्ट्रहरू समक्ष सिफारिस प्रस्तुत गर्नेछ,

**धारा १२**

रोकथाम उपसमितिलाई धारा ११ मुताविक दिइएको कार्याधिकार सम्पन्न गर्न सबल तुल्याउनका लागि पक्ष राष्ट्रहरूले निम्नानुसार गर्नेछन्:

(...)

ग) रोकथाम उपसमिति र राष्ट्रिय रोकथाम संयन्त्रहरू बीच सम्बन्ध स्थापित गर्न उत्साहित गर्न एवम् त्यसलाई सहजीकरण गर्ने,

(...)

---

यी धाराहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूलाई यातना तथा दुर्व्यवहारका अन्य रूपहरूलाई रोकथाम गर्ने विधि र रणनीतिहरू सारभूत रूपले आदान-प्रदान गर्न समर्थ बनाउँछन् । त्यसकारण उपसमिति र राष्ट्रिय संयन्त्रहरूले आवश्यकताअनुसार छुट्टाछुट्टै भेटघाट गरी आदान-प्रदान गर्न सक्छन् । राष्ट्रिय संयन्त्रहरूले आ-आफ्ना प्रतिवेदन र अन्य कुनै सूचना आपसमा आदान-प्रदान गरी अन्तर्राष्ट्रिय संयन्त्रसमक्ष पठाउन सक्छन् ।

उपसमितिद्वारा राज्यका राष्ट्रिय संयन्त्रहरूसम्बन्धी पक्षहरूलाई सहयोग तथा सल्लाह उपलब्ध गराउने सम्भावना यो सम्बन्धको अर्को महत्वपूर्ण आयाम हो । त्यसकारण उपसमितिलाई धारा २ अनुसार यातना तथा दुर्व्यवहारका अन्य स्वरूपहरूलाई रोकथाम गर्ने क्षमतालाई दरिलो बनाउने उद्देश्यले राष्ट्रिय संयन्त्रहरू स्थापना गर्नेबारे पक्ष राष्ट्रसमक्ष सिफारिसहरू गर्ने कार्यादेश प्राप्त छ ।

उपसमितिले राष्ट्रिय संयन्त्रहरूको क्षमता वृद्धि गर्ने दृष्टिले तिनलाई प्रत्यक्ष रूपले तालिम र प्राविधिक सहयोग दिन पनि सक्छ । उपसमितिले ती संयन्त्रहरूलाई स्वतन्त्रता वञ्चित व्यक्तिहरूको संरक्षण कार्यमा सुधार गर्नको लागि आवश्यकताहरू र आवश्यक साधनहरूको मूल्याङ्कन गर्ने सल्लाह दिन र सहयोग गर्न सक्छ ।

राष्ट्रले विभिन्न राष्ट्रका राष्ट्रिय संयन्त्रहरूबीचको अन्तर्क्रियालाई छूट दिनु र त्यसको लागि सहजीकरण गर्नु पर्दछ ।

## एपीटीका सुझाव

- राष्ट्रिय संयन्त्रहरूलाई अन्तर्राष्ट्रिय उपसमितिसँग गोप्य वा खुला रूपले सूचना आदान-प्रदान गर्ने अधिकार हुनु पदर्छ।
- राज्यहरूले विभिन्न देशका राष्ट्रिय संयन्त्रहरूको बीचमा सूचना आदान-प्रदान गर्ने कार्यलाई छूट दिनु र सोको लागि सहजीकरण गर्नु पर्दछ।

# साङ्गठनिक स्वरूपको चयन

# १०


| | | |
|---|---|---|
| १०.१ | परिचय | ९८ |
| १०.२ | नयाँ कि विद्यमान निकाय | ९९ |
| १०.३ | बहुपक्षीय संयन्त्र | ११३ |

**धारा १७**

प्रत्येक पक्ष राष्ट्रले यो आलेख कार्यान्वयनमा आएपछि वा अनुमोदन वा सम्मिलन गरेपछि राष्ट्रिय स्तरमा यातनाको रोकथाम गर्न ढिलोमा पनि एक वर्ष भित्र एक वा धेरै स्वतन्त्र राष्ट्रिय रोकथाम संयन्त्रहरूको व्यवस्था, नियुक्ति वा स्थापना गर्नेछन् । विकेन्द्रित इकाइहरूले यस आलेखका प्रावधानहरूसँग तादम्यता रहने किसिमले स्थापना गरेका संयन्त्रहरूलाई समेत यस दस्तावेजको प्रयोजनको लागि राष्ट्रिय रोकथाम संयन्त्रहरू मानिने छ ।

## १०.१ परिचय

ऐच्छिक आलेखले राष्ट्रिय संयन्त्रहरूका लागि विशिष्ट सङ्गठनात्मक स्वरूपको सिफारिस गर्दैन । प्रत्येक राष्ट्रले स्वतन्त्रताको प्रत्याभूति गरी, विविध विज्ञसहितको प्रतिनिधित्व हुने र आवश्यक अधिकारहरू दिने शर्तमा आफ्नो राजनीतिक र भौगोलिक सन्दर्भ अनुकूलको संरचनाको छनोट गर्न सक्छ ।

नयाँ निकायको ढाँचा तथा विद्यमान निकायको मनोनयनसित तथा सिङ्गै मुलुकका लागि प्रयोग गरिने एउटै एकीकृत संयन्त्र वा विभिन्न क्षेत्रहरूका लागि प्रयोग गरिने अनेक संयन्त्रहरू वा संस्थाका प्रकारहरूका आ-आफ्नै विशेष फाइदा वा बेफाइदाहरू हुन्छन् । तर यीमध्ये कुनै पनि तरिका आफैंमा अन्य तरिकाहरूभन्दा श्रेष्ठ भने हुँदैन । नयाँ संयन्त्रहरू अर्थात् विद्यमान संयन्त्रहरू छनोट गर्दा र एउटै राज्यका लागि एकल वा बहुल राष्ट्रिय संयन्त्रको छनोट गर्दा उठ्ने प्रश्नहरूबारे पछिल्ला खण्डहरूमा छलफल गरिएको छ ।

सबै सन्दर्भमा हेक्का राख्नुपर्ने महत्वपूर्ण कुरा के हो भने राष्ट्रिय संयन्त्रको संरचना जस्तोसुकै किन नहोस् त्यस संरचनाका व्यक्ति सदस्यहरू स्वयं रोकथाम भ्रमणहरू गर्ने कार्यमा व्यक्तिगत रूपले स्वतन्त्र र प्रभावकारी नभएको खण्डमा त्यो प्रभावकारी हुन सक्दैन ।

## १०.२ नयाँ कि विद्यमान निकाय

### *१०.२.१ पुनरावलोकन*

सिद्धान्ततः निर्माण गरिएको राष्ट्रिय संयन्त्र समान प्रकृतिको भएमा त्यो यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको अनुमोदनपछि निर्माण गरिएको नयाँ निकाय होस् वा कुनै विद्यमान संयन्त्रद्वारा यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखका जिम्मेवारीहरू पूरा गर्ने व्यवस्था गरियोस् त्यसबाट केही फरक पर्दैन । तर व्यवहारतः देश विशेषमा यो वा त्यो तरिकाका आफ्नै फाइदा र बेफाइदाहरू हुन्छन् ।

प्रत्येक राष्ट्रिय सन्दर्भमा विचार गर्नुपर्ने पक्षहरू यस प्रकार छन्:

- नयाँ संयन्त्र स्थापना गर्दा त्यो यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखका शर्तहरूसँग मिल्दोजुल्दो होस् भन्ने उद्देश्यले त्यसले प्राप्त गर्ने कार्यादेश, स्वतन्त्रता, प्रष्ट परिभाषित र भ्रमण गर्ने र परामर्श दिने अधिकारको प्रत्याभूति हुनु पर्दछ ।
- के नयाँ संयन्त्रको स्थापना गर्दा त्यसबाट विद्यमान संयन्त्रका कामको नक्कल हुन्छ ? अर्कोतिर, विद्यमान निकायहरूले यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखमा जनाइएअनुसार थुना स्थलहरू नसमेटिने भएमा यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखले समेट्ने सबै स्थलहरूमा पहुँच हुने खालको नयाँ निकायको निर्माण गरी त्यो अभाव पूरा गर्न सजिलो होला ?
- के कुनै विद्यमान निकायमा नयाँ संरचनाले भन्दा बढी विश्वसनीयता प्राप्त गर्ने खालको संस्थागत परम्परा र प्रतिष्ठा छ ? अथवा कि वास्तविकता त्यसको विपरीत छ ?
- विद्यमान निकायमा काम गर्ने प्रचलित अभ्यासहरू के कस्ता छन् ? थुनामा रहेको व्यक्ति, सार्वजनिक अधिकारी र आम जनताले त्यसको भूमिकालाई (प्रभावकारी वा अप्रभावकारी) कस्तो रूपमा हेर्ने गरेको छ ? के त्यसले यसअघि यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखअन्तर्गत राष्ट्रिय संयन्त्रले गर्ने कार्यसँग बाझ्ने खालको कुनै फरक कार्यादेश वा कार्यविधिको अभ्यास गरेको छ ?
- विद्यमान निकायको ढाँचा तयार पार्दा नागरिक समाज (खास गरेर यातना, दुर्व्यवहार र थुनाका अवस्थाहरूको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरू) लाई उक्त प्रक्रियामा खुला रूपले समावेश गरिएको थियो ?

- के विद्यमान निकायमा राष्ट्रिय संयन्त्रको लागि आवश्यक पर्ने बहुविद्यागत विज्ञता र आवश्यक विविधता पहिलेदेखि नै कायम छ ? छैन भने के त्यस निकायमा विज्ञता वा विविधता थप्न सकिन्छ कि त्यसको लागि नयाँ निकायकै निर्माण गर्नुपर्छ ?

विद्यमान निकायलाई अनुमोदन गर्दा सधैं त्यसले प्राप्त गर्ने कार्यादेश, त्यसको क्षेत्राधिकार, स्वतन्त्रता, सदस्यता, अख्तियार र जमानतहरूको सावधानीपूर्ण र व्यापक समीक्षा गर्नु जरुरी हुन्छ जसले गर्दा त्यसबाट यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखका शर्तहरू पूरा गर्न सकियोस् । प्रायः धेरै अवस्थामा कानुनी संशोधन वा थप श्रोत-साधन वा दुवैमार्फत् केही न केही परिवर्तन गर्नु जरुरी हुन्छ ।[९२]

यस सन्दर्भमा राज्यले कुनै विद्यमान राष्ट्रिय निरीक्षण निकायलाई राष्ट्रिय संयन्त्रका रूपमा अनुमोदन गर्दा उक्त निकायद्वारा यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखमा उल्लेख भएअनुसार गरिने कुनै पनि "थुना स्थल" को निरीक्षण भ्रमणलाई यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखले प्रत्याभूति गरेको निरीक्षण भ्रमण मानिने कुरालाई स्वीकार गर्नु जरुरी छ । एउटा अनुमानित उदाहरणबारे विचार गरौंः

> समुदायको एउटा स्वयंसेवी समूहले कैदीहरूलाई उनीहरू रिहा भएपछि बढी प्रभावकारी ढङ्गले समाजमा घुलमिल हुनको लागि बाहिरी संसारको सम्पर्कमा रहन हौसला दिने उद्देश्यले पहिले नै भेटिसकेको छ । उक्त समूहलाई राष्ट्रिय संयन्त्रका रूपमा मनोनयन गरिएको छ । कुनै स्वयंसेवक एउटा कैदीलाई पुस्तक दिन जाने क्रममा अर्को बिरामी कैदीलाई भेट्न पुग्छ । त्यस स्वयंसेवकले त्यो कैदीको मेडिकल रेकर्ड हेर्न माग्दा अधिकारीहरू दिन इन्कार गर्छन् । अर्की स्वयंसेविकाले साझा कक्षामा एकजना कैदीसँग कुराकानी गर्ने क्रममा नियम तोड्ने कैदीलाई

[९२] खण्ड १०.३.१ मा के कुराको चर्चा गरिएको छ भने राज्यले बहुल प्रकृतिको राष्ट्रिय संयन्त्रलाई अनुमोदन गरेको खण्डमा प्रत्येक राष्ट्रिय संयन्त्रले यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखका शर्तहरू अनिवार्य रूपले पूरा गर्नुपर्छ । खास गरेर कुनै थुना स्थलको निरीक्षण भ्रमण अन्य कुनै निकायले नभई उक्त राष्ट्रिय संयन्त्रले मात्र गर्ने हो भने एउटा तत्वले स्वतन्त्रतासम्बन्धी शर्तहरू पूरा गर्छ, अर्कोले विज्ञतासम्बन्धी शर्तहरू पूरा गर्छ, अर्कोले सूचनाको हकसम्बन्धी शर्त पूरा गर्छ आदिमात्र भन्नु पर्याप्त हुनेछैन ।

जेलभित्रको सेलमा एक्लै राखिएको कुरा थाहा पाउँछिन् । त्यो कैदीसँग तत्कालै एक्लै कुरा गर्न पाऊँभन्दा अधिकारीहरू उनको अनुरोधलाई अस्वीकार गर्छन् ।





यस्ता अवस्थाका हकमा राज्यले उक्त स्वयंसेवक वास्तवमा “यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेख” को निरीक्षण भ्रमण नगरी त्यसबखत अर्को कुनै पुरानो कार्यादेश पूरा गर्दै थियो, त्यसकारण ऊ यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखका लिखित शर्तहरू पालना गर्नुपर्ने अवस्थामा थिएन भनेर उम्किन पाउँदैन ।[९३] राज्यसँग तिनलाई लागू गर्ने वा नगर्ने तजबिजी अधिकार भएको खण्डमा धारा १८ देखि २२ सम्म यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखद्वारा राष्ट्रिय संयन्त्रका निमित्त तर्जुमा गरिएको हैसियत र अधिकारहरूको प्रत्याभूति हुन सक्दैन ।

यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखद्वारा तर्जुमा गरिएअनुसार सबै थुना स्थलहरूको रोकथाम भ्रमण गर्ने स्वतन्त्र खालका विशिष्ट संयन्त्रहरू थोरै देशमा मात्र विद्यमान हुन्छन् । तर कतिपय देशमा विद्यमान राष्ट्रिय निकायहरूलाई भने केही वा सबै थुना स्थलहरूमा विभिन्न प्रकारका निरीक्षण भ्रमण गर्ने कार्यादेश पहिलेदेखि नै प्राप्त भएको हुन्छ ।

कतिपय विद्यमान निरीक्षण भ्रमणसम्बन्धी निकायहरूमा यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेख अन्तर्गत बन्ने राष्ट्रिय संयन्त्रका अत्यावश्यक तत्वहरूको अभाव हुन्छ । यसको अर्थ तिनले अवस्थाहरूमा सुधार ल्याउन राष्ट्रिय संयन्त्रको पूरकका रूपमा आफ्नै ढङ्गले महत्वपूर्ण योगदान गर्न सक्दैनन् भन्ने होइन । तर तिनलाई राष्ट्रिय संयन्त्रका रूपमा मनोनयन गर्नु भने उचित हुँदैन । उदाहरणका लागिः

- थुना स्थलहरूप्रति जिम्मेवार मन्त्रालय वा विभागका आन्तरिक प्रशासनिक निरीक्षण इकाईहरू,[९४]

---

[९३] यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखको धारा २०(क)(ख)(ग) र (घ) पनि हेर्नुहोस् ।

[९४] थुना स्थलको जिम्मेवारी बहन गर्ने मन्त्रालय वा विभागको आन्तरिक इकाईले यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेख, धारा १, १७, १८(१), १८(४) का स्वतन्त्रतासम्बन्धी शर्तहरू पूरा गर्न सक्दैन । यसका लागि माथि चौथो अध्याय हेर्नुहोस् । वाल्टर सुन्टिङ्गरको थुना स्थलको निरीक्षण भ्रमणः छानिएका राष्ट्रिय संस्थाहरूबाट सिकिएका पाठहरू र तिनका प्रचलनहरूको “राष्ट्रिय निरीक्षण भ्रमणसम्बन्धी संयन्त्रहरूः कित्ताहरू तथा मूल्याङ्कन” (एपीटीः जेनेभा २००३), पृ. ७६-७७ हेर्नुहोस् ।

- थुना स्थलहरूको जिम्मेवारी बहन गर्ने मन्त्रालय वा विभागद्वारा स्वविवेकले हटाउन वा निर्देशित गर्न सक्ने बाह्य कारागार निरीक्षण केन्द्रहरू ।[९५]
- सांसदहरूका समितिहरू,[९६]
- अभियोजकको कार्यालय,[९७]

अर्कोतिर, कतिपय पहिलेदेखि नै विद्यमान निकायहरूमा सामान्यतः यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेख अन्तर्गत राष्ट्रिय संयन्त्रको रूपमा मनोनयन हुने सम्भावना रहन्छ यद्यपि प्रायः कानूनी, मानवीय र आर्थिक श्रोत-साधनहरू तथा काम गर्ने प्रचलनहरूलाई संशोधन गर्न आवश्यक हुन्छ । यस्ता निकायहरूमा निम्नानुसार छन्ः

- राष्ट्रिय मानवअधिकार आयोगहरू,
- सार्वजनिक प्रतिरक्षकका कार्यालयहरू,
- गैरसरकारी सङ्गठनहरू (गैससहरू),
- स्वतन्त्र बाह्य कारागार निरीक्षणालयहरू (थुना स्थहरूको सञ्चालनको जिम्मेवारी बहन गर्ने मन्त्रालयद्वारा स्वविवेकले नहटाइने) ।

---

[९५] थुना स्थलको जिम्मेवारी बहन गर्ने मन्त्रालय वा विभागद्वारा स्वविवेकले हटाउने दायित्वले यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखा धारा १, १७, १८(१), १८(४) को स्वतन्त्रतासम्बन्धी शर्तहरू पूरा गर्न सक्दैन । यसका लागि माथि चौथो अध्याय हेर्नुहोस् । सुन्टिङ्गरले औंल्याएअनुसार यसप्रकारका संयन्त्रहरूका कार्यादेशहरूमा (अनुशासन वा आर्थिक नियन्त्रणजस्ता) अन्य प्रयोजनहरू छ्यासमिस हुनसक्ने हुनाले यिनले विशुद्ध मानवअधिकारवादी दृष्टिबाट आफ्नो पर्यवेक्षणकारी भूमिका खेल्न नसक्ने सम्भावना रहन्छ । सुन्टिङ्गर, ऐजन, पृ. ७८-८१ हेर्नुहोस् ।

[९६] अधिकांश मामिलाहरूमा यसप्रकारका समितिहरूका सदस्यहरू सत्ताशीन दलका वा प्रतिपक्षी दलका सदस्यहरू हुनेछन् । त्यसकारण यसप्रकारको समितिले यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखका स्वतन्त्रतासम्बन्धी शर्तहरू कसरी पूरा गर्ला त्यो भन्न गाह्रो छ । यस्ता समितिहरूमा निरन्तरता पनि एउटा समस्या हुनसक्छ किनभने चुनावको समयमा सबै सदस्यहरू एकसाथ परिवर्तन हुन सक्छन् । राष्ट्रिय संयन्त्रको कार्यमा पेशागत विज्ञताको फाँटमा आवश्यक पर्ने सन्तुलन निरन्तर रूपले कायम गर्नमा यस्ता समितिहरूले झेल्नुपर्ने व्यवधानबारे सुन्टिङ्गर, पृ. ८५-८६ पनि हेर्नुहोस् । उनले यस्ता समितिहरूमा राजनीतिकरण हुनसक्छ र निरीक्षण भ्रमणको नियमिततामा पनि बाधा पर्नसक्छ भन्ने कुरा औंल्याएका छन् । तर कुनै व्यक्ति सांसद कार्यकारी सरकारबाट साँच्ची नै स्वतन्त्र छ भने उनले बढी व्यापक दायरामा निर्माण गरिएको राष्ट्रिय रोकथाम संयन्त्रको सदस्यका रूपमा काम गर्न सम्भव हुनेछ ।

[९७] अभियोजकको कार्यालयमा स्वभावतः यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेख अन्तर्गतको राष्ट्रिय संयन्त्रको लागि आवश्यक पर्ने स्वतन्त्रता र विशेष तरिकाको अभाव हुनसक्छ ।

अरू कतिपय प्रकारका पहिलेदेखि नै विद्यमान निकायहरू सामान्यतः राष्ट्रिय संयन्त्रका रूपमा मनोनयन हुन उपयुक्त हुदैन, तर कतिपय सन्दर्भमा आधारभूत रूपले परिवर्तन गरेर तिनलाई यातना विरुद्ध राष्ट्रसंघीय महासन्धिको ऐच्छिक आलेखका शर्तहरू पूरा गर्ने राष्ट्रिय संयन्त्रमा रूपान्तरण गर्न सकिन्छ। यस अन्तर्गत निम्नलिखित उदाहरण पर्दछन्:



- खास-खास न्यायीक कार्यालयहरू,
- समुदायमा आधारित स्वतन्त्ररूपले निरीक्षण भ्रमण गर्ने संस्थाहरू।

यसपछिका खण्डहरूमा यी सम्भावित राष्ट्रिय संयन्त्रका प्रत्येक कोटीहरूबारे विचार गरिने छ।

### *१०.२.२ राष्ट्रिय मानवअधिकार आयोग*[९८]

निकै अघिदेखि कार्यकारी सरकारबाट स्वतन्त्र भई कीर्तिमान कायम गरेका थुप्रै राष्ट्रिय मानवअधिकार आयोगहरूले आफ्ना देशमा ऐच्छिक आलेख लागू हुने प्रथम वर्षहरूमा आत्मविश्वास जगाउनमा सघाउ पुऱ्याउन सक्छन्। तर के कुराको हेक्का राख्नु जरुरी छ भने जुन संस्था सरकारलाई सामान्य नीति नियम बनाउन सहयोग गर्ने (जस्तो कि राजनीतिज्ञहरू वा सरकारी विभागका प्रतिनिधिहरूको उपस्थिति हुने) त्यो राष्ट्रिय संयन्त्र बन्नका लागि उपयुक्त नहुन सक्छ जुन संयन्त्रले खासखास बन्दीहरूसम्बन्धी अत्यन्तै संवेदनशील सूचनालाई सम्हाल्नु र त्यसबारे छलफल गर्नुपर्ने हुन्छ।[९९]

राष्ट्रिय मानवअधिकार आयोगसँग विषयवस्तु प्रतिको मानवअधिकार केन्द्रित दृष्टिकोण सहितको लामो अनुभव र विज्ञता पनि हुन सक्छ। कुनैकुनै मानवअधिकार आयोगले त बन्दीगृहहरूमा भ्रमण गरिसकेका पनि हुन्छन्। तथापि यहाँनेर मनन् योग्य कुरा चाहिँ के छ भने व्यक्तिगत आरोप र गुनासाहरू सुन्न विभिन्न बन्दीगृहहरू जानु र ऐच्छिक आलेखमा व्यवस्था भए अनुरूपको रोकथाम भ्रमणको कार्यक्रममा भिन्नता छ।

---

[९८] सुन्टिङ्गर, ऐजन, पृ. ८२-८५ पनि हेर्नुहोस्।
[९९] माथि खण्ड ४.३ को छलफल हेर्नुहोस्।

ऐच्छिक आलेखद्वारा सृजित दायित्वहरू पूरा गर्नेगरी पुर्णरूपमा केन्द्रित र बारम्बारका रोकथाम भ्रमणका कार्यक्रमहरू गर्ने कार्यादेश प्राप्त राष्ट्रिय मानवअधिकार आयोगको सामान्य उद्देश्यका निम्ती बन्दीगृहहरूमा गरिने छानविन भ्रमणहरूका बृहत् अनुभवहरू त्यस देशका बन्दीगृहको अवस्थाबारेमा जानकारी दिन उपयोगी सिद्ध हुन्छन् । तर संरक्षण संयन्त्रलाई प्रभावकारी बनाउनको लागि कानूनमा परिवर्तन तथा तालिमको आवश्यकता हुन्छ । आन्तरिक संरचनामा परिवर्तन पनि आवश्यक हुन सक्छ र अतिरिक्त मानवीय र आर्थिक संसाधनहरूको आवश्यकता पनि सधैं भई नै रहन्छ ।

माथि उल्लेख गरिए जस्तै, ऐच्छिक आलेख अनुरूपको भ्रमण कार्य र त्यस्ता भ्रमणबाट पाइएका मुद्दाहरूको अर्ध न्यायीक निकायको रूपमा रहने राष्ट्रिय संयन्त्र वा अदालत समक्ष गरिने अभियोजन र सुनुवाईलाई एकै ठाउँमा छ्यासमिस गरिदा गम्भीर समस्याहरू उत्पन्न हुन सक्छन् ।[१००] जुन सरकारी अधिकारीहरूको राष्ट्रिय संयन्त्रसँगको सहयोगी सम्बन्धमा ऐच्छिक आलेखमा व्यवस्था भए बमोजिमको भ्रमण निर्भर गर्दछ, तिनै अधिकारीहरूलाई राष्ट्रिय संयन्त्र समक्ष हुने अभियोजन र निर्णयको भागिदार हुने व्यवस्था गरिँदा सो सहयोगी सम्बन्ध कायम राखिरहन मुश्किल पर्दछ । साथै, अभियोजन वा सुनुवाई हुँदाका बखत आफूले राष्ट्रिय संयन्त्र समक्ष व्यक्त गरेका सूचनाका साथै आफ्नो पहिचानको खुलासा हुन सक्ने ठानेमा व्यक्ति विशेषले पनि खुलेर आफ्ना भावनालाई प्रस्तुत गर्न हिचकिचाउने हुन्छ । कामको चाप र जरुरी व्यक्तिगत उजुरीहरूले गर्दा राष्ट्रिय संयन्त्रको कार्यबोझ बढ्न गई राष्ट्रिय संयन्त्रको रोकथाम भ्रमणसम्बन्धी सशक्त कार्यक्रम सुचारु राख्ने क्षमतालाई नाश गर्न सक्छ ।

कतिपय राष्ट्रिय मानवअधिकार आयोगहरूसँग विविध पेशागत विज्ञहरू उपलब्ध हुन सक्छन् यद्यपि प्राय यी आयोगहरूमा काननुवेत्ताहरूको बाहुल्यता रहन गई अन्य क्षेत्रको विज्ञताको अभाव खड्किन्छ (जस्तै औषधी विज्ञान, प्रहरी प्रशासन आदि) ।

---


[१००] माथि खण्ड ४ को ४.३ हेर्नुहोस् ।

### ***१०.२.३ अम्ब्युड्सम्यान र सरकारी प्रतिरक्षकको कार्यालय***[१०१]



राष्ट्रिय मानवअधिकार आयोग झैँ, अम्बुड्सम्यान र सार्वजनिक प्रतिरक्षकका कार्यालयहरूलाई पनि स्वाधिनताको प्रत्याभुति प्राप्त भएको हुन्छ । खासगरी त्यो अवस्थामा जहाँ यस्ता कार्यलयहरूका कार्यादेशहरू राज्यको संविधान वा लामो संवैधानिक परम्परामा आधारित हुन्छन् ।

अम्बुड्सम्यान र सार्वजनिक प्रतिरक्षकका कार्यलयहरूसँग व्यवस्थित रोकथाम भ्रमणसम्बन्धी अगाडि देखिनै प्राप्त अनुभवको स्तर फरक फरक हुन सक्छ । यस्ता कार्यलयहरू व्यक्तिगत गुनासाहरूका सम्बन्धमा कार्य गर्न वा कुनै वर्षमा भएको खास राष्ट्रव्यापी सवालमा केन्द्रित हुन र त्यसपछि आउने वर्षहरूमा नयाँ विषयमा कार्य गर्नमा बढी अभ्यस्त हुन्छन् । राष्ट्रिय मानवअधिकार आयोगले जस्तै अभिलेख तयार गर्न वा व्यक्तिगत उजुरीबारे छानविन गर्नका लागि कैदमा रहेका उजुरकर्तालाई भेट्ने कार्यमा अघिदेखिको अनुभव चालु व्यवस्थित रोकथाम भ्रमण सञ्चालनको पर्याप्त तयारीमा खासै रूपान्तरित हुँदैन ।

राष्ट्रिय संयन्त्रका रूपमा खडा गरिएका अम्बुड्सम्यान र सार्वजनिक प्रतिरक्षकको कार्यालयहरूले मानवअधिकार आयोगले जस्तै एकै समयमा "रचनात्मक संवाद", रोकथाम भ्रमण, त्यस्ता भ्रमणबाट प्राप्त खास मुद्दाको पैरवी गर्नु पर्ने सम्भावनाले समस्या सृजना गर्न सक्छ । यस्तो कार्य यस्ता उजुरी सुनुवाई गर्ने अधिकार प्राप्त गरेको राष्ट्रिय मानवअधिकार आयोगले गर्ने कार्यभन्दा कम सशक्त हुन सक्ने भएता पनि यसमा कार्य विभाजनलाई सुनिश्चित गर्ने कार्यलयको आन्तरिक पुनर्संरचना आवश्यक हुन सक्छ ।

राष्ट्रिय मानवअधिकार आयोगका जस्तै अम्बुड्सम्यान र सार्वजनिक प्रतिरक्षकका कार्यलयका पनि अत्यन्तै बृहत् कार्यदेश हुन्छन् । तिनीहरूसँग ऐच्छिक आलेख अनुरूपको रोकथाम भ्रमणसम्बन्धी उजुरी प्रणाली उचित ढङ्गले सञ्चालन गर्ने सीमित अवस्थामा मात्र अघिबाटै पर्याप्त आर्थिक मानवीय संसाधन उपलब्ध भएका हुन्छन् । यस्तो कार्यलयलाई

[१०१] सन्टिङ्गर ऐजन पृ. ८२-८५ ।

पूर्ण राष्ट्रिय संयन्त्रको रूपमा खडा गर्ने राष्ट्रहरूले सामान्यतः थप संसाधन प्रदान गर्न आवश्यक हुन्छ ।

कार्यलयको प्रकृतिले यसमा अन्ततः एक मात्र पदाधिकारी (प्रायः कानुनी अधिवक्ता) रहने जनाउँछ जो निर्णयकर्ता रहन्छ । एक मात्र सदस्य रहने हो भने सदस्यका लागि आवश्यक सम्पूर्ण व्यवसायिक योग्यता प्राप्त गर्न स्वाभावतः कठिन हुन्छ । अवश्य पनि अम्बुड्सम्यान वा सार्वजनिक प्रतिरक्षक मातहतमा ठूलो संख्यामा विभिन्न प्रकारका कर्मचारी रहन सक्ने भएता पनि खास क्षेत्रका आवश्यक विज्ञहरू (जस्तो मेडिकल विशेषज्ञ) को अभाव फेरि पनि रहन्छ । जुनसुकै अवस्थामा पनि साथै विशेषज्ञ कर्मचारी वा आवधिक रूपमा नियुक्त बाहिरी विशेषज्ञमा निर्भर रहनुभन्दा राष्ट्रिय संयन्त्रका सदस्य आफैसँग सम्बन्धित योग्यता रहनु सधैं वान्छनीय हुन्छ । यसो भएमा सुझावहरूको गुणस्तर तथा असर सुधार तर्फ उन्मुख रहन्छ ।

अम्बुड्सम्यानका कार्यलाई प्रदान गरिने कार्यविधि तथा उनीहरूले सुझाव दिन सक्ने अधिकारको क्षेत्र राष्ट्र पिच्छे फरक फरक हुन्छन् । अगाडि चर्चा गरिए झैं, ऐच्छिक आलेखमा राष्ट्रिय संयन्त्रले वैधानिकता वा निष्पक्षता मात्रै नभई थुना स्थलको सुधार र व्यक्तिहरूको संरक्षण गर्ने उद्देश्यले व्यावहारिक वा नीतिगत अर्थमा आफ्ना कार्यहरू गर्नु पर्ने व्यवस्था गरेको छ । खासगरी कार्याविधिगत तथा कानुनी प्रतिरक्षासम्बन्धी कानुनी प्रकृतिको सवाल उठे पनि यस्ता सवालहरू मुल्याङ्कन गरिनु पर्ने बृहत् पक्षहरू र हासिल गरिनु पर्ने बृहत् उद्देश्यहरूका सानो अंशमात्र हुन् । बरु, राष्ट्रिय संयन्त्रको कार्य सम्बन्धमा उठ्ने विषयहरू भनेका नीतिगत प्रश्नहरू वा प्राविधिक स्वरूपका अन्य प्रश्नहरू हुन् । परम्परागत रूपमा कुनै खास प्रशासकीय कार्य सम्पादन गर्दा उचित कार्याविधि पालना वा स्वच्छताको मापदण्ड पूरा गऱ्यो गरेन भन्ने निश्चित गर्ने जस्ता कानुनी प्रकृतिका जिम्मेवारी निभाई आएका संस्थाहरूका लागि ऐच्छिक आलेखका नीतिगत तथा प्राविधिक शैलीलाई अवलम्बन गर्न गाह्रो हुन सक्छ । यस्ता शैलीमा सरकार तथा विधायीकाका नीतिगत सवालहरूमा टिप्पणी गर्ने तथा सम्भवतः विधायीकालाई कानुनहरू निर्माण गर्न, संशोधन गर्न वा कानुन खारेज गर्ने प्रस्ताव गर्ने कार्यहरू पर्दछन् ।

थुना स्थलमा कार्यरत कर्मचारी तथा थुनुवाहरू पनि पहिलेदेखि कानुनी प्रकृतिका कार्य सम्पादन गरिरहेका संस्थाहरूले ऐच्छिक आलेख अन्तर्गतका नयाँ भुमिका र नौलो ढङ्गका कार्यमा अलमलमा पर्न सक्छन् । फेरि, देशै पिच्छे अम्बुड्सम्यानहरूले कार्य सम्पादन गर्ने शैली, इतिहास तथा कानुनी पृष्ठभुमिहरूमा भिन्नता हुने हुनाले व्यक्त गरिएका कुराहरू लागू हुन वा नहुन सक्छन् ।



### ***१०.२.४ गैरसरकारी संस्था***[१०२]

कुनै पनि राष्ट्रमा मानवअधिकारको दृष्टिकोणप्रति सबैभन्दा बलियो प्रतिबद्धता त्यहाँको नागरिक समाज, विशेषगरी गैरसरकारी संस्थाहरूको हुन्छ । गैरसरकारी संस्थाहरू अनौपचारिक तवरले भए पनि यातना रोकथाम भ्रमणको साथै कारागार एवम् अन्य थुना स्थलहरूको भ्रमणमा संलग्न रहेका हुन्छन् र यस्तो काममा पूर्णता ल्याउन कानुनसम्मत तवरले स्थापना भएका औपचारिक निकायको स्थापना हुनुभन्दा धेरै अगाडिदेखि उनीहरू यी क्रियाकलापमा सक्रिय रहेको पाइन्छ । परिभाषाले नै गैरसरकारी संस्थाहरू कार्यकारी निकायबाट संरचनागत/साङ्गठनिक रुपमा स्वतन्त्र हुन्छन् । कतिपय मुलुकमा गैरसरकारी संस्थाहरूका यी पक्षलाई मूल्याङ्कन गरेर उनीहरूलाई राष्ट्रिय संयन्त्रको औपचारिक अङ्गको रूपमा पनि समावेश गरिन्छ । यद्यपि गैरसरकारी संस्थाले प्राप्त गर्ने स्वतन्त्रताको मात्रा यथार्थतामा समान नहुन पनि सक्छ र सामान्यतः भविष्यमा यसको कानुनी प्रत्याभूति नहुन पनि सक्छ । समान्यतः गैरसरकारी संस्थाको थुना स्थलसम्म पूर्ण पहुँच हुने अधिकारलाई कानुनले समेटेको हुँदैन । सरकारी पदाधिकारीहरूले गैरसरकारी संस्थाहरूले दिएका सुझावहरूलाई अरू कानुनी निकायले दिएका सुझाव सरह गम्भीर रूपमा नलिन पनि सक्छन् ।

यी र यस्ता अन्य कारणहरूका लागि गैरसरकारी संस्थाले आफूलाई प्राप्त अतिरिक्त अख्तियारी र अधिकारको स्वागत गर्न सक्छन् (सम्भवतः आर्थिक श्रोत पनि) जहाँ कार्यान्वयन गर्न तय गरिएको कानुनले कुनै गैरसरकारी संस्थालाई एक कानुनी अख्तियार प्राप्त राष्ट्रिय संयन्त्र बनाउँछ । यसबाहेक त्यस्तो गैरसरकारी संस्थालाई आर्थिक श्रोत साथै उत्तरदायित्व पनि थप्छ । तर लचकताको अभावका कारण यी संस्थाहरूले यी सबै

[१०२] सन्टिङ्गर ऐजन पृ. ८८-९० ।

कुराहरूलाई स्वीकार गर्न गाह्रो पनि हुन सक्छ । ऐच्छिक आलेखद्वारा अवलम्बन गरिएको परस्पर सहयोगी संवादको दृष्टिकोण पनि कतिपय गैरसरकारी संस्थाको लागि अप्ठ्यारो लाग्न सक्छ। अर्को तर्फ निरन्तर रूपमा सेवा प्रदान गर्दै आएका सेवा प्रदायक संस्थाहरूले (सम्भवत: ती संस्थाहरू भित्रै आफ्नो कार्यालय खोली) यो अवस्थालाई असजिलो मान्न सक्छन् किनभने उनीहरूलाई आफूले निर्वाह गरेको भूमिकामा तुरुन्त परिवर्तन गर्न वा बहुआयामिक भूमिका निभाउन कठिन हुनेछ ।

जुनसुकै अवस्था पनि माथि अनुच्छेद २ मा उल्लेख गरिए जस्तै, राष्ट्रिय मानवअधिकारवादी गैरसरकारी संस्थाहरूलाई राष्ट्रिय रोकथाम संयन्त्रको बारेमा निर्णय गर्ने प्रक्रियामा सदैव संलग्न गराउनु पर्दछ। अनुच्छेद ८ मा भनिए जस्तै राष्ट्रिय संयन्त्र सक्रिय भएपछि गैरसरकारी संस्थाहरूको तर्फबाट संयन्त्रकै हाराहारीमा गर्नुपर्ने अन्य भूमिका पनि रहने छन् । साथै, राष्ट्रिय संयन्त्रको निर्माण गैरसरकारी संस्थाहरूले भ्रमणसमेत गरी जारी राखेको थुना स्थल अनुगमनको कार्यबाहेक गर्ने आधार हुन सक्दैन ।

### *१०.२.५ स्वायत्त बाह्य कारागार निरीक्षकको कार्यालय*

राष्ट्रिय संयन्त्रहरू सँगसँगै स्वतन्त्र बाह्य बन्दीगृह निरीक्षणालयहरूले पनि महत्वपूर्ण भूमिका खेल्न सक्दछन् । यदी त्यस्ता निकायहरूले राष्ट्रिय संयन्त्रको रूपमा काम गर्ने हो भने यसका कार्यादेशको होशियारीपूर्वक पुनरावलोकन गर्नु पर्छ साथै यसलाई अझ विस्तृत बनाइनु पर्दछ ताकि ऐच्छिक आलेखले परिभाषित गरे अनुरूप यसको पहुँच सबै थुना स्थलसम्म पुगोस् । ऐच्छिक आलेख अन्तर्गत पूर्ण रूपले स्वतन्त्र हुनका लागि विभिन्न आधारभूत आवश्यकताहरू लागू हुन्छन्, (जस्तै, कानुनी मान्यताको आधार, राम्रो आचरण रहँदासम्मको पदावधिको सुरक्षा) जुन ती ठाउँहरूमा पहिल्यै भएका वा नभएका पनि हुन सक्दछन् ।

केही बाह्य थुना स्थल निरीक्षणालयहरूको मिश्रित कार्यादेश हुन्छ: ऐच्छिक आलेखको जस्तो मानवअधिकारको दृष्टिकोणबाट संस्थाहरूको पुनरावलोकन मात्र गर्ने (यातना एवम् अन्य दुर्व्यवहारको रोकथाम, मानवीय अवस्थाहरू) मात्र नभएर संस्थाहरूले सरकारी बजेट र लेखासम्बन्धी उद्देश्यहरू हासिल भए नभएको, फौजदारी न्याय

प्रणालीले यथेष्ट सार्वजनिक सुरक्षाको प्रत्याभूत गरे नगरेको तथा प्रभावकारी सजाय दिए नदिएको समेत लेखाजोखा गर्नुपर्ने हुन्छ । राष्ट्रिय संयन्त्रका त्यस्ता कार्यादेशहरू ऐच्छिक आलेखले निर्दिष्ट गरेको दायरासँग मेल खाँदैनन् ।[१०३]



## *१०.२.६ न्यायीक कार्यालय*

ऐच्छिक आलेखको प्रस्तावनाको अन्तिम अनुच्छेदमा रोकथाम संयन्त्रहरू यातना रोकथामका लागि गैरन्यायीक माध्यम मात्र हुन सक्छ भन्ने कुरामा जोड दिइएको छ । त्यसकारण यो ऐच्छिक आलेख पारित गर्दा राज्यका न्यायीक निकायहरूलाई राष्ट्रिय संयन्त्रका लागि सम्भावित उम्मेद्वार निकायको रूपमा सोचिएका थिएनन् ।

ऐच्छिक आलेखको शुरुआत थुना स्थलहरू बाहिरी अवलोकनको लागि खुला गर्नु तथा विभिन्न क्षेत्रका विज्ञहरूद्वारा विविध विषयमा विश्लेषण गर्न पाउने विचारबाट भएको थियो: घटना घटिसकेपछि गरिने अदालती कारवाही एवम् कानुनी ज्ञान मात्र नभएर चिकित्सकीय, वैज्ञानिक, तथा सामाजिक विज्ञता सहितको रोकथाम अवधारणा । संस्थाको रूपमा न्यायपालिकाको प्रकृति स्वभावैले कानुनी दृष्टिकोण तर्फ उन्मुख गराउने हुन्छ र साधारणतया रोकथाम लागि नीति तथा अभ्यास गर्नुभन्दा घटना घटिसकेपछि निर्णय दिनुमा केन्द्रित हुन्छ । त्यसैले न्यायीक कार्यालयलाई राष्ट्रिय संयन्त्रको रूपमा मनोनयन गर्दा ऐच्छिक आलेखको उद्देश्य हासिल गर्न निकै अप्ठचारो परिस्थति आउन्छ ।

प्रस्तावनामा उल्लेखित गैरन्यायीक माध्यम भन्ने पदावलीले राष्ट्रिय संयन्त्रहरू न्यायपालिका एवम् कार्यपालिकाबाट स्वतन्त्र निकायहरू भन्ने समेत बुझाउँछ । सन्दर्भमा यो (निकाय) संयन्त्र ऐच्छिक आलेखको मातहतमा न्यायपालिको हकमा यसैले संस्थाको रूपमा अधिकांश बन्दीहरू (मुख्य गरेर अपराधीहरू) का बारेमा भिन्दै भुमिका निर्वाह गर्ने गर्छ जसमा विशेष दृष्टिकोण र अवधारण जुन ऐच्छिक आलेखद्वारा राष्ट्रिय संयन्त्रलाई निर्देशित गरिएको हुन्छ – मा भिन्नता आउन सक्छ । उदाहरणका लागि राष्ट्रिय रोकथाम

[१०३] संयुक्त अधिराज्यको संसदको मानवअधिकार समितिको २००५-२००६ सत्रको बिसौं प्रतिवेदनमा पनि यसप्रकारका चासोहरू व्यक्त गरिएका छन् । २२ मे २००६, पृ. १७-२० । माथि खण्ड ३ को ३.३.३ मा पनि यसबारे चर्चा गरिएको छ ।

संयन्त्रको विस्तारित नीति हुन्छ जसमध्ये सिफारिसहरू पनि पर्ने गर्छन्, जुन राष्ट्रिय कानुनभन्दा अगाडि पनि हुन सक्छन् (जस्तै, बन्दीहरूको अवस्थामा सुधार ल्याउनको लागि कानुनमा मूल सुधार तथा नयाँ कानुन अथवा नीतिको निर्माण आदि। यो महत्वपूर्ण नीति अर्थात् वकालत प्रायः गरेर संस्थाको रूपमा न्यायपालिकाको नीतिसँग मेल खाँदैन।

अन्त्यमा ऐच्छिक आलेख अन्तर्गत रहेका राष्ट्रिय संयन्त्रको मुख्य पक्ष गोपनियता, स्वतन्त्रता र आफैले फैसला अर्थात् निर्णय नदिनु हो जसको उद्देश्य बन्दीगृहहरूमा अधिकारीहरू र बन्दीहरूबीच खुला वातावरणलाई प्रोत्साहन गर्नु हो जहाँ उनीहरूले सत्यतथ्य निर्भिक भएर व्यक्त गर्न सकुन्। यो अवधारणा ऐच्छिक आलेखको प्रस्तावानाको १९(घ) र धारा २१ मा परिवर्तित भएको छ (यसका बन्दीहरूसँग व्यक्तिगत अन्तर्वार्ता लिने अधिकार हुन्छ आदि)। जहाँ न्यायाधीशले मुद्दाको सुनुवाई गर्छन् (शायद छिटो थुनामुक्त गर्ने अनुशासनको कारवाही तथा अन्य कार्यान्वयनको विषय हेर्ने जिम्मेवारी लिएका छन्) त्यस्ता न्यायाधीशले अन्तर्वार्ता लिँदा बन्दीले आफ्ना सबै कुरा वा बन्दीगृहको अवस्थाबारे खुलेर नबताउन सक्छन्। यस्ता कार्यहरूले गर्दा कैदीले आफ्ना व्यभिचार र गरेका दुष्कार्यहरूको बारेमा बताउन चाहँदैनन्। बन्दीगृहका कर्मचारीहरू पनि न्यायीक अधिकारीलाई प्रदान गरिएको सूचनाका आधारमा कार्य सम्पादन नहुने कुरामा विश्वास गर्छन्।

ती सबै उपर्युक्त कारणहरूले न्यायीक कार्यालयहरू जो न्याय प्रदान गर्ने कार्य र सजाय ठीक तरिकाले कार्यान्वयन गराउनमा उत्तरदायी हुन्छन् र अदालतको तर्फबाट बन्दीगृहहरूको निरीक्षण गर्छन् र विभिन्न न्यायीक कार्यहरू सम्पादन गर्ने हुँदा तिनीहरू साधारणतया राष्ट्रिय संयन्त्रको इकाईको रूपमा काम गर्न त्यति उपयुक्त हुँदैनन्।

जे होस् दक्षिण अफ्रिकामा बन्दीगृहको न्यायीक निरीक्षणालयले न्यायीक संस्थाको चुनौतीपूर्ण उदाहरण प्रस्तुत गरेका छन्। जसमा सो संस्थालाई सवल तुल्याउने कानुन सुधारात्मक सेवा ऐन १९९८ का प्रावधानहरूले यी मध्ये केही चासोहरूलाई सम्बोधन गर्न सक्छन्। सो ऐनको अनुच्छेद ८६ अनुसार निरीक्षण गर्ने न्यायाधीशले उसको कार्य अवधिभर निरीक्षण गर्ने बाहेक अन्य न्यायीक कार्यहरूमा संलग्न हुनुहुँदैन भन्ने कुरा इङ्गित गर्छ। अनुच्छेद ८५(१) ले विशेष गरेर निरीक्षण गर्ने न्यायाधीशको स्वतन्त्रताको

(बाँकी न्यायपालिकाबाट स्वतन्त्रता) व्यवस्था गरेको छ । निरीक्षण गर्ने न्यायाधीशमाथि बन्दीहरूसँगको भेटघाटपछि उनीहरूको उपचारको प्रतिवेदन, बन्दीगृहको अवस्था आदिको प्रतिवेदन बुझाउने जिम्मेवारी हुन्छ, निजले अन्य अनुशासनसम्बन्धी वा अदालती हैसियतमा सजाय फैसलासँग कुनै चासो राख्नु हुँदैन, [अनुच्छेद ८५(२)] ।



### *१०.२.७ समुदायमा आधारित स्वतन्त्र अवलोकनकर्ता*

समुदायमा आधारित भ्रमण योजनाले अघिबाटै थुना स्थलमा भ्रमण गरिरहेका स्वतन्त्र संस्थाका लागि अर्को चुनौती प्रस्तुत गर्दछ । यसर्थ यस्तो निकाय राष्ट्रिय रोकथाम संयन्त्रमा मनोनित हुन उपयुक्त उम्मेद्वार देखिन्छ ।

ऐच्छिक आलेखको धारा १८(२) ले राष्ट्रिय रोकथाम संयन्त्रको सदस्य विशेषज्ञ हुनु पर्ने तथा उसँग व्यावसायिक ज्ञान हुनु पर्ने प्रस्ट व्यवस्था गरेको छ । प्रायः समुदायमा आधारित भ्रमण योजनाहरू तुलनात्मक रूपमा छोटो समयको प्रशिक्षण वा तालिम लिई काम सुरु गर्ने गैर विशेषज्ञहरूप्रति खुला रहन्छन् । यस्ता निश्चित व्यावसायिक ज्ञान र दक्षता नभएका स्वयंसेवीहरूलाई बृहत् रूपमा स्वीकारिनुको फाइदा यो छ कि भ्रमणहरूले धेरै थुना स्थलहरूलाई समेट्न सक्नुका साथै यस्ता भ्रमणहरू बारम्बार रूपमा गर्न सकिन्छ । लामो समयसम्म यस्ता कार्यक्रममा सहभागी हुने निश्चित व्यक्तिहरूले अन्ततः उल्लेख्य व्यावहारिक विज्ञता प्राप्त गर्दछन् । समग्रमा कुरा गर्दा यस्ता योजनाहरू विद्यमान स्वरूपमा रहँदा ऐच्छिक आलेखमा व्यवस्था भएका राष्ट्रिय संयन्त्रको मुख्य शर्तका रूपमा रहेका “व्यावसायिक ज्ञान” र विज्ञता जस्ता तत्वहरूको सधैं कमिरहन्छ ।

समुदायमा आधारित भ्रमण योजनालाई राष्ट्रिय रोकथाम संयन्त्रका रूपमा प्रस्ताव गर्दा ऐच्छिक आलेख अनुरूपका सबै स्थान र व्यक्तिसम्मको पहुँच, कुन थुना स्थलको भ्रमण गर्ने भन्ने चयन गर्न पाउने स्वतन्त्रता र सम्पूर्ण जानकारीसम्म पहुँच पाउने अधिकार लगायतका हरेक भ्रमण कर्तालाई प्राप्त हुने अधिकार र सुरक्षाहरू सुनिश्चित गरिनु पर्दछ । समुदायमा आधारित भ्रमण योजनाहरू सामान्यतः समग्र प्रणाली विश्लेषण तथा सुझावहरू प्रदान गर्ने गरी निर्धारित गरिँदैन । यसर्थ कानुनअनुसार औपचारिक विधायिकी प्रस्ताव वा टिप्पणी प्रस्तुत गर्ने अधिकार यस्ता योजनाहरूलाई नहुन सक्छ । तत्कालका लागि व्यक्ति सदस्यहरूलाई ऐच्छिक आलेख अनुरूपका सुविधा तथा उन्मुक्ति प्राप्त नहुन सक्छ ।

विद्यमान समुदाय भ्रमण योजना र ऐच्छिक आलेख मुताविक राष्ट्रिय संयन्त्रले पूरा गर्नु पर्ने शर्तहरू बीचको भिन्नताहरूलाई विधायिकी आधार, प्रशासकीय व्यवस्था, कार्यशैली तथा संसाधन तहमा परिवर्तन गरी सम्बोधन गर्न सकिन्छ । यस्ता परिवर्तनहरू गर्दा, खासगरी समुदायमा आधारित स्वतन्त्र भ्रमण योजनामा सहभागी हुनका लागि सम्बन्धित व्यावसायीक योग्यतालाई पूर्व शर्तका रूपमा लिँदा यसले सामान्यतः यस्ता योजनामा सहभागी हुन सक्ने व्यक्तिहरूको संख्यालाई स्वाट्टै घटाइदिन्छ । जसकारण बृहत् रूपमा थुना स्थललाई समेट्नु पर्ने तथा बारम्बार भ्रमण गरिनु पर्ने योजनाका प्रथम लक्ष्यहरू नै आधारभूत रूपमा प्रभावित हुन्छन् ।

समुदायमा आधारित स्वतन्त्र भ्रमण योजनाहरू सामान्यतः राष्ट्रिय संयन्त्रका अंश वा पूर्ण संयन्त्रको रूपमा मनोनित हुन उपयुक्त नभए तापनि यिनीहरू राष्ट्रिय संयन्त्रसँग आपसी पृष्ठपोषण युक्त सम्बन्ध राखी कार्य गर्ने पूरक तर छुट्टै संयन्त्रहरू हुन् । समुदाय भ्रमण कर्ताहरू बाह्य जानकारीका उत्कृष्ट श्रोत तथा बाह्य निगरानीका सञ्जाल हुन सक्छन् जसले राष्ट्रिय संयन्त्रलाई आफ्ना व्यावसायिक ज्ञान, विज्ञता र कानुनी अधिकारहरूलाई उद्देश्यमूलक तथा चुस्त ढङ्गले लक्षित गर्न सघाउँछन् । यस्ता योजनाहरूको स्थापना र सञ्चालनलाई हरेक राष्ट्रमा सशक्त रूपमा प्रोत्साहित गरिनु पर्छ तर ऐच्छिक आलेख राष्ट्रिय रोकथाम संयन्त्रकै रूपमा भने होइन ।

### *१०.२.८ एपीटीका सुझाव*

- **राष्ट्रहरूले विद्यमान संयन्त्रलाई नै मनोनयन गर्ने वा पूर्ण रूपले नयाँ संयन्त्रहरू सृजना गर्ने भन्ने निर्णय गर्न सक्ने छन्। कुनै पनि ढाँचा निहित र विश्वव्यापी रूपमा अर्कोभन्दा उत्कृष्ट छैन ।**
- **विद्यमान संयन्त्रलाई नै प्रयोग गर्ने वा नयाँ संयन्त्र सृजना गर्ने भन्ने निर्धारण गर्ने प्रक्रियामा नागरिक समाजलाई संलग्न गराइनु पर्छ ।**
- **विद्यमान संरचनालाई मनोनयन गर्नु पूर्व ऐच्छिक आलेखका शर्त पूर्ण पालना हुने, कानुनमा आवश्यक संशोधन हुने तथा आवश्यक संसाधन वृद्धि हुने कुरा सुनिश्चित गर्न सरकार तथा नागरिक समाजले राष्ट्रिय संयन्त्रको कार्यादेश, क्षेत्राधिकार, स्वतन्त्रता, अधिकार तथा प्रत्याभूतिहरूको सावधानी पूर्वक विस्तृत विवेचना गर्नु पर्छ ।**

## १०.३ बहुपक्षीय संयन्त्र

### *१०.३.१. भौगोलिक वा विषयगत आधार*

संघीय राज्यहरूका लागि बहुसंख्यक संयन्त्रहरू हुने पूर्वानुमान गरिएको थियो जहाँ भौगोलिक रूपमा परिभाषित र विकेन्द्रित अङ्गहरूलाई राष्ट्रिय रोकथाम संयन्त्रहरूको रूपमा मनोनित गर्न सकियोस् । तथापि धारा १७ ले पक्ष राष्ट्रलाई दायित्व र विषयगत आधारमा कार्य विभाजन गरि बहुसंख्यक संयन्त्रलाई परिभाषित गर्न छुट दिएको छ ।

अन्तर्राष्ट्रिय कानून अनुसार आन्तरिक कार्यविभाजनको निहुंमा सन्धिमा भएका कुराहर लागू नगर्ने छुट भने हुंदैन चाहे त्यो लिखित संविधान अन्तर्गत नै गरिएको किन नहोस् यो कुरालाई ऐच्छिक प्रलेखले (कुनै अपवाद र बन्देज विना राज्यका सवै ठाउँमा लागू हुन्छ) भनि प्रस्ट पारेको छ ।[१०४]

अन्र्तराष्ट्रिय मानवअधिकार सन्धिहरुको व्यापक अनुमोदन प्रभावकारी कार्यान्वयनको लागि विकेन्द्रिकृत राष्ट्रहरुले विशेष किसिमको चुनौतहरु भोग्नु पर्दछ भन्ने यथार्थ मनन गर्नु पर्दछ । राष्ट्रिय संयन्त्रको परिपालन गर्न विकेन्द्रिकृत रुपमा संरचना स्थापना गर्न ऐच्छिक आलेखले दिएको प्रष्ट छुटले त्यस्ता चुनौति सामना गर्न सक्ने उपाय पनि प्रदाग गरेको छ ।[१०५]

तर अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरूको विश्वव्यापी अनुमोदन अवधारणअनुरूप बहुसंख्यक संयन्त्रको पूरा र प्रभावकारी कार्यान्वयनका लागि विकेन्द्रित राज्यहरूले व्यवहारमा भएका चुनौतीहरूको मनन् गर्न आवश्यक छ । तर त्यस्ता राष्ट्रिय रोकथाम संयन्त्रको इकाईका रूपमा स्थापित ऐच्छिक आलेख अन्तर्गतका विकेन्द्रित राज्यहरूले त्यस्ता चुनौतीहरू बुझी समाधान प्रदान गर्दछन् ।[१०६]

---

[१०४] भियना कन्भेन्सन अन द ल अफ ट्रिटिज, धारा २७ हेर्नुहोस् ।

[१०५] ऐच्छिक आलेख धारा २९ ।

[१०६] ऐच्छिक आलेख धारा १७ ।

राज्यको संवैधानिक संरचना र अन्य राजनीतिक तथा भौगोलिक क्षेत्रका आधारमा एकीकृत संघीय अङ्ग अथवा बहुसंख्यक अङ्गको प्रक्रिया अनुरूप एउटा संघीय राज्यको राष्ट्रिय संयन्त्र हुन सक्छ ।[१०७] राष्ट्रिय संयन्त्रका रूपमा एकीकृत संघीय अङ्गमा निम्न कुराहरू समावेश हुन्छन्:

- राष्ट्रिय रोकथाम संयन्त्रलाई केन्द्रीय सरकारले मात्र कानुन बनाई नियुक्त गर्दछ ।
- संविधान प्रदत्त अधिकारको प्रयोग गरी कार्य गर्न क्षेत्रीय र केन्द्रीय सरकारद्वारा प्रशासकीय रूपले बाँडफाँट गरिएको संयन्त्र सृजना गर्दै राष्ट्रिय रोकथाम संयन्त्रलाई कानुन बनाई नियुक्त गर्दछन् ।

संघीय राज्यमा बहुसंख्यक अङ्गहरूलाई राष्ट्रिय रोकथाम संयन्त्रको रुपमा स्थापना गर्दा आवश्यक संस्थागत संरचनाहरू निम्न हुन सक्दछन्:

- क्षेत्र र विषयवस्तुको क्षेत्राधिकार तोक्नको लागि केन्द्रीय र क्षेत्रीय सरकारले कानुन बनाई छुट्टै राष्ट्रिय रोकथाम संयन्त्र नियुक्ति गर्दछन् ।
- सम्पूर्ण क्षेत्रहरू र विषयवस्तुहरू समेट्ने गरी केन्द्रीय र राज्य सरकारले संविधान अनुसार संगसंगै राष्ट्रिय संयन्त्र स्थापना गर्न सक्दछन् ।[१०८]

एउटा राज्य अथवा संघीय राज्यले भौगोलिक आधारमा भन्दा विषयगत आधारमा धेरै राष्ट्रिय संयन्त्रहरू बनाउने निर्णय गर्न सक्छ । उदाहरणको लागि कुनै पनि राज्यमा पहिले नै पूर्ण रूपको संयन्त्रले मनोचिकित्सालयको भ्रमण गरिरहेको छ भने त्यसले आफ्नो कार्य चालू राख्न सक्छ र सरकारले अन्य हिरासतहरूका लागि अन्य राष्ट्रिय संयन्त्रहरू तयार गर्न सक्दछ ।

---

[१०७] संघीय र अन्य विकेन्द्रित राज्यहरूको ऐच्छिक आलेख अनुमोदन र कार्यान्वयनसम्बन्धी विस्तृत जानकारीका लागि एपीटीको कार्यपत्र इम्प्लिमेन्टेसन अफ द अब्सलन प्रोटोकल टु द कन्भेसन एगेन्स्ट टर्चर एण्ड अदर क्रुयल, इनहुमन अर डिग्रेडिङ ट्रिट्मेन्ट अर पनिस्मेन्ट (ओपीक्याट) इन फेडरल एण्ड अदर डिसेन्ट्रलाइज्ड स्टेट (जुन २००५), हेर्नुहोस् http://www.apt.ch/npm

[१०८] उदाहरणको लागि हरेक प्रान्तीय सरकारले यो छुट्टै संयन्त्रको स्थापना गर्न र यसको अधिकारतय गर्न सक्छन्, हरेक संयन्त्रले एक वा एकभन्दा बढी सदस्य राष्ट्रिय संयन्त्रमा मनोनयन गर्न सक्तछन्, र एकतृत रूपमा यदि राष्ट्रिय संयन्त्रले सबै क्षेत्रमा कार्य गर्न सक्दछ ।

राष्ट्रले छुट्टै वा आंशिक रूपमा एकअर्कामा जोल्ठिएको विषयगत कार्यदेश सहितका एकभन्दा बढी राष्ट्रिय रोकथाम संयन्त्रहरू बनाउँदा पनि यस्ता उपराष्ट्रिय रोकथाम संयन्त्रहरूले ऐच्छिक आलेखका शर्तहरू पूरा गर्नु नै पर्दछ। यो खासगरी केही थुना स्थलहरू एउटा उपराष्ट्रिय संयन्त्रले मात्र भ्रमण गर्ने र अरूले गर्न नमिल्ने व्यवस्था राखिँदा महत्वपूर्ण सवाल हुन जान्छ। यद्यपि एउटा निकायले स्वतन्त्रता सम्बन्धी शर्त पूरा नगरे पनि, अर्कासँग आवश्यक विज्ञता नभए पनि र अर्कोसँग आफूले भ्रमण गरेका सबै स्थलको भ्रमण गर्ने अधिकार नभए पनि समग्र ऐच्छिक आलेखका शर्तहरू यो वा त्यो निकायले पूरा गरेका छन् र त्यसैले संयुक्त रूपमा यी निकायहरूले आवश्यक शर्त पूरा गरेकै छन् भनी राष्ट्रले भन्न सक्दैन। तार्किक रूपमा भन्नु पर्दा ऐच्छिक आलेख अनुरूपका सबै शर्त पूरा गरेको निकायले भ्रमण गर्ने अधिकार नपाएको कुनै थुना स्थल छ भने पनि कसैले यो कमजोरीलाई पूरा गर्न अर्को निकायको विशेषतालाई इङ्गित गर्न सक्दैन।

एकभन्दा बढी राष्ट्रिय संयन्त्रहरू खडा गर्ने राज्य पक्षले बन्दीहरू स्वतन्त्रताबाट विमुख हुन सक्ने थुना स्थलमा एक वा सोभन्दा बढी राष्ट्रिय संयन्त्रहरूद्वारा भ्रमण गरिनुपर्ने विषयमाथि विचार पुऱ्याउनु पर्छ। तसर्थ जहाँ राज्यले एकभन्दा बढी संयन्त्रहरू लागू गर्दछ, त्यहाँ विशेषगरी यस्ता संयन्त्रहरूको मिश्रित कार्यदेश राज्यभित्रका सम्पूर्ण स्थानलाई समेट्ने कुरा सुनिश्चित गर्नु पर्दछ र यसको अर्थ सामान्यतः थुनाकै रूपमा प्रयोग नगरिने तर सरकारी संलग्नतामा कसैलाई वास्तविकतामा थुनामा राखिने स्थान भ्रमण गर्ने अधिकार कम्तिमा एउटा राष्ट्रिय रोकथाम संयन्त्रलाई प्रदान गरिनु पर्छ भन्ने हो।[१०९]

राष्ट्रिय संयन्त्र र त्यसको क्षेत्र भित्रको बहुसंख्यक छुट्टै संस्थाहरूबीचमा विषयगत र क्षेत्रगत आधारमा दायित्वहरूको बाँडफाँट गर्नु ऐच्छिक आलेख बमोजिम उक्त राष्ट्रको असीमित स्वविवेक होइन, यसका केही व्यवस्थाहरू उच्चतहको विच्छेदनसँग मेलखाने किसिमका छैनन्। उदाहरणको लागि ऐच्छिक आलेखको धारा २० ले प्रत्येक राष्ट्रिय सुरक्षा संयन्त्रलाई उसले चाहेको ठाउँको भ्रमण गर्ने स्वतन्त्रताको सुनिश्चितता गरिनु पर्ने व्यवस्था गरेको छ। यदी राष्ट्रिय संयन्त्रलाई एउटा मात्र थुनुवा स्थलको लागि मान्यता

[१०९] खण्ड ३ को ३.२.३ र ६ को ६.१ हेर्नुहोस्।

वा अनुमति दिएमा राज्यले धारा २०(घ) को दायित्वलाई प्रभाव नदिएको हुन्छ र त्यसले राष्ट्रिय संयन्त्रलाई भ्रमण गर्ने ठाउँको छनोटको स्वतन्त्रता दिँदैन ।

धेरै जस्तो अवस्थामा जुन देशले ऐच्छिक आलेखको कार्यान्वयन गरी बहुसंख्यक राष्ट्रिय संयन्त्रहरूलाई मनोनयन गर्छ त्यस्तो अवस्थामा केही स्वरूपको संयोजनको आवश्यकता हुनेछ । सो संयोजन अङ्गको आवश्यकता र प्रकृतिको बारेमा यो निर्देशिकाको अर्को भागमा चर्चा गरिएको छ ।

### *१०.३.२ एकरूपता र सहकार्य*

*१०.३.२.१ चुनौतीहरू*

बहुसंख्यक राष्ट्रिय संयन्त्रहरूको व्यवस्था गरिएका सबै अवस्थाहरूमा व्यक्तिहरूलाई स्वतन्त्रताबाट विमुख गराई राखिने वा राख्न सकिने स्थानहरूको भ्रमणलाई कम्तिमा एउटा राष्ट्रिय संयन्त्रले समेट्न सक्ने सुनिश्चितता गरिनु आवश्यक हुन्छ, साथै प्रत्येक भ्रमण गर्ने संयन्त्रसँग विज्ञता रहने तथा ऐच्छिक आलेख बमोजिमको अधिकार तथा प्रत्यभूतिहरू उपलब्ध हुने साथै समग्र योजना प्रशासकीय दृष्टिले व्यवस्थित गर्न सकिने र यसले प्रभावकारी र एकरूप परिणाम प्राप्त गर्ने कुरा सुनिश्चत गर्न पनि आवश्यक छ ।

विशेषगरी एउटै थुना स्थल तथा त्यस्तै प्रकारको थुना स्थलमा धेरै राष्ट्रिय संयन्त्रहरूको भ्रमण भयो भने त्यसबाट आउने सुझाव र ठहरमा एकरूपता कायम गर्न गाह्रो हुन्छ, जसले गर्दा व्यक्तिलाई पनि समस्या हुनजान्छ, जुन राष्ट्रिय संयन्त्रले बचाऊ गर्ने सोचेको थियो । यसबाट सुझाव कार्यान्वयन गर्ने अधिकारी र राष्ट्रिय संयन्त्र आफैलाई पनि समस्या पर्न जान्छ ।

अगाडि चर्चा गरिए झैं, राष्ट्रिय संयन्त्रहरूले एउटा प्रणालीको निर्माण गर्ने छन् भन्ने व्यवस्था ऐच्छिक आलेखमा गरिएको छ ।[११०] राष्ट्रिय संयन्त्रहरूको समग्रताले वास्तविक रूपमा प्रणालीको निर्माण गर्नको लागि कुनै न कुनै प्रकारको राष्ट्रव्यापी संयोजन

[११०] माथि खण्ड ३ को ३.१ हेर्नुहोस् ।

आवश्य हुन्छ। उदारणको लागि कानुन सम्बन्धमा अवलोकन र प्रस्ताव प्रस्तुत गर्नु राष्ट्रिय संयन्त्रको भूमिका मध्ये एक हो (धारा १९ग)। विधायिकी सभाको क्षेत्राधिकार भित्र रहि कार्यरत संयन्त्रहरूमा प्रणालीगत तथा क्षेत्रगत विश्लेषणलाई प्रेरीत गर्ने कुनै न कुनै साधन हुनु पर्दछ। राष्ट्रिय संयन्त्रहरू र अन्तर्राष्ट्रिय उपसमिति साथसाथै मिलेर विश्वव्यापी प्रणाली निर्माण हुन्छ। यसर्थ राष्ट्रिय संयन्त्रहरू अन्तर्राष्ट्रिय उपसमितिका लागि सूचनाका महत्वपूर्ण श्रोत हुने छन् र यी उपसमितीहरूका राष्ट्रिय संयन्त्ररूको सन्दर्भमा निश्चित विश्वव्यापी कार्यहरू हुनेछन्। यो भूमिकाको लागि जेनेभा स्थित उपसमिति र हरेक राष्ट्रको राष्ट्रिय संयन्त्रहरूको बीच संयोजन र सूचनाको आवश्यकता रहन्छ।[१११] साथै ऐच्छिक आलेखको कार्यान्वयनको लागि अर्न्तराष्ट्रिय उपसमितिसँग समग्र सूचना पठाउन राज्य सक्षम हुनु पर्छ।[११२]

यी सबै कारणहरूले गर्दा विद्यमान संरचनाहरूको अति फितलो कार्यमा विश्वास गर्ने हो भने ऐच्छिक आलेखको शर्तहरूसँग तालमेल हुन कठिन हुन्छ। यसर्थ राष्ट्रिय स्तरमा कुनै न कुनै स्वरूपको संयोजन आवश्यक पर्दछ।

### *१०.३.२.२ छनोट*

यी कठिनाईहरूलाई सम्बोधन गर्ने थुप्रै सम्भाव्य उपायहरू छन्। एउटा विकल्प विकेन्द्रित काम गर्न सक्ने एकतृत एउटै राष्ट्रिय संयन्त्र हुन सक्दछ। प्रशासनिक हिसाबले एकीकृत राष्ट्रिय संयन्त्र बनाए पनि देशभरि भ्रमण गर्दा लाग्ने खर्च कम गर्ने हिसाबले विभिन्न क्षेत्रमा कार्यालय र सदस्यहरू राख्न पनि सकिन्छ।[११३] यसले एकदमै केन्द्रीकृत एकल नमूनाको राष्ट्रिय संयन्त्र र कामै गर्न अप्ठ्यारो हिसाबले छुट्टाछुट्टै बनाइएका संयन्त्रहरूबीचको

[१११] ऐच्छिक आलेखको धारा ११(ख), १२(ग) तथा २०(च) हेर्नुहोस्। साथै माथि अध्याय ९ समेत हेर्नुहोस्।

[११२] ऐच्छिक आलेखको धारा १२(ख) हेर्नुहोस्।

[११३] संयुक्त राष्ट्रसंघ भित्र यस अवधारणालाई मान्यता दिईएको छ (प्रिन्सीपल्स रिलेटिङ टु द स्टाटस एण्ड फङ्सनिङ अफ नेसनल इन्स्टीच्यूसन्स् फर प्रोटेक्सन एण्ड प्रोमोसन अफ ह्यूमन राईट्स" (द "पेरिस प्रिन्सिपल्स्), महासभाको २० डिसेम्बर १९९३ को प्रस्ताव A/RES/48/134 (अनुच्छेद) ले हरेक राष्ट्रिय मानवअधिकार संस्थाले आफ्ना सदस्य मध्येबाट आवश्यकताअनुसार कार्यदल बनाउन सक्ने, आफ्नो कार्य सम्पादन गर्न क्षेत्रीय र स्थानीय शाखा खोल्न पाउने अधिकार छ भन्ने उल्लेख गरेको छ। आलेखको धारा १८ ले राष्ट्रिय रोकथाम संयन्त्र बनाउँदा पेरिस सिद्धान्तलाई अवलम्बन गर्नु पर्दछ भन्ने निर्दिष्ट गर्दछ।

सम्झौताको सम्भावनाको प्रतिनिधित्व गर्दछ। विभिन्न नमूनाका राष्ट्रिय संयन्त्र र प्रशासनिक हिसाबले एकीकृत राष्ट्रिय संयन्त्रमा कसको बढी उपयोगिता छ भन्ने कुरा राष्ट्रले सावधानीपूर्वक विचार गर्नु पर्दछ।

उदाहरणको लागि स्थानीय भ्रमण निकाय (यद्यपि त्यो ऐच्छिक आलेख अन्तर्गत मनोनयन गरिएको छैन ) जसले यो तरिकाको अवलम्बन गरेको छ त्यो अष्ट्रियन एड्भाईजरी बोर्ड हो। यो बोर्डले विशेषगरी मानवअधिकारको मापदण्ड कायम गर्ने सम्बन्धमा प्रहरीका कामहरूको मूल्याङ्कन गर्ने जिम्मेवारी पाएको छ। आफ्नो सदस्य अवधिमा ६ सदस्यीय भ्रमण समितिले अष्ट्रियन अदालतहरूको क्षेत्रीय संरचनाकै आधारामा ६ सदस्यीय विज्ञहरूको भ्रमण समितिको गठन गरेको छ।[११४] त्यसैगरी अर्जेन्टिनाको ऐच्छिक आलेख कार्यान्वयन गर्ने सम्बन्धमा प्रस्तावित ऐनको मस्यौदाले जिल्लाहरूमा विकेन्द्रित हिसाबले प्रतिनिधित्व हुने गरी १० सदस्यीय राष्ट्रिय संयन्त्रको प्रस्ताव गरेको छ।

विभिन्न प्रकारका राष्ट्रिय संयन्त्र कार्यान्वयनमा देशका लागि अर्को नमूना भनेको संयोजनका लागि एक केन्द्रीय संयन्त्र स्थापना गर्नु हो। यस्तो संयोजन गर्ने निकायलाई विभिन्न संयन्त्रहरूले भ्रमण गर्दा अपनाउने तरिका, यिनले गर्ने सिफारिसमा एक रूपता र राम्रो प्रयोगलाई बढावा दिने वा हौसला दिने कार्यादेश दिइनु पर्दछ। यसले ऐच्छिक आलेखमा भएको राष्ट्रिय संयन्त्र र अन्तर्राष्ट्रिय उपसमितिहरूको बीचमा प्रभावकारी र चुस्त संवाद हुनु पर्ने शर्तको पालना गर्न पनि मद्दत गर्दछ।[११५]

संयोजनको लागि स्थापित केन्द्रीय निकायलाई सामान्यतः राष्ट्रिय संयन्त्रलाई हुने स्वायत्तता, अधिकार र अन्य सुविधा उपलब्ध हुन्छ। उदाहरणको लागि देशव्यापी रूपमा रहेका सूचना सरकारबाट लिन पाउने अधिकार (स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूको संख्या, थुना स्थलहरूको संख्या र स्थल आदि)।[११६]

---

[११४] http:\\www.menschenrechtsbeirat.at हेर्नुहोस्।
[११५] ऐच्छिक आलेख, धारा १२(ग) र २०(च)।
[११६] ऐजनको धारा २०(क) हेर्नुहोस्।

जहाँ यस्ता राष्ट्रिय संयन्त्र निश्चित ठाउँ वा प्रकृतिका निकायहरूको लागि मनोनयन गरिएका हुन्छन् । केन्द्रीय संयन्त्रको स्थापनाले राष्ट्रिय संयन्त्रको अनाधिकृत स्थानमा थुनामा राखिएका व्यक्तिसम्म पहुँच हुनुपर्ने शर्तलाई पालना वा सम्बोधन गर्ने उपाय हुनसक्छ ।

ऐच्छिक आलेखको कार्यान्वयन गर्न बनाइएको न्युजिल्याण्डको कानुनले पहिलादेखि नै कार्यान्वयनमा रहेका स्थानीय भ्रमण निकायमा (केही ठाउँमा नयाँ निकाय समेत) थपेर निर्भर रहन प्रस्ताव गरेको छ । यसले राष्ट्रिय स्तरको केन्द्रीय निकायको अवधारणा (त्यो राष्ट्रिय मानवअधिकार आयोग हुन सक्दछ) प्रस्ताव पनि गरेको छ । राष्ट्रिय संयन्त्रले सरकारलाई गरेको सुझाव, राष्ट्रिय संयन्त्रलाई नै सुझावहरू दिने दुई प्रकारका कामको संयोजन केन्द्रीय संयन्त्रले गर्ने छ । यसर्थ न्यूजिल्याण्डभरी छरिएर रहेका थुना स्थलहरूको समस्याका सम्बन्धमा अनुसन्धान र सुझाव तयार पार्नु, विभिन्न संयन्त्रले तयार परेका प्रतिवेदनको संयोजन गर्ने र यस्ता प्रतिवेदनको विश्लेषण गरी संस्थागत सुधारका सवालमा राष्ट्रिय संयन्त्रलाई सल्लाह दिने काम केन्द्रीय संयन्त्रले गर्ने छ ।[११७]

### *१०.३.३ एपीटीका सुझाव*

- **विभिन्न क्षेत्र तथा विषयगत हिसाबले परिभाषित विभिन्न प्रकारका संयन्त्र राष्ट्रले छान्न सक्दछन् ।**
- **तर एक वा अर्को राष्ट्रिय संयन्त्रले थुनामा रहेका स्थानहरूको (अनौपचारिक स्थान समेत) भ्रमण गर्न सक्ने हुनु पर्दछ ।**
- **ठूलो भौगोलिक क्षेत्र र छरिएर रहेका थुना स्थलहरू भएका देशले भौगोलिक हिसाबले विकेन्द्रिकृत (उदाहरणको लागि शाखा कार्यालय स्थापना गरेर) तर प्रशासनिक हिसाबले एकीकृत एकल राष्ट्रिय संरचना, विविध संरचनाको विकल्पको रूपमा ग्रहण गर्न सक्दछन् ।**

[११७] न्यूजिल्याण्डमा ऐच्छिक आलेखको कार्यान्वयन र उक्त कानुनमा एपीटीको धारणा http://www.apt.ch/un/opcat/newzelan.shtml मा हेर्नुहोस् ।

# निष्कर्ष

# ११

यो निर्देशिका लेखिरहँदा, यातना विरुद्धको महासन्धिको ऐच्छिक आलेख हालसालै मात्र कार्यान्वयनमा आएको छ । तर अन्तर्राष्ट्रिय रोकथाम उपसमितिले अझै आफ्नो काम शुरु गरिसकेको छैन । यसका पक्ष राष्ट्रहरूले सर्वप्रथम केही महिना भित्रै राष्ट्रिय रोकथाम संयन्त्र स्थापना गरिसक्नु पर्ने हुन्छ, तर ती संयन्त्रको प्रस्ट संरचना, तिनलाई दिइने अख्तियारी तथा बनावटको कारणले केही देशहरूले मात्र यस बारेमा आफ्नो अन्तिम निर्णय लिन सकेका छन् । कतिपय मुलुकमा ऐच्छिक आलेखलाई अनुमोदन गर्ने वा नगर्ने तथा कहिले गर्ने भन्ने विषयको एक वा राष्ट्रिय संयन्त्रको बारेमा छलफल चलिरहेछ । यसरी विश्वभरी नै राष्ट्रिय तहमा हिरासत भ्रमण बाहिरी निकायलाई खुला गर्ने तथा यसको स्वतन्त्र विज्ञ भ्रमणकारी संयन्त्रवाट विश्लेषण हुन दिने विषयमा एक अभूतपूर्ण तरङ्ग देखिएको छ ।

प्रत्येक मुलुकमा स्थापना हुने राष्ट्रिय रोकथाम संयन्त्र सो मुलुकको खास आन्तरिक परिस्थितिको सन्दर्भमा आधारित हुनेछ । अर्कोतर्फ यसको प्रक्रिया एवम् उपलब्धि मापनको भने खाँटी रूपमा अन्तर्राष्ट्रिय नै हुन्छ जुन यस ऐच्छिक आलेखको प्रावधान, तथा रेडक्रसको अन्तर्राष्ट्रिय समिति, यातना रोकथामको लागि युरोपेली समिति, यातनासम्बन्धी संयुक्त राष्ट्रसंघीय विशेष प्रतिवेदक तथा यस्तै अन्य निकायहरूको व्यवहारिक अनुभवमा आधारित हुन्छ । यसरी हेर्दा ऐच्छिक आलेखका प्रावधान तथा अन्य गौण श्रोतहरू तल उल्लेख गरिएका विषयका अतिरिक्त राष्ट्रिय संयन्त्रका मुख्य पक्षलाई मार्ग निर्देश गर्ने उर्वर स्रोत हुन्:

- प्रक्रिया
- उद्देश्य तथा कार्यादेश
- स्वतन्त्रता
- सदस्यताको दायरा
- भ्रमणसम्बन्धी प्रत्याभूति तथा अधिकारहरू
- सुझाव तथा तिनको कार्यान्वयन
- राष्ट्रिय संयन्त्र र अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायबीचको सम्बन्ध र साङ्गठानिक/संस्थागत स्वरूप
- सुझाव तथा तिनको कार्यान्वयन

यसो भए तापनि स्थानीय निकायहरूका लागि अन्तर्राष्ट्रिय खाका टाढाको अनिश्चित र अपारदर्शी वस्तु देखिन्छ । राष्ट्रिय स्तरमा यस आलेखका प्रावधान लागू गर्ने निकायहरूले अवश्यम्भावी रूपमा यस आलेखका मस्यौदाकारहरूले विचार गर्नु नपरेको यस्ता विशिष्ट प्रश्नहरूको सामना गर्नु पर्ने हुन्छ जसको जवाफ आलेखका प्रावधानहरूमा पनि स्पष्ट रूपमा पाइँदैन । अन्ततः राज्यहरूलाई राष्ट्रिय संयन्त्रहरू सम्बन्धमा सल्लाह तथा सुझाव दिन सक्ने कार्यादेशका साथै संयन्त्रहरूसँगको प्रत्यक्ष सम्पर्कमार्फत् रोकथाम उपसमितिले राष्ट्रिय सरोकारवालाहरूलाई अन्तर्राष्ट्रिय खाकासँग जोड्नु पर्छ साथसाथै यो उपसमितिले आफ्नो कार्यशैली विकास गर्न तथा आफ्ना भ्रमणका कार्यक्रमलाई सम्पन्न गर्ने कार्यमा आउँदा दिनमा उल्लेखनीय कार्य सामना गर्ने छ ।

उपलेखको प्रस्तावनामा उल्लिखित लक्ष्यहरूको अध्ययन गरी यो निर्देशिका तयार गर्न शुरु गरियो । आज हामी जहाँ आइपुगेका छौँ, त्यहाँबाट हेर्दा यी लक्ष्यहरूलाई आत्मसाथ गर्ने रोकथाम संयन्त्रको प्रणाली विकसित गर्नु भनेको वर्षौं समय लाग्ने विश्वव्यापी र राष्ट्रिय प्रक्रिया हो भन्ने प्रस्ट भएको छ। यस उपलेखका लक्ष्य प्राप्त गर्न बृहत् अन्तर्राष्ट्रिय प्रणाली अन्तर्गतका प्रभावकारी राष्ट्रिय संयन्त्रहरू आवश्यक हुन्छन् । यो निर्देशिकालाई अन्तर्राष्ट्रिय ढाँचा तथा स्थानीय सरोकारवालाहरू बीचको सम्भावित दुरी बीचमा सम्पर्क स्थापनाको पहिलो प्रयासको रूपमा लिइएको थियो । तथापि, यो निर्देशिका हाम्रो वेवसाइटमा उपलब्ध हुने थप सामग्रीमार्फत् वा ऐच्छिक आलेखका अधिकारीसँगको सोझो सम्पर्कमार्फत् जारी राख्न सकिने संवादको शुरुआत हो । रचनात्मक र खुल्ला संवाद राष्ट्रिय संयन्त्रको मनोनयन र स्थापनाका बखत उत्तिनै महत्वपूर्ण छ र उत्कृष्ट ढङ्गले यातना र अन्य सबै स्वरूपका क्रूर अमानवीय वा अपमानजनक व्यावहार वा सजाय रोकथाम गर्ने कार्यमा स्थानीय सरोकारवालाहरूसँग संवादमा रहन एपीटी तत्पर रहेको छ ।

# यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धिको ऐच्छिक आलेख

अनुसूची

१

महासभाको ५७ औं बैठकद्वारा प्रस्ताव नं ५७/१९९ बाट १८ डिसेम्बर २००२ मा ग्रहण गरिएको २२ जुन २००६ देखि लागू भएको प्रस्तावना यस आलेखका पक्ष राष्ट्रहरू, यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय निषेधित छन् तथा यस्ता व्यवहारले मानवअधिकारको गम्भीर उल्लंघन गर्छन् भन्ने पुनः निश्चय गर्दै,

यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धि (यसपछि महासन्धि भनिएको) ले निर्दिष्ट गरेका उद्देश्यहरू हासिल गर्ने तथा स्वतन्त्रताबाट वञ्चित गरिएका व्यक्तिहरूलाई यातना तथा अन्य क्रूर, अमानवीय एवम् अपमानजनक व्यवहारबाट सुरक्षित राख्न अझै अन्य उपायहरू आवश्यक छन् भन्ने कुरामा विश्वस्त हुँदै,

महासन्धिको धारा २ तथा १६ ले प्रत्येक पक्षराष्ट्रलाई आफ्नो क्षेत्राधिकारमा रहेको भू-भागमा यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको रोकथाम गर्न प्रभावकारी उपायहरू अवलम्बन गर्न बाध्य तुल्याएको छ भन्ने स्मरण गर्दै,

ती धाराहरू कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी पक्षराष्ट्रहरूमा नै रहेको साथै स्वतन्त्रताबाट वञ्चित भएका व्यक्तिहरूको सुरक्षा सुदृढ पार्ने एवम् तिनीहरूको मानवअधिकारको पूर्ण आदर गर्नु सबैको साझा दायित्व भएको तथा अन्तर्राष्ट्रिय कार्यान्वयन निकायका कार्यहरू राष्ट्रिय उपायहरूका परिपूरक हुन्छन्, साथै तिनलाई सशक्त बनाउँछन् भन्ने निश्चित गर्दै,

यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको प्रभावकारी रोकथामको लागि शिक्षा लगायत विधायिकी, प्रशासनिक, न्यायिक तथा अन्य उपायहरूको समग्र जरुरतलाई स्मरण गर्दै,

मानवअधिकार विश्व सम्मेलनले यातना उन्मूलन गर्न सबैभन्दा पहिले यसको रोकथाममा ध्यान केन्द्रित गर्नु पर्छ भनी दृढतापूर्वक घोषणा गरेको तथा हिरासत/कारागारहरूमा नियमित भ्रमण गर्न यातना रोकथाम प्रणाली स्थापनाको उद्देश्य बोकेको महासन्धिको

ऐच्छिक आलेखलाई अनुमोदन गर्न आह्वान गरेको सम्झँदै, थुनुवा/कैदी राखिएका स्थानहरूको नियमित भ्रमण गर्ने निरोधात्मक प्रकृतिको गैरन्यायिक संयन्त्रमार्फत् पनि स्वतन्त्रताबाट वञ्चित गरिएका व्यक्तिलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धका सुरक्षा सुदृढ बनाउन सकिन्छ भन्नेमा विश्वस्त हुँदै,

निम्नानुसार सहमत भएका छन्:



## भाग १
## सामान्य सिद्धान्तहरू

### *धारा १*

यस आलेखको उद्देश्य स्वतन्त्रताबाट वञ्चित गरिएका मानिसहरू राखिएका स्थानहरूमा यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको रोकथाम गर्न स्वतन्त्र अन्तर्राष्ट्रिय तथा राष्ट्रिय निकायहरूको जिम्मेवारीमा हुने नियमित भ्रमणको प्रणाली स्थापना गर्नु रहेको छ।

### *धारा २*

१. यातना विरुद्धको समितिको मातहतमा हुने गरी एक यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय रोकथाम उपसमिति (यसपछि रोकथाम उपसमिति भनिएको) को स्थापना गरिनेछ र त्यस उपसमितिले यसै आलेखमा तोकिए बमोजिमका कार्यहरू गर्नेछ।

२. रोकथाम उपसमितिले संयुक्त राष्ट्रसंघीय बडापत्रको परिवृत्तभित्र रहेर आफ्ना कार्यहरू गर्नुका साथै त्यहाँ उल्लेखित उद्देश्य एवम् सिद्धान्तहरू लगायत स्वतन्त्रताबाट वञ्चित गरिएका व्यक्तिहरूलाई गरिने व्यवहारका संयुक्त राष्ट्रसंघीय मान्यताहरूबाट उपसमिति निर्देशित हुनेछ।

३. गोप्यता, निष्पक्षता, छनोट रहितता, विश्व व्यापकता तथा वस्तुपरकताका सिद्धान्तहरूबाट पनि रोकथाम उपसमिति निर्देशित हुनेछ।

४. यो आलेख कार्यान्वयन गर्न रोकथाम उपसमिति र पक्षराष्ट्रहरूले एक आपसमा सहयोग गर्नेछन् ।

**धारा ३**

प्रत्येक पक्षराष्ट्रले यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको रोकथामको लागि राष्ट्रिय स्तरमा एक वा धेरै भ्रमणकारी निकायहरू (यसपछि राष्ट्रिय रोकथाम संयन्त्र भनिएको) को स्थापना, नियुक्ति वा व्यवस्था गर्नेछन् ।

**धारा ४**

१. प्रत्येक पक्षराष्ट्रले यस आलेख बमोजिम धारा २ तथा ३ मा उल्लेखित संयन्त्रलाई आफ्नो क्षेत्राधिकार वा नियन्त्रणमा रहेर सार्वजनिक अख्तियारी भएका निकाय वा व्यक्तिको आदेश वा उक्साहट वा सहमति वा मौजुदीमा स्वतन्त्रताबाट वञ्चित गरिएका वा त्यसो गरिन सकिने व्यक्तिहरू राखिने कुनै पनि स्थान (यसपछि हिरासत/कारागार भनिएको) को भ्रमण गर्न अनुमति दिनेछन् । यस्ता भ्रमणहरू ती व्यक्तिलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्ध गरिने सुरक्षा, आवश्यक परेमा, सुदृढ पार्ने उद्देश्यले गरिनेछ ।

२. यस आलेखको प्रयोजनको लागि स्वतन्त्रताबाट विमुख भन्नाले कुनै पनि न्यायिक वा प्रशासनिक वा अन्य निकायको आदेशबाट कसैले आफ्नो इच्छा बमोजिम आफू थुनिएको वा बन्दी बनाइएको वा निजी वा सार्वजनिक प्रकृतिको स्थानमा हिरासतमा राखिएको स्थान छोड्न अनुमति नपाएको अवस्थालाई बुझिन्छ ।

## भाग २

## रोकथाम उपसमिति

### *धारा ५*

१. यो रोकथाम उपसमिति दस सदस्यीय हुनेछ । यस आलेखलाई अनुमोदन गर्ने वा यसमा सम्मिलन गर्ने राष्ट्रहरूको संख्या पचास पुगेपछि भने यस उपसमितिका सदस्यको संख्या पच्चीस हुनेछ ।

२. यो रोकथाम उपसमितिका सदस्यहरू उच्च नैतिक चरित्र भएका, न्याय प्रशासन विशेषगरी अपराध कानुन, कारागार वा प्रहरी प्रशासन वा स्वतन्त्रताबाट विमुख पारिएका व्यक्तिहरू प्रतिको व्यवहारसँग सम्बद्ध विविध क्षेत्रसँग काम गरी उच्च व्यवसायिक दक्षता आर्जन गरेका व्यक्तिहरू मध्येबाट चुनिनेछन् ।

३. यस रोकथाम उपसमितिको बनावटमा पक्षराष्ट्रहरूको भौगोलिक हिसाबले समन्यायिक वितरण तथा विविध सभ्यता एवम् कानुनी प्रणालीको प्रतिनिधित्व उपर उचित ध्यान पुऱ्याइनेछ ।

४. यस बनावटमा समानता एवम् अविभेदका सिद्धान्तहरूमा आधारित भई सन्तुलित लैङ्गिक प्रतिनिधित्वलाई समेत ध्यान दिइनेछ ।

५. यस उपसमितिमा एउटै पक्षराष्ट्रका दुई सदस्यहरू (एक भन्दा बढी) रहने छैनन् ।

६. उपसमितिका सदस्यहरूले व्यक्तिगत क्षमताका आधारमा काम गर्नेछन्, काममा स्वतन्त्र एवम् निष्पक्ष रहनेछन् तथा उपसमितिमा दक्षतापूर्वक काम गर्न उपलब्धहुनेछन् ।

### *धारा ६*

१. प्रत्येक पक्षराष्ट्रले यस धाराको उपधारा (२) बमोजिम धारा ५ मा उल्लेख भए मुताबिकको योग्यता हासिल गरेका र आवश्यकतासँग मेल खाने दुई जनासम्मको नाम प्रस्तावित गर्न सक्नेछन् र त्यसो गर्दा त्यो राष्ट्रले प्रस्तावित व्यक्तिको योग्यताको विस्तृत विवरण उपलब्ध गराउनु पर्नेछ ।

२. (क) प्रस्ताव गरिएका व्यक्तिहरू यस आलेखको कुनै एक पक्षराष्ट्रका नागरिक हुनुपर्नेछ ।

ख) नाम प्रस्ताव गरिएका व्यक्तिहरू मध्ये कुनै एकजना पक्षराष्ट्रको नागरिक हुनुपर्नेछ ।

(ग) एउटा पक्षराष्ट्रका दुईभन्दा बढी व्यक्तिहरू प्रस्तावित हुने छैनन् ।

(घ) कुनै एक पक्षराष्ट्रले अर्को पक्षराष्ट्रको व्यक्तिलाई प्रस्तावित गर्नु पर्दा सम्बन्धित पक्षराष्ट्रको सहमति लिनुपर्नेछ ।

३. पक्षराष्ट्रहरूको बैठक हुने मितिभन्दा ५ महिना अगावै, जुन अवधिभित्र निर्वाचन सम्पन्न हुनेछ, संयुक्त राष्ट्रसंघका महासचिवले पक्षराष्ट्रहरूलाई सम्बोधन गरी तीन महिनाभित्र नै आफ्ना उम्मेदवारको मनोनयन दखिला गर्न एक पत्र पठाउनेछन् । यसरी मनोनयन गरिएका व्यक्तिहरूको नामावली संयुक्त राष्ट्रसंघका महासचिवले मनोनयन गर्ने राष्ट्रको नाम सहित वर्णानुक्रम अनुसार पेश गर्नेछन् ।

### *धारा ७*

१. सो रोकथाम उपसमितिका सदस्यहरू निम्न बमोजिको प्रक्रियाबाट निर्वाचित हुनेछन्:

(क) प्रस्तावित व्यक्ति यस आलेखको धारा ५ मा उल्लेख भए अनुसारका आवश्यकता, सीमाभित्र परे-नपरेको विषयलाई प्रमुखताका साथ विचार गरिनेछ ।

(ख) प्रारम्भिक निर्वाचन यो आलेख कार्यान्वयनमा आएको ६ महिनाभित्र सम्पन्न भइसक्नेछ ।

(ग) पक्षराष्ट्रहरूले गोप्य मतदानमार्फत् रोकथाम उपसमितिका सदस्यहरूको चयन गर्नेछन् ।

(घ) सो रोकथाम उपसमितिका सदस्यहरूको निर्वाचन संयुक्त राष्ट्रसंघका महासचिवले अर्धवार्षिक रूपमा आह्वान गरिने पक्षराष्ट्रहरूको बैठकबाट गरिनेछ । त्यस्तो बैठक बस्न दुई तिहाई पक्ष राष्ट्रहरूको उपस्थितिलाई गणपूरक संख्या मानिनेछ र बैठकमा उपस्थित भई मतदान गरेका राष्ट्रहरू मध्येबाट सर्वाधिक एवम् अत्यधिक मत प्राप्त गर्ने व्यक्ति उपसमितिको सदस्यमा निर्वाचित हुनेछन् ।

२. निर्वाचन प्रक्रियाको दौरान एउटै पक्षराष्ट्रका दुई नागरिक उपसमितिको सदस्य बन्न योग्य भएको अवस्थामा भने ती दुई व्यक्तिहरू मध्ये बढी मत पाउने व्यक्ति उपसमितिको सदस्य भई काम गर्नेछ । ती दुई व्यक्तिले प्राप्त गरेको मत बराबर भएको अवस्थामा भने निम्नानुसारको प्रक्रिया प्रयुक्त हुनेछः

(क) उक्त पक्षराष्ट्रको तर्फबाट एकजना मात्रको मनोनयन परेको रहेछ भने, त्यसरी मनोनयनमा परेको व्यक्ति रोकथाम उपसमितिको सदस्य भई काम गर्नेछ ।

(ख) यदि ती दुवै उम्मेदवार एउटै पक्षराष्ट्रका नागरिक रहेछन् भने ती मध्येबाट एक सदस्य निर्वाचित गर्न छुट्टै गोप्य मतदानको प्रक्रिया लागू हुनेछ ।

(ग) यदि ती दुवै उम्मेदवार आफू नागरिक भएको पक्षराष्ट्रबाट मनोनयनमा परेका रहेछन् भने पनि ती मध्येबाट एक सदस्य निर्वाचित गर्ने छुट्टै गोप्य मतदानको प्रक्रिया लागू हुनेछ ।



### *धारा ८*

रोकथाम उपसमितिको कुनै सदस्यको मृत्यु भएमा वा निजले पदबाट राजीनामा दिएमा, वा अन्य कुनै कारणले उपसमितिको सदस्यको रूपमा कार्य गर्न असमर्थ भएमा उक्त सदस्यलाई मनोनयन गर्ने पक्षराष्ट्रले यस आलेखको धारा ५ मा उल्लेखित प्रावधान एवम् उपसमितिमा विविध क्षेत्र र विधामा दक्षता आर्जन गरेका व्यक्तिहरूको उचित सन्तुलन समेतलाई विचार गरी अर्को योग्य व्यक्तिको मनोनयन गर्नेछ । त्यसरी मनोनयन गरिएको व्यक्ति पक्षराष्ट्रहरूको अर्को बैठकसम्मका लागि उपसमितिको सदस्य भई काम गर्नेछ र निजको सदस्यता सो बैठकमा बहुमत पक्षराष्ट्रहरूबाट अनुमोदनका लागि प्रस्तुत गरिनेछ । संयुक्त राष्ट्रसंघका महासचिवले प्रस्तावित नियुक्तिको सूचना दिएको ६ हप्ता भित्र पक्षराष्ट्रहरू मध्ये आधा वा सो भन्दा बढीले सो प्रस्तावमा असहमति व्यक्त नगरेमा प्रस्ताव स्वीकृत भएको मानिनेछ ।

### *धारा ९*

रोकथाम उपसमितिका सदस्यहरू चार वर्षे अवधिका लागि निर्वाचित हुनेछन् । पुनः मनोनयनमा परेमा उनीहरू पुनः निर्वाचित हुन योग्य मानिनेछन् । पहिलो निर्वाचनबाट छानिएका सदस्यहरूमध्ये आधा सदस्यको पदावधि दुई वर्ष पछि समाप्त हुनेछ । यसरी पदावधि समाप्त हुने सदस्यको नाम पहिलो निर्वाचन सम्पन्न भए लगत्तै धारा ७(१)(घ) बमोजिमका बैठकका अध्यक्षले गोला प्रथाद्वारा तय गर्नेछन् ।

### *धारा १०*

१. रोकथाम उपसमितिले दुई वर्षे कार्यकाल हुने गरी आफ्ना अधिकृतहरूको चयन गर्नेछ । उनीहरू पुनः नियुक्त हुन सक्नेछन् ।

२. उपसमितिले कार्य सम्पादन कार्यविधिका नियमहरू आफै बनाउनेछ । अन्य कुराहरूका अतिरिक्त ती नियमहरू देहाय बमोजिम उल्लेख हुनेछः

(क) आधा सदस्य संख्यामा एक थपिएपछि गणपूरक संख्या पुग्नेछ,

(ख) उपसमितिका निर्णयहरू बैठकमा उपस्थित सदस्य संख्याको बहुमतबाट लिइनेछन्,

(ग) उपसमितिको बैठक गोप्य रूपमा बस्नेछ ।

३. यस रोकथाम उपसमितिको प्रारम्भिक बैठक संयुक्त राष्ट्रसंघका महासचिवले आह्वान गर्नेछन् । यसपछि भने उपसमिति आफैँले तय गरेको कार्यविधि गत नियमहरू बमोजिम बैठक बस्नेछ । यो उपसमिति तथा यातना विरुद्धको समितिले सँगसँगै जसो वर्षको कम्तीमा एक पटक बैठक सत्र सम्पन्न गर्नेछन् ।

**भाग ३**

**रोकथाम उपसमितिको कार्यादेश**

***धारा ११***

यस उपसमितिले:

(क) धारा ४ मा उल्लेख भए अनुसारका स्थानहरूको भ्रमण गरी स्वतन्त्रताबाट वञ्चित गरिएका व्यक्तिहरूलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायबाट जोगाउन सम्बन्धित पक्षराष्ट्रलाई सुझाव दिनेछ,

(ख) राष्ट्रिय रोकथाम संयन्त्रहरूको सम्बन्धमा:

(अ) यी संयन्त्रहरूको स्थापनार्थ पक्षराष्ट्रहरूलाई सल्लाह प्रदान गर्ने एवम् सहयोग गर्नेछ,

(आ) क्षमता अभिवृद्धि एवम् सुदृढीकरण गर्न राष्ट्रिय रोकथाम संयन्त्रहरूलाई प्रत्यक्ष एवम् आवश्यक परेमा गोप्य तवरले समेत सम्पर्क गर्ने तथा तालिम एवम् अन्य प्राविधिक सहयोग प्रदान गर्नेछ,

(इ) स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायबाट सुरक्षा दिने उद्देश्यले ती संयन्त्रहरूलाई सुदृढ पार्ने आवश्यकता तथा श्रोत साधनको मूल्याङ्कनमा सल्लाह तथा सहयोग प्रदान गर्नेछ,

(ई) स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायबाट जोगाउन राष्ट्रिय रोकथाम संयन्त्रहरूको क्षमता र कार्याधिकारलाई सशक्त बनाउन पक्षराष्ट्रहरू समक्ष सिफारिस प्रस्तुत गर्नेछ,

(ग) सामान्यतः यातनाको रोकथामको लागि सम्पूर्ण व्यक्तिलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायबाट जोगाउन कार्यरत संयुक्त राष्ट्रसंघ सम्बद्ध निकाय तथा संयन्त्रहरूका साथै अन्य अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय संघसंस्थाहरूलाई सहयोग गर्नेछ ।

### धारा १२

रोकथाम उपसमितिलाई धारा ११ मुताविक दिइएको कार्याधिकार सम्पन्न गर्न सबल तुल्याउनका लागि पक्षराष्ट्रहरूले निम्नानुसार गर्नेछन्:

(क) रोकथाम उपसमितिलाई आफ्नो भू-भागमा सत्कार गर्ने र उसलाई यसआलेखको धारा ४ मा उल्लेख गरिए बमोजिमका हिरासत/कारागारसम्म को पहुँचलाई प्रत्याभूत गर्ने,

(ख) स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्ध दिइने सुरक्षालाई सुदृढ तुल्याउन आवश्यक एवम् अवलम्बन गर्नु पर्ने उपायको मूल्याङ्कन गर्न रोकथाम उपसमितिले माग्न सक्ने सूचना उपलब्ध गराउने,

(ग) रोकथाम उपसमिति र राष्ट्रिय रोकथाम संयन्त्रहरू बीच सम्बन्ध स्थापित गर्न उत्साहित गर्न एवम् त्यसलाई सहजीकरण गर्ने,

(घ) रोकथाम उपसमितिले दिएका सिफारिस, सल्लाहको अध्ययन गरी यसको कार्यान्वयनका सम्भावित उपायका बारेमा उपसमितिसँग संवाद, परामर्श गर्ने ।

### धारा १३

१. रोकथाम उपसमितिले धारा ११ मा स्थापित आफ्नो कार्यादेश सम्पन्न गर्न सुरुमा गोलाप्रथाद्वारा पक्षराष्ट्रहरूको भ्रमणको कार्यक्रम निर्धारण गर्नेछ ।

२. परामर्शपछि उपसमितिले पक्षराष्ट्रहरूलाई आफ्नो भ्रमण कार्यक्रमबारे सूचीत गर्नेछ ताकि उपसमितिको भ्रमणको लागि आवश्यक व्यवहारिक व्यवस्थापन यथाशीघ्र हुनसकोस् ।

३. त्यस्तो भ्रमण उपसमितिका कम्तीमा पनि दुई सदस्यले गर्नेछन् । आवश्यक परेको बखत भने उपसमितिका भ्रमणकारी सदस्यहरूलाई यस आलेखले समेटेको क्षेत्र एवम् विषयमा अनुभव तथा गहिरो दक्खल राख्ने विशेषज्ञहरूले साथ दिनेछन् जो पक्षराष्ट्रहरू, संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त तथा संयुक्त राष्ट्रसंघीय अपराध रोकथाम केन्द्रबाट प्रस्तावित गरे बमोजिम तयार पारिएको व्यक्तिहरूको सूचीबाट छानिने छन् । त्यस्तो सूची तयार गर्दा सम्बन्धित पक्षराष्ट्रहरूले बढीमा पाँचजना विशेषज्ञको नाम मात्र सिफारिस गर्न सक्नेछन् । भ्रमण गरिने पक्ष

राष्ट्रहरूले भ्रमण दलमा कुनै विशेष विशेषज्ञ, व्यक्तिको समावेश उपर विरोध जनाउन सक्नेछ र त्यसो भएमा उपसमितिले अर्को विशेषज्ञलाई भ्रमण दलमा समावेश गर्नेछ ।

४. उपसमितिले उपयुक्त ठानेको खण्डमा उसले आफ्नो प्रत्येक नियमित भ्रमणपछि छोटो समायावधिको फलोअप भ्रमणको प्रस्ताव गर्न सक्नेछ ।



### *धारा १४*

१. यस आलेखका पक्षराष्ट्रहरू उपसमितिलाई प्राप्त कार्यादेश सम्पन्न गर्न सबल बनउने उद्देश्यले निम्नानुसार प्रत्याभूति दिनेछन्ः

(क) धारा ४ ले परिभाषित गरे मुताविक हिरासत/कारागारमा स्वतन्त्रताबाट वञ्चित गरी राखिएका व्यक्तिको संख्या साथै त्यस्ता ठाउँहरूको संख्या तथा अवस्थितिसँग सम्बन्धित सम्पूर्ण सूचनासम्म बेरोकटोक पहुँच,

(ख) ती व्यक्तिहरू प्रति गरिने व्यवहार एवम् उनीहरूको बन्दी अवस्थासँग सरोकार रहेको सम्पूर्ण सूचनासम्म बेरोकटोक पहुँच,

(ग) देहायको उपधारा (२) सँग सम्बन्धित हुनेगरी बन्दी राखिने स्थानहरू तथा सोसँग सम्बन्धित संरचना एवम् सुविधाहरूसम्मको बेरोकटोक पहुँच,

(घ) स्वतन्त्रताबाट वञ्चित गरिएका व्यक्तिहरू तथा उपसमितिले आफूले खोजेको सूचना दिन सक्छ भनी विश्वास गरिएका व्यक्तिसँग दोभाषेको आवश्यकता परे बाहेक अन्य व्यक्तिको गैर मौजुदीमा गोप्य अन्तर्वार्ता लिने अवसर,

(ङ) उपसमितिले आफूले भ्रमण गर्न तथा अन्तर्वार्ता लिन चाहेको स्थान तथा व्यक्ति छनोटको स्वतन्त्रता ।

२. राष्ट्रिय सुरक्षा, सार्वजनिक सुरक्षा, प्राकृतिक आपतविपद वा भ्रमण गर्ने भनिएको स्थानमा व्याप्त गम्भीर अव्यवस्थाको कारण अस्थायी रूपमा भ्रमण स्थगित गर्नु पर्ने तत्कालीन तथा बाध्यकारी अवस्थामा भने कुनै विशेष हिरासत/कारागारको भ्रमणमा असहमति जनाउन सकिनेछ । संकटकालको घोषणा गरी त्यस्तो अवस्था कायम रहेको अवस्थालाई भने सम्बन्धित पक्षराष्ट्रले प्रस्तावित भ्रमणमा असहमतिको आधार मान्न पाउने छैन ।

***धारा १५***

कुनै पनि निकाय वा पदाधिकारीले कुनै व्यक्ति विशेष वा संघसंस्थाले उपसमितिसँग सञ्चार सम्पर्क गरेको वा उसका प्रतिनिधिलाई सत्य वा असत्य कुनै सूचना उपलब्ध गराएको आधारमा मात्र कारवाही गर्न कुनै आदेश दिनेछैनन्, त्यसको कार्यान्वयन गर्ने छैनन्, त्यसो गर्न अनुमति दिने छैनन् एवम् त्यसो गरेमा सहन गर्ने छैनन् साथै ती व्यक्ति वा संघसंस्थाप्रति कुनै पूर्वाग्रह राख्ने छैनन् ।

***धारा १६***

१. रोकथाम उपसमितिले आफ्ना सुझाव एवम् अवलोकनहरू सम्बन्धित पक्षराष्ट्र समक्ष गोप्य रूपमा प्रस्तुत गर्नेछ, र सान्दर्भिकता हेरी राष्ट्रिय रोकथाम उपसमितिलाई समेत यो उपलब्ध गराइनेछ ।

२. उपसमितिले सम्बन्धित पक्षराष्ट्रले अनुरोध गरे बमोजिम त्यस पक्षराष्ट्रको कुनै टिप्पणी भए सो सहित आफ्नो कामको प्रतिवेदन सार्वजनिक गर्नेछ । यदि सरोकारवाला पक्षराष्ट्रले सो प्रतिवेदनको आंशिक प्रकाशन गरेमा उपसमितिले सो दस्तावेजको बाँकी, आंशिक वा पूर्ण पाठ सार्वजनिक गर्नेछ । यद्यपि, सम्बन्धित व्यक्तिको प्रस्ट सहमति वेगर कुनै पनि प्रकारका व्यक्तिगत विवरण भने सार्वजनिक गरिनेछैन ।

३. रोकथाम उपसमितिले आफ्ना क्रियाकलापको सार्वजनिक वार्षिक प्रतिवेदन यातना विरुद्धको समिति समक्ष प्रस्तुत गर्नेछ ।

४. यदि कुनै पक्षराष्ट्रले धारा १२ तथा १४ अनुसार रोकथाम उपसमितिलाई सहयोग गर्न अस्वीकार गरेमा वा उपसमितिले प्रस्तुत गरेका सुझावहरूको आधारमा मौजुदा अवस्थामा सुधारका लागि आवश्यक पहल नगरेमा उपसमितिको अनुरोधमा आफ्ना सदस्यहरूको बहुमत निर्णयले सरोकारवाला पक्षराष्ट्रलाई आफ्नो दृष्टिकोण राख्ने अवसर दिई यातना विरुद्धको समितिले सम्बन्धित विषयवस्तु उपर सार्वजनिक मन्तव्य दिन वा उपसमितिको सम्बन्धित प्रतिवेदन सार्वजनिक गर्न सक्नेछ ।

## भाग ४
## राष्ट्रिय रोकथाम संयन्त्रहरू
### *धारा १७*
प्रत्येक पक्षराष्ट्रले यो आलेख कार्यान्वयनमा आएपछि वा अनुमोदन वा सम्मिलन गरेपछि राष्ट्रिय स्तरमा यातनाको रोकथाम गर्न ढिलोमा पनि एक वर्ष भित्र एक वा धेरै स्वतन्त्र राष्ट्रिय रोकथाम संयन्त्रहरूको व्यवस्था, नियुक्ति वा स्थापना गर्नेछन् । विकेन्द्रित इकाइहरूले यस आलेखका प्रावधानहरूसँग तादम्यता रहने किसिमले स्थापना गरेका संयन्त्रहरूलाई समेत यस दस्तावेजको प्रयोजनको लागि राष्ट्रिय रोकथाम संयन्त्रहरूमानिने छ ।

### *धारा १८*
१. पक्षराष्ट्रहरूले राष्ट्रिय रोकथाम संयन्त्रहरूको कार्यगत स्वतन्त्रता तथा यिनका पदाधिकारीहरूको स्वतन्त्रताको प्रत्याभूति प्रदान गर्नेछन् ।
२. पक्षराष्ट्रहरूले राष्ट्रिय रोकथाम संयन्त्रहरूमा रही काम गर्ने विशेषज्ञहरूमाआवश्यक क्षमता तथा व्यवसायिक ज्ञान भएको सुनिश्चित गर्न आवश्यक उपायहरूको अवलम्बन गर्नेछन् । उनीहरूले लैङ्गिक सन्तुलन साथै मुलुकमा रहेका जातीय एवम् अल्पसंख्यक समूहहरूको पर्याप्त प्रतिनिधित्वको लागि प्रयास गर्नेछन् ।
३. पक्षराष्ट्रहरूले राष्ट्रिय रोकथाम संयन्त्रहरूको कार्यका लागि आवश्यक श्रोत साधन उपलब्ध गराउने छन् ।
४. राष्ट्रिय रोकथाम संयन्त्रहरूको स्थापना गर्दा पक्षराष्ट्रहरूले मानवअधिकारको प्रवर्द्धन तथा सुरक्षा गर्ने हैसियत राख्ने राष्ट्रिय मानवअधिकार संस्था सम्बद्ध सिद्धान्तहरू उपर पनि उचित ध्यान दिनेछन् ।

### *धारा १९*
राष्ट्रिय रोकथाम संयन्त्रहरूलाई न्यूनतम पनि देहायका अधिकार प्रदान गरिनेछः
(क) धारा ४ ले परिभाषित गरे अनुसार स्वतन्त्रताबाट वञ्चित गरिएका व्यक्तिहरू राखिने स्थानहरूमा उनीहरूलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको सुरक्षालाई आवश्यकता अनुसार सुदृढ तुल्याउने उद्देश्यले ती स्थानहरूको नियमित परीक्षण/अध्ययन भ्रमण गर्ने,

ख) संयुक्त राष्ट्रसंघका सान्दर्भिक मान्यताहरूलाई समेत ध्यान दिँदै स्वतन्त्रताबाट वञ्चित गरिएका व्यक्तिहरू प्रति गरिने व्यवहार एवम् यिनीहरूको अवस्थामा सुधार ल्याउने र यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको रोकथाम गर्ने उद्देश्यले सम्बन्धित निकाय समक्ष सुझावहरू प्रस्तुत गर्ने,

ग) अस्तित्वमा रहेका तथा प्रस्तावित विधानको बारेमा प्रस्ताव तथा अवलोकन प्रस्तुत गर्ने ।

***धारा २०***

राष्ट्रिय रोकथाम संयन्त्रहरूलाई तोकिएको कार्यादेश निर्वाह गर्न सबल बनाउने उद्देश्यले पक्षराष्ट्रहरूले देहाय बमोजिम गर्नेछन्:

(क) हिरासत/कारागारमा स्वतन्तत्राबाट वञ्चित गरी राखिएका व्यक्तिहरूको संख्यासाथै त्यस्ता ठाउँहरूको संख्या तथा अवस्थितिसँग सम्बन्धित सम्पूर्ण सूचनासम्म पहुँच प्रदान गर्ने,

(ख) ती व्यक्तिहरूप्रति गरिने व्यवहार एवम् उनीहरूको बन्दी अवस्थासँग सम्बन्धित सम्पूर्ण सूचनामा पहुँच दिने,

(ग) बन्दी/थुनुवा राखिने सम्पूर्ण स्थानहरू तथा सोसँग सम्बन्धित संरचना एवम् सुविधासम्मको पहुँच प्रदान गर्ने,

(घ) स्वतन्त्रताबाट वञ्चित गरिएका व्यक्तिहरू तथा राष्ट्रिय रोकथाम संयन्त्रले आफूले खोजेको सूचना दिनसक्छ भनी विश्वास गरिएका व्यक्तिहरूसँग दोभाषेको आवश्यकता परेमा बाहेक अन्य व्यक्तिको गैर मौजुदीमा गोप्य अन्तर्वार्ता लिने अवसर प्रदान गर्ने,

(ङ) आफूले भ्रमण गर्न तथा अन्तर्वार्ता लिन चाहेको स्थान तथा व्यक्ति छनोटको स्वतन्त्रता दिने,

(च) रोकथाम उपसमितिसँग सम्पर्क राख्ने, यसलाई सूचना पठाउने र उपसमितिसँग भेटघाट गर्ने अधिकार प्रदान गर्ने ।

***धारा २१***

१. कुनै पनि निकाय वा पदाधिकारीले कुनै व्यक्ति विशेष वा संघसंस्थाले राष्ट्रिय रोकथाम संयन्त्रसँग सम्पर्क गरेको वा उसका प्रतिनिधिलाई सत्य वा असत्य कुनै सूचना उपलब्ध गराएको आधारमा मात्र कारवाही गर्न कुनै आदेश दिने छैनन्, त्यसोगर्न अनुमति दिने छैनन् तथा त्यसो गरेमा सहन गर्ने छैनन् साथै यी व्यक्ति वा संस्थाप्रति कुनै पुर्वाग्रह राख्ने छैनन् ।

२. राष्ट्रिय रोकथाम संयन्त्रबाट सङ्कलित गोप्य सूचनालाई विशेषाधिकार प्राप्त हुनेछ । सम्बन्धित व्यक्तिको प्रस्ट सहमति वेगर कसैको पनि व्यक्तिगत विवरण सार्वजनिक गरिने छैन ।

***धारा २२***

सम्बन्धित पक्षराष्ट्रका सक्षम निकायहरूले राष्ट्रिय रोकथाम संयन्त्रबाट प्राप्त सुझावहरूको अध्ययन गर्नेछन् र तिनको कार्यान्वयनका लागि अवलम्बन गर्न सकिने सम्भावित उपायहरू बारेमा संयन्त्रसँग परामर्श गर्नेछन् ।

***धारा २३***

यस आलेखका पक्षराष्ट्रहरू राष्ट्रिय रोकथाम संयन्त्रको वार्षिक प्रतिवेदन प्रकाशित र वितरण गर्ने जिम्मा लिन्छन् ।

**भाग ५**

**घोषणा**

***धारा २४***

१. अनुमोदन पश्चात् पक्षराष्ट्रहरूले एक घोषणा गरी यस आलेखको भाग ३ वा ४ का दायित्वहरू ढिलो गरी कार्यान्वयनमा ल्याउने जानकारी दिन सक्नेछन् ।

२. यस्तो ढिलाइ अधिकतम तीन वर्षसम्मको लागि मान्य हुनेछ । सरोकारवाला पक्षराष्ट्रले प्रतिनिधित्व जनाई सके पश्चात् तथा रोकथाम उपसमितिसँग परामर्श पश्चात् यातना विरुद्धको समितिले यो अवधिलाई अरू दुई वर्षसम्म लम्ब्याउन सक्नेछ ।

## भाग ६

## आर्थिक व्यवस्था

### *धारा २५*



१. यो आलेख कार्यान्वयन गर्न रोकथाम उपसमितिले गर्ने व्ययको भार संयुक्त राष्ट्रसंघले बहन गर्नेछ ।

२. यस आलेख अन्तर्गतको रोकथाम उपसमितिलाई आफ्नो काम कारवाही प्रभावकारीरूपमा सम्पन्न गर्न आवश्यक मानवस्रोत तथा सुविधाहरू संयुक्त राष्ट्रसंघका महासचिवले उपलब्ध गराउने छन् ।

### *धारा २६*

१. संयुक्त राष्ट्रसंघीय महासभाका सान्दर्भिक कार्यविधि अनुसार संयुक्त राष्ट्रसंघकै आर्थिक प्रशासन नियमावली तथा अन्य निकायबाट शासित हुने गरी रोकथाम उपसमितिका सिफारिसहरू कार्यान्वयन गर्न तथा राष्ट्रिय रोकथाम संयन्त्रलाई शैक्षिक कार्यक्रम आयोजना गर्न सहायता पुऱ्याउने उद्देश्यले एक यातना रोकथाम कोषको स्थापना हुनेछ ।

२. सो रोकथाम कोष सरकार, अन्तर-सरकारी एवम् गैरसरकारी संघसंस्थाहरू र अन्य व्यक्तिगत तथा सार्वजनिक निकायहरूले पुऱ्याउने स्वेच्छिक योगदानबाट सञ्चालित हुनेछ ।

**भाग ७**

**अन्तिम प्रावधानहरू**

***धारा २७***

१. महासन्धि अनुमोदन गरेको कुनै पनि राष्ट्रलाई यो आलेखमा हस्ताक्षर गर्न खुल्ला गरिएको छ ।

२. महासन्धि अनुमोदन गरिसकेको वा यसमा सम्मिलन जनाइसकेको राष्ट्रले यो आलेख अनुमोदन गर्न सक्नेछ । अनुमोदन गरेको कागजातहरू संयुक्त राष्ट्रसंघका महासचिव समक्ष दाखिला गर्नुपर्नेछ ।

३. महासन्धि अनुमोदन गरिसकेका वा यसमा सम्मिलन जनाइसकेका राष्ट्रहरूले यस आलेखमा सम्मिलन जनाउन सक्नेछन् ।

४. सम्मिलन जनाएको कागजात संयुक्त राष्ट्रसंघका महासचिव समक्ष दाखिला गरेपछि सो लागू भएको मानिनेछ ।

५. संयुक्त राष्ट्रसंघका महासचिवले आफू समक्ष दाखिला भएका अनुमोदन वा सम्मिलनका कागजातको बारेमा यो आलेखमा हस्ताक्षर गर्ने वा स्वीकृति जनाउने सबै राष्ट्रलाई सूचित गर्नेछन् ।

***धारा २८***

१. बीसवटा राष्ट्रले अनुमोदन वा सम्मिलन गरेको कागजात संयुक्त राष्ट्रसंघका महासचिव समक्ष दाखिला गरेको तीसौँ दिनबाट यो आलेख कार्यान्वयनमा आउनेछ ।

२. संयुक्त राष्ट्रसंघका महासचिव समक्ष यो आलेख अनुमोदन वा सम्मिलन गर्ने बीसौँ राष्ट्रले सोको कागजात पेश गरेपश्चात् यो आलेखको अनुमोदन सम्मिलन गर्ने राष्ट्रको हकमा अनुमोदन वा सम्मिलन गरेको तीसौँ दिनबाट यो आलेख लागू हुनेछ ।

***धारा २९***

यस आलेखका प्रवधानहरू संघीय राज्यका सबै भू-भागमा बेरोकटोक एवम् एकनासले लागू हुने छन् ।

***धारा ३०***

यो आलेख (अनुमोदन गर्न) कुनै शर्त राखिने छैन ।

### *धारा ३१*

यस आलेखका कुनै पनि प्रावधानले पक्ष राष्ट्रलाई कुनै पनि क्षेत्रीय महासन्धिबाट निःसृत भई थुनुवा/बन्दी राखिने स्थानहरूको भ्रमण गर्ने प्रणाली स्थापना गर्नुपर्ने दायित्वलाई असर पार्ने छैन । रोकथाम उपसमिति र क्षेत्रीय व्यवस्था अनुरुप स्थापना भएका त्यस्ता निकायहरू आफ्ना काममा हुन सक्ने नक्कल हटाउन तथा यस आलेखका उद्देश्यहरूको प्रबर्द्धन गर्न एक आपसमा परामर्श एवं सहयोग गर्न उत्साहित हुनेछन् ।

### *धारा ३२*

१२ अगष्ट १९४९ का जेनेभा महासन्धिहरू तथा तिनका ८ जुन १९७७ का अतिरिक्त आलेखहरूको पक्षराष्ट्र बनेको आधारबाट सृजित दायित्व बहन गर्न यस आलेखका कुनै पनि प्रावधानले पक्षराष्ट्रहरूलाई असर पुऱ्याउने छैनन्, न त अन्तर्राष्ट्रिय कानुनले नसमेटेको अवस्थामा समेत रेडक्रसको अन्तर्राष्ट्रिय समितिलाई थुनुवा/बन्दी राखिएको स्थानहरूको भ्रमण अख्तियारी दिन बाधा पुऱ्याएको नै मानिनेछ ।

### *धारा ३३*

१. यस आलेखको सदस्यता त्याग्न चाहने कुनैपनि पक्षराष्ट्रले कुनै पनि बखत संयुक्त राष्ट्रसंघका महासचिवलाई लिखित जानकारी दिई आफ्नो सदस्यता त्याग्न सक्नेछन् । राष्ट्रसंघीय महासचिवले यसको जानकारी महासन्धि तथा यस आलेखका पक्षराष्ट्रहरूलाई दिनेछन् । महासचिवले यसरी सूचना पाएको मितिले एक वर्षपछि सदस्यता त्यागेको मानिनेछ ।

२. सदस्यता परित्याग गर्ने राष्ट्रले सदस्यता लागू हुने मिति अगावै आफू यस आलेखको पक्षराष्ट्र भएबाट उत्पन्न हुने दायित्व बमोजिम गर्नु पर्ने काम वा विद्यमान अवस्थाबाट वा रोकथाम उपसमितिले सो पक्षराष्ट्रमाथि कुनै कारवाही गर्ने निर्णय हुन सक्ने अवस्थाबाट उन्मुक्ति पाउने छैन, न त रोकथाम उपसमितिले विचार गरिरहेको कुनै विषयमा सदस्यता परित्यागले यो लागू हुनुपूर्व कुनै पूर्वाग्रही असर पुऱ्याउनेछ ।

३. सदस्यता परित्याग लागू भएपछि रोकथाम उपसमितिले परित्याग गर्ने राष्ट्रसँग सम्बन्धित कुनै पनि नयाँ विषयमा विचार गर्ने छैन ।

***धारा ३४***

१. कुनै पनि पक्षराष्ट्रले यस आलेख उपर संशोधन प्रस्ताव गर्न सक्नेछन् र त्यस्तो प्रस्ताव संयुक्त राष्ट्रसंघका महासचिव समक्ष पेश गरिनेछ । महासचिवले प्रस्तावित संशोधन सहित यस्ता प्रस्तावमा पक्षराष्ट्रहरूको सम्मेलन चाहन्छन् वा चाहदैनन् सोको जानकारी उपलब्ध गराउन अनुरोध गर्दै यस आलेखका पक्षराष्ट्रसँग पत्राचार गर्नेछन् । यसरी पत्राचार गरिएको चार महिनाभित्र कम्तीमा पनि एक तिहाई पक्षराष्ट्रहरूले सम्मेलन गरिनु पर्ने जनाउ दिएमा महासचिवले संयुक्त राष्ट्रसंघको प्रचलित नियमको अधीनमा रही सम्मेलनको आह्वान गर्नेछन् । सम्मेलनमा उपस्थिति भई मतदान गरेका पक्षराष्ट्रहरूमा दुई तिहाईको बहुमतले कुनै संशोधन प्रस्ताव अनुमोदन गरेमा संयुक्त राष्ट्रसंघका महासचिवले अनुमोदित प्रस्ताव स्वीकृतिका लागि सबै पक्षराष्ट्र समक्ष पठाउने छन् ।

२. यस धाराको उपधारा (१) बमोजिम अनुमोदन गरिएको संशोधन यस आलेखका दुई तिहाई पक्षराष्ट्रहरूले आ-आफ्नो संवैधानिक प्रक्रिया मुताविक स्वीकृत गरेपछि कार्यान्वयनमा आउनेछ ।

३. संशोधन कार्यान्वयनमा आएपछि सो संशोधन स्वीकार गर्ने पक्षराष्ट्रहरूले संशोधित आलेखबाट तथा अन्य पक्षराष्ट्रहरू यसै आलेखका प्रावधानहरू तथा आफूले स्वीकार गरेका कुनै अघिल्ला संशोधनबाट बाँधिनेछन् ।

***धारा ३५***

रोकथाम उपसमिति तथा राष्ट्रिय रोकथाम संयन्त्रका सदस्यहरूलाई उनीहरूले गर्ने कामको स्वतन्त्र अभ्यास गर्न आवश्यक विशेषाधिकार तथा उन्मुक्ति प्रदान गरिनेछ । रोकथाम उपसमितिका सदस्यहरूलाई १३ फेब्रुअरी १९४६ को संयुक्त राष्ट्रसंघीय विशेषाधिकार तथा उन्मुक्ति महासन्धिको धारा २३ मा उल्लेखित प्रावधानसँग सम्बन्धित हुने गरी सोही महासन्धिको धारा २२ ले परिभाषित गरेका विशेषाधिकार तथा उन्मुक्ति प्राप्त हुनेछन् ।

***धारा ३६***

कुनै पक्षराष्ट्रको भ्रमण गर्दा उपसमितिका सदस्यहरूले यस आलेखका प्रावधान तथा उद्देश्यहरू साथै आफूलाई प्राप्त विशेषाधिकार तथा उन्मुक्ति समेत प्रति पूर्वाग्रही नभई:

(क) भ्रमण गरिएको राष्ट्रको नियम-कानुनलाई आदर गर्नेछन्

(ख) आफ्ना निष्पक्ष एवं अन्तर्राष्ट्रिय प्रकृतिका कर्तव्यसँग मेल नखाने कुनै पनि काम वा क्रियाकलापबाट टाढा रहनेछन् ।

***धारा ३७***

१. अरबी, चिनियाँ, अंग्रेजी, फ्रेन्च, रसियन तथा स्पेनिस भाषामा तयार पारिएका यसआलेखका पूर्ण पाठ समान रूपले मान्य हुनेछन् र यी संयुक्त राष्ट्रसंघका महासचिव समक्ष दाखिल रहनेछन् ।

नोटः मानवअधिकार सन्धि अनुगमन समन्वय समिति (एचआरटीएमसीसी), यातना विरुद्धको महासन्धिसम्बन्धी उपसमितिद्वारा गरिएको अनौपचारिक अनुवाद ।

अनुसूची

२

# राष्ट्रिय मानवअधिकारम्बन्धी राष्ट्रिय संस्थाहरूको हैसियत निर्धारण सिद्धान्तहरू

## (पेरिस सिद्धान्तहरू)

# निर्णयष४८ष१३४
## ८५ औं पूर्ण बैठक
## २० डिसेम्बर

### मानवअधिकारको प्रबर्द्धन तथा संरक्षणको लागि राष्ट्रिय संस्थाहरू

**महासभा,**

मानवअधिकारको संरक्षण तथा प्रबर्द्धनका लागि राष्ट्रिय संस्थाहरूसँग सम्बन्धित निर्णयहरू, खासगरी ४ डिसेम्बर १९८६ को निर्णय ४१ र १२९, १७ डिसेम्बर १९९१ को निर्णय ४६ र १२४ र मानवअधिकार आयोगसम्बन्धी १० मार्च १९८७ को निर्णय १९८७ र ४०, १० मार्च १९९८ को निर्णय १९८८ र ७२, ७ मार्च १९८९ को निर्णय १९८९ र ५२, ७ मार्च १९९० को निर्णय १९९० र ७३, ५ मार्च १९९१ को निर्णय १९९१ र २७ र ३ मार्च १९९२ को निर्णय १९९२ र ५४ को पुनः स्मरण गर्दै तथा ९ मार्च १९९३ को आयोग निर्णय १९९३ र ५५ लाई ध्यान दिँदै,

मानवअधिकार तथा मौलिक स्वतन्त्रताको सम्मान तथा पालनाको प्रबर्द्धन गर्न मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणा, मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धहरू तथा अन्य अन्तर्राष्ट्रिय दस्तावेजहरूको महत्वलाई जोड दिँदै,

अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको मापदण्डको प्रभावकारी कार्यान्वयनको प्रत्याभूत गर्न राष्ट्रिय स्तरमा आवश्यक प्रबन्धहरूको विकास गर्नुपर्ने कुरालाई प्राथमिकता दिनु पर्ने स्वीकार गर्दै,

राष्ट्रिय स्तरका संस्थाहरूले मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको प्रबर्द्धन तथा संरक्षण र ती अधिकार तथा स्वतन्त्रताहरूबारे जनचेतना विकास तथा अभिवृद्धि गर्नेकार्यमा खेल्न सक्ने महत्वपूर्ण भूमिका माथि विश्वस्त हुँदै,

संयुक्त राष्ट्रसंघले सूचना तथा अनुभवहरूको आदान-प्रदान गरी केन्द्रीय सङ्गठन (clearing house) को रूपमा काम गरी राष्ट्रिय संस्थाहरूको विकास गर्न सहयोग गर्ने कार्यमा विशेष भूमिका (catalytic role) खेल्नसक्ने कुरालाई स्वीकार गर्दै,

महासभाको निर्णय ३३ र ४६ द्वारा मिति १४ डिसेम्बर १९७८ मा अनुमोदन भएको मानवअधिकार प्रबर्द्धन तथा संरक्षणका लागि राष्ट्रिय तथा स्थानीय संस्थाहरूको संरचना तथा सञ्चालन सम्बन्धी मार्गनिर्देशन बारे मनन् गर्दै, टयुनिसमा २ देखि ६ नोभेम्बर १९९२ मा सम्पन्न भएको मानवअधिकारसम्बन्धी विश्व सम्मेलनले अफ्रिकाको लागि आयोजना गरेको क्षेत्रीय बैठक, सेन जोश मा १८ देखि २२ जनवरी १९९३ मा सम्पन्न ल्याटिन अमेरिका तथा क्यारेबियनको लागि आयोजना गरिएको क्षेत्रीय बैठक, बैंककमा २९ मार्च देखि २ अप्रिल १९९३ मा सम्पन्न एसियाको लागि आयोजना गरिएको क्षेत्रीय बैठक, ओटावामा ३० सेप्टेम्बर देखि २ अक्टोबर १९९२ मा सम्पन्न राष्ट्रियमानवअधिकार संस्थाहरू सम्बन्धी कमनवेल्थ कार्यशाला र जाकार्तामा २६ देखि २८ जनवरी १९९३ मा सम्पन्न एसिया प्रशान्त क्षेत्रको लागि आयोजना गरिएको मानवअधिकारसम्बन्धी मुद्दाहरू विषयक कार्यशालाहरू द्वारा राष्ट्रिय संस्थाहरूको विकास तथा सवलीकरणको लागि संसारभरि नै देखिएको बढ्दो रुचि अभिव्यक्त भएको तथा हालसालै विभिन्न पक्ष राष्ट्रहरूले मानवअधिकारको प्रबर्द्धन तथा संरक्षणको लागि राष्ट्रिय संस्थाहरूको स्थापना गर्न घोषणा गरेका निर्णयहरूमा पनि यो कुरा प्रस्ट भएको कुरालाई स्वागत गर्दै भियना घोषणा तथा कार्ययोजनामा मानवअधिकारसम्बन्धी विश्व सम्मेलनले मानवअधिकारको प्रबर्द्धन तथा संक्षणको लागि राष्ट्रिय संस्थाहरूले विशेषतः सक्षम अधिकारीहरू लाई परामर्श सल्लाह दिने, मानवअधिकार उल्लंघनको उपचार दिने र मानवअधिकारसम्बन्धी सूचना सम्प्रेषण गर्ने तथा मानवअधिकारसम्बन्धी शिक्षा दिने कार्यमा खेलेको महत्वपूर्ण तथा रचनात्मक भूमिकालाई पुनः स्वीकार गरेको कुरालाई मनन् गर्दै,

सम्पूर्ण मानवअधिकारहरूको विश्वव्यपाकता, अविभाज्यता तथा अन्तरनिर्भरतालाई जोड दिँदै मानवअधिकारको राष्ट्रिय स्तरमा प्रबर्द्धन तथा संरक्षणको लागि विश्व भरी अपनाइएका विभिन्न प्रक्रियाहरूलाई ध्यान दिँदै तथा मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको विश्वव्यापी सम्मान तथा पालनाको प्रबर्द्धनको लागि ती प्रक्रियाहरूको मान्यताहरूलाई जोड दिँदै तथा स्वीकार गर्दै,

१. महासभाको मिति १७ डिसेम्बर १९९१ को निर्णय ४६ र १२४ अनुसार महासचिवले तयार गर्नु भएको अद्यावधिक प्रतिवेदनबाट सन्तुष्ट भएको ठहर छ ।

२. मानवअधिकारको प्रबर्द्धन तथा संरक्षणको लागि राष्ट्रिय कानुन अनुसार प्रभावकारी राष्ट्रिय संस्थाहरूको विकास तथा ती संस्थाहरूको स्वतन्त्रता तथा सदस्यतामा बहुलवादको सुनिश्चित गर्नु पर्ने आवश्यकता माथि पुनः प्रतिबद्धता जनाउँदछ ।

३. मानवअधिकारको प्रबर्द्धन तथा संरक्षणको लागि यस्ता संस्था स्थापनाको लागि र भएको भए यसको सवलीकरण गर्न र यी पक्षहरूलाई राष्ट्रिय विकास योजनामा समावेश गर्न पक्ष राष्ट्रहरूलाई प्रोत्साहित गर्दछ ।

४. मानवअधिकारको प्रबर्द्धन तथा संरक्षणको लागि पक्षराष्ट्रहरूले स्थापना गरेका राष्ट्रिय संस्थाहरूलाई भियना घोषणा तथा कार्ययोजना र अन्य सम्बन्धित दस्तावेजहरूमा उल्लेख भए झैँ मानवअधिकार हनन्लाई रोक्न तथा यसको सामना गर्न प्रोत्साहन गर्दछ ।

५. खासगरी परामर्श सेवा, प्राविधिक सेवाका साथै मानवअधिकारको लागि विश्व जनसूचना अभियानको खाकाभित्र रही सूचना तथा शिक्षा क्षेत्रमा संयुक्त राष्ट्रसंघ र राष्ट्रिय संस्थाहरूबीच सहकारिता अभिवृद्धि गराउन सचिवालयको मानवअधिकार केन्द्रलाई आफ्नो प्रयासहरूलाई निरन्तरता दिन अनुरोध गर्दछ ।

६. साथै, सम्बन्धित राष्ट्रको अनुरोधमा राष्ट्रसंघको स्वेच्छिक कोषभित्र वा मानवअधिकार क्षेत्रको लागि परामर्श तथा प्राविधिक सहयोगभित्र उपलब्ध स्रोतहरू प्रयोग गर्न स्थापित कार्यविधिको आधारमा राष्ट्रसंघीय मानवअधिकार अभिलेखीकरण तथा प्रशिक्षण केन्द्रहरू स्थापना गर्नको लागि पनि मानवअधिकार केन्द्रलाई अनुरोध गरिन्छ ।

७. मानवअधिकार क्षेत्रमा परामर्श सेवा तथा प्राविधिक सहयोग कार्यक्रमको एउटा भागको रूपमा पक्षराष्ट्रहरूले मानवअधिकारको प्रबर्द्धन तथा संरक्षणको लागि राष्ट्रिय संस्थाहरूको स्थापना तथा यसको सवलीकरणका साथै अभिलेखीकरण तथा प्रशिक्षणको लागि राष्ट्रिय केन्द्रहरू स्थापनाको लागि गरिएका अनुरोध माथि महासचिवले सकरात्मक प्रत्युत्तर दिनु हुनको लागि अनुरोध गरिन्छ ।

८. यस्ता राष्ट्रिय संस्थाहरूको स्थापना तथा प्रभावकारी सञ्चालनको लागि सूचना तथा अनुभवको आदान-प्रदान गर्ने कार्यलाई प्रबर्द्धन गर्न पक्ष राष्ट्रहरूलाई उचित कदमहरू चाल्न प्रोत्साहन गर्दछ ।

९. संयुक्त राष्ट्रसंघको सहयोगमा तयार गरिएको वा आयोजना गरिएको मानवअधिकार सम्बन्धी सामग्रीहरू तथा अन्य क्रियाकलापहरूको सम्प्रेषण गर्ने निकायहरूको रूपमा राष्ट्रिय संस्थाहरूको भूमिकालाई स्वीकार गर्दछ ।

१०. खासगरी राष्ट्रिय संस्थाहरूको सहयोगको लागि तथा सवलीकरणको लागि प्राविधिक सहयोग प्रबर्द्धन गर्ने तरिका, स्रोतहरूको पुनरावलोकन गर्ने तथा यस्ता संस्थाहरूसँग सम्बन्धित हरेक विषयहरूको पुनरावलोकन गर्न निरन्तरता दिने उद्देश्यले मानवअधिकार केन्द्रको सहयोगमा डिसेम्बेर १९९३ मा टचुनिसमा सम्पन्न भएको पश्चातक्रिया बैठक (follow up meeting) को स्वागत गर्दछ ।

११. यसै निर्णयमा अनुसुचित गरिएको राष्ट्रिय संस्थाहरूको हैसियतसँग सम्बन्धित सिद्धान्तहरूको पनि स्वागत गर्दछ ।

१२. हरेक पक्ष राष्ट्रलाई राष्ट्रिय स्तरमा आफ्नो खास आवश्यकता अनुसार अधिकतम अनुकूल हुने खाकाको छनोट गर्ने अधिकारलाई स्वीकार गर्दै तथा यी सिद्धान्तहरूको सम्मान गर्दै राष्ट्रिय संस्थाहरूको स्थापना तथा सवलीकरणको लागि प्रोत्साहन गर्दछ ।

१३. महासचिवलाई यस निर्णयको कार्यान्वयनबाट महासभाको ५८ औं सत्रमा आफ्नो प्रतिबेदन पेश गर्नको लागि अनुरोध गर्दछ ।

## क. पेरिस सिद्धान्तहरू सक्षमता तथा जिम्मेवारीहरू

१. मानवअधिकारको संरक्षण र संबर्द्धन गर्ने सक्षमता राष्ट्रिय संस्थालाई दिइएको हुनुपर्दछ ।

२. राष्ट्रिय संस्था विस्तृत दायित्व रहने गरी संरचनागत व्यवस्था र क्षेत्राधिकार खुलाइएको संवैधानिक वा कानुनी व्यवस्था हुनुपर्दछ ।

३. राष्ट्रिय संस्थाहरूसँग निम्न जिम्मेवारीहरू पनि रहेको हुनु पर्दछः

(क) सरकार, संसद वा अन्य कुनै पनि सम्बन्धित निकायलाई तिनको अनुरोध वा आफ्नै विवेकमा मानवअधिकारको संबर्द्धन र संरक्षणसम्बन्धी विषयमा सुनुवाई गर्ने आफ्नो अधिकारको उपयोग गरी सल्लाहको रूपमा राय, सुझाव, प्रस्ताव र प्रतिवेदन पेश गर्ने, त्यसरी पेश गरेको कुरा प्रकाशन गर्ने । यी कुराहरू निम्न क्षेत्रसँग सम्बन्धित हुनुपर्दछः

(अ) मानवअधिकार संरक्षण तथा त्यसको विस्तारको लागि कुनै पनि विधायिकी, प्रशासनिक तथा न्यायिकसंस्थाहरू सँग सम्बन्धित कानुनी तथा प्रशासनिक प्रावधानहरू तथा तिनको प्रचलनको बारेमा, साथै विधेयकको तथा प्रस्तावको मस्यौदा पुनरावलोकन गर्ने सिफारिस गर्ने । यो कार्यको उद्देश्य मानवअधिकारका आधारभूत सिद्धान्तसँग तादाम्यता कायम गराउनु हुनेछ ।

(आ) आयोगले काम गर्ने सम्बन्धमा लिएको निर्णय, मानवअधिकार उल्लंघनको बारेमा,

(इ) मानवअधिकारका सामान्य वा खास विषयहरूसँग सम्बन्धित राष्ट्रिय अवस्थाको बारेमा प्रतिवेदनको निमार्ण,

(ई) राष्ट्रको कुनै पनि भागमा मानवअधिकार उल्लंघन भएको छ भने सोबारे सरकारको ध्यानाकर्षण गराउने । यस्तो अवस्थाको अन्त्य गर्नको लागि सरकारले चाल्नु पर्ने कार्यबारे प्रस्ताव गर्ने । आवश्यक भएमा सरकारको धारणा तथा प्रतिक्रियाको सम्बन्धमा आफ्नो राय अभिव्यक्त गर्ने,

(ख) राष्ट्रिय कानुन, नियम तथा अभ्यासहरूलाई राष्ट्र पक्ष भएका अन्तर्राष्ट्रिय मानवअधिकारका दस्तावेजहरूसँग सामञ्जस्य कायम राख्ने तथा तिनीहरूको प्रभावकारी कार्यन्वयन सुनिश्चित गर्ने र आवश्यक प्रबर्द्धनात्मक कार्यहरू सञ्चालन गर्ने ।

(ग) मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूको अनुमोदन वा सम्मिलन गराउन प्रोत्साहित गर्ने तथा तिनीहरूको कार्यान्वयन सुनिश्चित गर्ने ।

(घ) महासन्धिसम्बन्धी दायित्वअनुसार राज्यले संयुक्त राष्ट्रसंघीय निकाय तथा समितिहरू एवं क्षेत्रीय संस्थाहरूमा पेश गर्नु पर्ने प्रतिबेदनहरूमा योगदान दिने एवं आवश्यक भएमा त्यस विषयवस्तुमा आफ्नो राय अभिव्यक्त गर्ने । यसो गर्दा अर्काको स्वतन्त्रताको अतिक्रमण नहोस् भन्ने कुरामा सतर्क हुनुपर्छ ।

(ङ) राष्ट्रसंघ तथा राष्ट्रसंघीय प्रणाली अन्तर्गतका अन्य कुनै पनि सङ्गठनहरू, क्षेत्रीय संस्थाहरू र मानवअधिकारको संबर्द्धन तथा संरक्षणको क्षेत्रमा सक्षम अन्य देशका राष्ट्रिय संस्थाहरूसँग सहकार्य गर्ने ।

(च) मानवअधिकारको शिक्षा र तिनीहरूमा गरिनेअ नुसन्धान सम्बन्धमा कार्यक्रमहरू निमार्ण गर्न सहयोग गर्ने र विद्यालय, विश्वविद्यालय र पेशागत तहमा कार्यान्वयन गर्न सहभागी हुने ।

(छ) मानवअधिकारहरू तथा सबै प्रकारका भेदभावहरू, खासगरी जातीय भेदभावको अन्त्यका लागि गरिएका प्रयासहरूलाई विशेषतः सूचना तथा शिक्षा मार्फत जनचेतना अभिवृद्धि गराई र प्रेसका सबै अङ्गको प्रयोगद्वारा सार्वजनिक गर्ने ।



## ख. संरचना र स्वायत्तता तथा बहुलबादको प्रत्याभूति

१. चाहे निर्वाचनको माध्यमबाट होस् वा अन्य कुनै माध्यमबाट होस् तर राष्ट्रिय संस्थाको संरचना तथा सदस्यहरूको नियुक्ति मानवअधिकारको प्रबर्द्धन तथा संरक्षणमा संलग्न सामाजिक शक्तिहरू (नागरिक समाज) को बहुल प्रतिनिधित्व सुनिश्चित गर्न आवश्यक सबै प्रत्यभूतिहरू वहन गर्ने कार्यविधि अनुसार स्थापित हुनेछन्, खासगरी अधिकारद्वारा तलका संस्थाहरूसँग वा तिनीहरूको उपस्थिति वा प्रतिनिधिहरू मार्फत् प्रभावकारी सहकार्य स्थापित गर्न समर्थ हुनेछन् ।

(क) मानवअधिकारप्रति जिम्मेवार एवं जातीय भेदभावका विरुद्ध संघर्षरत गैरसरकारीसंस्थाहरू, ट्रेड युनियन, सम्बन्धित सामाजिक एवं पेशागत सङ्गठनहरू जस्तै कानुन व्यवसायी, चिकित्सक, पत्रकार र ख्याती प्राप्त वैज्ञानिकहरूको सङ्गठन,

(ख) दार्शनिक वा धार्मिक चिन्तकहरू,

(ग) विश्वविद्यालयहरू र योग्य विशेषज्ञहरू,

(घ) संसद,

(ङ) सरकारी विभागहरू (यदी यिनीहरू समावेश गरिएमा तिनीहरूका प्रतिनिधिले केवल सल्लाहकारको हैसियतमा मात्र छलफलमा भाग लिनेछन्) ।

२. राष्ट्रिय संस्थालाई आफ्नो क्रियाकलापहरू सहज रूपले सञ्चालन गर्न उपयुक्त पूर्वाधार खासगरी पर्याप्त कोष प्राप्त हुनु पर्दछ । यसरी कोष प्राप्त गर्नुको उद्देश्य आफ्नै कर्मचारी र भवनको व्यवस्था गर्न समर्थ होस् भन्ने हो, जसले गर्दा सरकारबाट स्वतन्त्र रहन र यसको स्वतन्त्रता प्रभावित गर्न सक्ने वित्तिय नियन्त्रणमा नरहनु हुनेछ ।

३. स्पष्ट कार्यादेश बिना वास्तविक स्वतन्त्रता हुन नसक्ने भएकाले राष्ट्रिय संस्थाको सदस्यहरूको कार्यादेश सुनिश्चित गर्न तिनीहरूको नियुक्ति आधिकारिक कानुनअनुसार गरिनेछ, जसले कार्यादेशको निश्चित अवधि स्थापित गर्नेछ । संस्थाको सदस्यताको बहुलवादको सुनिश्चितता भएसम्म यो कार्यादेश नवीकरण हुन सक्नेछ ।

## ग. कार्य सञ्चालनका पद्धतिहरू

कार्य सञ्चालनको खाका भित्र रही राष्ट्रिय संस्थाले देहाय बमाजिमका कार्यहरू गर्नेछ ।

(क) आफ्नो सक्षमता अन्तर्गत पर्ने कुनै पनि प्रश्नहरू चाहे त्यो सरकारले पेश गरेको होस् वा उच्च अधिकारीको सिफारिस विना नै यसै संस्थाद्वारा ग्रहण गरिएको होस् वा यसका सदस्यहरू वा कुनै निवेदकको प्रस्ताव उपर स्वतनत्रता पूर्वक विचार गर्ने ।

(ख) आफ्नो सक्षमता भित्र पर्ने अवस्थाहरूको मूल्याङ्कन गर्न आवश्यक कुनै पनि लिखत वा सूचना प्राप्त गर्ने र सुनुवाई गर्ने ।

(ग) खासगरी आफ्नो राय र सुझावहरू सार्वजनिक गर्न प्रत्यक्ष रूपमा वा प्रेसका कुनै पनि अङ्गमार्फत् आम विचारलाई सम्बोधन गर्ने ।

(घ) नियमित रूपमा बैठक गर्ने र आवश्यक भएमा नियम बमोजिम बोलाइए अनुरूप यसका सम्पुर्ण सदस्यहरूको उपस्थितिमा बैठक बस्ने ।

(ङ) आवश्यकताअनुसार आफ्नो सदस्यहरू मध्येबाट कार्य समूह स्थापना गर्ने र यसका कार्य सञ्चालनमा सहयोग गर्न स्थानीय वा क्षेत्रीय शाखाहरू स्थापना गर्ने ।

(च) मानवअधिकारको प्रबर्द्धन तथा संरक्षणको लागि जिम्मेवार, क्षेत्राधिकार भएका वा नभएका, अन्य संस्थाहरू (खास गरि न्यायाधीकरण, मध्यस्थकर्ता र यस्तै अन्य संस्थाहरू) सँगको परामर्शलाई निरन्तरता दिने ।

(छ) राष्ट्रिय संस्थाहरूको कार्य विस्तारमा गैरसरकारी संस्थाहरूले खेलेको आधारभूत भुमिका हेरी मानवअधिकारको प्रबर्द्धन तथा संरक्षण, आर्थिक तथा सामाजिक विकास, जातीभेद विरुद्धको संघर्ष, खासगरी कमजोर वर्गको संरक्षणमा वा विशेष क्षेत्रमा (खासगरी बालबालिका, प्रवासी कामदार, शरणार्थीहरू, शारीरिक तथा मानसिक रूपमा अशक्त वर्ग) कटिबद्ध गैरसरकारी संस्थाहरूसँग सम्बन्ध विकास गर्ने ।

**घ. अर्धन्यायिक सक्षमता प्राप्त आयोगको हैसियतसम्बन्धी अतिरिक्त सिद्धान्तहरू**

राष्ट्रिय संस्थालाई व्यक्तिगत अवस्थासम्बन्धी उजुरी र निवेदनहरू सुनवाई गर्ने र विचार गर्ने अख्तियारी दिन सकिनेछ । व्यक्तिहरू, तिनका प्रतिनिधिहरू, तेस्रो पक्ष, गैरसरकारी संस्थाहरू, ट्रेड युनियन सङ्गठनहरू वा अन्य कुनै पनि प्रतिनिधिमूलक सङ्गठनहरूले यस संस्था समक्ष उजुरी दिन सक्नेछन् । यस्तो अवस्थामा आयोगको अन्य अधिकारहरूसँग सम्बन्धित माथि उल्लेखित सिद्धान्तहरूमा प्रतिकूल प्रभाव नपर्ने गरी तिनीहरूलाई सुम्पिएको कार्यहरू निम्न सिद्धान्तहरूमा आधिरित हुन सक्नेछन्:

(क) मेलमिलापको माध्ययमबाट वा कानुनमा उल्लेखित सिमा भित्र रही बाध्यात्मक निर्णयबाट वा आवश्यक भएमा विश्वासको आधारमा शान्तिपूर्ण समाधान खोजिने छ ।

(ख) आवेदन गर्ने पक्षलाई उसको अधिकारहरू, खासगरी उसलाई प्राप्त हुने उपचारहरू बारे जानकारी गराउने र तिनीहरू समक्ष उसको पहुँच प्रबर्द्धन गर्ने ।

(ग) कुनै पनि उजुरी वा निवेदन उपर सुनवाई गर्ने वा कानुनले तोकेको सिमाभित्र रही तिनीहरूलाई अन्य सक्षम अधिकारी समक्ष पठाउने ।

(घ) विशेषगरी कुनै कानुन, नियम, प्रशासकीय अभ्यासहरूले व्यक्तिहरूलाई उनीहरूको अधिकार दावी गर्न निवेदन दर्ता गर्दा सामना गर्नु पर्ने कुनै अप्ठ्याराहरू सृजना गरेको भएमा ती कानुन, नियम र प्रशासकीय अभ्यासहरूमा संशोधन वा सुधारहरू प्रस्ताव गरी सक्षम अधिकारी समक्ष सुझावहरू पठाउने ।

# एसोसिएसन फर द प्रिभेन्सन अफ टर्चर

एसोसिएसन फर द प्रिभेन्सन अफ टर्चर (एपीटी) जेनेभास्थित स्वतन्त्र गैरसरकारी संस्था हो । स्वीस ब्याङ्कर तथा वकिल जिन ज्याक्स गडटियरले १९७७ मा यसको स्थापना गरेका हुन् ।

एपीटीले त्यस्तो विश्वको परिकल्पना गर्दछ जसमा विश्व मानवअधिकार घोषणापत्रमा प्रतिज्ञा गरिएझैँ कसैले पनि यातना वा क्रूर तथा अमानवीय व्यवहार वा सजायको शिकार बन्नु नपरोस् ।

एपीटी यातना रोकथाम गर्ने कार्यमा एकीकृत तीनवटा उद्देश्यमा केन्द्रित रहन्छः

## १. संस्थामा पारदर्शिता

व्यक्तिहरू निजी स्वतन्त्रताबाट वञ्चित हुने गरेका संस्थामा स्वतन्त्र निरीक्षण भ्रमण तथा अन्य पर्यवेक्षण संयन्त्रद्वारा बाहिरको निरीक्षण र जवाफदेहीतालाई बढावा दिनु ।

## २. प्रभावकारी कानुनी खाका

यातना तथा अन्य दुर्व्यवहार रोकथाम गर्नका निम्ति अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा राष्ट्रिय कानुनी मान्यतालाई सर्वत्र बढावा दिनु, आदर गर्नु र लागू गर्नु ।

## ३. क्षमता सुदृढीकरण

निजी स्वतन्त्रताबाट वञ्चित व्यक्तिसित सरोकार राख्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवाला ज्ञान तथा रोकथामको अभ्यासप्रतिको प्रतिबद्धता वृद्धि गरी तिनको क्षमतालाई सुदृढ तुल्याउनु ।


**एसोसिएसन फर द प्रिभेन्सन अफ टर्चर**

पो.ब. २२६७-१२११ जेनेभा २ – स्वीट्जरल्याण्ड

फोन +४१ २२ ९१९ २१ ७० – फ्याक्स +४१ २२ ९१९ २१ ८०

ई-मेल : apt@apt.ch – वेभसाइट : www.apt.ch



आर्थिक सहयोग

NORWEGIAN MINISTRY
OF FOREIGN AFFAIRS